जिल्ला विपद् व्यवस्थापन समितिको मिति २०७७/०४/१३ को बैठकबाट स्वीकृत

# विपद् पूर्वतयारी र प्रतिकार्य योजना-२०७७/७८ रामेछाप

Disaster Preparedness and Response Plan (DPRP)-2077-78, Ramechhap

(विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना-२०७५ को पुनरावलोकन तथा अद्यावधिक स्वरुप)




प्रकाशक

जिल्ला विपद् व्यवस्थापन समिति (DDMC)

रामेछाप

श्रावण, २०७७

सहकार्यः gk]fn <]*qm; ;f];fO^L <fd]%fk lhNnf zfvf

**दस्तावेज** : विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना-२०७७/७८, रामेछाप

**Disaster Preparedness and Response Plan (DPRP)-2077-78**

(विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना-२०७५ को पुनरावलोकन तथा अद्यावधिक स्वरुप)

(COVID-19/कोरोना भाइरस रोकथाम तथा नियन्त्रण विशेष )

**प्रकाशन** : जिल्ला विपद् व्यवस्थापन समिति (DDMC),रामेछाप
जिल्ला प्रशासन कार्यालय, रामेछाप ।

**प्रकाशन मिति** : श्रावण, २०७७



**सर्वाधिकार** :©प्रकाशकमा



**संयोजन/सहजीकरण**
**सम्पादन** : श्री राजु प्रसाद पौडेल, सहायक प्रमुख जिल्ला अधिकारी,
जिल्ला प्रशासन कार्यालय, रामेछाप ।

**कम्प्यूटर** श्री खिला महत, कम्प्यूटर अपरेटर जिल्ला प्रशासन कार्यालय, रामेछाप ।

**प्रकाशन सहयोग** : नेपाल रेडक्रस सोसाइटी, रामेछाप जिल्ला शाखा ।

# जिल्ला समन्वय समिति
रामेछाप
बागमती प्रदेश, नेपाल

पत्र संख्याः-०७६/७७
चलानी नं.:-



## दुई शब्द

रामेछाप जिल्ला, बर्षेनी आउने विभिन्न प्रकारका प्रकोप तथा विपद्का कारण जोखिमयुक्त जिल्लाको रुपमा रहेको छ । विगतका वर्षहरुमा यस जिल्लामा बाढी, पहिरो, भूकम्प, सुख्खा खडेरी, आगलागी, सडक दुर्घटना, हावाहुरी, चट्याङ्ग, जङ्गली जनावर आतंक, रोग महामारी, हिमपात जस्ता प्रकोप तथा विपद्हरुबाट जनधनको क्षति व्यहोर्नु परेको अनुभव हामी सवै जानकार नै छौं । मिति २०७२ साल बैशाख १२ गतेको भूकम्प तथा सो पछिको पराकम्पनका कारण पूर्णरुपमा क्षति भएको यस जिल्लामा विपद् पश्चात् पुनर्लाभ, पुनःस्थापना तथा पुननिर्माण चरणको कार्यहरु भैरहेका छन् । अझ यो वर्षको (सन् २०२० को शुरुवातसँगै शुरु भएको) महामारी तथा कोरोना भाईरस (कोभिड १९) को संक्रमण र बन्दाबन्दीले गर्दा यस जिल्ला पूर्णरुपमा प्रभावित भएको छ । यहि असारसम्म कोरोना भाईरस (कोभिड १९) को संक्रमणबाट २५ जना संक्रमित पुष्टि भएको छ । सो मध्ये २३ जना उपचार पछि आफ्नो घरमा फर्किसक्नु भएको छ भने २ जना आइसोलेसनमा रहेको छन् । त्यसैगरी क्वारेन्टिनमा ७५ जना रहेका छन् । यहि कोरोना भाईरस संक्रमण अवधिमा लागु गरेको बन्दाबन्दीले जिल्लाको आर्थिक, सामाजिक, साँस्कृतिक, मनोसामाजिक क्षेत्रमा केहि नकारात्मक असर गरेको भएतापनि कोरोना भाइरुसको संक्रमणलाई कम गर्नको निम्ति धेरै सहयोग सिद्ध रहेको छ ।

यसरी विभिन्न प्रकोपका संभावित घटनालाई कतिपय अवश्थामा संरचनात्मक र गैरसंरचनात्मक उपायहरुद्धारा अल्पिकरण र न्यूनिकरण गर्न सकिन्छ भने कतिपय अवस्थामा यसको सामनाको विकल्प हुदैन । यसप्रकारका कतिपय सम्भावित विपद्लाई सामना गरी प्रभावकारी रुपमा प्रतिकार्य गर्न र जनधनको क्षति न्यून गर्दै शीघ्र पुनर्लाभ हाँसिल गर्नको लागि व्यवस्थित पूर्वतयारीको ठूलो महत्व रहन्छ । यसै वास्तविकतालाई मनन गर्दै विगतका वर्षहरुमा जिल्ला विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना, २०६८ र सो पछिका अद्यावधिक स्वरुप तयार गरी कार्यान्वयन गरेको र हाल यस वर्ष सोही योजनालाई समयसापेक्ष पुनरावलोकन तथा अद्यावधिक गरी **कोरोना भाईरस (कोभिड १९) रोकथाम तथा नियन्त्रण विशेष "विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना, २०७७"** तयार गरिएकोमा मलाई खुशी लागेको छ । जिल्ला विपद् व्यवस्थापन समिति, रामेछापको नेतृत्वमा तयार गरेको यस योजनालाई प्रभावकारी रुपमा कार्यान्वयन गर्नका लागि जिल्ला स्थित स्थानीय तह, सरकारी निकायहरु, राजनैतिक दलहरु, मानवीय सहायतामा संलग्न निकायहरु, राष्ट्रिय तथा अन्तराष्ट्रिय गैरसरकारी संस्थाहरु, नागरिक समाज, संचारकर्मीहरु र स्थानीय समुदायबाट समेत सबैको सहयोग, सक्रिय सहभागिता तथा सुझावको अपेक्षा गर्दछु । हामी सवैको सामुहिक प्रयासबाट जिल्लाको विपद् पूर्वतयारी तथा प्रतिकार्य क्षमतामा अभिवृद्धि भै विपद्बाट हुनसक्ने जनधनको क्षति न्यून हुने कार्यमा सफलता मिल्ने आशा व्यक्त गर्दछु ।

यस **विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना, २०७७** तयार गर्न नेतृत्वदायी भूमिका निर्वाह गर्नुहुने जिल्ला प्रशासन कार्यालय तथा जिल्ला विपद् व्यवस्थापन समिति (DDMC), सहयोग गर्नुहुने सरकारी तथा विषयगत कार्यालयहरु, राजनैतिक दलहरु, सुरक्षा निकायहरु, गैरसरकारी संघसंस्थाहरु, नेपाल रेडक्रस सोसाईटी, सञ्चारकर्मीहरु लगायतलाई विशेष धन्यवाद दिन चाहन्छु ।

(प्रेम बहादुर खड्का)
प्रमुख

प्रमुख
जिल्ला समन्वय समिति

नेपाल सरकार
गृह मन्त्रालय
# जिल्ला प्रशासन कार्यालय
मन्थली, रामेछाप

०४८-५४०३३३
०४८-५४०१३३
०४८-५४०३७०
फ्याक्स नं. ०४८-५४००८८
०४८-५४०५०१

पत्र संख्या :-

चलानी नं :-

(.............................. फाँट

**विषय : मन्तव्य**



नेपाल बाढी, पहिरो, आगलागी, भुकम्प, महामारी, शितलहर, हिमपात एवमं हिमपहिरो जस्ता प्रकोपका घटनाहरुबाट उच्च जोखिमपुर्ण अवस्थामा रहेको छ । विगतमा देखिएका विभिन्न प्रकारका प्रकोप तथा विपद्हरु जस्तैः बाढी, पहिरो, भुकम्प, सुख्खा खडेरी, आगलागी, चट्याङ्ग, हावाहुरी, हिमपात तथा महामारीका कारणले गर्दा रामेछाप जिल्ला पनि विपद् जोखिमयुक्त जिल्लाको रुपमा रहेको पाईन्छ । २०७२ बैशाख १२ गतेको भुकम्प तथा सो पछिका पराकम्पनका कारण जनधनको क्षति पुर्याएको छ । अझ रामेछाप जिल्लाका पश्चिम दक्षिणी क्षेत्रहरु (सुनकोशी नदीको आसपासका क्षेत्रहरु) महाभारत पर्वत श्रृंखलाको Rain shadow Area समेत पर्ने भएकोले उक्त क्षेत्रमा पानी कम पर्ने तथा सुख्खा खडेरी हुने भएकोले त्यसको प्रत्यक्ष असर परिरहेका छन् । यस वर्ष त झन् कोभिड-१९ संक्रमण र सो नियन्त्रण र रोकथामका लागि लगाइएको बन्दाबन्दीले विश्वजगत नै प्रभावित भैरहेको अवस्थामा यस जिल्ला पनि पूर्णरुपमा प्रभावित भएको छ ।

विपद्का यस प्रकारका असरलाई समयमै विपद् जोखिम न्युनिकरण तथा व्यवस्थापनका उचित उपाय अवलम्वन गरी न्युन गर्न सकिएमा यसवाट हुने जनधनको क्षतिलाई कम गर्न सकिन्छ भन्ने कुरामा म विश्वस्त छु । यसका लागि जिल्लामा विपद् व्यवस्थापनको क्षेत्रमा क्रियाशील विभिन्न सरकारी निकाय तथा गैरसरकारी संस्थाहरु एवम् सरोकारवालाहरुबीच उचित समन्वय र सहकार्य गरी प्रभावकारी योजना कार्यान्वयन गर्नु आजको प्रमुख आवश्यकता रहेको छ । विभिन्न प्राकृतिक एवम् मानवीय क्रियाकलापका कारण सिर्जित विपद् तथा जलवायु परिवर्तनबाट पर्ने प्रभावबाट उत्पन्न हुन सक्ने विपद्को असरलाई न्युनीकरण गर्ने सवालहरुलाई हरेक निकायहरुले आफ्नो वार्षिक विकास योजना तथा कार्यक्रम मार्फत सम्वोधन गर्दै विपद् जोखिम न्युनीकरण तथा जलवायु परिवर्तन अनुकूलनका क्रियाकलापलाई विकास प्रक्रियामा मुलप्रवाहिकरण गर्नु आवश्यक छ ।

यस कार्यका लागि नेपाल सरकारले विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापन ऐन, २०७४ (प्रथम संशोधन, २०७५), विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापन नियामावली २०७६, जारी गरेको छ । यसका अलवा विपद् जोखिम व्यवस्थापन राष्ट्रिय रणनीति, राष्ट्रिय विपद् प्रतिकार्यको कार्यढाँचा, राष्ट्रिय भवन संहिता, जलउत्पन्न प्रकोप व्यवस्थापन नीति, विपद् पूर्व तयारी तथा प्रतिकार्य योजना तर्जुमा मार्गनिर्देशिका, २०६८ (प्रथम संशोधन, २०७६), स्थानीय विपद् जोखिम व्यवस्थापन योजना तर्जुमा मार्गनिर्देशिका, जलवायु परिवर्तन न्यूनिकरण तथा अनुकूलन सम्बन्धी नीति तथा कार्यक्रम जस्ता नीति तथा योजनाहरु कार्यन्वयनमा ल्याएको छ । यिनै पृष्ठभूमिका आधारमा यस जिल्लामा विगतका वर्षहरुमा तर्जुमा भएका विपद् पूर्वतयारी तथा प्रतिकार्य योजनाहरुको समयसापेक्ष पुनरावलोकन तथा अद्यावधिक गर्दै यस वर्ष कोभिड १९ कोरोना भाइरस रोकथाम तथा नियन्त्रण विशेष : **जिल्ला विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना, २०७७** तयार गरिएको छ । यस योजनाको प्रभावकारी कार्यान्वयनले जिल्लामा हाल देखिएका कोभिड १९ कोरोना भाईरसको संक्रमण, संभावित अन्य प्रकोप तथा विपद्हरुबाट हुनसक्ने क्षतिलाई न्यून गर्नका लागि महत्वपूर्ण भूमिका खेल्नेछ भन्ने आशा गरेको छु ।

अन्तमा, यस **जिल्ला विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना, २०७७** तर्जुमा गर्ने क्रममा सहयोग गर्नुहुने सम्वद्ध निकायहरु, स्थानीय तह, राजनैतिक दलहरु, गैरसरकारी संस्था महासंघ, नेपाल रेडक्रस सोसाईटी, सरकारी,नीजि क्षेत्र तथा गैरसरकारी संस्था/निकायहरु, विषयगत कार्यालयहरु, नागरिक समाज, सञ्चारकर्मीहरुका साथै यसको तयारी कार्यमा आवश्यक संयोजन सहजिकरण तथा सम्पादन कार्यमा महत्वपूर्ण भुमिका खेल्नु हुने सहायक प्रमुख जिल्ला अधिकारी श्री राजु प्रसाद पौडेल,र प्राविधिक सहयोग गर्नुहुने कम्प्यूटर अपरेटर खिला महत(जिप्रका, रामेछाप),श्री शिव कुमार कार्की (नेपाल रेडक्रस सोसाईटी), श्री थिरबहादुर थापा (रविन) लगायत सम्वद्ध सबैलाई हार्दिक धन्यवाद दिन चाहन्छु ।

.....................
(रुद्रादेवी शर्मा)
प्रमुख जिल्ला अधिकारी
एवं अध्यक्ष
जिल्ला विपद् व्यवस्थापन समिति, रामेछाप

# संक्षेपिकरण(Abriviation)

| | |
|---|---|
| जिप्रका | जिल्ला प्रशासन कार्यालय |
| प्रजिअ | प्रमुख जिल्ला अधिकारी |
| जिविव्यस | जिल्ला विपद् व्यवस्थापन समिति |
| केविव्यस | केन्द्रीय विपद् व्यवस्थापन समिति |
| प्रजिअ | प्रमुख जिल्ला अधिकारी |
| जिसस | जिल्ला समन्वय समिति |
| जिसअ | जिल्ला समन्वय अधिकारी |
| नपा | नगरपालिका |
| गापा | गाउँपालिका |
| नेसे | नेपाली सेना |
| नेप्र | नेपाल प्रहरी |
| सप्रबल | सशस्त्र प्रहरी बल |
| जिप्रका | जिल्ला प्रहरी कार्यालय |
| गैसस | गैर सरकारी संस्था |
| खापाडिका | खानेपानी तथा सरसफाइ डिभिजन कार्यालय |
| डिवका | डिभिजन वन कार्यालय |
| सडिवका | सव डिभिजन वन कार्यालय |
| कृज्ञाके | कृषि ज्ञान केन्द्र |
| जिप्राका | जिल्ला प्राविधिक कार्यालय |
| शिविसईका | शिक्षा विकास तथा समन्वय ईकाइ कार्यालय |
| स्वाका | स्वास्थ्य कार्यालय |
| नेरेसो | नेपाल रेडक्रस सोसाईटी |
| उवासङ्घ | उद्योग वाणिज्य सङ्घ |
| DPRP | Disaster Preparedness and Response Plan |
| DAO | District Administration Office |
| CDO | Chief District Officer |
| DCC | District Coordination Committee |
| DDMC | District Disaster Management Committee |
| HO | Health Office |
| FCHV | Female Community Health Volunteer |
| GBV | Gender Based Violence |
| H/N | Health and Nutrition |
| HW | Health Worker |
| IEC | Information, Education and Communication |
| IRA | Initial Rapid Assessment |
| MIRA | Multi Sectoral Initial Rapid Assessment |
| MoU | Memorandum of Understanding |
| NFI | Non Food Items |
| NGO | Non-Governmental Organization |
| NRCS | Nepal Red cross Society |
| ORT | Oral Re-hydration Therapy |
| PVCA | Participatory Vulnerabilty and Capacity Assessment |
| RRT | Rapid Response Team |
| SAM | Severe Acute Malnutrition |
| RM | Rural Municipality |
| WASH | Water Supply, Sanitation and Health Promotion |
| CC | Climate Change |
| DRR | Disaster Risk Reduction |
| CCA | Climate Change Adaptation |
| LDRMP | Local Disaster Risk Management Plan |
| LDCRP | Local Disaster and Climate Resilience Plan |
| LDMC | Local Disaster Management Committee |
| CDMC | Community Based Disaster Management Committee |
| LAPA | Local Adaptation Plan of Actio |

# अनुसूची

## परिच्छेद-१
## पृष्ठभूमि


१.१. नेपालमा विपद् जोखिम ........................................ 1
१.२. विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमाको पृष्ठभूमी........................................ 1
१.३. संघीय शासन प्रणालीमा विपद् व्यवस्थापन........................................ 1
१.४. योजना तर्जुमा प्रकृया ........................................ 2
१.५. विपद् पूर्व तयारी र प्रतिकार्य योजनाका चरणहरु........................................ 2
१.६. संस्थागत समन्वय र सहकार्य ........................................ 3
१.७.रामेछाप जिल्लाको संक्षिप्त परिचय :........................................4
१.७.१ भौगोलिक अवस्थिति : ........................................4
१.७.२ भौगोलिक स्वरुप तथा विभाजन :........................................4
१.७.३ जलवायु :........................................4
१.७.४ नदी तथा जलभण्डार :........................................4
१.७.५ भू-क्षय र सुख्खाग्रस्तताः........................................4
१.७.६ भू-उपयोगको अवस्थाः........................................5
१.७.७ जनसंख्या तथा सामाजिक संरचना :........................................5
१.७.८ आर्थिक स्थिति : ........................................5
१.७.९ भौतिक पूर्वाधार तथा संरचना :........................................ 6
१.७.१० सञ्चार र विद्युतिकरण : ........................................ 6
१.८. विपद्को जोखिम र संकटासन्नताः........................................ 7


## परिच्छेद : २
## विपद पूर्वतयारी तथा प्रतिकार्य योजनाको परिचय र तर्जुमा विधि


२.१ योजनाको पृष्ठभूमी : ........................................8
२.२. विपद् पूर्वतयारी तथा प्रतिकार्य योजनाका उदेश्यहरु : ........................................8
२.३. विपद् पूर्वतयारी तथा प्रतिकार्य योजनाको अपेक्षित नतिजा :........................................9
२.४. विपद् पूर्वतयारी तथा प्रतिकार्य योजनाका सिमा :........................................9
२.५. विपद् पूर्वतयारी तथा प्रतिकार्य योजनाको आवश्यकता तथा महत्व : ........................................9
२.६. विपद् पूर्वतयारी तथा प्रतिकार्य योजनाको लक्षित समूह : ........................................ 10
२.७. कार्यान्वयन र पूनरावलोकन रणनीति........................................ 10
२.७.१ विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना क्रियाशील हुने : ........................................ 10
२.७.२ विपद् पूर्वतयारी तथा प्रतिकार्य योजनाको कार्यान्वयन योजना :........................................ 10
२.७.३. कार्ययोजनाको पुनरावलोकन ........................................11
२.८. विपद् पूर्वतयारी तथा प्रतिकार्य योजनाको नियमित समिक्षा तथा अद्यावधिकरण : ........................................11


## परिच्छेद : ३
## विषयगत विपद्को प्रकृतिमा आधारित प्रतिकार्य योजना


३.१ समन्वय तथा सूचना व्यवस्थापन (Coordination and Information Management) ........................................13
३.१.१ समन्वय तथा सूचना व्यवस्थापन विषयगत क्षेत्रको परिचय : ........................................13
३.१.२ विषयगत क्षेत्रको अगुवा तथा सहयोगी संस्थाको सूची :........................................13
३.१.३ समन्वय तथा सूचना व्यवस्थापन विषयगत क्षेत्रको विपद् अवस्था तथा मान्यता योजना :........................................ 14
३.१.४ समन्वय तथा सूचना व्यवस्थापन विषयगत क्षेत्रको उद्देश्य :........................................ 14

३.२ खोज तथा उद्दार (Search and Rescue) ....17
३.२.१ खोज तथा उद्धार विषयगत क्षेत्रको परिचय : ....17
३.२.२ विषयगत क्षेत्रको अगुवा तथा सहयोगी संस्थाको सूची : ....17
३.२.३ खोज तथा उद्धार विषयगत क्षेत्रको विपद् अवस्था तथा मान्यता योजना : ....18
३.२.४ खोज तथा उद्धार क्षेत्रको उद्देश्य : ....18
३.२.५. खोज तथा उद्धार विषयगत क्षेत्रकोविपद् प्रतिकार्य योजना : ....20
३.२.५.विपद् प्रभावित क्षेत्रहरुमा सुरक्षा निकायका युनिटहरु : ....22
क0 नेपाली सेना/सशस्त्र प्रहरी बल नेपाल/राष्ट्रिय अनुसन्धान जिल्ला कार्यालय ....22
३.३ अस्थायी आवास, गैरखाद्य सामग्री व्यवस्थापन(Temporary Shelter and NFI Management) ....24
३.३.१ अस्थायी आवास, गैरखाद्य सामग्री व्यवस्थापन विषयगत क्षेत्रको परिचय ....24
३.३.२ विषयगत क्षेत्रको अगुवा तथा सहयोगी संस्थाको सूची : ....24
३.३.३ अस्थायी आवास, गैरखाद्य सामग्री व्यवस्थापन विषयगत क्षेत्रको विपद् अवस्था तथा मान्यता योजना : . 25
३.३.४ अस्थायी आवास तथा गैरखाद्य सामग्री व्यवस्थापन विषयगत क्षेत्रको उदेश्य : ....25
३.३.५ अस्थायी आवास, गैरखाद्य सामग्री व्यवस्थापन विषयगत क्षेत्रको विपद् प्रतिकार्य योजना : ....26
३.४.खानेपानी तथा सरसफाई स्वच्छता व्यवस्थापन(Water and Sanitation Hygine-WASH) ....27
३.४.१. खानेपानी तथा सरसफाई स्वच्छता व्यवस्थापन विषयगत क्षेत्रको परिचय : ....27
३.४.२. विषयगत क्षेत्रका अगुवा तथा सहयोगी संस्थाको सूची : ....27
३.४.३. विपद् अवस्था तथा मान्यता योजना : ....27
३.४.४. खानेपानी तथा सरसफाई स्वच्छता व्यवस्थापन विषयगत क्षेत्रको उद्देश्य : ....28
३.४.५ खानेपानी तथा सरसफाई स्वच्छता व्यवस्थापन क्षेत्रको विपद् प्रतिकार्य योजना : ....29
३.५.खाद्यान्न, कृषि तथा जीविकोपार्जन (Food, Agriculture and Livelihoods) ....30
३.५.१ खाद्यान्न, कृषि तथा जीविकोपार्जन विषयगत क्षेत्रको परिचय : ....30
३.५.२ विषयगत क्षेत्रका अगुवा तथा सहयोगी सस्थाको सूची : ....30
३.५.३ . खाद्यान्न, कृषि तथा जीविकोपार्जन विषयगत क्षेत्रको विपद् अवस्था तथा मान्यता योजना : ....31
३.५.४ खाद्यान्न, कृषि तथा जीविकोपार्जन विषयगत क्षेत्रको उद्धेश्य : ....31
३.५.५ खाद्यान्न, कृषि तथा जीविकोपार्जन विषयगत क्षेत्रको विपद् प्रतिकार्य योजना : ....32
३.६ आपत्कालिन स्वास्थ्य तथा पोषण (Health and Nutrition) ....34
३.६.१ स्वास्थ्य तथा पोषण विषयगत क्षेत्रको परिचय : ....34
३.६.२ विषयगत क्षेत्रका अगुवा तथा सहयोगी सस्थाको सूची : ....34
३.६.३ स्वास्थ्य तथा पोषण विषयगत क्षेत्रको विपद् अवस्था तथा मान्यता योजना : ....34
३.६.४ स्वास्थ्य तथा पोषण विषयगत क्षेत्रको उद्देश्य : ....35
३.६.५ स्वास्थ्य तथा पोषण विषयगत क्षेत्रको विपद् प्रतिकार्य योजना : ....37
३.७. आपत्कालिन शिक्षा (Emergency Education) ....39
३.७.१ आपतकालीन शिक्षा विषयगत क्षेत्रको परिचय : ....39
३.७.२ विषयगत क्षेत्रका अगुवा तथा सहयोगी संस्थाको सूची : ....39
३.७.३. आपतकालीन शिक्षा विषयगत क्षेत्रको विपद् अवस्था तथा मान्यता योजना : ....40
३.७.४ विपद् अवस्थामा आधारित विषयगत उद्देश्य : ....40
३.७.५ आपतकालीन शिक्षा विषयगत क्षेत्रको विपद् प्रतिकार्य तथा पूर्वतयारी योजना : ....42
३.८ आपत्कालीन संरक्षण(Emergency Protection) ....44
३.८.१ आपत्कालीन संरक्षण विषयगत क्षेत्रको परिचय : ....44
३.८.२ विषयक्षेत्रका अगुवा साथै सहयोगी संस्थाको सूची : ....44
३.८.३ आपत्कालीन संरक्षण विषयगत क्षेत्रको विपद् अवस्था तथा मान्यता योजना : ....45
३.८.४ विपद् अवस्थामा आधारित विषयगत उद्देश्य : ....45
३.८.५. आपत्कालीन संरक्षण विषयगत क्षेत्रको विपद् प्रतिकार्य तथा पूर्वतयारी योजना : ....46
३.९ पूर्वाधार संरक्षण, शीघ्र पुनर्लाभ र आपतकालिन वन्दोवस्ती(Infrastructure Protection, Early recovery and Emergency Logistic) ....49
३.९.१ पूर्वाधार संरक्षण, शीघ्र पुनर्लाभ, आपतकालिन वन्दोवस्ती विषयगत क्षेत्रको परिचय : ....49
३.९.२ विषयक्षेत्रका अगुवा साथै सहयोगी संस्थाको सूची : ....49

३.९.३ पूर्वाधार संरक्षण, शीघ्र पुनर्लाभ/आपतकालिन वन्दोवस्ती विषयगत क्षेत्रको विपद् अवस्था तथा मान्यता योजना : ........ 50
३.९.४ विपद् अवस्थामा आधारित विषयगत उद्देश्य : ........ 50
३.९.५ पूर्वाधार संरक्षण, शीघ्र पुनर्लाभ र आपतकालिन वन्दोवस्ती विषयगत क्षेत्रको विपद् प्रतिकार्य तथा पूर्वतयारी योजना : ........ 51

## परिच्छेद-४
## मनसुन पूर्व तयारी तथा प्रतिकार्य योजना

४.१. विषय प्रवेशाँ ........ 54
४.२. मनसुनको कारणले घट्ने विपद्जन्य स्थानहरुाँ ........ 54
४.३. मनसुन पूर्व तयारी कार्ययोजना निर्माणका उद्वेश्यहरुाँ ........ 57
4.4. मनसुन पूर्व तयारी तथा प्रतिकार्य योजना, २०७७ ........ 58

## परिच्छेद-५
## जिल्लाको विभिन्न निकायहरुमा मौज्दात रहेका उद्धार सामाग्रीहरुको विवरणको अवस्था

५.१. नयाँ गोरख गण रामेछाप तथा अर्न्तग गुल्महरुमा रहेका उद्धार सामाग्रीहरुको विवरण ........ 71
५.२. जिल्ला प्रहरी कार्यालय, रामेछापमा रहेका उद्दार सामाग्रीहरुको विवरण ........ 71
५.३. सशस्त्र प्रहरी बल नेपाल, आश्रित गुल्म, रामेछापमा रहेका उद्दार सामाग्रीहरुको विवरणाँ ........ 72
५.४.जिल्ला विपद् व्यवस्थापन समिति, रामेछापमा रहेका उद्दार सामाग्रीहरुको विवरणाँ ........ 72
५.६. डिभिजन बन कार्यालय, रामेछापमा रहेका उद्दार सामाग्रीहरुको विवरणाँ ........ 73
५.७. नेपाल रेडक्रस सोसाइटी, रामेछापमा रहेका राहत सामाग्रीहरुको विवरणाँ ........ 73
५. ८. सामुदायिक विकास समाजले साविकका भुजी, दुरागाउँ, सैपु र बिजुलीकोट गाविसका स्थानीय विपद् व्यवस्थापन समितिलाइ हस्तान्तरण गरेको सामुदायिक खोज तथा उद्धार सामाग्रीहरुको विवरण ........ 74
५.८. स्थानीय तह रामेछापमा रहेका उद्दार सामाग्रीहरु तथा कोषमा रहेका रकम विवरणाँ ........ 75
५.९ निकायगत मानविय श्रोत साधन तथा आर्थिक स्रोतको अवस्था ........ 74
५.१०. रामेछाप जिल्लामा रहेका एम्बुलेन्स सम्बन्धि विवरण : ........ 74
५.११. सामान्य प्राथमिकता प्राप्त पूर्वतयारी २०७५ कार्यको पुनरावलोकन र आगामी वर्ष २०७७ को लागि योजना ........ 75
५.१२. सामान्य प्राथमिकता प्राप्त पूर्वतयारी कार्यको बजेट सारांस ........ 75

## परिच्छेद : ६
## संलग्न साझेदार निकाय

६.१. मानवीय सहायतामा संलग्न साझेदार निकायको सूची : ........ 81
६.१.१ जिल्ला स्थित सरकारी कार्यालय तथा कार्यालय प्रमुखको सम्पर्क नम्बरको विवरण ........ 81
६.१.२. रामेछाप जिल्लाको राजनैतिक दलहरुको प्रमुख तथा सम्पर्क नम्वरहरु : ........ 82
६.१.४. जिल्ला समन्वय समित, रामेछापका पदाधिकारी एवं सदस्यहरुको सम्पर्क नम्वरहरु :- ........ 83
६.१.५. रामेछाप जिल्लाका न.पा/ प्रमुख उप प्रमुख र गा.पा. अध्यक्ष/उपाध्यक्षहरुको नामावली र सम्पर्क नम्बरहरुको विवरणः ........ 83
६.१.६. स्वास्थ्य कार्यालय/ जिल्ला अस्पताल/स्थानीय तहका स्वास्थ्य संयोजकहरुको सम्पर्क नम्बर । ........ 83
६.१.७.सुरक्ष निकायहरुको विवरणः ........ 84
६.१.८. विभिन्न संघ संस्थाहरुको विवरण ........ 85
६.२ सन्दर्भ सामग्री पुनरावलोकनको नतिजा : ........ 86
६.३ विभिन्न बैठक तथा निर्णयहरु : ........ 87
६.४ प्रकोप जोखिम विश्लेषण : ........ 88
६.४.१ विपद् समय रेखा : ........ 88
६.४.२. संकटासन्नताको स्तर निर्धारण/संकटासन्नता सूचकांङ्क : ........ 92
६.५ विपद्को अवस्था तथा सोको लागि प्रतिकार्य योजना : ........ 95
६.६ निकायगत भूमिका तथा जिम्मेवारी : ........ 95

६.७ सूचना व्यवस्थापन :........................................................................................ 97

## परिच्छेद-७
## कोरोना भाईरस (COVID-19)रोकथाम तथा नियन्त्रण सम्बन्धी व्यवस्था

७.१. कोभिड-१९(Covid-19) रोकथाम, नियन्त्रण र न्यूनिकरणका सन्दर्भमा भएका गतिविधिहरु................ 99
७.२. संयन्त्र गठन.................................................................................................. 99

## परिच्छेद-८
## प्रतिवेदन तथा अभिलेखन

८.१ प्रतिवेदन तथा सञ्चार :...................................................................................102
८.२ संस्थागत व्यवस्था :.......................................................................................102
८.३ अभिलेखिकरण :............................................................................................102
८.४ अनुमोदन प्रक्रिया :.........................................................................................102

## अनुसूचीहरु

अनुसूची १: रामेछाप जिल्लाको स्थानीय तह निर्वाचनबाट निर्वाचित वडा अध्यक्षहरुको विवरण ................... 103
अनुसूची३ : विपद् जोखिम व्यवस्थापन सम्बन्धी प्रमुख शब्दावली.................................................. 108
अनुसूची ४: विपद पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमा गर्ने क्रममा जिल्ला विपद् व्यवस्थापन समिति तथा जिल्ला स्तरीय सरोकारवालाहरुको वैठकका सहभागि एवं निर्णयहरु ...................................109
अनुसुची ५: विपद् व्यवस्थापन समितिको बैठकका तस्विरहरु ============.........===================.......====

# विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना-२०७७/७८, रामेछाप

**Disater Preparedness and Response Plan (DPRP)-2077-78, Ramechhap**

(विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना-२०६८, २०७३, २०७४ र २०७५को पुनरावलोकन एवं अद्यावधिक स्वरुप)

## परिच्छेद-१

## पृष्ठभूमि

### १.१. नेपालमा विपद् जोखिम

नेपालभरिका विभिन्न स्थानहरुको विषम भू-बनावट, कमजोर भौगर्भिक अवस्था, मौसमी विषमता तथा जलवायु परिवर्तनका साथै जनसंख्या वृद्धि, गरिबी, अव्यवस्थित शहरीकरण र प्रकोप जोखिमलई ध्यान नदिई गरिने विकास निर्माणका कार्यहरुले गर्दा नेपाल विभिन्न प्रकृतिक र गैरप्राकृतिक प्रकोपहरु बाट सिर्जित विपद्को उच्च जोखिममा रहेको छ । त्यसमा पनि रामेछाप जिल्ला विभिन्न प्रकारका जोखीमहरुबाट आक्रान्त रहेको छ । जलवायु परिवर्तनका कारण मौसमाजन्य प्रकोपहरुको प्रकृतिक, मात्रा र प्रबृत्ति फरक हुँदै गएको छ । जसका कारण विपद् व्यवस्थापनमा नयाँ चुनौतीहरु थपिदै गएका छन् ।

नेपालमा हरेक वर्ष ५०० भन्दा बढी बिभिन्न प्रकोपका घटनाहरू हुने गर्दछन् । जसमध्ये बाढी, पहिरो, डुबान, भूकम्प, चट्यांग, आगलागी, हावाहुरी, हिमताल विस्फोट, सडक दुर्घटना लगायतका प्राकृतिक रगैरप्राकृतिक विपद्का घटनाहरु नियमित रुपमा घट्ने गरेका छन् । यसको परिणामस्वरूप ठूलो मात्रामाजनधनकोक्षति हुने र जीविकोपार्जनमा प्रतिकूल असर पर्ने गरेको छ । पछिल्लो ४५ वर्ष को अवधिमा नेपालमा ४०,००० भन्दा बढी व्यक्तिहरूले विपद्का कारण आफ्नो ज्यानगुमाएका छन् । उच्च मृत्युदरको अतिरिक्त, उक्त अवधिमा ७५,००० भन्दा बढी व्यक्तिहरू घाइते भएकाछन् भने करिब तीस लाख मानिसहरू प्रभावित भएका छन्। यसैगरी, विगत ५ वर्षको तथ्याङ्क अनुसार नेपालमा बर्षेनी करीव १०,००० सडक दुर्घटना हुने गरेका छन्।जसकाकारण बर्षेनी करीब १,९०० व्यक्तिले ज्यान गुमाएका छन् भने करीब १३,००० व्यक्तिहरु घाईते हुने गरेका छन ।

विपद्बाट हुनसक्ने सम्भावित मानवीय क्षति तथा धन सम्पत्ति र आधारभुत पूर्वाधारहरूमा हानीनोक्सानी कमगर्नका साथै विपद्को समयमा प्रभावकारी रुपमा मानवीय सहायता परिचालन गर्नेविपद् पूर्वतयारीले महत्वपूर्ण भूमिका निर्वाह गर्दछ । तसर्थ विपद् पूर्वतयारी तथा आपत्कालीनप्रतिकार्यलाई मजबुत बनाउन जरुरी छ ।

प्रभावकारी विपद् पूर्वतयारीले विपद्को सामना गर्ने क्षमतालाई वृद्धि गर्छ र समुदायहरूलाई विपद्उत्थानशील बनाउन मद्धत पुऱ्याउँदछ । यसका लागि विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनमासंलग्न सम्पूर्ण सरोकारवाला निकायहरूको जिम्मेवारी प्रष्ट किटान गरी उनीहरूको पूर्वतयारी तथाप्रतिकार्य क्षमताका साथै स्रोत साधनको उपलब्धता सुनिश्चित गर्नु पर्दछ ।

### १.२. विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमाको पृष्ठभूमी

विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनको लागि कानूनी तथा नीतिगत व्यवस्थापनका क्षेत्रमा नेपाल सरकारले समयानुकूल परिमार्जन गर्दै विपद् पूर्व तयारी तथा प्रतिकार्य योजना राष्ट्रिय, प्रदेश र स्थानीय तहमा तर्जुमा गरी कार्यान्वयन गर्नुपर्ने व्यवस्थालाई अनिवार्य बनाएको छ । यस्ता कानूनी व्यवस्थाहरुमा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ (प्रथम संशोधन, २०७५), स्थानीय सरकार सञ्चालन ऐन, २०७४, विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन नियमावली, २०७६, विपद् जोखिम न्यूनीकरण राष्ट्रिय नीति, २०७५ र विपद् जोखिम न्यूनीकरण राष्ट्रिय रणनीतिक कार्ययोजना, २०७५ लगायतका कानूनी तथा नीतिगत व्यवस्थाहरू छन् । यसैगरी, अन्तर्राष्ट्रियस्तरमा विपद् जोखिम न्यूनीकरणका लागि सेण्डाइ कार्यढाँचा (सन् २०१५-२०३०), दिगो विकासका लक्ष्यहरू, जलवायु परिवर्तन सम्बन्धी पेरिस सम्झौता, आवधिक योजना, नीति तथा कार्यक्रम लगायतका सन्धि सम्झौतालाई समेत आत्मासात् गर्दै संघ, प्रदेश र स्थानीय तहहरुमा विपद् पूर्व तयारी तथा प्रतिकार्य योजना बनाई विपदबाट हुने मानवीय र भौतिक क्षति न्यूनीकरण गर्नु आवश्यक हुन्छ ।

### १.३. संघीय शासन प्रणालीमा विपद् व्यवस्थापन

नेपालको संविधान, २०७२ को अनुसूची ७ मा प्राकृतिक तथा गैर प्राकृतिक विपद् पूर्वतयारी, उद्धार तथा राहत र पुनर्लाभ कार्यलाई संघ र प्रदेशको साझा अधिकारको सूचीमा सूचीकृत गरिएको छ भने अनुसूची ९ मा संघ, प्रदेश र स्थानीय तह गरी तीनै तहको साझा अधिकारको सूचीमा विपद् व्यवस्थापनलाई राखिएको छ । अनुसूची ८ ले विपद् व्यवस्थापनलाई स्थानीय तहको एकल अधिकारको सूचीमा समेटेकोले यसमा स्थानीय तहको महत्वपूर्ण भूमिका हुनपर्ने स्पष्ट छ ।

विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ (प्रथम संशोधन, २०७५) ले विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन राष्ट्रिय परिष्द, कार्यकारी समिति, राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण (यसपछि

प्राधिकरण भनिने), प्रदेश विपद् व्यवस्थापन परिषद् र कार्यकारी समिति, जिल्ला तथा स्थानीय तहमा विपद् व्यवस्थापन समितिहरूको संस्थागत व्यवस्था गरी तिनीहरूको काम, कर्तव्य र अधिकार समेत तोकेको छ ।
स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उपदफा २ (न) ले गाउँपालिका तथा नगरपालिकाको काम, कर्तव्य र अधिकार भित्र विपद् व्यवस्थापनसम्बन्धी सबै चरणका कार्यहरू समावेश गरेको छ । यस ऐनले राष्ट्रिय भवन संहिता तथा मापदण्ड बमोजिम भवन निर्माण अनुमति, अनुगमन र नियमन सम्बन्धी कार्यहरूका साथै सुरक्षित बस्ती विकास सम्बन्धी नीति, योजना, कार्यक्रम तर्जुमा, कार्यान्वयन, अनुगमन, नियमन र मूल्याङ्कन कार्यलाई समेत गाउँपालिका तथा नगरपालिकाको काम, कर्तव्य र अधिकार भित्र समेटेको छ ।

## १.४. योजना तर्जुमा प्रकृया

जिल्ला विपद् व्यवस्थापन समितिले प्रतिकार्य योजना तर्जुमाको निर्माण गरे पश्चात विषयगत कार्यालय, रेडकस कार्यालय, संघसस्थाहरु, स्थानीय निकायहरु, सुरक्षा निकायसँग विभिन्न तथ्याङहरु लिई राष्ट्रिय विपद् प्रतिकार्य कार्यढाँचा २०७५ बमोजिम मस्यौदा तयार गरिएको छ । मस्यौदा उपर मिति २०७७/०४/१३ गते बसेको जिल्ला विपद् व्यवस्थापन समितिमा प्रस्तुत गरी प्राप्त सुझावको आधारमा मस्यौदालाई पुन सबै स्थानीय तहमा सुझावको लागि पठाइ प्राप्त रायको आधारमा अन्तिम रुप दिइएको ।

## १.५. विपद् पूर्व तयारी र प्रतिकार्य योजनाका चरणहरु

### (क) सामान्य पूर्वतयारी

सामान्य पूर्वतयारी सम्बन्धित कामहरूमा विपद् घटना अगावै गरिने, प्रायः सबै प्रकोपका लागि गर्नपर्नेजोखिम न्यूनीकरण, विपद् प्रतिकार्य गर्न संस्थागत तथा भौतिक संरचना, मेशिन औजार, शीप विकास,जनचेतना, कृत्रिम घटना अभ्यास जस्ता गतिविधिहरू समावेश हुन्छन् । यी सबै क्षमता र तयारीआवधिकरुपमा अद्यावधिक गर्न जरुरी हुन्छ ता कि विपद्को स्थितिमा प्रतिकार्य गतिविधिहरू समयमा नैकार्यान्वयन गर्न सकिन्छ । विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना अद्यावधिक गर्नु पनि पूर्वतयारी कार्यहो ।

### (ख) पूर्वानुमान तथा पूर्वसूचनामा आधारित पूर्वतयारी

यो चरणका कार्यहरू प्रकोपको प्रकृति, समय र संभावित प्रभावक्षेत्रको पूर्वानुमानमा आधारित भरपर्दोआधिकारिक सूचनाको आधारमा तय गरिनेछन् । सही पूर्वानुमान र उपलब्ध अग्रिम समयको आधारमापूर्वतयारीका कार्यहरू निर्धारण गरिनेछन् । यसमा सामान्य सतर्क रहनेदेखि जोखिमयुक्त ठाउँमा रहेकासमुदाय र स्थानान्तरण गर्न मिल्ने धनसम्पत्ति अस्थायी रुपमा सुरक्षित ठाउँमा सार्नेसम्मका हुनसक्नेछन् ।

### (ग) आपत्कालीन प्रतिकार्य

यो चरणका कामहरुमा विपद्जन्य प्रकोप आएको वा आसन्न खतराको अवस्थामा तत्कालको आवश्यक्ता अनुसार गर्ने कार्यहरु समावेश गरिनेछन् । यसमा विपद्को समय र विपद् पश्चात् तुरुन्तैचाल्नुपर्ने उद्धार, उपचार एवं जोखिम क्षेत्रबाट प्रभावितहरूलाई सुरक्षित स्थानमा सार्ने जस्ता राहतगतिविधिहरू समावेश हुनेछन् । खोज, उद्धार र स्थानान्तरण तथा विपद् पश्चात् परिस्थिति सामान्यनहुन्जेल सम्म गर्नुपर्ने प्रतिकार्य तथा शिघ्र पुर्नलाभका कार्यहरू यस चरणमा पर्दछन् ।

### (घ) विपद् व्यवस्थापन सम्बन्धका विषयगत अवधारणा (Cluster approach)

प्रभावकारी विपद् पूर्वतयारी तथा प्रतिकार्यका लागि नेपाल सरकारको विपद् जोखिम न्यूनीकरण राष्ट्रिय रणनीतिक कार्ययोजना २०७५ ले विषयगत अवधारणा (Cluster approach)लाई अवलम्बन गरेको छ । राष्ट्रियविपद् प्रतिकार्य कार्यढाँचा, २०७५ ले संघीय तहमा निम्न बमोजिमका ११ वटा विषयगत क्षेत्रहरू (Cluster) को पहिचान गरेको छ ।

- स्वास्थ्य
- खानेपानी, सरसफाई र स्वास्थ्य प्रबद्धर्न
- आपत्कालीन आश्रयस्थल
- खाद्य सुरक्षा
- पोषण
- शिविर समन्वय तथा शिविर व्यवस्थापन
- संरक्षण
- शिघ्र पुनर्लाभ

- शिक्षा
- बन्दोबस्ती
- आपत्कालीन सञ्चार

## १.६. संस्थागत समन्वय र सहकार्य

विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ (प्रथम संशोधन, २०७५) ले विपद् जोखिमन्यूनीकरण तथा व्यवस्थापनका लागि राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणकोव्यवस्था गरेको छ ।यो ऐनले संघ, प्रदेश र स्थानीय तहमा देहायका संरचनाको व्यवस्था गरेको छ ।

- ✓ विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन राष्ट्रिय परिषद्
- ✓ विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन कार्यकारी समिति
- ✓ राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण
- ✓ प्रदेश विपद् व्यवस्थापन परिषद्
- ✓ प्रदेश विपद् व्यवस्थापन कार्यकारी समिति
- ✓ जिल्ला विपद् व्यवस्थापन समिति
- ✓ स्थानीय विपद् व्यवस्थापन समिति

यसका साथै उक्त ऐनले राष्ट्रिय आपत्कालीन कार्य सञ्चालन केन्द्र, प्रदेश आपत्कालीन कार्यसञ्चालनकेन्द्र, जिल्ला आपत्कालीन कार्यसञ्चालन केन्द्र र स्थानीय आपत्कालीन कार्यसञ्चालन केन्द्रको समेत व्यवस्था गरेको छ ।

## १.७.रामेछाप जिल्लाको संक्षिप्त परिचय :

### १.७.१ भौगोलिक अवस्थिति :

रामेछाप जिल्ला, संघीय नेपालको बागमती प्रदेश अन्तरगत पूर्वी भेगमा अवस्थित मध्य पहाडी जिल्ला हो । पूर्वमा ओखलढुङ्गा र सोलुखुम्बु जिल्ला, पश्चिममा काभ्रेपलाञ्चोक र सिन्धुपाल्चोक जिल्ला, उत्तरमा दोलखा जिल्ला र दक्षिणमा सिन्धुली जिल्लाको बीचमा अवस्थित यस जिल्लाको कूल क्षेत्रफल १५६४.३२ वर्ग किलोमिटर रहेको छ । विश्व मानचित्रमा यस जिल्लाको अवस्थिति २७°२८' उत्तरी अक्षांशदेखि २७°५०' उत्तरी अक्षांश र ८५° ५०' पूर्वी देशान्तरदेखि ८६°३५' पूर्वी देशान्तरसम्म फैलिएको छ । हाल ६ वटा गाउँपालिका, २ वटा नगरपालिका तथा ६४ वटा वडामा विभाजित यो जिल्ला भौगोलिक विविधतायुक्त छ ।

नेपालको भौगोलिक विशेषताको आधारमा हेर्दा यस जिल्लाको समग्र भू-भाग निम्नानुसार रहेको छ ।

| क्षेत्र | क्षेत्रफल (व.कि.मि) | प्रतिशत |
|---|---|---|
| उच्च हिमाली | १८६.९४ | ११.९५ |
| उच्च पर्वतीय | २५०.७६ | १६.०३ |
| मध्य महाभारतीय इलाका | ११२६.६२ | ७२.०२ |

*स्रोत : नेपाल सरकार नापी विभाग, १९९४*

### १.७.२ भौगोलिक स्वरुप तथा विभाजन :

मध्य महाभारतीय पहाडी श्रृङ्खलादेखि उच्च हिमश्रृङ्खलासम्म विस्तारित यो जिल्लाको भूस्वरूप समुन्द्री सतहबाट ३७९ मिटर उचाइको कोलोञ्जोरघाटदेखि ६,९५८ मिटरको नुम्बुर हिमचुलीसम्म फैलिएको छ । अधिकांश भाग ३०° भन्दा वढी भिरालो जमिन रहेको यस जिल्लामा समथर जमिनको अभाव भएपनि तामाकोशी, सुनकोशी, लिखु, खिम्ती, भटौली तथा चौरी खोलाहरूले बनाएका उर्बर फाँटहरू भने रहेका छन् । साथै जिल्लाको करिब बीच भागबाट बहने तामाकोशी, भटौली, रणजोर, सुकजोर नदी तथा खोलाहरू र तिनले बनाएका केही टारहरु पनि रहेको पाइन्छ । विभिन्न ठाउँमा उपलब्ध फलाम, तामा, स्लेट लगायतका खनिज स्रोतहरूको प्रचुर सम्भाव्यता रहेको छ । शैलुङ्ग, अग्लेश्वरी, सुनापति, गिद्धेडाँडा, तामे, शेर्दिङ जस्ता उच्च डाँडाहरु रहेको यस जिल्लामा लिखुचुली, भालुखोप, थानडाँडा जस्ता रमणीय थुम्का समेत रहेका छन् जहाँ पानीको वहाव तथा अन्य कारणले गर्दा आकर्षक प्राकृतिक संगम देखिन्छ ।

### १.७.३ जलवायु :

भौगोलिक उचाईको वृद्धिसँगै हावापानी, तापक्रम र वर्षामा पनि भिन्नता देखिन्छ । समुद्री सतहबाट ३७९ मि. को कोलोञ्जोरघाट (सुनकोशी र लिखु नदीको संगमस्थान) देखि ६९५८ मि.को नुम्बुर हिमालको उचाइलाई मध्यनजर गर्दा यस जिल्लामा हावापानीको विषमता पाईन्छ । पहाडी तथा उच्च भागहरूमा तापक्रम हिउँदमा सरदर ११° सेल्सियस रहन्छ, जबकि खोंच तथा टारहरूमा हिउँदमा २०° सेल्सियस तापक्रम रहन्छ । त्यस्तै गृष्मको अवस्थालाई हेर्दा पहाडी भागमा ३०° सेल्सियस तथा उच्च भागहरूमा २०° सेल्सियस र खोंच तथा टारहरूमा ३०° सेल्सियस सरदर तापक्रम रहन्छ । त्यस्तै, यो जिल्ला महाभारत पर्वतको छायाँमा पर्ने हुँदा वार्षिक सरदर वर्षा २.०५ मिलिमिटरसम्म वर्षा हुन्छ । उत्तरी भागका उच्च भू–भागमा हिमपात समेत हुने गर्छ । समग्रमा यस जिल्लामा उष्ण मौसमी, न्यानो समशीतोष्ण, ठण्डा शीतोष्ण, लेकाली र टुन्ड्रा हावापानी पाइन्छ । यस क्षेत्रमा दक्षिणपूर्वी क्षेत्रबाट बहने मनसुनी वायुले वर्षा गराउँछ ।

### १.७.४ नदी तथा जलभण्डार :

पहाडी जिल्ला भएकोले साना ठूला नदी, खोला, खोल्सा र पानीका मूल यस जिल्लामा प्रसस्तै छन् । यहाँका प्रमुख नदीहरु सुनकोशी, तामाकोशी, खिम्ती र लिखु हुन् । चौरीखोला, मिल्तीखोला, भटौलीखोला, खानीखोला जस्ता ठूलातथा साना खोलाहरु पनि यस जिल्लाामा रहेकाछन् । यस जिल्लाको उत्तरपूर्वी क्षेत्रमा जटापोखरी, पाँचपोखरी, बहुलापोखरी, कालीपोखरी, भालेपोखरी, यालाम्छेपोखरी, ताराखसेपोखरी जस्ता प्रसिद्ध जलभण्डार समेत रहेकाछन् ।

### १.७.५ भू-क्षय र सुख्खाग्रस्तता:

यस जिल्लाको भौगोलिक स्वरुप अत्यन्तै भिरालो भएकोले यो जिल्ला वाढी पहिरोको उच्च जोखिममा रहेको छ । यस जिल्लाका सुनकोशी, तामाकोशी, खिम्तीखोला, लिखुखोला आसपासको क्षेत्रहरु भू-क्षयको दृष्टिले वढी जोखिम देखिएका छन् । भूगर्भविद्का अनुसार जिल्लाका भूजि, गोठगाउँ, खिम्ती, दुरागाउँ, सैपु, लखनपुर, टोकरपुर, दोरम्बा लगायतका स्थानहरु पहिरोको उच्च जोखिममा छन् भने साविक सालु गाविसमा पर्ने घ्याप्चे पहिरोले साविकका मन्थली, कठजोर, सालु, नागदह र विजुलीकोट गाविसका केहि वस्तिहरु विस्थापित भएको अवस्था छ । त्यसैगरि यस जिल्लााको

अधिकांश भू-भाग महाभारत श्रृंखलाको वृष्टिछाँयामा पर्ने भएकोले साविकका २९ भन्दा वढी गाविस सुख्खाग्रस्त क्षेत्रको रुपमा रहेकाछन् ।

### १.७.६ भू-उपयोगको अवस्था:

रामेछाप जिल्लाको समग्र भूउपयोगको अवस्था निम्नानुसार रहेको छ :

| क्र.सं. | भूउपयोगको प्रकार | क्षेत्रफल (वर्ग कि.मि.) | प्रतिशत |
|---|---|---|---|
| १. | कृषि भूमी | ५०९.०८ | ३२.५४ |
| २. | वनजङ्गल | ५४१.०२ | ३४.५८ |
| ३. | झाडी | २४७.३४ | १५.८२ |
| ४. | घाँसे मैदान | ९२.७२ | ५.९२ |
| ५. | हिउँले ढाकेको क्षेत्र | ६.७० | ०.४२ |
| ६. | एयरपोर्ट | ०.०४ | ०.०१ |
| ७. | बगर | १८.२४ | १.१६ |
| ८. | बाँझो तथा खेर गएको जमिन | १४३.९५ | ९.२१ |
| ९. | जलाशय | ५.२३ | ०.३४ |
| जम्मा क्षेत्रफल | | १५६४.३२ | १००.०० |

स्रोत: संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय GIS unit 2010

यस जिल्लामा कृषिको लागि उपयोग भएको भूमि ३२.५४ प्रतिशत देखिए पनि उत्पादनशील जमिन कम छ । कठिन भू–भौगोलिक अवस्थिति नै समग्र विकासको चुनौतीको रूपमा देखिएको छ । सघन हिसावले वनको क्षेत्र कमी देखिएतापनि जडीबुटी तथा गैरकाष्ठ वनपैदावारको भने सम्भाव्यता रहेको छ । यहाँ बहुमूल्य जडीबुटीहरूका साथै खयर, सिसौ, साल, कर्मा, महुवा, खोटेसल्ला, चिलाउने, कटुस, लालिगुराँस, खस्रु, गोब्रेसल्ला, उत्तिस लगायतका वनस्पतिहरू पाइन्छन् । जिल्लाको कुल वन क्षेत्रफल ५४,१०२ हे. (३४.६ प्रतिशत) रहेको छ । जसमध्ये धेरैजसो क्षेत्र सामुदायिक वनले ओगटेको छ भने बाँकी कवुलियत वन र राष्ट्रिय वनको रुपमा रहेको छ ।

### १.७.७. जनसंख्या तथा सामाजिक संरचना :

राष्ट्रिय जनगणना २०६८ अनुसार रामेछाप जिल्लामा ४३,९१० घर परिवारको वसोवास रहेको छ भने ती घर परिवार अर्न्तरगतको कूल जनसंख्या २०२,६४६ रहेको छ । यो जनसंख्या अघिल्लो जनगणना २०५८ को तुलनामा करिव १०,००० कम हो । यस जिल्लाको जनसंख्या सम्वन्धि संक्षिप्त विवरण देहाय वमोजिम रहेकोछ ।

| जनगणना वर्ष | परिवार संख्या | जनसंख्या | | | लैङ्गिक अनुपात | जनसंख्या वृद्धिदर | औषत परिवार संख्या | जनघनत्व | नेपालको कूल जनसंख्यामा जिल्लको अंश ( |
|---|---|---|---|---|---|---|---|---|---|
| | | कूल | महिला | पुरुष | | | | | |
| २०५८ | ४०३८६ | २१२४०८ | १११५५५ | १००८५३ | | १.२२ | ५.२६ | १३७ | ०.९२ |
| २०६८ | ४३९१० | २०२६४६ | १०९२६० | ९३३८६ | ९४.२ | -०.३४ | ४.६२ | १३१ | ०.७७ |

स्रोत : केन्द्रीय तथ्याङ्क विभाग

माथिको तथ्याङ्कबाट रामेछाप जिल्लाको जनसंख्या अघिल्लो वर्षको गणनाको घटेको देखिएको छ तर परिवार संख्या भने वढेको देखिएको छ । आवधिक जिल्ला विकास योजना (आ.व. २०७०/७१-२०७४/७५) का अनुसार जिल्लाको औसत आयु ६७ वर्ष रहेको छ भने मातृ मृत्युदर प्रतिलाख जिवित जन्ममा २८१ जना र शिशु मृत्युदर ५४ प्रतिहजार रहेको छ । वि.सं.२०५८ को जनगणनाअनुसार ३२ प्रतिशत मात्र साक्षरता रहेको यस जिल्लामा २०६८ को जनगणनाअनुसार ६५.९ प्रतिशत जनसंख्या साक्षर रहेको देखिएकोछ ।

जिल्लाको सामाजिक संरचना विविधतायुक्त रहेको छ । केन्द्रीय तथ्याङ्क विभाग, २०६८ का अनुसार भाषागत रूपमा नेपाली, तामाङ, नेवार, मगर, सुनुवार, माझी, शेर्पा यस जिल्लामा बोलिने प्रमुख भाषा हुन् भने क्षेत्री, तामाङ्ग, नेवार, मगर, ब्राम्हण, सुनुवार, थामी, कामी, माझी, सार्की, दमाई, पहरी लगायतका जातीय बसोवास रहेको छ । साथै लोपोन्मुख हायू जातिको पनि यस जिल्लामा वसोवास रहेको छ । यहाँ हिन्दू, वौद्ध लगायतका धर्मावलम्वीहरु बसोवास गर्दछन् ।

### १.७.८ आर्थिक स्थिति :

यस जिल्लाका नागरिकहरुको मुख्य पेशा कृषि हो जहाँ जिल्लाको कूल जनसंख्याको ८६.९१ प्रतिशत व्यक्तिहरु संलग्न छन् । यहाँका नागरिकको कृषि पेशामा ठूलो निर्भरता देखिएतापनि खेतीयोग्य जमिन मध्ये केवल १८.४८ प्रतिशतमा मात्र सिंचाइको सुविधा पुगेको छ । यस जिल्लामा व्यापार व्यवसाय, घरेलु तथा स्थानीय उद्योगहरु निकै कम मात्रामा संचालनमा रहेका छन् । जिल्लामा अझै पनि व्यवसायिक कृषि प्रणालीको विकास भैसकेको छैन । कृषि वाहेक वैदेशिक रोजगार, व्यापार, शिक्षण पेशा, निजामती सेवामा समेत यहाँका नागरिकहरु संलग्न देखिएपनि गैरकृषि क्षेत्रमा संलग्न कुल जनसंख्या केवल १३.०९ प्रतिशत मात्र रहेको छ । गरिव घरपरिवार पहिचान तथा परिचयपत्र व्यवस्थापन

तथा वितरण समन्वय बोर्डले आ.व. २०६९/२०७० मा संकलन गरेका तथ्यांकका आधारमा यस जिल्लामा करिव ९,६३७परिवारहरु गरिवीको रेखामुनी रहेको प्रारम्भिक तथ्याङ्क सार्वजनिक भएको छ । तथापी यस जिल्लामा करिव ५१ प्रतिशत भन्दा वढी नागरिक आर्थिक रुपले सकृय हुने उमेर समुहमा रहनु, जिल्लामा यातायातको तिब्र विकास हुनु, तराईक्षेत्र तथा काठमाण्डौ उपत्यकासँग सडक सञ्जालले जोडिनु, वजारकेन्द्रहरुको विकास हुनु, व्यवसायिक खेति तर्फ कृषकहरु आकर्षित हुनु, पर्यटकीय पदमार्ग (आदिवासी जनजाति पदमार्ग, नुम्बुर चिज सर्किट) हरुको निर्माण हुनु आदि जस्ता कारणहरुले भने यस जिल्लाको आर्थिक अवस्थामा सुधार हुने सकारात्मक संकेतहरु देखिन थालेका छन् ।

## १.७.९ भौतिक पूर्वाधार तथा संरचना :

सरकारी, गैरसरकारी तथा दातृ निकायहरुको प्रयासबाट करिव २२०० कि.मि. भन्दा वढी सडक निर्माण भै सकेको छ । यस जिल्लाका ६ गाउंपालिका र २ नगरपालिका सवै वडाहरु सडक सञ्जालले जोडिएका छन् । जिल्लामा नयाँपुल-देवीटार-मन्थली-खुर्कोटसडक र मन्थली-रामेछाप लगायत सडक गरी करिव६५ कि.मी. सडक कालोपत्रे भईसकेको छ भने मन्थली-गाल्पा सडक, सित्खा-भीरपानी-गोगनपानी-भोटनागी सडक, मन्थली-सुनारपानी-सालु-साँघुटार सडक, नेपालथोक/खैरेनी-गाल्पा सडक, खिम्ती-नामाडी-बेताली-चुचुरे-बाम्ती सडक लगायतका सडकहरुमा कालोपत्रे गर्ने कार्य शुरु भइरहेको छ । खुर्कोटमा निर्मित पक्की पुलले काठमाण्डौ, तराई र पूर्वी ओखलढुंगा, सोलु, खोटाङ्ग लगायतका जिल्लामा सहज पहुँच भएको छ भने मन्थली स्थित तामाकोशीमा निर्माण भएको पक्की पुलले जिल्लाका पश्चिमी क्षेत्रलाई सदरमुकामसँग जोडेकोछ । यी लगायत जिल्लामा ११ वटा पक्की, ७ वटा निमाधिन पूलहरु र १९३ वटा झोलुङ्गे पुलहरु पनि सञ्चालन भईरहेका छन् । वि.सं.२०३५ सालदेखि यस जिल्लाको सदरमुकाममा विमानस्थलको निर्माण भई हवाई यातायात सञ्चालन भई रहेकोमा हाल कालोपत्रे गर्ने कार्य सम्पन्न भैसकेको छ । यसरी सडक तथा हवाई यातायातको विकासले जिल्लालाई सुगम बनाउदै लगेको मात्र छैन, आर्थिक, सामाजिक विकासको ढोका समेत खोलिदिएको छ । खानेपानी तथा सरसफाई डिभिजन कार्यालयका अनुसार जिल्लामा करिव ८३ प्रतिशत घरधुरीमा खानेपानी सुविधा पुगिसकेको तर धेरैजसो आयोजनाहरु मर्मत सम्भार गर्नुपर्ने अवस्थामा छन् भने करिव ६१ प्रतिशत घरधुरीमा सरसफाईको पहुँच पुगेको छ । रामेछाप **जिल्लाखुल्ला दिसामुक्त जिल्लाको** रुपमा घोषणा भै सकेको छ ।

## १.७.१० सञ्चार र विद्युतिकरण :

यस जिल्लामा सञ्चारको तिव्र विकास भईरहेको छ । सञ्चार सेवा हुलाक, टेलिफोन, मोवाईल तथा ईमेल इन्टरनेट मार्फत भैरहेका छन् । हाल ५४ स्थानवाट हुलाक सेवा सञ्चालन भईरहेकोछ । करिव ११०८ वटा टेलिफोन लाइन तथा ५० हजार भन्दा बढी मोवाईल फोनकर्ताहरु रहेका छन् । सवै पालिका तथा वडाहरुमा मोवाईल फोनको पहूँच रहेको छ । दैनिक तथा साप्ताहिक गरी कुल ३० वटा पत्रिका दर्ता भएका छन् भने ८ वटा स्थानीय एफ.एम सञ्चालनमा छन् । प्रचुर जलविद्युतको सम्भावना रहेको भएतापनि त्यसको पूर्ण उपयोग हुन सकेको छैन । यहाँका ७५ प्रतिशत भन्दा बढी घरधुरीमा विद्युत सेवा पुगेको छ । यस जिल्लामा ६० मेगावाट को खिम्ती जलविद्युत आयोजना संचालनमा रहेको छ भने लिखु खोला ए, लिखु-१, २, ३, ४ जलविद्युत आयोजना, अपरखिम्ती र तल्लो खिम्ती जलविद्युत आयोजनाहरु निर्माणाधिन छन जसबाट जम्मा ३२० मेगावाट विद्युत उत्पादन गर्ने लक्ष्य लिइएको छ । जसलाई निम्नानुसार प्रस्तुत गरिएको छ ।

| सि.न. | आयोजनाको नाम | क्षमता | संचालन स्थान | संचालक | सम्पर्क व्यक्ति | सम्पर्क नं. |
|---|---|---|---|---|---|---|
| १. | लिखु-१ जलविद्युत आयोजना | ७७ मेगावाट | उमाकुण्ड-१ गुम्देल र सोलुखुम्बु जिल्लाको लिखुपिके-५ । | पान हिमालय इनर्जी प्रा.लि. | विवेक दुगड | ०१-४४१४३५५ |
| २. | लिखु-ए जलविद्युत आयोजना | २९.४ मेगावाट | उमाकुण्ड-१ गुम्देल र सोलुखुम्बु जिल्लाको लिखुपिके-५ । | नुम्बुर हिमालय हाइड्रोपावर प्रा.लि. | मोतिलाल दुगड | ०१-४४१४३५५ |
| ३. | लिखु-२ जलविद्युत आयोजना | ५५ मेगावाट | उमाकुण्ड-१ गुम्देल र सोलुखुम्बु जिल्लाको लिखुपिके-५ । | ग्लोबल हाईड्रोपावर एशोसियट प्रा.लि. | विवेक दुगड | ०१-४४१४३५५ |
| ४. | नुम्चे लिखु जलविद्युत आयोजना | ५७.५ मेगावाट | उमाकुण्ड गा.पा. वडा नं. १ गुम्देल, रामेछाप | भिजन इनर्जी एण्ड पावर लिमिटेड । | टेकनाथ आचार्य | ०१-४७८५५२८ |
| ५. | तल्लो लिखु जलविद्युत आयोजना | २८.१ मेगावाट | लिखु तामाकोसी गा.पा.२, रामेछाप । | श्वेतगंगा हाइड्रोपावर एण्ड कन्ट्रक्सन लि. | डा. सुवर्णदाश श्रेष्ठ | ०१-४३७३०३० |
| ६. | उपल्लो खिम्ती जलविद्युत आयोजना | १२ मेगावाट | गोकुलगंगा गा.पा.-१ चुचुरे गर्जाङ, रामेछाप । | हिमालय उर्जा विकास कम्पनी लिमिटेड । | सरोज कुमार उपाध्याय | ०१-६२२०००४ |
| ७. | अपर खिम्ती-२ जलविद्युत आयोजना | ७ मेगावाट | | | | ०१-४१११८५३ |
| ८. | अपर खिम्ती-२जलविद्युत आयोजना | ५४.४ मेगावाट | लिखु तामाकोसी गा.पा. १, २ साथै ओखलढुङ्गा | ग्रिन भेन्चर्स प्रा.लि. | कृष्णदाश श्रेष्ठ | ०१-४२४२३१७ |
| **जम्मा** | | **३२०.४ मेगावाट** | | | | |

## १.८. विपद्को जोखिम र संकटासन्नता:

यस जिल्ला प्रकोप तथा विपद्को दृष्टिले उच्च जोखिम भएको जिल्ला हो । यस जिल्लाको भौगोलिक अवस्थिति, धरातलीय स्वरुप, माटो, जलवायु विविधता र संवेदनशीलता नै प्रकोपका मुख्य कारण हुन् । मध्य पहाडदेखि उच्च हिमाली क्षेत्रसम्म फैलिएर रहेकोले जलवायु परिवर्तनवाट अत्यन्तै प्रभावित जिल्ला हो । वलौटे माटो अधिक मात्रामा भएको कारण बाढी र पहिरोको दृष्टिले अत्यन्तै जोखिममा रहेको छ। जलवायु परिवर्तन सम्वन्धि राष्ट्रिय अनुकूलन कार्यक्रमले (नापा)[1]यस जिल्लालाई पहिरो, खडेरी तथा हिमताल विष्फोटबाट निस्कने बाढीको जोखिमता अथवा जलवायू परिवर्तन संकटासन्नटा दृष्टिकोणले अति उच्च प्रभावित जिल्लाका रुपमा वर्गिकृत गरेको छ। विगत ६६ वर्षको विपद् समय रेखाको अध्ययन गर्दा यहाँ बाढीले समेत पटक पटक समुदायलाई प्रभावित गरेको देखिन्छ । भूकम्पीय जोखिमको दृष्टिले पनि यो जिल्ला सम्वेदनशील अवस्थामा रहेको विभिन्न अध्ययन र विगतका विभिन्न घटनाहरुले देखाएका छन् । मिति २०७२ बैशाख १२ को भूकम्प र त्यसपछिका पराकम्पनका कारणले ४१ जनाको मृत्यु, १४७ जना घाईते भएका थिए । तत्कालिन अवस्थामा परिचय पत्र वितरण गरी अस्थायी आवास निर्माणको लागि प्रति घर रु. १५०००।- का दरले ५०,८८५ घरधुरीलाई रकम उपलब्ध गराईएको थियो । त्यसैगरी, निजी आवास निर्माण गर्न लाभग्राहीको सूचीमा ४९,९४२ घरधुरी रहेका छन् र ४७,९७७ लाभग्राहीहरुसँग अनुदान सम्झौताको काम भइसकेको छ । हालसम्म अनुदान संझौतामा हस्ताक्षर गरी ४७,९१९ लाभग्राहीले पहिलो किस्ता, ४५०४२ लाभग्राहीले दोस्रो किस्ता र ४१,२४९ लाभग्राहीले तेस्रो किस्ता रकम प्राप्त गरिसकेका छन् । यसैगरी,हरेक वर्ष जसो पहिरो, आगलागी, माहमारी तथा चट्याङ्गका घटनाहरुले मानिस, पशु तथा आर्थिक क्षति भएको छ। यस आधारमा जिल्लाका कुनै न कुनै स्थान वा समुदाय बाढी, पहिरो, महामारी र चट्याङ्गको घटनामा पर्न सक्ने अवस्था रहेको छ।

यसबाहेक आगलागी यस जिल्लाको अर्को जोखिमयुक्त विपद् हो । खासगरि भौगोलिक अवस्था, प्राकृतिक श्रोत साधनको उचित व्यवस्थापनको अभाव, अवैज्ञानिक भू-उपयोग, असुरक्षित र पूर्वाधार संरचना निर्माण जस्ता कारणले भू-क्षय, सुख्खाग्रस्तता, आगलागी एवं जलउत्पन्न प्रकोपहरु सिर्जना भईरहेकोछ । विगतदेखि हालसम्मको प्रकोपीय इतिहासलाई नियाल्दा यस जिल्ला देहायका प्रकोपहरुबाट बढि प्रभावित भएको देखिन्छ ।

१. वाढी
२. पहिरो
३. भूकम्प
४. आगलागी
५. माहामारी (यो वर्ष कोभिड १९ कोरोना भाइरसको संक्रमण र बन्दाबन्दी)
६. खडेरी
७. चट्याङ
८. सडक दुर्घटना
९. विद्युत/करेन्टजन्य घटना

यसका अलवा, असिना, हुरीबतास, हिमपात आदि पनि यस जिल्लाका अन्य प्रकोपहरुका रुपमा देखिएका छन् । अध्ययनको क्रममा उपलब्ध स्रोत, साधन र विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना मार्गदर्शनमा आधारित रही माथि उल्लेखित मुख्य विपद्हरुमा केन्द्रित रही यो पूर्वतयारी तथा प्रतिकार्य योजना तयारी गरिएको भए पनि उल्लेखित वाहेक अन्य ठूला विपद्हरु आइलागेको अवस्थामा समेत तत्काल प्रतिकार्य योजना तर्जुमा गरी विपद्को सामना गर्न यस योजनाले सघाउन सक्ने अपेक्षा गरिएको छ ।

[1]नेपाल सरकार, वातावरण मन्त्रालय, २०६७ असोज

# परिच्छेद : २

# विपद पूर्वतयारी तथा प्रतिकार्य योजनाको परिचय र तर्जुमा विधि

## २.१ योजनाको पृष्ठभूमी :

नेपाल बाढी, पहिरो, आगलागी, खडेरी, अतिवृष्टी, शितलहर तथा भूकम्प जस्ता प्रकोपबाट उच्च जोखिममा रहेको छ । यस्ता विपद्वाट जोगाउन र प्रकोप सिर्जित विपद्को समयमा प्रभावकारी रुपमा मानवीय सहायता परिचालन गर्न रसम्बन्धित निकायहरुको जिम्मेवारीलाई प्रष्ट किटान गर्नका लागि विपद् पूर्वतयारी तथा प्रतिकार्य योजनाले महत्वपूर्ण भूमिका निर्वाह गर्दछ । आपत्कालमा गरिने प्रभावकारी मानवीय प्रतिकार्यमा संलग्न निकायहरूको पूर्वतयारीको स्तर र उनीहरुको क्षमता तथा सबै तहमा उपलब्ध स्रोत साधनको ठूलो प्रभाव पर्दछ । तसर्थ, प्राकृतिक तथा मानव सिर्जित जुनसुकै खालका विपद्का घटनाबाट हुन सक्ने जीउधनको क्षतिलाई न्यून गर्नका लागि र विपद्को समयमा मानवको जीवन रक्षाकालागि विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना एउटा महत्वपूर्ण पक्ष हो । यसले विपद्को सामना गर्ने क्षमतालाई वृद्धि गर्ने र समुदायहरुलाई विपद् उत्थानशील गराउने कार्यमा मद्धत पुऱ्याउँदछ ।

विपद् जोखिम तथा न्यूनिकरण तथा व्यवस्थापनको लागि कानुनी तथा नीतिगत व्यवस्थापनका क्षेत्रमा नेपाल सरकारले समयानुकूल परिमार्जन गर्दै विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना राष्ट्रिय, प्रदेश, जिल्ला तथा स्थानीय तहमा तर्जुमा गरी कार्यन्वयन गर्नुपर्ने व्यवस्थालाई अनिवार्य बनाएको छ । यस्ता कानुनी व्यवस्थाहरुमा विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापन ऐन, २०७४ (प्रथम संशोधन, २०७५), विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापन नियमावली, २०७६, विपद् जोखिम न्यूनिकरण राष्ट्रिय रणनीति, २०७५ र विपद् जोखिम न्यूनिकरण राष्ट्रिय रणनीतिक कार्यायोजना, २०७५ लगायतका कानुनी तथा नीतिगत व्यवस्थाहरु रहेका छन् ।

यसै सन्दर्भमा नेपाल सरकार, गृह मन्त्रालयले तयार गरेको "विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमा मार्गदर्शन २०६७" को आधारमा विपद्को न्यूनीकरण र सामना गर्ने क्षमताको विकास गर्न तत्कालिन जिल्ला दैवी प्रकोप उद्धार समिति, रामेछापले **विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना, २०६८** तर्जुमा गरी सो योजनालाईमिति :२०७३, २०७४ र २०७५ मा समेत समयसापेक्ष परिमार्जन र अध्यावधिक गरेर कार्यन्वयन गरेको थियो । सोही योजनालाई समयसापेक्ष पुनरावलोकन तथा अद्यावधिकरण गर्नेक्रममा "विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमा मार्गदर्शन २०६७(पहिलो संशोधन, २०७६)" ले निर्धारण गरेका विधि तथा प्रक्रिया पूरा गरी "**विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना, २०७७"** तर्जुमा गरी लागु गरिएको छ ।

विपद् व्यवस्थापनका विभिन्न चरणमा गरिने कार्यहरूमध्ये विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना विपद् जोखिम व्यवस्थापनको एक महत्वपूर्ण अंश हो । यसले विपद् पहिले पूर्वतयारी र विपद्को समयमा प्रभावकारी प्रतिकार्यगर्ने कार्यलाई प्राथमिकता दिन्छ । विपद् पूर्वतयारी कार्यले विपद् अघि गरिने पूर्वतयारी कार्यलाई प्राथमिकतामा राखेको हुन्छ र पूर्वतयारी यस योजनाको मुख्य कार्य अथवा मुटु हो । विना पूर्वतयारी प्रभावकारी प्रतिकार्य गर्न नसकिने हुनाले पूर्वतयारीलाई यस योजनाले विशेष महत्व दिने गर्दछ । विपद्बाट उत्पन्न असहज अवस्थामा प्रभावितको खोज तथा उद्धार गरी मानवजीवनको रक्षा गर्नु यस योजनाको प्रमुख उद्देश्य रहेकोछ ।

## २.२. विपद् पूर्वतयारी तथा प्रतिकार्य योजनाका उदेश्यहरु :

विपद् पूर्वतयारी तथा प्रतिकार्य योजनाको समग्र उद्देश्य विपद् पूर्वतयारी सम्बन्धी क्रियाकलापहरुलाई संगठित, व्यवस्थित बनाई प्रभावकारी प्रतिकार्य मार्फत् सम्भावित क्षति, नोक्सानी न्यूनीकरण गर्नु हो । साथै विपद्को समयमा प्रभावितको खोज तथा उद्धार गरी स्थानीय स्रोत साधनको अधिकतम उपयोगद्वारा प्रभावित समुदायलाई व्यवस्थित, प्रभावकारी र जवाफदेहीयुक्त मानवीय सहयोग उपलब्ध गराउनु यस योजनाको मूल उद्देश्य रहेको छ ।

- प्रकोपका कुनैपनि घट्नाबाट हुन सक्ने विपद् र त्यसवाट सिर्जित मानवीय असरहरुलाई न्यूनीकरण गर्न पूर्व योजना तर्जुमा गर्ने र सोही अनुसारको भौतिक, आर्थिक र मानविय श्रोतको तयारी गरी पूर्वतयारी भै वस्ने ।
- विपद्को समयमा र विपद् पश्चात् गर्ने गतिविधिहरुको जिम्मेवारी क्रमवद्ध रुपमा राखी सरोकारवालाहरुलाई जानकारी गराउने ।
- विपद्को क्षेत्रमा कार्यरत सरकारी, गै.स.स. तथा अन्तराष्ट्रिय गैससहरुसंग विपद्पूर्व नै आकस्मिक योजना तयार गरी विपद् प्रतिकार्य गर्न सक्ने क्षमता (Response capacity)अभिवृद्धि गर्ने ।
- विपद्कोसमयमा संयमित र संगठित भई विपद् व्यवस्थापन कार्यलाई योजनावद्ध तरिकावाट पूर्व जिम्मेवारीको किटान गरी व्यवस्थापन गर्न सहयोग गर्ने ।

## २.३. विपद् पूर्वतयारी तथा प्रतिकार्य योजनाको अपेक्षित नतिजा :

विपद् पूर्वतयारी सम्बन्धी क्रियाकलापहरुलाई संगठित, व्यवस्थित बनाई प्रभावकारी प्रतिकार्य मार्फत् सम्भावित क्षति, नोक्सानी न्यूनीकरण गर्नु यस योजनाको समग्र उदेश्य रहेको सन्दर्भमा अपेक्षित नतिजाहरु निम्नानुसार रहेका छन् :

- सामान्य र आपत्कालीन अवस्थाका लागि विषयगत कार्ययोजना तयार भई र भौतिक, आर्थिक, मानवीय श्रोतको पूर्वतयारी भएको हुनेछ ।
- सम्भावित विपद्को विश्लेषण गरी जनधन र पर्यावरणको सुरक्षामा वृद्धि भएको हुनेछ ।
- विपद्मा परेका व्यक्ति, परिवार र समुदायलाई उद्धार गरी मानवीय सहयोग उपलब्ध भएको हुनेछ ।
- विपद्बाट प्रभावित समुदायलाई सुरक्षित र सम्मानजनक जीवनयापनका लागि आधारभूत सहयोग उपलब्ध भएको हुनेछ
- विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमा गर्ने राष्ट्रिय अभियानलाई टेवा पुगेको हुनेछ ।

## २.४. विपद् पूर्वतयारी तथा प्रतिकार्य योजनाका सिमा :

यस योजनाका निम्नअनुसार सीमा रहेका छन् :

१. यस योजनाले विगतको अनुभवको आधारमा प्रकोप तथा विपद्का मुख्य स्रोतहरु-भूकम्प, बाढी, पहिरो र आगलागिबाट प्रभावित हुनसक्ने परिवार संख्या सहभागितामूलक विधिबाट अनुमान गरिएको छ । यस आधारमा बाढी, पहिरो, आगलागि र भूकम्पबाट चालु २०७७ सालमा प्रभावित हुनसक्ने घरधुरी ६६० र जनसंख्या ३३०० ( विगतको योजनामा उल्लेख भएको विवरण) लाई आधार मानी विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमा गरिएको छ । पूर्वतयारी र प्रकोपको स्तर अनुसार वास्तविक क्षति नोक्सानीको आकार घटबढ हुन सक्नेछ ।

२. जिल्ला स्थित मानवीय सहायतामा संलग्न निकाय तथा संस्थाहरुले आफ्नो नेतृत्वलाई प्रभावकारी नबनाएको खण्डमा क्षेत्रगत अवधारणाको कार्यान्वयन कमजोर हुन सक्नेछ ।

३. विपद् जोखिम व्यवस्थापनलाई प्रभावकारी बनाउन विपद् स्थल, बन्दोवस्ती व्यवस्थापन र आपत्कालीन स्वास्थ्य सेवा योजना महत्वपूर्ण हुन्छ । अतः यस योजनामा उल्लेख भए अनुरुप विभिन्न विषयगत समितिका बैठकहरु बसी यस सम्बन्धमा थप गृहकार्य गरी स्पष्टता कायम गर्न सकिएमा मात्र यो योजना प्रभावकारी हुन सक्नेछ ।

४. स्रोतको अभावका कार्यक्रम प्रभावित हुनेछन् । त्यसैले विपद् पर्दाको अवस्थामा योजना अनुरुप मानवीय सहयोग उपलब्ध गराउन जिल्ला विपद् व्यवस्थापन समितिसँग स्रोतको अभाव हुन सक्ने भएकोले योजना अनुरुप विपद् प्रतिकार्यका कार्यक्रम सञ्चालन गर्न सरकार, केन्द्रीय विपद् व्यवस्थापन समिति र मानवीय सहायतामा संलग्न संघसंस्थाहरुको सहयोग लिनुपर्ने अवस्था छ ।

५. प्रतिकार्य योजनाको प्रभावकारी कार्यान्वयन गर्न जिल्ला विपद् व्यवस्थापन समितिलाई क्षेत्रगत रूपमा दक्ष बनाउनु पर्नेछ ।

६. यस योजनामा समुदाय स्तरमा गएर सूचना संकलन गरिएको छैन जसले कति घरधुरी प्रभावित हुन सक्छन् भनेर यकिन तथ्यांक लिन सकिएको छैन । विगतमाा घटेको घटना र प्रभावित हुन सक्ने घरधुरीको १ प्रतिशतलाई मात्र आधार मानी प्रभावित हुन सक्ने घरधुरी र जनसंख्या लिइएको छ ।

७. यस योजना कार्यन्वयन गर्ने सन्दर्भमा सम्बन्धित सरकारी कार्यालय, स्थानीय तह, सुरक्षा निकाय, नीजि क्षेत्र, गैर सरकारी तथा अन्तराष्ट्रिय गैर सरकारी क्षेत्र, संयुक्त राष्ट्र संघका निकायहरुले वार्षिक योजना बनाउँदा यसमा रहेका पक्षहरुलाई समेत समेटी योजनामा राख्ने र बजेट छुट्याउनुपर्ने हुन्छ ।

## २.५. विपद् पूर्वतयारी तथा प्रतिकार्य योजनाको आवश्यकता तथा महत्व :

विपद् व्यवस्थापन भित्र गरिने विभिन्न चरणका कार्यहरु मध्ये प्रतिकार्य योजना विपद्का घटना घटे लगत्तैदेखि स्थिति सामान्य नभएसम्म कार्यान्वयन हुन्छ । विपद्को यो समय ज्यादै संवेदनशील भएको र यस समयमा गरिने मानवीय सहयोगका कार्यले क्षतिको नोक्सानी उल्लेख्य मात्रामा घटाउन सकिने भएकाले यस योजनाको निकै ठूलो महत्व रहेको हुन्छ । विपद् पूर्वतयारी तथा प्रतिकार्य योजनाको आवश्यकता र महत्वलाई निम्नानुसार उल्लेख गरिएको छ :

- मानवीय सहायता एवम् विपद् जोखिम व्यवस्थापनमा संलग्न निकाय एवं उपलब्ध स्रोत साधन पहिचान गराउँछ । विपद् पूर्वतयारी तथा प्रतिकार्यका लागि अपुग स्रोत (खाडल) पहिचान गरी त्यसको पूर्तिको व्यवस्था गर्न आवश्यक वातावरण मिलाउँछ ।
- विपद् जोखिम व्यवस्थापनमा विभिन्न विषयक्षेत्र अन्तर्गतका निकायहरुको भूमिका निर्धारण गरी विपद्का असरहरुको सामना गर्न एकीकृत प्रयासलाई सुनिश्चित गर्छ ।
- विपद्को समयमा मानवीय सहयोगलाई व्यवस्थित गर्ने सुनिश्चितता दिन्छ ।

- विपद्को जोखिम कम गर्न सरोकारवाला र समुदायलाई हातेमालो गर्ने प्रेरणा दिन्छ ।
- प्रभावितलाई आफ्नो अधिकार र दायित्वको बारेमा सचेत गराउँछ ।
- उद्धार र राहत जस्ता कार्यमा प्रभावित समुदायको समान पहुँचको प्रत्याभूति गर्छ ।
- आपत्कालीन समयमा सूचना र जानकारी प्रक्षेपणलाई व्यवस्थित गर्ने ।
- पूर्व सूचना तयारी मार्फत मानवीय तथा भौतिक क्षति कम गर्ने ।
- सामाजिक, सांस्कृतिक मर्यादा तथा सद्भाव अभिवृद्धिको लागि मार्ग प्रशस्त गर्छ ।
- खानेपानी, सरसफाइ र स्वच्छता प्रवर्द्धनका विषयलाई व्यवस्थित गर्न।
- स्रोतको सही सदुपयोग गरी प्रभावित समुदायलाई प्रकोपको पीडाबाट मुक्ति दिने बाटो तयार गर्छ ।
- सरोकारवाला निकायवीच जिम्मेवारी प्रष्ट भई पूर्व तयारी उद्दार तथा प्रतिकार्यलाई प्रभावकारी बनाउन मानवीय सहयोग पारदर्शी, प्रभावकारी र व्यवस्थित हुनुको साथै सेवाप्रदायकमा जवाफदेही र उत्तरदायित्वको भावनाको विकास गराउँछ ।

## २.६. विपद् पूर्वतयारी तथा प्रतिकार्य योजनाको लक्षित समूह :

यस विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना, २०७७ का लक्षित समूहलाई निम्नानुसार लिइएको छः
आ.व. २०६९/७० मा बाढी तथा पहिरोबाट ५५ घरधुरी तथा ३२६ जना, आ.व. २०७०/७१ मा बाढी तथा पहिरोबाट ७४ घरधुरी तथा ४५२ जना र आ.व. २०७४/७५ मा बाढी तथा पहिरोबाट १०२ घरधुरी तथा ४१९ जना प्रभावित भएको देखिन्छ । त्यसैगरी, २०७२ बैशाख १२ गतेको भूकम्प तथा सोपछिका पराकम्पनबाट ४१ जना मृत्यू, १४७ जना घाईते भएको र ५०,८८५ जना प्रभावित भएका थिए ।२०७३ मा पनि बाढी पहिरोबाट २२ घरधुरी, आगलागीबाट १४ घरधुरी, हुरीवतासबाट ९ घरधुरी, चट्याडबाट २ घरधुरी प्रभावित भएको पाइन्छ।

यस जिल्लामा मिति २०७६ चैत्रदेखि २०७७श्रावणसम्म कोभिड १९ कोरोना भाइरस संक्रमणको संख्या ३३ जना, आइसोलेसनमा रहेको संख्या ३३ जना, क्वारेन्टाइनमा रहेको संख्या ६१७ जना, उपचार पश्चात् घर फिर्ता भएको संख्या २६ जना रहेको छ । साथै सोही अवधिमा भएको बन्दाबन्दीले गर्दा जिल्लाको सवै घरपरिवार प्रभावित भएका छन् । खासगरी, आर्थिक, सामाजिक-साँस्कृतिक, मनोसामाजिक क्षेत्रमा नकरात्मक असर परिरहेको छ ।

विगतका आ.व.हरुमा बाढी, पहिरो तथा आगलागीबाट प्रभावित घरधुरी तथा जनसंख्याको अनुपात र भूकम्पबाट प्रभावित घरधुरी तथा जनसंख्यालाई मात्र आधार मानी आगामी चालुवर्षको लागि जम्मा ६६० घरधुरी तथा ३३०० जनसंख्या (विगतको योजनामा समावेश भएको विवरण) प्रभावित हुनसक्ने अनुमान गरिएको छ । यसमा कोरोना भाइरस संक्रमण तथा बन्दाबन्दीको अवस्था र अवधि एकिन गर्न नसकिने भएकोले सोबाट प्रभावित हुनसक्ने अधिकतम् संख्यालाई समावेश गरिएको छैन । प्रभावित हुनसक्ने घरधुरी तथा जनसंख्या अनुमान गर्दा हाल जिल्लामा रहेको तथा जम्मा हुनसक्ने स्रोत साधनलाई समेत मध्यनजर गरिएको छ ।

## २.७. कार्यान्वयन र पूनरावलोकन रणनीति

### २.७.१ विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना क्रियाशील हुने :

यस विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना जिल्ला स्तरको विपद् व्यवस्थापनका लागि उपलव्ध भौतिक, मानवीय र आर्थिक श्रोतहरुलाई आंकलन गरी साथै नेपाल सरकारको विपद् जोखिम व्यवस्थापनको रणनीति र उद्धारका न्यूनतम आधारभूत पक्षहरुलाई दृष्टिगत गरी तयार भई जिल्ला विपद् व्यवस्थापन समितिबाट स्वीकृत तथा अनुमोदन भएको दस्तावेज हो । यस योजना भित्र विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना गरी दुई किसिमका योजनाहरु छन् । पूर्वतयारी योजना मनसुन भन्दा अगाडि देखि नै पूर्वतयारी बैठकहरुबाट सुरुवात हुनेछ भने प्रतिकार्य योजना बाढी, पहिरो, भूकम्प, आगलागी, खडेरी, महामारी जस्ता विपद् संकेत प्राप्त हुँदा साथ यस योजनामा उल्लेखित विषयगत समितिहरु तथा फोकल व्यक्तिहरु र सरोकारवालाहरु स्वतः सक्रिय हुनेछन् ।

### २.७.२ विपद् पूर्वतयारी तथा प्रतिकार्य योजनाको कार्यान्वयन योजना :

विपद् पूर्वतयारी तथा प्रतिकार्य योजनामा उल्लेखित प्राथमिकता प्राप्त पूर्वतयारी कार्यको प्रभावकारी कार्यान्वयन सम्बन्धित सरकारी तथा गैरसरकारी निकायबाट गरिने छ । यसका निम्ति सवै निकायहरुले पूर्वनिर्धारित पूर्वतयारी प्राथमिकता प्राप्त कार्य सम्पादनका लागि फोकल पर्सनको रुपमा जिम्मेवार कर्मचारी तोक्नु पर्दछ । जिल्लामा कार्यरत मानवीय सहायतामा संलग्न साझेदार निकायहरूले विभिन्न विषयगत क्षेत्रमा आवद्ध रहि यो विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना कार्यान्वयन गर्न सघाउने छन् । साथै जिसस, नगरपालिका तथा गाउंपालिका र त्यहाँ रहेका विषयगत कार्यालय, संघसंस्थाहरूले पनि बिषयगत योजनाहरू कार्यान्वयन गर्न आवश्यक सहयोग गर्नेछन् ।यस

**विपद पूर्वतयारी तथा प्रतिकार्य योजना २०७७** कार्यान्वयनका लागि जिल्ला विपद् व्यवस्थापन समितिको निर्णय पश्चात् स्थानीय विकास योजना, स्थानीय तह, सम्बन्धित सरकारी तथा गैरसरकारी निकाय, परियोजनाहरुको वार्षिक विकास योजनामा समावेश तथा मूलप्रवाहिकरण गरिने छ।

### २.७.३. कार्ययोजनाको पुनरावलोकन

विपदको बदलिदो प्रवृति, संलग्न निकायहरुको भूमिका स्रोत साधन र आवश्यकताको आधारमा वार्षिक रुपमा पुनरावलोकन गरिनेछ । कार्ययोजनामा उल्लेखित क्रियाकलाप र जिम्मेवारी र कमी कमजोरीको विश्लेषण गरी सम्बन्धित निकायको समन्वय र सहकार्यमा पुनरावलोकन गरिनेछ।

## २.८. विपद् पूर्वतयारी तथा प्रतिकार्य योजनाको नियमित समिक्षा तथा अद्यावधिकरण :

यस योजना, एक गतिशील जीवन्त योजना भएकोले यसलाई समय सापेक्ष आवश्यकता अनुसार परिमार्जन गरिने छ। प्रत्येक वर्ष कम्तिमा १ पटक यस योजनामा पुनरावलोकन गरिने छ। विषयगत क्षेत्रहरुले आफ्नो क्षेत्रमा नियमित समिक्षा गरी जिल्ला विपद् व्यवस्थापन समितिमा प्रस्तुत गर्नु पर्ने छ।

**विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना पुनरावलोकन गर्ने समयतालिका**

| योजना पुनरावलोकन गरीने अवधि | जिम्मेवार निकाय | गर्नुपर्ने मुख्य कार्य (वैठक गर्ने वजेट व्यवस्था आदि) | अर्को योजना पुनरावलोकन वा अद्यावधिक गर्ने वैठकको अनुमानित मिति |
|---|---|---|---|
| १ वर्ष | जिल्ला विपद् व्यवस्थापन समिति | योजना समिक्षाको लागि बैठक गर्ने। आवश्यकतानुसार योजनामा परिमार्जन गर्ने। बजेट तथा सामाग्रीको व्यवस्था गर्ने। | २०७७ चैत्र |
| ४/४ महिना | ,, | प्रत्येक ४ महिनामा पूर्वतयारी योजना अनुसार के कति कार्य भन्ने समिक्षा गर्ने | प्रत्येक ४ महिना |

## परिच्छेद : ३

# विषयगत विपद्को प्रकृतिमा आधारित प्रतिकार्य योजना

सन् २००५ मा विषयगत क्षेत्रको अवधारणा आईसकेपछि नेपालमा पनि यो अवधारणा लागू भयो । बि.सं. २०६८ सालदेखि यस जिल्लामा पनि यस अवधारणा अनुसार विभिन्न निकायमा बिषयगत क्षेत्रको जिम्मेवारी सहित काम गर्न सुरु गरिएको थियो । हाल यस जिल्लामा ९ वटा बिषयगत क्षेत्रहरु तय गरी प्रभावकारी ढंगले पूर्वतयारी तथा प्रतिकार्य गर्नको लागि विभिन्न निकायहरुको समन्वय र सहकार्यमा कार्य अगाडी बढाईएको छ । सम्बन्धित सरकारी तथा गैरसरकारी निकायहरुले आफ्नो दक्षता भएका बिषयमा काम गर्ने गरी बिषयगत क्षेत्रहरुको नेतृत्व लिएका छन् । जिल्लामा हाल रहेका बिषयगत क्षेत्रहरु निम्न बमोजिम रहेका छन् ।

| क्र.स | विषयगत क्षेत्र (Clusters) | जिल्ला तहमा क्षेत्रगत रूपमा नेतृत्व प्रदान गर्ने निकाय (Cluster Leads) | विषयगत क्षेत्र प्रमुखको नाम र पद | सम्पर्क नं. (फोन र मोबाईल) | इमेल |
|---|---|---|---|---|---|
| १ | समन्वय, खोज तथा उद्दार | जिल्ला प्रशासन कार्यालय | श्री रुद्रादेवी शर्मा (प्र.जि.अ.) | ०४८ ५४०३३३/ ९८५४०५७७७७ | daoramechhap@gmail.com |
| २ | सूचना व्यवस्थापन | जिल्ला प्रशासन कार्यालय | श्री राजु प्रसाद पौडेल (स.प्र.जि.अ.) | ०४८ ५४०५०१/ 9863023001 | daoramechhap@gmail.com |
| ३ | आपत्कालीन आवास तथा गैर खाद्य सामग्री | नेपाल रेडक्रस सोसाइटी, जिल्ला शाखा, रामेछाप | श्री शिवकुमार कार्की (जिल्ला सभापति) | ०४८ ५४००३३/ ९८४४२३४३४३ | |
| ४ | खानेपानी तथा सरसफाइ स्वच्छता व्यवस्थापन | खानेपानी तथा सरसफाई डिभिजन नं.४ कार्यालय | श्री सन्तोष कुमार श्रेष्ठ (डिभिजन प्रमुख) | ०४८ ५४०११० | pr3wssd4@gmail.com |
| ५ | खानेपानी तथा सरसफाइ स्वच्छता व्यवस्थापन | संघीय खानेपानी तथा ढल व्यवस्थापन आयोजना | श्री जगन्नाथ पुर्वे (आयोजना प्रमुख) | ९८५२६७४४६२ | |
| ६ | खाद्य, कृषि तथा जीविकोपार्जन | कृषि ज्ञान केन्द्र र नगरपालिका/गाउँपालिका | श्री निर्मला गुरुङ (कार्यालय प्रमुख) तथा सम्बन्धित कार्यालयका प्रमुख | ०४८ ५४००६३ | ramechhapdado@gmail.com |
| ७ | आपत्कालीन स्वास्थ्य र पोषण | स्वास्थ्य कार्यालय र नगरपालिका/गाउँपालिका | विद्या खनाल (स्वास्थ्य प्रमुख) तथा सम्बन्धित कार्यालयका प्रमुख | ०४८ ४०००७२ | dhoramechhap21@gmail.com |
| ८ | आपत्कालीन शिक्षा | शिक्षा विकास तथा समन्वय इकाईर नगरपालिका/गाउँपालिका | श्री भरत बहादुर भट्टराई (कार्यालय प्रमुख) तथा सम्बन्धित कार्यालयका प्रमुख | ०४८ ५४०१३४ | edcu.ramechhap76@gmail.com |
| ९ | आपत्कालीन संरक्षण | नगरपालिका/गाउँपालिका (महिला तथा वालवालिका शाखा) | नपा/गापा प्रमुख तथा शाखा प्रमुख | | |
| १० | पूर्वाधार संरक्षण तथा शिघ्र पुनर्लाभ र आपतकालिन वन्दोवस्ती | जिल्ला समन्वय समिति, शहरी विकास तथा भवन निर्माण कार्यालयर नगरपालिका/गाउँपालिका | श्री दिवस आचार्य (जिल्ला समन्वय अधिकारी) तथा सम्बन्धित कार्यालयका प्रमुख | ०४८-५४०३४७/ ९८५४०४०१०७ | ddcramechhap@gmail.com |

नोट : माथि उल्लेखित विषयगत क्षेत्रका अगुवा कार्यालयहरु हेरफेर हुन गएमा जिल्ला स्थित नगरपालिका तथा गाउँपालिका र सो अन्तरगत रहेका सम्बन्धित शाखाहरुले तोकिएको भूमिका तथा जिम्मेवारी बहन गर्नेछ ।

## ३.१ समन्वय तथा सूचना व्यवस्थापन(Coordination and Information Management)

| | | |
|---|---|---|
| बिषयगत क्षेत्र | : | समन्वय तथा सूचना व्यवस्थापन |
| मुख्य विपद्को किसिम | : | बाढी, पहिरो, भूकम्प, खडेरी, आगलागी, महामारी (कोरोना भाईरस, झाडापखाला, रेविज लगायत) । |
| क्षेत्रगत अगुवा (Cluster Lead) | : | जिल्ला प्रशासन कार्यालय |

### ३.१.१ समन्वय तथा सूचना व्यवस्थापन विषयगत क्षेत्रको परिचय :

विपद् पूर्वतयारी तथा प्रतिकार्यका लागि समन्वय तथा सूचना व्यवस्थापन क्षेत्रको महत्वपूर्ण भूमिका रहन्छ । सम्बन्धित सबै क्षेत्रबाट सूचना प्राप्त गर्ने, सान्दर्भिक सबै सरोकारवालाहरुबीच समन्वय गर्ने, विभिन्न विषयगत क्षेत्रहरुको नेतृत्व गर्ने काममा यस क्षेत्रले नेतृत्व गर्ने र विपद् प्रभावितहरुलाई समयमा सही सूचनामार्फत् पूर्वचेतावनी जारी गरी नागरिकको जीउ धनको रक्षा गर्ने काममा यस क्षेत्रको भूमिका महत्वपूर्ण रहन्छ । प्रभावित समुदायलाई एकिकृत रूपमा सबै प्रकारका सहयोग उपलब्ध गराउन समेत यस क्षेत्रले अन्य क्षेत्रसँग अविच्छिन्न सम्बन्ध र समन्वय राखी कार्य गर्नेछ ।

### ३.१.२ विषयगत क्षेत्रको अगुवा तथा सहयोगी संस्थाको सूची :

विपद् व्यवस्थापनका लागि विभिन्न निकायहरुको सहकार्य आवश्यक हुन्छ । यद्यपि सम्बन्धित सबै निकायहरुबीच आवश्यक समन्वय गरी विपद् व्यवस्थापन सम्बन्धि कार्यको जिम्मेवारी जिल्लास्तरमा जिल्ला दैवी प्रकोप उद्धार समितिको रहेको हुन्छ । तर यो निकाय अति ठूलो हुने भएकाले आपत्कालमा छिटो छरितो बैठक बस्ने, निर्णय गर्ने, सम्बन्धित क्षेत्रहरुबीच सम्बन्ध, सहकार्य सुनिश्चित गर्ने तथा विपद् व्यवस्थापनलाई बढी प्रभावकारी बनाउन समन्वय तथा सूचना व्यवस्थापन सम्बन्धि काम जिल्ला प्रशासन कार्यालयले गर्नेछ । यस कार्यमा जिल्ला प्रशासन कार्यालयलाई सकृय सहयोग गर्ने अन्य निकाय तथा सम्बन्धित व्यक्तिहरुको सम्पर्क नम्बर देहायअनुसार रहेको छ :

| क्र सं | निकाय तथा संस्था | नाम, थर | पद | फोन/मोबाइल |
|---|---|---|---|---|
| १ | जिल्ला प्रशासन कार्यालय (विषयगत क्षेत्र प्रमुख) | रुद्रादेवी शर्मा | प्रजिअ | ०४८-५४००८८/९८५४०५७७७७ |
| २ | जिल्ला समन्वय समिति | प्रेम बहादुर खड्का | जिल्ला समन्वय प्रमुख | ०४८-५४०११४/९८५४०४०१०७ |
| ३ | मन्थली नगरपालिका | रमेश वस्नेत | नगर प्रमुख | ०४८-५४०११२ |
| ४ | रामेछाप नगरपालिका | नर वहादुर मगर | नगर प्रमुख | ०४८-४०००१२ |
| ५ | गाउँपालिकाहरु | गाउंपालिका अध्यक्षहरुको नाम, थर र सम्पर्क नम्बर अनुसूचीमा उल्लेख गरिएको छ | | |
| ६ | जिल्ला प्रहरी कार्यालय | बसन्त पाठक | कार्यालय प्रमुख | ०४८-५४०१००/९८५४०५५५५५ |
| ७ | नेपाली सेना (नयाँ गोरख गण) | विष्णु प्रसाद सापकोटा | कार्यालय प्रमुख | ०४८-४०००१०/९८५४०६६६६६ |
| ८ | सशस्त्र प्रहरी बल जिल्ला सुरक्षा बेस | रमेश कुमार थापा | कार्यालय प्रमुख | ०४८-५४०४७८/९८६५०४५००९ |
| ९ | राष्ट्रिय अनुसन्धान विभाग, जिल्ला कार्यालय | सुवास कार्की | अनुसन्धान अधिकृत | ०४८-५४००७८/९८५४०५५५५६ |
| १० | जिल्ला आपत्कालन कार्य संचालन केन्द्र (DEOC) | राम प्रसाद भट्टराइ | सहायक प्र.जि.अ. | ०४८-५४००८८/ |
| ११ | नेपाल रेडक्रस सोसाइटी, जिल्ला शाखा | शिवकुमार कार्की | सभापति | ०४८-५४००३३/९८४४२३४३४३ |
| १२ | नेपाल टेलिकम | विष्णु प्रसाद भण्डारी | कार्यालय प्रमुख | ०४८-५४०००५/ |
| १३ | नेपाल कम्यूनिष्ट पार्टी (नेकपा) | मैन कुमार मोक्तान (मदन) | अध्यक्ष | 9851219623 |
| १० | नेपाली काँग्रेस, जिल्ला कार्यसमिति | लवश्री न्यौपाने | सभापति | ९८५११५७२४४ |
| ११ | जनता समाजवादी पार्टी, नेपाल | सोनाम ग्यापक | अध्यक्ष | ९८४९१७५७१६ |
| १२ | नेपाल पत्रकार महासंघ, जि.शाखा | रमेश ढुंगेल | अध्यक्ष | ०४८ ५४०१४०/९७४४०२५४१६ |
| १३ | हजुरको रेडियो | दिपक घिमिरे | प्रबन्धक | ०४८ ४०००२६/९८५१०००५५६ |
| १४ | रेडियो तीनलाल एफ.एम. | नवराज पथिक | स्टेशन मेनेजर | ०४८ ५४०१२५/९८४४०४३०१७ |
| १५ | रेडियो तिफदी एफ.एम. | सुमित श्रेष्ठ | स्टेशन मेनेजर | ०४८ ५४०१३२/९७४४०४१८९५ |

| | | | | |
|---|---|---|---|---|
| १६ | रेडियो रामेछाप एफ.एम. | सौजन्य सत्याल | प्रबन्धक | ०४८ ५४००४९/९७४११८११८० |
| १७ | रेडियो तामाकेशी एफ.एम. | युवराज श्रेष्ठ | प्रबन्धक | ९८५१०६४३१२ |
| १८ | स्मारिका साप्ताहिक | दीपक भट्ट | प्रधान सम्पादक | ९८५४०४०५०० |
| १९ | रामेछाप पोष्ट साप्ताहिक | विदुर ढुंगेल | सम्पादक | ९८४१६३१८२९ |
| २० | पुष्पवृष्टि साप्ताहिक | सुमित श्रेष्ठ | | ९८५४०४३३२५ |
| २१ | गैरसरकारी संस्था महासंघ | भुवन कुमार श्रेष्ठ | अध्यक्ष | ०४८ ५४०५०५/ |
| २२ | रामेछाप उद्योग वाणिज्य संघ | केशव घिमिरे | अध्यक्ष | ९८५४०४००५२ |
| २३ | सामुदायिक वन उपभोक्ता महासङ्घ (फेकोफन) | दुर्गाबहादुर श्रेष्ठ | अध्यक्ष | ०४८ ५४००७१/९७५४२०३३२५ |
| २४ | खानेपानी तथा सरसफाई उपभोक्ता महासंघ | लेखबहादुर कार्की | अध्यक्ष | ९८४४०४३६९३ |
| २५ | सामुदायिक विपद् व्यवस्थापन समितिको जिल्ला सञ्जाल | दुर्गाबहादुर माझी | सचिव | ९८४३८७७७५० |

### ३.१.३ समन्वय तथा सूचना व्यवस्थापन विषयगत क्षेत्रको विपद् अवस्था तथा मान्यता योजना :

विपद् समयरेखाको अध्ययनबाट जिल्लामा विभिन्न प्रकारका विपद्हरु मध्ये मिति २०७२ बैशाख १२ गतेको भूकम्प तथा सो पछिका पराकम्पनबाट धेरै जनधनको क्षति भएको छ । यसका साथै २०७३ सालमा पहिरो, आगलागी, माहमारी तथा चट्याङ्गका घटनाहरुले मानिस, पशु तथा आर्थिक क्षति भएको छ भने २०७६ सालको फागुन चैत्रबाट कोभिड १९ कोरोना भाईरसको कारणले गर्दा सिर्जना भएको बन्दाबन्दी समेतले जिल्लाका आर्थिक, सामाजिक-साँस्कृतिक तथा मनोसामाजिक क्षेत्रमा समेत नकरात्मक असर परिरहेको छ । यस आधारमा जिल्लाका कुनै न कुनै गाउंपालिका वा समुदाय बाढी, पहिरो, महमारी, आगलागी र चट्याङ्गको घटनामा पर्न सक्छन। विशेषगरी, महिला, बालवालिका, वृद्ध-वृद्धा र अपाङ्गहरू प्रकोपको घटनाबाट प्रभावित हुन सक्नेछन् र उद्धारको लागि आग्रह गरिरहेको दृश्य देखिन सक्नेछ । बस्ती डुबानमा परेर आवासीय घरहरू क्षतिग्रस्त हुन सक्नेछन् । सडक, पुल, विद्युत् आपूर्ति, सञ्चारका साधन जस्ता सार्वजनिक पूर्वाधारको क्षति भएर आवागमन र सञ्चार सम्पर्क विच्छेद हुन सक्नेछ । यसरी अस्तव्यस्त भएको जनजीवनलाई पूर्ववत् अवस्थामा ल्याउन सम्बन्धित सबै सरोकारवालाहरु बीच निरन्तर सम्पर्क, समन्वय गरी विषयगत क्षेत्रका काममा सहजिकरण गर्नु आवश्यक हुनेछ ।

### ३.१.४ समन्वय तथा सूचना व्यवस्थापन विषयगत क्षेत्रको उद्देश्य :

यस क्षेत्रका उद्देश्य निम्नअनुसार हुनेछन् :

- विपद्को समयमा विषयगत सरकार, स्थानीय कार्यालयहरु, सबै विषयगत क्षेत्र (Cluster), मानवीय सहायतामा संलग्न निकायहरु तथा नागरिक समाजबीच समन्वय गर्नु ।
- निर्धारित समयभित्रसूचना संकलन गरी आवश्यक समन्वय गर्नु र सूचना संकलन कार्यदललाई सहयोगको व्यवस्था मिलाउनु ।
- सूचना प्रवाहको वैकल्पिक उपाय पहिचान गरी सूचना प्रवाहलाई सुनिश्चित गर्नु ।
- नियमित रूपमा अनुगमन गरी सम्बन्भित विषयगत क्षेत्रहरूलाई पृष्ठपोषण दिनु ।
- विपद् व्यवस्थापनका लागि आवश्यकता अनुसार संघ, प्रदेश र स्थानीयतहसँग सम्पर्क र समन्वय गर्नु ।

### ३.१.५.पूर्व सूचना प्रणाली:

- नदीमा पूर्व सूचना प्रणालीको विकास भएको छ ।
- जल तथा मौसम विज्ञान विभागबाट प्राप्त सूचनालाई आपतकालिन कार्य संचालन केन्द्रद्धारा सबै पालिका, रेडक्रस शाखा उपशाखा, सबै सुरक्षा निकाय, संचार माध्यमहरुमा प्रचार प्रसार गर्ने ।
- सम्भावित विपद्जन्य जोखिमबाट बच्न र धनजनको क्षतिलाई न्यूनीकरण गर्न सूचनाको आधारमा स्थानीय तहको सहयोग र सुरक्षा निकायको संलग्नतामा जोखिमयुक्त बस्तीका बासिन्दालाई सुरक्षित स्थानमा सार्ने ।
- सूचनाद्धारा, सर्तकता र सचेतना प्रदान गर्ने ।
- सम्बद्ध सबै निकायलाई खोज तलास र उद्धार तथा प्रतिकार्यको लागि तयारी अवस्थामा राख्ने ।
- खोज तथा उद्धार सामाग्रीहरु तयारी अवस्थामा राख्न मद्धत पुग्ने देखिन्छ ।

| विपद्को घटना पश्चात्को अवधि | विपद्को अवस्थामा गरीने आपत्कालीन कार्य (विपद्को प्रकृतिमा आधारित) | आपतकालीन अवस्था संवोधन गर्न गरिने पूर्वतयारी कार्य | पूर्वतयारी कार्य संवोधन गर्न खाडलको पहिचान | मुख्य जिम्मेवार निकाय |
|---|---|---|---|---|
| **पहिलो दिन (विपद्को संकेत पाउना साथ)** | • सम्बन्धित निकायहरुले आ-आफ्नो कर्मचारी तथा परिवारको व्यक्तिगत सुरक्षाको बारेमा आवश्यक सूचना संकलन गर्ने ।<br>• सूचना संकलन तथा अवस्थाको प्रतिवेदन तयार ।<br>• जिल्ला विपद् व्यवस्थापन समितिको बैठक, विषयगत क्षेत्रहरुसँग समन्वय बैठक गर्ने तथा अन्य मानवीय सहायतासँग सम्बन्धित निकायहरुसँग समन्वय गर्ने ।<br>• जिल्ला आपत्कालिन कार्य सञ्चालन केन्द्रलाई मुख्य समन्वय केन्द्रको रुपमा परिचालन गर्ने ।<br>• अस्पताल तथा प्रतिकार्यमा संलग्न हुने व्यक्तिहरुलाई सतर्क रहन अनुरोध गर्ने | • सुरक्षा निकायहरूको तार बिहिन संचार (Wireless Communication)सञ्जाललाई भरपर्दो बनाउने र विस्तार गरिनेछ ।<br>• जिल्ला विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमा गरीस्वीकृत गराउने ।<br>• अद्यावधिक बैठक बस्ने<br>• प्रतिकार्यमा संलग्न हुने व्यक्तिहरुको विवरण अध्यावधिक गरी राख्ने ।<br>• आपत्कालिन केन्द्रको वेवसाइट तयार गर्ने, टोल फि नम्वर राख्ने, ल्यापटप व्यवस्था गर्ने | जिल्ला आपतकालीन कार्य सञ्चालन केन्द्र (DEOC)लाई सक्रिय बनाउनु पर्ने । | जिल्ला विपद् व्यवस्थापन समिति |
| **दोस्रो दिन (सकेसम्म पहिलो दिन संभव नभएमा मात्र दोस्रो दिन)** | • जिल्ला विपद् व्यवस्थापन समितिको बैठक आयोजना गर्ने<br>• विषयगत क्षेत्रको प्रतिकार्य योजनाहरु अध्ययन गरी कार्यान्वयनका लागि आवश्यक निर्णय लिने, प्रबन्ध मिलाउने, जिम्मेवारी बाँडफाँड गर्ने<br>• प्रभावित परिवारको दर्ता गर्ने, प्रभावितको लागि परिचयपत्र उपलब्ध गराउने र तथ्याङ्कको उचित प्रवन्ध र व्यवस्था गर्ने<br>• आकस्मिक संचारको प्रवन्ध गर्ने तथा यथाशीघ्र छिटो दूरसञ्चारको पुन:र्स्थापन गरी सेवा सञ्चालनगर्ने ।<br>• विपद् प्रतिकार्य पश्चात शीघ्र पुनर्स्थापना गर्नका लागिकार्ययोजनावनाउने ।<br>• विपद् लेखाजोखा विधी सम्बन्धी औजारहरुको (Disaster Assessment Tool, IRA) को प्रयोग गरी तत्कालीन मानवीय सहयोगको लागि सूचना सङ्कलन गर्ने | • समितिका सबै सदस्यहरु एवं सरोकारवाला निकायहरुको सम्पर्क व्यक्ति र सम्पर्क नम्बर अद्यावधिक गर्ने ।<br>• विपद् लेखाजोखा विधी सम्बन्धी औजारहरुको (Disaster Assessment Tool) वारेमा अभिमुखिकरण, द्रुत लेखाजोखा फाराम छपाई र सूचना विश्लेषणको पद्धती विकास गर्ने<br>• सवै सरकारी कार्यालयमा विपद सर्म्पक व्यक्ति तोक्ने | लेखाजोखा गर्नको लागि आवश्यक फरम्याटको तयारी, अभिमूखिकरण र परिचालन गर्नुपर्ने । | जिल्ला प्रशासन कार्यालय |
| **पहिलो हप्ता** | • बिषयगत बैठक र घटनाको विवरण संकलन गर्ने कार्य निरन्तर गर्ने (कार्य क्षेत्र पहिचान गरि कार्य गर्ने)<br>• बहुक्षेत्रगत प्रारम्भिक द्रुत लेखाजोखा(MIRA)सञ्चालन, प्रतिवेदन तयारी तथा सूचना प्रवाह<br>• मीरा (MIRA)कार्यदल परिचालन गरी क्षति तथा नोक्सानीको सूचना सङ्कलन गर्ने, मीरा (MIRA) का लागि फाराम उपलब्ध | • सूचना तथा समन्वय व्यवस्थपन क्लष्टर सदस्यहरुलाई तालिम दिईने छ र यि क्लष्टरका सदस्यहरुले स्थानीय तहमा पनि सूचना संकलनका लागि संकटासन्न समुदायमा स्वयंसेवकहरु विकास गरि क्षमता विकास गरिने छ ।<br>• विस्तृत रुपमा सूचनाको सङ्कलन गरि योजना बनाउने र समयमै सबै सरोकारवालालाई सेयर गर्ने संयन्त्र विकास गरिने । यो कार्यलाई निरन्तरता दिईने छ । | क्लस्टरका सदस्यहरुले तालिम नपाएको र स्थानीय तहमा लिंकेज प्रभावकारी रुपमा नभएकाले समयमै सुचना प्राप्त हुन नसकेको र आवश्यक कार्य विकास नभएको | जिल्ला आपतकालीन कार्य संचालन केन्द्र र कलष्टर सदस्यहरु |

| | | | | |
|---|---|---|---|---|
| | | • लेखाजोखा टोलीलाई जिम्मेवारी सहित जानकारी गराउने | । | |
| पहिलो हप्ता | • **बहुक्षेत्रगत प्रारम्भकि द्रूत लेखाजोखा (MIRA)सञ्चालन, प्रतिवेदन तयारी तथा सूचना प्रवाह**<br>• मीरा (MIRA)कार्यदल परिचालन गरी क्षति तथा नोक्सानीको सूचना सङ्कलन गर्ने र प्रतिवेदन तयार पार्ने | • मीरा टोली गठन<br>• मीरा टोलीलाई तालिम<br>• मीरा फाराम व्यवस्था | मीरा टोलीलाई तालिम | जिल्ला विपद् व्यवस्थापन समिति<br>स्थानीय तह |
| पहिलो महिना | • क्षेत्रगत कार्यसमुहका कार्यप्रगति विवरण सङ्कलन र समीक्षा<br>• सवै सूचनाहरु निरन्तर अध्यवाधिक गर्दै जाने र सरोकारवाला निकाय एवं सञ्चारमाध्यमलाई उपलव्ध गराउने (२४ घण्टा भित्र, पहिलो १ हप्तामा दैनिक, दोश्रो हप्तावाट हप्तामा १ पटक र आवश्यक्ता अनुसार) संकलित क्षति तथा नोक्सानी विवरणमा आधारित रही राहत सहयोगको माग गर्ने<br>• यसका लागि विषयगत क्षेत्रका बैठकहरु आयोजना गर्ने ।<br>• राहत सहयोगको अवस्थाको अनुगमन ।<br>• अस्थायी शिविरहरुमा उजुरी सुन्ने संयन्त्र स्थापना गर्ने । | • अनुमानित राहतसम्बन्धि विवरण गृह मन्त्रालय र प्रदेश सरकार, सरोकारवाला निकायहरुलाई जानकारी गराई राहतको व्यवस्थाका लागि अनुरोध गर्ने | विस्तृत राहत अनुमान गर्न सम्पर्क व्यक्ति र तालिम<br>लामो अवधिको राहत प्रदान गर्न स्रोत र सहयोगी निकाय पहिचान नहुनु | जिल्ला प्रशासन कार्यालय |
| दोस्रो महिना | • विपद्को पूर्व चेतावनी दिने केन्द्र तथा व्यवस्थापन गर्ने केन्द्रहरू (Emergency Operation Centers)आवश्यक ठानिएका तथा भत्किएका तथा महत्वपूर्ण पूर्वसुचनाका पूर्वाधारहरूको पूर्व लेखाजोखा गरी मर्मत तथा पुनःनिर्माण गरिनेछ ।<br>• क्लष्टर अनुसार विस्तृत लेखाजोखा गर्नुपर्ने भएमा क्लष्टरको विस्तृत तथ्यांक निर्देशिका अनुसार लिने | • विपद् पछि पूर्वसुचना प्रणालीका लागि आवश्यकता सम्बन्धि मापन गरिने छ । र भत्किएका तथा बिग्रिएका संरचनाको मर्मत संभारका साथै थप्नु पर्ने आंकलन गरि आवश्यक बजेटको विनियोजन गरिएको हुनेछ<br>• तामाकोशी, लिखु नदीमा र जिल्ला प्रशासन कार्यालयमा पूर्व सूचना प्रणाली पद्धती जडान गर्ने<br>• समुदाय, गापा र नपाको सुचना सर्म्पकको जिल्ला नेटवर्क तयार गर्ने | तामाकोशी, सुनकोशी, खिम्ती, लिखु नदी आदिमा बाढी सम्बन्धी पूर्वसुचना प्रणाली प्रवर्द्धन गर्नका लागि सरोकारवालासंग समन्वय गर्नुपर्ने । | जिल्ला आपतकालीन केन्द्र र क्लष्टर सदस्यहरु |
| तेस्रो महिना | • जिल्ला विपद् पूर्व तयारी तथा प्रतिकार्य योजना समयसापेक्ष परिमार्जन गर्नका लागि विषयगत सवालहरु पहिचान गर्ने ।<br>• समन्वय तथा सूचना व्यवस्थापनलाई दिगो बनाउने | • क्लष्टर अनुसार विस्तृत लेखाजोखा गर्नुपर्ने भएमा क्लष्टरको विस्तृत तथ्यांक संकलन सम्वन्धि तालिम र फारामको छपाई गर्ने<br>• सबै तह तथा विषयगत क्षेत्रमा आपतकालीन प्रतिकार्य योजनाको तर्जुमा तथा क्षमताको अभिवृद्धि तत्काल गर्ने<br>• दाता, निजी क्षेत्र वा दान-दातव्यबाट आर्थिक स्रोत जुटाउने छुट्टै संयन्त्र ( जस्तै बास्केट फण्ड) को स्थापना गरिने र प्रभावित क्षेत्र (sector)एवं समुदायलाई आर्थिक स्रोत उपलब्ध गराउने व्यवस्थाको विकास गरिएको हुनेछ ।<br>• यसका लागि आवश्यक पूर्वाधार मेसिन उपकरण साधन स्रोतको पहिचान गरि दिगो बनाउन प्रयासरत रहनेछ । | विपद् व्यवस्थापन स्रोतकेन्द्रको रुपमा आफ्नै भवन नभएको, प्रयाप्त मेसिन उपकरण नभएको, चेतावनी ई साईरन नभएको । | जिल्ला दैवी प्रकोप उद्धार समिति, जिल्ला आपतकालीन केन्द्र र क्लष्टर सदस्यहरु |

## ३.२ खोज तथा उद्दार (Search and Rescue)

बिषयगत क्षेत्र : खोज तथा उद्धार
मुख्य विपद्को किसिम : बाढी, पहिरो, भूकम्प, खडेरी, आगलागी, महामारी (कोरोना भाईरस) ।
क्षेत्रगत अगुवा (Cluster Lead) : जिल्ला प्रशासन कार्यालय

### ३.२.१ खोज तथा उद्धार विषयगत क्षेत्रको परिचय :

विपद्को अवस्थामा जन, धन र संरचनामा व्यापक क्षति पुग्न गई जनजीवन अस्त व्यस्त हुने भएकाले विपद् प्रभावितहरु बाढी तथा पहिरोको अवस्थामा पुरिने, बगाउने, हराउने, पानीमा डुब्ने सक्ने अवस्था रहन्छ भने भूकम्पजन्य बिपद्को समयमा हराउने, च्यापिने, पुरिने लगायतका विपद्पूर्ण अवस्थामा फसेका हुन सक्छन् । यस अवस्थामा विपद् प्रभावितलाई तालिम प्राप्त दक्ष जनशक्तिद्धारा खोजी गर्ने, प्राथमिक उपचार गर्ने तथा उद्धार गरी सुरक्षित स्थलसम्म पुर्‍याउने र सकेसम्म थोरै समयमा धेरै जनाको जीउ, धनको रक्षा गर्न सञ्चालन गरिने समग्र कामहरुलाई यस योजनामा खोज तथा उद्धार भनिएको छ ।

### ३.२.२ विषयगत क्षेत्रको अगुवा तथा सहयोगी संस्थाको सूची :

विपदको अवस्थामा जिल्लामा विपद् प्रभावितहरुको खोज तथा उद्धारका लागि जिल्ला स्तरमा जिल्ला प्रशासन कार्यालयले सम्बन्धित सुरक्षा निकायहरुसँग समन्वय गर्नेछ । यसपछि प्रभावित स्थलमा जिल्ला स्थित सुरक्षा निकायहरु जिल्ला प्रहरी कार्यालय, नेपाली सेना तथा सशस्त्र प्रहरी बलको नेतृत्वमा खोज तथा उद्दार कार्य सञ्चालन गरिनेछ । यस्तो अवस्थामा खोज तथा उद्धारमा सक्रिय सहयोग गर्ने अन्य निकाय तथा सम्बन्धित व्यक्तिहरुको सम्पर्क नम्बर देहायअनुसार हुनेछ ।

| क्र सं | निकाय तथा संस्था | नाम, थर | पद | फोन/मोबाइल |
|---|---|---|---|---|
| १ | जिल्ला प्रशासन कार्यालय (विषयगत क्षेत्र प्रमुख) | रुद्रादेवी शर्मा | प्रजिअ एवं अध्यक्ष जि.वि.व्य.स. | ०४८-५४००८८/९८५४०५७७७७ |
| २ | जिल्ला समन्वय समिति | प्रेम बहादुर खड्का | जिल्ला समन्वय प्रमुख | ०४८-५४०११४/९८५४०४०१०७ |
| ३ | मन्थली नगरपालिका | रमेश वस्नेत | नगर प्रमुख | ०४८-५४०११२ |
| ४ | रामेछाप नगरपालिका | नर वहादुर मगर | नगर प्रमुख | ०४८-४०००१२ |
| ५ | गाउँपालिकाहरु | गाउंपालिका अध्यक्षहरुको नाम, थर र सम्पर्क नम्बर अनुसूचीमा उल्लेख गरिएको छ | | |
| ६ | जिल्ला प्रहरी कार्यालय | बसन्त पाठक | कार्यालय प्रमुख | ०४८-५४०१००/९८५४०५५५५५ |
| ७ | नेपाली सेना (नयाँ गोरख गण) | विष्णु प्रसाद सापकोटा | कार्यालय प्रमुख | ०४८-४०००१०/९८५४०६६६६६ |
| ८ | सशस्त्र प्रहरी बल जिल्ला सुरक्षा बेस | रमेश कुमार थापा | कार्यालय प्रमुख | ०४८-५४०४७८/९८६५०४५००९ |
| ९ | राष्ट्रिय अनुसन्धान विभाग, जिल्ला कार्यालय | सुवास कार्की | अनुसन्धान अधिकृत | ०४८-५४००७८/९८५४०५५५५६ |
| १० | जिल्ला आपत्कालन कार्य संचालन केन्द्र (DEOC) | राम प्रसाद भट्टराइ | सहायक प्र.जि.अ. | ०४८-५४००८८/ |
| ११ | नेपाल रेडक्रस सोसाइटी, जिल्ला शाखा | शिवकुमार कार्की | सभापति | ०४८-५४००३३/९८४४२३४३४३ |
| १२ | नेपाल टेलिकम | विष्णु प्रसाद भण्डारी | कार्यालय प्रमुख | ०४८-५४०००५/ |
| १३ | नेपाल कम्यूनिष्ट पार्टी (नेकपा) | मैन कुमार मोक्तान (मदन) | अध्यक्ष | 9851219623 |
| १० | नेपाली काँग्रेस, जिल्ला कार्यसमिति | लवश्री न्यौपाने | सभापति | ९८५११५७२४४ |
| ११ | जनता समाजवादी पार्टी, नेपाल | सोनाम ग्यापक | अध्यक्ष | ९८४९१७५७१६ |
| १२ | नेपाल पत्रकार महासंघ, जि.शाखा | रमेश ढुंगेल | अध्यक्ष | ०४८ ५४०१४०/९७४४०२५४१६ |
| १३ | हजुरको रेडियो | दिपक घिमिरे | प्रबन्धक | ०४८ ४०००२६/९८५१०००५५६ |
| १४ | रेडियो तीनलाल एफ.एम. | नवराज पथिक | स्टेशन मेनेजर | ०४८ ५४०१२५/९८४४०४३०१७ |
| १५ | रेडियो तिफदी एफ.एम. | सुमित श्रेष्ठ | स्टेशन मेनेजर | ०४८ ५४०१३२/९७४४०४१८९५ |
| १६ | रेडियो रामेछाप एफ.एम. | सौजन्य सत्याल | प्रबन्धक | ०४८ ५४००४९/९७४११८११८० |
| १७ | रेडियो तामाकेशी एफ.एम. | युवराज श्रेष्ठ | प्रबन्धक | ९८५१०६४३१२ |
| १८ | स्मारिका साप्ताहिक | दीपक भट्ट | प्रधान सम्पादक | ९८५४०४०५०० |

| | | | | |
|---|---|---|---|---|
| १९ | रामेछाप पोष्ट साप्ताहिक | विदुर ढुंगेल | सम्पादक | ९८४१६३१८२९ |
| २० | पुष्पवृष्टि साप्ताहिक | सुमित श्रेष्ठ | | ९८५४०४३३२५ |
| २१ | गैरसरकारी संस्था महासंघ | भुवन कुमार श्रेष्ठ | अध्यक्ष | ०४८ ५४०५०५/ |
| २२ | रामेछाप उद्योग वाणिज्य संघ | केशव घिमिरे | अध्यक्ष | ९८५४०४००५२ |
| २३ | सामुदायिक वन उपभोक्ता महासङ्घ (फेकोफन) | दुर्गाबहादुर श्रेष्ठ | अध्यक्ष | ०४८ ५४००७१/९७५४२०३३२५ |
| २४ | खानेपानी तथा सरसफाई उपभोक्ता महासंघ | लेखबहादुर कार्की | अध्यक्ष | ९८४४०४३६९३ |
| २५ | सामुदायिक विपद् व्यवस्थापन समितिको जिल्ला सञ्जाल | दुर्गाबहादुर माझी | सचिव | ९८४३८७७७५० |

### ३.२.३ खोज तथा उद्धार विषयगत क्षेत्रकोविपद् अवस्था तथा मान्यता योजना :

विपद् समयरेखाको अध्ययनबाट जिल्लामा विभिन्न प्रकारका विपद्हरु मध्ये वि.सं. २०७२ बैशाख १२ गतेको भूकम्प तथा सोपछिका पराकम्पनबाट धेरै जनधनको क्षति भएको छ । त्यसका अलावा बाढी तथा पहिरो सिर्जित विपद् सबैभन्दा बढी पटक दोहोरिएको देखिन्छ । मिति २०७३ सालमा पहिरो, आगलागी, माहमारी तथा चट्याङ्गका घटनाहरुले मानिस, पशु तथा आर्थिक क्षति भएको तथा कोभिड १९ कोरोना भाईरसको कारणले गर्दा सिर्जना भएको बन्दाबन्दी समेतले जिल्लाका आर्थिक, सामाजिक-साँस्कृतिक तथा मनोसामाजिक क्षेत्रमा समेत नकरात्मक असर परिरहेको छ । यस आधारमा जिल्लाका कुनै न कुनै गाउंपालिका वा समुदाय बाढी, पहिरो, महमारी, आगलागी र चट्याङ्गको घटनामा पर्न सक्छन । यस आधारमा जिल्लाका कुनै न कुनै गाउंपालिका वा समुदाय बाढी तथा पहिरोको चपेटामा पर्नेछन् । उपरोक्त विश्लेषण अनुसार बाढी, पहिरो र भूकम्पका कारण करिब ६६० घरधुरी र ३३०० जनसंख्या प्रभावित हुन सक्ने देखिन्छ । यस्तै, विशेषगरी महिला, बालबालिका, बृद्ध-बृद्धा र अपाङ्गहरू बाढीबाट प्रभावित हुन सक्नेछन् र उद्धारको लागि आग्रह गरिरहेको दृश्य देखिन सक्नेछ । बस्ती डुबानमा परेर आवासीय घरहरू क्षतिग्रस्त हुन सक्नेछन् । बालबालिका, महिला, वृद्धवृद्धा तथा युवाहरु हराएका, च्यापिएका, पुरिएका, बगाइएका, उद्धार तथा शरणका लागि कराइरहेका हुन सक्नेछन् ।

- विशेषगरी महिला, बालबालिका, बृद्ध-बृद्धा र अपाङ्ग ।
- हरू विपद्बाट प्रभावित हुनेछन् र उद्धारको लागि आग्रह गरिरहेको दृश्य देखिनेछ ।
- बस्ती डुबान, कटान, पहिरो आदिमा परेर आवासीय घरहरू क्षतिग्रस्त हुनेछन् ।
- सडक, पुल, विद्युत् आपूर्ति, सञ्चारका साधनजस्ता सार्वजनिक पूर्वाधारको क्षति भएर आवागमन र सञ्चार सम्पर्क विच्छेद हुनेछ ।
- मनसुनको समयमा विभिन्न स्थानमा बाढी तथा पहिरो आउँदा लगभग केहि मानिस विस्थापित हुने सम्भावना रहेको छ ।
- विद्यालयमा कक्षा कोठा, प्रहरीचौकी र स्वास्थ्य केन्द्र जस्ता उपलब्ध सार्वजनिक संस्थाहरू माथि अधिक चाप र नियमित सेवामा अवरोध हुनसक्छ ।
- सामुदायिक संस्थागत ठाउँहरूमा अस्थायी आवासमा बसेको समयमा सामुदायिक स्वास्थ्य सम्बन्धी उपचारमा देखिएका समस्या/चुनौती र वातावरणमा नकारात्मक असरका कारण दीर्घकालीन स्वास्थ्य तथा विकासमा समस्या हुन सक्छ ।
- विपद् परेपछि तत्काल उद्धारकर्मीहरू पुग्नुपर्ने र प्रभावित परिवारहरूलाई बाहिर ल्याई सुरक्षित ठाउँमा राख्ने काम गर्नुपर्ने हुन्छ । यसरी उद्धार गर्दा महिला, बालबालिका, गर्भवती, सुत्केरी महिला र बूढाबूढी तथा अपाङ्गता भएका व्यक्तिलाई पहिलो प्राथमिकता दिनु पर्ने हुन्छ ।

### ३.२.४ खोज तथा उद्धार क्षेत्रको उद्देश्य :

बाढी, पहिरो, महामारी, आगलागी तथा भूकम्प लगायतका कारण विपत्तिमा फसेका मानिसलाई भेदभावरहित ढङ्गले उद्धार गरी सुरक्षित स्थानसम्म पुर्‍याउनु खोज तथा उद्धार क्षेत्रको प्रमुख उद्देश्य हुनेछ । यस क्षेत्रका थप उद्देश्य निम्न अनुसार हुनेछन् :

- विना भेदभाव विपद् प्रभावितहरूलाई उद्धार गरी सुरक्षित राख्नु ।
- विपद्मा परेकाहरूलाई, विशेषगरी महिला, बालबालिका, बूढाबूढी, अपाङ्गता भएका व्यक्तिलाई प्राथमिकता दिएर उद्धारका लागि खोजी गर्नु ।

- प्रभावितहरूको जीवन तत्काल बचाउनु, सम्भावित मानवीय क्षति कम गर्नु ।
- घाइतेको प्राथमिक उपचार गरी आवश्यकता अनुसार अस्पताल पुऱ्याउने व्यवस्था मिलाउनु ।
- सुरक्षित स्थानको खोजी गर्नु र अस्थायी बसोवासको लागि सहयोग गर्नु ।
- विपद्मा परेकालाई समयमै आधारभूत आवश्यकताका राहत सामग्रीको व्यवस्था मिलाउनु ।
- उद्दार र प्रतिकार्य सञ्चालन गर्दा विपद् भन्दा पहिला विपद भईरहेको समय र विपद् पछिको अवस्थामा तिनको प्राथमिकता पूर्वक पहिचान र विश्लेषण गर्नु ।
- प्राथमिक उपचार र सामान्य खोजी र उद्धार सम्बन्धमा स्थानीय विपद समिति र समुदायको क्षमता अभिवृद्धि गर्नु ।
- खोजी तथा उद्धार सम्बन्धी टोलीको गठन र आवश्यक पूर्व अभ्यास संचालन गर्नु ।
- खोज तथा उद्धारका लागि चाहिने आवश्यक उपकरण तथा औजारहरुको उचित भण्डारण, व्यवस्थापन र परिचालन विधिवारे सम्बन्धित जनशक्तिको क्षमता अभिवृद्धि तथा शिघ्र पहूंचको स्थापना व्यवस्था गर्नु।
- सम्भावित खोज तथा उद्धारको आवश्यक्ता पर्न सक्ने समुदायको नक्शांकन तथा त्यस क्षेत्रमा पहुँच सम्बन्धि बैकल्पिक बाटो, जल, स्थल र आकास वा उपाय सहितको योजना र त्यसवारे सो क्षेत्रका लागि जिम्मेवार व्यक्ति वा संस्थालाई अभिमूखीकरण गर्नु ।

## मानवीय सहयोगका मापदण्ड :

- सुत्केरी, बालबालिका, वृद्धवृद्धा, अशक्त लगायतका प्राथमिकता प्राप्त वर्गको खोज उद्दारलाई प्राथमिकता दिने ।
- प्रकोपको लगत्तै आवश्यक उपकरण सहित खोजतलास तथा उद्धार टोली खटाउने ।
- समन्वय बैठक र प्रतिवेदनका बारेमा जानकारी गराउने ।
- सुविधाबाट एकदमै वञ्चित समूह/जोखिममा रहेका व्यक्तिहरू लगायत सबैलाई न्यायोचित रूपमा राहत सामग्रीको वितरण तथा सहयोग सम्बन्धी गतिविधिको अनुगमन ।
- अवस्था हेरी-आवश्यकतामा आधारित रहेर प्रारम्भिक द्रुत लेखाजोख (Initial Rapid Assessment, IRA) बहुक्षेत्रीय प्रारम्भिक द्रुत लेखाजोखा (Multi Initial Rapid Assessment), र क्षेत्रगत विस्तृत सर्वेक्षण (Cluster Specific Detaild Assessment, CSDA )टीम खटाउने ।
- पहिलो हप्तामा परिस्थितिका वारेमा दिनदिनै प्रतिवेदन पेस गर्ने र त्यसपछि हरेक दुई हप्तापछि प्रतिवेदन पेश गर्ने ।
- संयन्त्रले शिविर समन्वय तथा शिविर व्यवस्थापन को अनुगमन गर्ने तथा प्रतिवेदन पेश गर्ने (फाराम सहितको) ।
- नियमति रुपमा समाचार माध्यममासमाचार पठाउने (पहिलो हप्तामा हरेक दिन) ।
- नियन्त्रण तथा मानवीय सहयोग सम्बन्धी मापदण्ड कायम गर्ने । (सांस्कृतिक, सामाजिक तथा आर्थिक रूपमा स्वीकार गर्न सकिने सामग्री-दाता/सहयोग उपलब्ध गराउने निकायबाट प्रत्यक्ष वितरण होइन ।) ।
- अनुगमन तथा मूल्याङ्कन र प्रतिवेदनका लागि क्षेत्रीय प्रकोप उद्धार समितिलाई सक्रिय पार्ने ।

### ३.२.५. खोज तथा उद्धार विषयगत क्षेत्रकोविपद् प्रतिकार्य योजना :

| विपद्‌को घटना पश्चात्को अवधि | विपद्‌को अवस्थामा गरीने आपतकालीन कार्य (विपद्‌को प्रकृतिमा आधारित) | आपतकालीन अवस्था संवोधन गर्न गरीने पूर्वतयारी कार्य | पूर्वतयारी कार्य संवोधन गर्न खाडलको पहिचान | मुख्य जिम्मेवार निकाय |
|---|---|---|---|---|
| **पहिलो दिन (विपद्‌को संकेत पाउनासाथ)** | • विपद्‌को सूचना प्राप्त गर्ना साथ संयोजकले बैठक बोलाउने, छलफल गर्ने, सूचना तथा समन्वय क्षेत्रसँग समन्वय गर्ने र प्राप्त नतिजाका आधारमा राहत उद्धारकालागि सुरक्षा निकाय प्रस्थान गर्ने ।<br>• सूचना संकलन तथा अवस्थाको प्रतिवेदन ।<br>• प्रभावितहरूलाई सुरक्षित स्थानमा स्थानान्तरण गर्ने ।<br>• वैकल्पिक बाटो नभएको क्षेत्रमा उद्धार गर्न अन्य वैकल्पिक उपाय पहिचान गर्ने तथा यातायातका साधन सम्बन्धमा आवश्यक समन्वय गर्ने ।<br>• शान्ति सुरक्षालाई कायम राख्नको लागि आवश्यक सुरक्षा व्यवस्था मिलाउने ।<br>• सुरक्षा निकायहरू वीच आपसी समन्वय गर्ने ।<br>• आकस्मिक कक्ष, उपचार केन्द्र, सूचना सम्प्रेषण कक्ष तथा राहत सामग्री वितरण कक्षहरूको स्थापना गर्ने<br>• विपद् प्रभावित क्षेत्रमा उद्धारकर्मी परिचालन गर्ने र कमाण्ड पोष्ट स्थापना गर्ने । | • जिल्ला खोज उद्दार टोली गठन<br>• तालिम<br>• खोज तथा उद्धारका सामाग्रीहरु भण्डारण गरी तयारी अवस्थामा राख्ने र वेला वेलामा अनुगमन गर्ने<br>• एम्वुलेन्स, सवारी साधन, हेभि इक्विपमेन्ट जस्तै डोजर, र अस्थायी पुल, भरयाङ.को पनि व्यवस्थालगर्ने<br>• इलेक्ट्रिक कटर, पोर्टेवल जेनेरटर र थर्मल सेन्सर जिल्ला राख्न समन्वय गर्ने<br>• कमाण्ड पोष्ट स्थापना गर्न आवश्यक पर्ने सामाग्रीहरु तयार गरी राख्ने<br>• नाइट हेकिकप्टर ल्याण्ड गर्न सक्ने अस्थायी हेलिप्याडको व्यवस्थागने<br>• सवै सरकारी कार्यालयमा फायर इस्टिनगुइसर राख्ने र तालिम दिने । | • सूचना प्राप्त गर्ने<br>• सर्म्पक समन्वय<br>• सुरक्षा निकायसँग समन्वय । | जिल्ला विपद् व्यवस्थापन समिति, क्षेत्रगत सदस्यहरु |
| **दोस्रो दिन** | • पहिलो दिनको कार्य मूल्यांकनको आधारमा थपघट गरि टोली परिचालन, आवस्यकताको पहिचान गरि समन्वयात्मक उद्धार निरन्तर गर्ने ।<br>• बिषयगत क्षेत्रले घटनाको बस्तुगत विवरण तयार पार्ने ।<br>• बगेका, हराएका, च्यापिएका वा फसेका मानिस, घरपालुवा जनावर सम्बन्धमा स्थानीय वासिन्दाबाट जानकारी लिने<br>• स्थानीय वासिन्दासँग सहकार्य स्थापित गरी खोज उद्दार सुरु गर्ने<br>• उद्दार गर्ने क्रममा प्रभावितहरुलाई वर्गीकृत, सांकेतिकीकरण गर्ने ।<br>• खोज तथा उद्धार र राहतका सामग्रीहरुको सम्बन्धमा यातायात तथा ढुवानि सुबिधाको प्रवन्ध गर्ने । | • हाल भएको ५ वटा हेलिप्याडमा थप गरी प्रत्येक गाउंपालिकामा हेलिप्याड निर्माण गर्ने र हेलि सेवा दिने संस्थासंग समन्वय गर्ने<br>• विपद् प्रभावित क्षेत्रमा जनसंख्या, धरधुरी तथा पशुधन सम्बन्धी विवरण संकलन र अद्यावधिक गर्ने<br>• बाढी, पहिरो, भूकम्प,आगलागी सम्वन्धि सिमुलेशन अभ्यास गर्ने<br>• विद्यालय, कलेज तथा स्थानीय समुदायलाई विपद प्रतिकार्य र पूर्वतयारी सम्वन्धि चेतनामुलक तालिम दिने,<br>• वडा, गाउँपालिका र नपा स्तरमा वि.व्य.स बनाउने र भूपू सैनिक प्रहरी र स्वयमसेवकलाई विपद व्यवस्थापनमा परिचालन गर्ने | यातायातको व्यवस्था, संचार संयन्त्रको व्यवस्था विशेष गरि एम्बुलेन्स, हेलिकोप्टरको व्यवस्था र हेलिप्याड अवतरण गर्ने ठाउँको खोजी, गाउंपालिका स्तरका सबै संयन्त्रको परिचालन तथा सम्पर्क नम्वरहरु<br>सुख्खा खाना | जिल्ला प्रशासन कार्यालय, जिल्ला प्रहरी कार्यालय, सप्रब, नेपाली सेना लगायत क्षेत्रगत सदस्यहरु |

| विपद्को घटना पश्चात्को अवधि | विपद्को अवस्थामा गरीने आपतकालीन कार्य (विपद्को प्रकृतिमा आधारित) | आपतकालीन अवस्था संवोधन गर्न गरीने पूर्वतयारी कार्य | पूर्वतयारी कार्य संवोधन गर्न खाडलको पहिचान | मुख्य जिम्मेवार निकाय |
|---|---|---|---|---|
| **पहिलो हप्ता** | • आवश्यकता रहेसम्म खोज तथा उद्धार जारी राख्ने ।<br>• विपद्मा परी घाइते भएका व्यक्तिहरुको प्राथमिक उपचार गर्ने र अस्पताल पुऱ्याउने प्रबन्ध मिलाउने ।<br>• प्रभावित क्षेत्रमा, हिंसा, लुटपाट र मानव वेचविखनका घटना हुन नदिन आवश्यक सुरक्षा व्यवस्था मिलाउने ।<br>• उद्धार र सुरक्षाको विषयमा आवश्यक सूचना सङ्कलन गरी प्रतिवेदन तयार गर्ने | • खोज उद्दारको लागि स्वयंमसेवक परिचालन ।<br>• अस्पतालहहरु तयारी अवस्थामा राख्ने ।<br>• स्वास्थ्यकर्मीसँग समन्वय । | • अवरुद्ध बाटो खुलाउने ।<br>• विपद्मा घट्ने, अपराधिक क्रियाकलापबाट जोगाउने । | जिल्ला प्रशासन कार्यालय, जिल्ला प्रहरी कार्यालय, सप्रब, नेपाली सेना लगायत क्षेत्रगत सदस्यहरु |
| **पहिलो महिना** | • खोज तथा उद्धार र शान्तिसुरक्षाको विषयमा आवश्यक सूचना सङ्कलन गरी प्रतिवेदन तयार गर्ने र DDMCमा प्रतिवेदन पेश गर्ने<br>• विपद्को अवस्थाको विश्लेषण र समग्र शान्ति सुरक्षाका लागि कार्य योजना तयार । | • बाढी, पहिरो, भूकम्प, आगलागी, महामारी जस्ता प्रकोपबाट हुन सक्ने विपदको अवस्था चित्रण गरी प्रतिकार्य गर्न सक्ने गरी सिमुलेशन अभ्यासन गर्ने | • सूचना संचार समन्वय । | जिल्ला प्रशासन कार्यालय, जिल्ला प्रहरी कार्यालय, सप्रब, नेपाली सेना लगायत क्षेत्रगत सदस्यहरु |
| **दोस्रो महिना र सो भन्दा माथि** | • विपद्को अवस्थाको विश्लेषण र समग्र शान्ति सुरक्षाका लागि कार्ययोजना तयार गरी कार्यान्वयन गर्ने । | • दमकल चलाउन सक्ने दक्ष जनशक्ति तयार गर्ने र संचालन संयुक्त रुपमा राख्ने<br>• आपतकालिन केन्द्रमा खोज तथा उद्धारका सांकेतिक सामाग्रीहरु गैतीं, वेल्चा, वाल्टिन, वालुवा राख्ने र अधावधिक गरि राख्ने | • स्रोत साधनको व्यवस्था ।<br>• विपद्को अवस्था दोहोरिन नदिन सुरक्षित बस्ती विकास । | जिल्ला प्रशासन कार्यालय, जिल्ला प्रहरी कार्यालय, सप्रब, नेपाली सेना लगायत क्षेत्रगत सदस्यहरु |

## ३.२.५.विपद् प्रभावित क्षेत्रहरुमा सुरक्षा निकायका युनिटहरु :

### क⁰ नेपाली सेना/सशस्त्र प्रहरी बल नेपाल/राष्ट्रिय अनुसन्धान जिल्ला कार्यालय

| सि.न. | कार्यालय | ठेगाना | सम्पर्क नं. | कैफियत |
|---|---|---|---|---|
| १. | नयाँ गोरख गण | रामेछाप व्यारेक | 048-400100/09 | |
| २. | सशस्त्र प्रहरी वल नेपाल आश्रीत गुल्म, | मन्थली, रामेछाप | 048-540478 | |
| ३. | राष्ट्रिय अनुसन्धान जिल्ला कार्यालय | मन्थली, रामेछाप | 048--540078 | |

### ख⁰ नेपाल प्रहरी र जिल्लाका विभिन्न स्थानमा रहेका यूनिटहरु ।

| सि. नं. | कार्यालयको नाम | युनिट ईन्चार्जको नामर नं. | | | | | कै. |
|---|---|---|---|---|---|---|---|
| | | दर्जा | नाम,थर | दरबन्दी | सम्पर्क नं. | कार्यरत | |
| 1. | जि.प्र.का.रामेछाप | प्र.ना.उ | बसन्त पाठक | जि.प्र.का.रामेछाप | ९८५४०५५५५५ | ९० | |
| 2. | ई.प्र.का. टोकरपुर रामेछाप | प्र.ना.नि | दिपेन्द्र घले | ई.प्र.का.टोकरपुर रामेछाप | ९८४५४६५६१६ | १२ | क |
| 3. | ई.प्र.का. धोवीडाँडा रामेछाप | प्र.नि. | मदन थापा | जि.प्र.का.रामेछाप | ९८५१२८१७५० | १० | क |
| 4. | ई.प्र.का.खाडाँदेवी रामेछाप | प्र.ना.नि | चन्द्र बहादुर श्रेष्ठ | ई.प्र.का.धोबिडाँडा रामेछाप | ९८५१२८३५५९ | ९ | क |
| 5. | ई.प्र.का. बेथान रामेछाप | प्र.स.नि | नकुल बहादुर भुजेल | प्र.चौ.सालु रामेछाप | ९८५२८९०५५० | ५ | ख |
| 6. | पिकेट डियुटी सादीडाँडा | प्र.स.नि. | ओमप्रकाश बराल | जि.प्र.का. रामेछाप म.से. | ९८४१५७३१६६ | ४ | |
| 7. | ई.प्र.का.उमाकुण्ड रामेछाप | प्र.ना.नि | नेत्र कुमार काफ्ले क्षेत्री | ई.प्र.का.टोकरपुर रामेछाप | ९८४१३५५३३४ | ७ | |
| 8. | प्र.चौ. भुजि रामेछाप | प्र.स.नि. | सन्त बहादुर तिमल्सिना | जि.प्र.का रामेछाप संचार | ९८४५१२७३७७ | ६ | |
| 9. | का.सु.गार्ड रामेछाप | प्र.ना.नि . | ओमराज श्रेष्ठ | ई.प्र.का.टोकरपुर रामेछाप संचार | ९८५४०९००९४ | १४ | |
| 10. | वि.सु.गार्ड मन्थलीरामेछाप | प्र.स.ि | रबिन्द्र कुमार पाण्डे | जि.प्र.का.सर्लाही | ९८६५२१३९७७ | ५ | |
| 11. | प्र.चौ. लुवुघाट रामेछाप | प्र.स.ि | मुरारी ढुङगाना | ई.प्र.का.खाडाँदेवी रामेछाप | ९८४९१६९९६२ | ५ | |
| 12. | प्र.चौ. खिम्ती रामेछाप | प्र.स.नि. | सियाराम साह | व.प्र. का. धनुषा धनुषा | ९८५४०४३१६४ | ५ | |
| 13. | प्र.चौ. बाम्ती रामेछाप | प्र.स.नि. | लखमान गोले | ई.प्र.का.धोबिडाँडा संचार | ९८४१३६१९३६ | ६ | |
| 14. | प्र.चौ. शिवालय रामेछाप | प्र.स.नि. | युवराज के.सी. | प्र.चौ.गोकुलगंगा रामेछाप | ९८४३२२९४५३ | ५ | |
| 15. | प्र.चौ. ठोसे रामेछाप | प्र.स.नि. | आकाश कार्की | जि.प्र.का. रामेछाप अ.अ. | ९८०२४६४२०२ | ५ | |
| 16. | प्र.चौ. साँघुटार रामेछाप | प्र.स.नि. | भुवन श्रेष्ठ | प्र.चौ फुलासी रामेछाप | ९८४९७६२६३० | ५ | |
| 17. | प्र.चौ. फुलासी रामेछाप | प्र.स.नि. | भरत ठाकुर | का.सु.गार्ड रामेछाप | ९८५४०४३०४९ | ६ | |
| 18. | प्र.चौ. गुन्सी रामेछाप | प्र.स.नि. | संजय पासवान | प्र.चौ. शिखरपुर काभ्रे | ९८५४०४३०४९ | ६ | |
| 19. | प्र.चौ. दोरम्बा रामेछाप | प्र.स.नि. | टलक ब.श्रेष्ठ | वि.सु.गार्ड मन्थली रामेछाप | ९८५४०४३०४७ | ५ | |
| 20. | प्र.चौ. गौश्वारा रामेछाप | प्र.ह. | रामशरण खत्री | वि.सु.गार्ड मन्थली रामेछाप | ९८५४०४३०४८ | ५ | |
| 21. | प्र.चौ.गोकुलगंगा रामेछाप | प्र.स.नि. | प्रेम गिरी | जि.प्र.का.रामेछाप | ९८४३८७१८६४ | ५ | |
| 22. | प्र.चौ. सालु रामेछाप | प्र.स.नि. | नसिब मिया अन्सारी | जि.प्र.का. मकवानपुर | ९८६१७८११९९ | ५ | |
| 23. | प्र.चौ. रामेछापडाँडा रामेछाप | प्र.स.नि. | मिन ब.थापा | म.न.प्र.का. CRV | ९८५४०४३४१७ | ८ | |
| 24 | प्र.चौ. सेलेघाट रामेछाप | प्र.ना.नि | अर्जुन खड्का | ई.प्र.का.धोबिडाँडा रामेछाप | ९७४८०१५४८१ | ७ | |
| 25. | प्र.जि.अ.नि.गार्ड रामेछाप | प्र.ह. | नारायण बुढाथोकी | ई.प्र.का.वेथान रामेछाप | ९८६१०४६२६४ | ५ | |
| 26. | प्र.चौ. शिरिषेढाडे रामेछाप | प्र.स.नि. | ज्ञानेन्द्र लाल श्रेष्ठ | प्र.चौ.दोरम्बा रामेछाप | ९८४१३५६९८२ | ५ | |
| 27. | प्र.चौ. बेथान सित्खा रामेछाप | प्र.स.नि. | दिपकराज पौडेल | ई.प्र.का टोकरपुर रामेछाप | ९८४२९००२७५ | ५ | |
| 28 | पिकेट डिउटी गाल्पा रामेछाप | प्र.ह. | अन्जय कुमार सिंह | म.न.प्र.प्रभाग कुपण्डोल ल.पु. | ९८४४०२६०६० | ४ | |
| 29. | अ.प्र.पोष्ट बेताली रामेछाप | प्र.ह | माधव खड्का | ई.प्र.का. टोकरपुर रामेछाप | ९८६७६९८८८८ | ५ | |
| 30. | जि.अ.स.तथा सु.प्र.ई.रामेछाप | प्र.ह. | नरेश कुमाल | स.प्र.से.गोर्खा | ९८४८९३४१९३ | ५ | |

### घ) नेपाल रेडक्रस सोसाइटी, जिल्ला शाखा, रामेछापकाजिल्ला कार्यसमितिका पदाधिकारीहरु

| क.स | पद | नाम, थर | ठेगाना | सर्म्पक नम्वर |
|---|---|---|---|---|
| १ | सभापति | शिव कुमार कार्की | खांडादेवी ७ | ९८४४२३४३४३ |
| २ | उप सभापति | राम विष्णु वस्नेत | रामेछाप-७ | ९७४४०००४०२ |

| | | | | |
|---|---|---|---|---|
| ३ | उपसभापति | नेत्र वहादुर के.सी. | खांडादेवी ३ | ९८४४२७८५०१ |
| ४ | मन्त्री | जय प्रकश श्रेष्ठ | मन्थली-१ | ९८५४०४०१२९ |
| ५ | कोषाध्यक्ष | दिनेश कुमार कार्की | मन्थली-५ | ९८५४०४०१४५ |
| ६ | उप-मन्त्री | राजेन्द्र कुमार वस्नेत | मन्थली-४ | ९७४४०२३३४३ |
| ७ | उप- कोषाध्यक्ष | ध्रुर्व बहादुर खडका | सुनापती ४ | ९७४१०००७०३ |
| ८ | सदस्य | टिका प्रसाद भट्ट | मन्थली १ | ९८५४०४०१०३ |
| ९ | ,, | कृष्ण प्रसाद उप्रेती | मन्थली-१ | ९८४४०६६६९९ |
| १० | ,, | नारायण दास श्रेष्ठ | मन्थली-१ | ९८५१०४९९६९ |
| ११ | ,, | पार्वती कडरिया (सुवेदी) | मन्थली-१ | ९८४४००६८०२ |
| १२ | ,, | सोम प्रसाद सापकोटा | सुनापती १ | ९८४४४१३१७६ |
| १३ | ,, | विरेन्द्र श्रेष्ठ | मन्थली १ | ९८५४०४०१०१ |

## ड.) नेपाल रेडक्रस सोसाइटी, जिल्ला शाखा अन्तरगत उपशाखाहरु र प्रमुखको सम्पर्क विवरण :

| क्र.स. | शाखा/उपशाखाको नाम, ठेगाना | शाखा/उपशाखा | ठेगाना | सम्पर्क नं. |
|---|---|---|---|---|
| १ | ओखेनी उपशाखा | मंगल कुमार पाखिन | रामेछाप ६ ओखेनी | ९८४४२७९२६९ |
| २ | रामेछाप उपशाखा | रबिन्द्र श्रेष्ठ | रामेछाप नपा | ९७४४०००३५४ |
| ३ | मन्थली उपशाखा | विरेन्द्र श्रेष्ठ | मन्थली १ | ९८५४०४०१०१ |
| ४ | नागदह उपशाखा | आसबहादुर तामाङ | लिखु गापा नगदह | ९७४४०२८२४९ |
| ५ | सुनारपानी | द्धारिका कार्की | मन्थली ५ सुनारपानी | ९८५४०४०९३१ |
| ६ | सालु उपशाखा | भोला कुमार कार्की | सालु मन्थली ४ | ९८५४०४०८५४ |
| ७ | साँघुटार उपशाखा | चन्द्र बहादुर श्रेष्ठ | साँघुटार रामेछाप ३ | ९८५१००३५८२ |
| ८ | उमाकुण्ड उपशाखा | मोहन प्रसाद गौतम | उमाकुण्ड-४ | ९८४४९६५६९१ |
| ९ | भीरपानी उपशाखा | लेख बहादुर रायमाझी | भीरपानी, खांडादेवी ३ | ९७४४०८०६५ |
| १० | खिम्ती उपशाखा | यादव प्रसाद दाहाल | खिम्ती लिखु | ९८४४२४७९५१ |
| ११ | डडुवा उपशाखा | राजेन्द्र बहादुर कार्की | डडुवा, दोरम्वा १ | ९८४४२३२३६१ |
| १२ | हिलेदेवी उपशाखा | पासाङ्ग लामा | हिलेदेवी सुनापति | ९८५४०४३४१२ |
| १३ | लखनपुर उपशाखा | लोकनाथ गौतम | लखनपुर, दोरम्वा ६ | ९८५११९७३९६ |
| १४ | टोकरपुर उपशाखा | कुमार कँडेल | टोकरपुर, दोरम्वा ३ | ९८५४०४३७६४ |
| १५ | भटौली उपशाखा | पाण्डव प्रसाई | भटौली मन्थली ७ | ९८४४०१५७९० |
| १६ | चिसापानी उपशाखा | दिलिप राज गिरी | चिसापानी, मन्थली ८ | ९८५४०४०१०२ |
| १७ | खांडादेवी उपशाखा | ठगेन्द्र बहादुर थापा | खांडादेवी, खांडादेवी ७ | ९८४१९४६४१२ |
| १८. | गोकुगंगा उपशाखा | राजेन्द्र कुमार बस्नेत | गोकुलगंगा-४ | ९८४९९८०६६५ |

## ३.३. अस्थायी आवास, गैरखाद्य सामग्री व्यवस्थापन(Temporary Shelter and NFI Management)

बिषयगत क्षेत्र : अस्थायी आवास, गैरखाद्य सामाग्री व्यवस्थापन
मुख्य विपद्को किसिम : बाढी, पहिरो, भूकम्प, खडेरी, आगलागी, माहामारी (कोरोना)
क्षेत्रगत अगुवा (Cluster Lead) : नेपाल रेडक्रस सोसाइटी, रामेछाप

### ३.३.१. अस्थायी आवास, गैरखाद्य सामग्री व्यवस्थापन विषयगत क्षेत्रको परिचय

विपद्को अवस्थामा जन, धन र संरचनामा व्यापक क्षति पुग्न गई जनजीवन अस्तव्यस्त हुने भएकाले विपद् प्रभावितहरु बसोवासको अभाव तथा भाँडाकुडा, लुगाफाटा, सरसफाइका सामान लगायत दैनिक आवश्यकताका वस्तुहरुको अभावमा पर्न जाने सम्भावना अधिक रहन्छ । यस्तो अवस्थामा विपत् प्रभावित व्यक्ति तथा समुदायहरुलाई स्थिति सामान्य भएर आफ्नो घर फर्किने अवस्था तयार नभएसम्म आपत्कालीन आश्रय स्थलमा राख्नु पर्ने हुन्छ । यसको लागि अस्थायी रूपमा विद्यालय, मदरसा, मन्दिर, गाविस भवनजस्ता सार्वजनिक स्थलमा राख्नु पर्ने हुन्छ भने केही लामो समयको लागि अस्थायी शिविर खडा गरी बसोवास गराउनु पर्ने हुन्छ । त्यसका साथै दैनिक जीवनयापनको लागि भाँडावर्तन, ओढ्ने ओछ्याउने लुगाफाटो वा खाना बनाउने, खाने वर्तन र इन्धनको व्यवस्था गर्नु पर्ने हुन्छ । आवास तथा गैरखाद्य सामग्री व्यवस्थापन क्षेत्रले विस्थापित तथा प्रभावितहरुको लागि उल्लिखित मानवीय सेवा उपलब्ध गराउँछ ।

### ३.३.२. विषयगत क्षेत्रको अगुवा तथा सहयोगी संस्थाको सूची :

विपदको अवस्थामा आवश्यक गैरखाद्य सामग्री तथा अस्थायी आवास/शिविर व्यवस्थापन गरी जिल्लामा विपद् प्रभावितहरुको जीवन रक्षाका लागि नेपाल रेडक्रस सोसाइटीले सम्बन्धित सरकारी कार्यालय तथा संघसंस्थाहरुसँग समन्वय गरी आवश्यक कार्य अघि बढाउने छ । यसका लागि सम्बन्धित निकाय तथा सम्बन्धित व्यक्तिहरुको सम्पर्क नम्बर देहायअनुसार रहेको छ :

| क्र सं | निकाय तथा संस्था | नाम, थर | पद | फोन/मोबाइल |
|---|---|---|---|---|
| १ | नेपाल रेडक्रस सोसाइटी, जिल्ला शाखा (विषयगत क्षेत्र प्रमुख) | शिवकुमार कार्की | जिल्ला सभापति | ०४८-५४००३३/९८४४२३४३४३ |
| २ | जिल्ला समन्वय समिति | दिवस आचार्य | जि.स.अधिकारी | ०४८-५४०११४/ |
| ३ | जिल्ला प्रहरी कार्यालय | वसन्त पाठक | कार्यालय प्रमुख | ०४८-५४०१००/ |
| ४ | नेपाली सेना (नन्दाबक्स गण) | गणेश सिंह भण्डारी | कार्यालय प्रमुख | ०४८ ४०००१०/ |
| ५ | सशस्त्र प्रहरी बल जिल्ला सुरक्षा बेस | रमेश कुमार थापा | कार्यालय प्रमुख | ०४८ ४०००१० |
| ६ | मन्थली नगरपालिका | रमेश वस्नेत | नगर प्रमुख | ०४८-५४०११२ |
| ७ | रामेछाप नगरपालिका | नरवाहादुर मगर | नगर प्रमुख | ०४८-४०००१२ |
| ८ | गाउँपालिकाहरु | गाउंपालिका अध्यक्षहरुको नाम, थर र सम्पर्क नम्बर अनुसूचीमा उल्लेख गरिएको छ | | |
| ९ | रामेछाप उद्योग बाणिज्य संघ | केशव घिमिरे | अध्यक्ष | ९८५४०४००५२ |
| १० | घरेलु तथा साना उद्योग महासंघ | ज्ञान बहादुर खड्का | अध्यक्ष | ९७५४२०३०७४ |
| ११ | नेपाल पत्रकार महासंघ, रामेछाप | रमेश ढुंगेल | अध्यक्ष | ९७४४०२५४१६ |
| १२ | गैरसरकारी संस्था महासंघ | भुवन श्रेष्ठ | अध्यक्ष | ०४८-४०५०५/९८४४०४३४४८ |
| १३ | निर्माण व्यवसायी महासंघ | इन्द्र बहादुर तामाङ | अध्यक्ष | ९८५११७०१३७ |
| १४ | सामुदायिक वन उपभोक्ता महासङ्घ जिल्ला शाखा | दुर्गाबहादुर श्रेष्ट | अध्यक्ष | ०४८ ५४००७१ |
| १५ | आदिवासी जनजाति महासंघ | युवराज हयोल्मो | अध्यक्ष | ९८४४३८९८३९ |
| १६ | सामुदायिक विपद् व्यवस्थापन समितिको जिल्ला सञ्जाल | दुर्गाबहादुर माझी | सचिव | ९८४३८७७७५० |

### ३.३.३ अस्थायी आवास, गैरखाद्य सामग्री व्यवस्थापन विषयगत क्षेत्रको विपद् अवस्था तथा मान्यता योजना :

विपद् समयरेखाको अध्ययनबाट जिल्लामा विभिन्न प्रकारका विपद्हरु मध्ये वि.सं. २०७२ बैशाख १२ गतेको भूकम्प तथा सोपछिका पराकम्पनबाट जनधनको क्षति भएको छ । त्यसको अलावा बाढी तथा पहिरो सिर्जित विपद् पटक-पटक दोहोरिएको देखिन्छ । हरेक वर्षमा पहिरो, आगलागी, माहमारी तथा चट्याङ्गका घटनाहरुले मानिस, पशु तथा आर्थिक क्षति भएको तथा कोभिड १९ कोरोना भाईरसको कारणले गर्दा सिर्जना भएको बन्दाबन्दी समेतले जिल्लाका आर्थिक, सामाजिक-साँस्कृतिक तथा मनोसामाजिक क्षेत्रमा समेत नकरात्मक असर परिरहेको छ । यस आधारमा जिल्लाका कुनै न कुनै गाउंपालिका वा समुदाय बाढी, पहिरो, महमारी, आगलागी र चट्याङ्गको घटनामा पर्न सक्छन यस आधारमा जिल्लाका कुनै न कुनै गाविस वा समुदाय बाढी तथा पहिरोको चपेटामा पर्नेछन् । उपरोक्त विश्लेषण अनुसार बाढी, पहिरो र भूकम्प जस्ता प्रकोप तथा विपद्का कारण जनधनको क्षति तथा प्रभावित हुन सक्ने देखिन्छ । यस्तै, विशेषगरी महिला, बालबालिका, बृद्ध-बृद्धा र अपाङ्गहरू बाढीबाट प्रभावित हुन सक्नेछन् र उद्धारको लागि आग्रह गरिरहेको दृश्य देखिन सकिनेछ । बस्ती डुबानमा परेर आवासीय घरहरू क्षतिग्रस्त हुन सक्नेछन् तथा लत्ताकपडा, भाँडाकुँडा र अन्य दैनिक उपयोगका सामग्रीको अभावमा जनजीवन कष्टकर हुनसक्नेछ ।

### ३.३.४ अस्थायी आवास तथा गैरखाद्य सामग्री व्यवस्थापन विषयगत क्षेत्रको उदेश्य :

प्रभावित व्यक्तिहरूका लागि समयमा नै गैरखाद्य सामग्री तथा आवासको उपलब्धता गराएर विपद् प्रभावितहरुको सम्मानित जीवन जीउन पाउने अधिकारको रक्षा गर्नु यस क्षेत्रको समग्र उद्देश्य हुनेछ । विपद्मा परी विस्थापित भएका मानिसका लागि न्यूनतम मानवीय मापदण्ड सहित सामाजिक, सांस्कृतिक रूपमा स्वीकार्य हुने अस्थायी आवासको व्यवस्थापन गरी सुरक्षित बासस्थानमा आत्मसम्मानका साथ उनीहरूको पहुँच कायम गराउने र सुरक्षित रूपमा बस्ने वातारण तयार गर्ने काममा यस क्षेत्रले आफ्नो ध्यान केन्द्रित गर्नेछ । यस क्षेत्रका समष्टिगत उद्देश्य निम्नअनुसार छन्

- सुरक्षित तथा आरामदायी बस्ने ठाउँको प्राप्तिका लागि भौतिक एवं सामाजिक आवश्यकताहरूमा व्यक्ति तथा परिवारहरूको पहुँच सुनिश्चित गर्नु,
- विपद्का कारणले घरवारविहीन बनेका मानिसका निमित्त स्थायी समाधानको खोजीका लागि प्रयत्न गर्नुका साथै विस्थापितलाई मानव अधिकारको उपभोग गर्न सक्षम बनाउनु,
- घरायसी आवश्यकताका भाँडा-कुँडा तथा व्यक्तिगत सम्मान र मर्यादासहित दैनिक जीवनयापनका लागि आवश्यक सामग्रीहरूमा विस्थापितको समानुपातिक पहुँच गराउनु ।

### मानवीय सहयोग सम्बन्धी मापदण्ड :

- औसतमा एक व्यक्तिका लागि ३.५/४.५ वर्ग मिटरको छाना भएको क्षेत्र उपलब्ध छ, औसतमा ५ सदस्यहरूको एक परिवारका लागि कम्तीमा पनि ४×५ मिटरको डोरी सहितको प्लास्टिक सिट र सहायता सामग्री ।
- कम्बलमा मानिसहरूको पर्याप्त पहुँच छ ।
- दुई वर्षसम्मका केटाकेटीहरूका लागि कम्तीमा पनि एक पूरा सेट कपडा छ ।
- महिला, पुरूष तथा केटा केटीहरूको लागि कम्तीमा पनि एक पूरा सेट कपडा छ । यसका अतिरिक्त, गर्भवती, सुत्केरी महिला तथा केटीहरूका लागि नियमित सरसफाइ सम्बन्धि सामग्रीको आपूर्ति भएको छ ।
- मानिसहरूसँग उपयुक्त घरायसी सामग्री छः एक सेट भाँडा सहित ।
- शिविर खडा गर्नका लागि अग्रिम रूपमा जमिनको पहिचान गर्नुपर्दछ जुन जमिन सुरक्षित तथा SPHERE को मापदण्ड अनुसार हुनुपर्छ ।
- विद्यालय तथा सार्वजनिक स्थलहरूसँग अग्रिम रूपमा नै समझदारी पत्र (MoU)मा दस्तखत भएको हुनुपर्दछ ।
- शिविरका लागि योजना तर्जुमा गर्दा नै सांस्कृतिक तथा सामाजिक मूल्यहरू एवं परिस्थितिलाई ध्यानमा राखिनुपर्दछ ।
- नागरिक समाज, सरकार तथा सान्दर्भिक समूहसँगको परामर्शमा शिविरको स्थापना तथा व्यवस्थापन गर्ने ।

## ३.३.५. अस्थायी आवास, गैरखाद्य सामग्री व्यवस्थापन विषयगत क्षेत्रको विपद् प्रतिकार्य योजना :

| विपद्को घटना पश्चात्को अवधि | विपद्को अवस्थामा गरीने आपतकालीन कार्य (विपद्को प्रकृतिमा आधारित) | आपतकालीन अवस्था संवोधन गर्न गरीने पूर्वतयारी कार्य | पूर्वतयारी कार्य संवोधन गर्न खाडलको पहिचान | मुख्य जिम्मेवार निकाय |
|---|---|---|---|---|
| **पहिलो दिन (विपद्को संकेत पाउनासाथ)** | • विपद् प्रभावको सूचना संकलन गर्ने ।<br>• क्षति तथा नोक्सानी, खाद्य सुरक्षा र व्यवस्थापनको चुनौतिको अनुमान सहितको विश्लेषण गर्न अस्थायी आवास तथा गैर खाद्य क्षेत्रको बैठक गर्ने । | • संभावित विपद्को वारेका क्षेत्रगत समन्वय बैठकहरु नियमित रुपमा गरिरहने ।<br>• अस्थायी आवास तथा गैरखाद्य सामग्रीहरुको व्यवस्था मिलाउने | अस्थायी आवास तथा गैरखाद्य सामग्रीहरुको अभाव तथा भण्डारण क्षमतामा कमी रहेको । | नेपाल रेडक्रस सोसाईटी र क्षेत्रगत सदस्यहरु । |
| **दोस्रो दिन** | • द्रुत लेखाजोखा गर्ने ।<br>• प्राप्त सूचनाको बिश्लेण गरी सहायता परिचालन गर्ने ।<br>• विपद् प्रभावको आधारमा अस्थायी आवासको लागि त्रिपाल, खाना तथा खाना पकाउने भाँडावर्तन, घरायसी सामग्री लगायत न्यूनतम सहयोगको व्यवस्था गर्ने । | • विपद लेखाजोखा तथ्यांक संकलन फारामको छपाई गर्ने<br>• प्रतिकार्य टोली बनाउने र अभिमुखिकरण गर्ने ।<br>• उपयुक्त यातायात तथा संचारका साधनहरु र बन्दोवस्तीका सामग्रीहरुको व्यवस्था गरी राख्ने | तत्कालीन अवस्थामा अस्थायी आवास तथा गैरखाद्य सामग्री प्रर्याप्त नभएको । | नेपाल रेडक्रस सोसाईटी र क्षेत्रगत सदस्यहरु । |
| **पहिलो हप्ता** | • द्रुत लेखाजोखा टोलीले संकलन गरेको विवरण विश्लेषण गरी आपत्कालीन राहतको आवश्यकता विश्लेषण सहितको प्रतिवेदन तयार गर्ने र राहतको व्यवश्थापन गर्ने र अस्थायी आवास तथा गैरखाद्य सामग्री सेट वितरण गर्ने । | • अस्थायी आवास तथा गैरखाद्य सामग्री सेटको व्यवस्थापन गर्ने ।<br>• गैरखाद्य सामग्रीको भण्डारकोलागि जिल्लामा एक भण्डार गृह तयार गर्ने<br>• प्रभावितकोलागि वन कार्यालयले काठ दाउरा उपलव्ध गराउने व्यवस्था गर्ने | अस्थायी आवास तथा गैर खाद्य सामग्रीका आवश्यकता पुरा गर्न स्रोतको पहिचान नहुनु | नेपाल रेडक्रस सोसाईटी र क्षेत्रगत सदस्यहरु । |
| **पहिलो महिना** | • अस्थायी आवासको व्यवस्थापन तथा गैरखाद्य सामग्री सेट वितरण कार्यको निरन्तरता गर्ने ।<br>• अस्थायी आवासको व्यवस्थापन तथा गैरखाद्य सामग्री सेट वितरण कार्यको अनुगमन गर्ने । | • अनुगमन टोलीको व्यवश्था एवं अनुगमन सूची तयार<br>• प्रतिकार्य टोलीमा जानेहरुको दुर्घटना विमा गर्ने<br>• महिलाको विशेष अवस्थाकालागि र वालवालिका कालागि सामाग्री भण्डार गर्ने | अनुगमन टोली र अनुगमन सूची तयार गर्नुपर्ने । | नेपाल रेडक्रस सोसाईटी, जिल्ला प्रशासन कार्यालय र क्षेत्रगत सदस्यहरु । |
| **दोस्रो महिना** | • विपद्को अवस्था हेरेर अस्थायी आवासको व्यवस्थापन तथा गैरखाद्य सामग्री सेट वितरणको निरन्तरता र अनुगमन गर्ने<br>• अस्थायी आवास तथा गैर खाद्य सामग्रीसँगसँगै स्थायी आवास तथा खाद्यान्नको बैकल्पिक व्यवस्थापन तर्फ जोड दिने । | • सम्भावित आपत्कालीन आपूर्तिकर्ता, वैकल्पिक ढुवानी मार्गहरु तथा भण्डारण सम्बन्धमा छलफल गर्न जेठ पहिलो हप्ता खाद्य क्षेत्रको बैठक बस्ने र समन्वय गर्ने | स्थायी आवास तथा खाद्यान्नको बैकल्पिक व्यवस्थापन तर्फ जोड दिनुपर्ने । | नेपाल रेडक्रस सोसाईटी र क्षेत्रगत सदस्यहरु । |
| **तेस्रो महिना तथा सो भन्दा बढी** | • स्थायी आवास तथा खाद्यान्नको बैकल्पिक व्यवस्थापन गर्ने<br>• अस्थायी आवास तथा गैर खाद्य सामग्री व्यवस्थापन क्षेत्र तथा सम्बन्धित सरोकारवालाहरुको समिक्षा वैठक र अवस्थाको अद्यावधिक । | • विपद् प्रतिकार्यको विस्तृत अभिलेख तयार गर्ने ।<br>• संभावित विपद व्यवस्थापनको अभ्यास गर्ने गराउने | | नेपाल रेडक्रस सोसाईटी र क्षेत्रगत सदस्यहरु । |

### ३.४. खानेपानी तथा सरसफाई स्वच्छता व्यवस्थापन(Water and Sanitation Hygine-WASH)

| | | |
|---|---|---|
| बिषयगत क्षेत्र | : | खानेपानी तथा सरसफाई स्वच्छता व्यवस्थापन |
| मुख्य विपद्को किसिम | : | बाढी, पहिरो, भूकम्प, खडेरी, आगलागी, महामारी (कोरोना भाईरस) आदि |
| क्षेत्रगत अगुवा (Cluster Lead) | : | खानेपानी तथा सरसफाई डिभिजन कार्यालय र नगरपालिका/गाउँपालिका |

#### ३.४.१. खानेपानी तथा सरसफाई स्वच्छता व्यवस्थापन विषयगत क्षेत्रको परिचय :

विपद्को अवस्थामा जन, धन र संरचनामा व्यापक क्षति पुग्न गई जनजीवन अस्तव्यस्त हुने भएकाले विपद् प्रभावित समुदायमा खानेपानी, सरसफाईको संरचना भंग भई खानेपानीको अभाव हुने, सरफाइको अवस्था खराब हुन गई महामारी रोग निम्तिन सक्ने सम्भावना अधिक रहन्छ । सम्भावित यस परिस्थितिलाई संवोधन गर्न यस्तो अवस्थामा विपत् प्रभावित व्यक्तिहरुलाई समुदाय र आश्रयस्थलमा खानेपानी र सरसफाइको व्यवस्था गर्ने क्षेत्रलाई खानेपानी तथा सरसफाइ स्वच्छता व्यवस्थापन भनिन्छ ।

#### ३.४.२. विषयगत क्षेत्रका अगुवा तथा सहयोगी संस्थाको सूची :

विपदको अवस्थामा प्रभावित स्थलमा खानेपानी, सरसफाई तथा स्वास्थ्य सेवा सम्बन्धि प्रबन्ध मिलाउन खानेपानी तथा सरसफाइ डिभिजन नं. ४ ले सम्बन्धित कार्यालय तथा संघसंस्थाहरुसँग समन्वय गरी आवश्यक कार्य अघि बढाउनेछ

यसका लागि सम्बन्धित निकाय तथा सम्बन्धित व्यक्तिहरुको सम्पर्क नम्बर देहायअनुसार रहेको छ :

| क्र.सं. | निकाय तथा संस्था | नाम,थर | पद | फोन नं. |
|---|---|---|---|---|
| १ | क० संघिय खानेपानी तथा ढल व्यवस्थापन आयोजना<br>ख०खानेपानी तथा सरसफाई डिभिजन कार्यालय(विषयगत क्षेत्र प्रमुख) तथा नपा/गापा | जगन्नाथ पूर्वे | आयोजना प्रमुख | 9852674462 |
| | | सन्तोष कुमार श्रेष्ठ | डिभिजन प्रमुख | 9854040253 |
| | | नगरपालिका/गाउँपालिका प्रमुख तथा प्रमुख प्रशासकीय अधिकृत | | |
| २ | जिल्ला समन्वय समिति | दिवस आचार्य | जि.समन्वय अधिकारी | ०४८- ५४०११४ |
| ३ | नेपाल रेडक्रस सोसाइटी | शिव कुमार कार्की | सभापति | ०४८- ५४००३३ |
| ४ | स्वास्थ्य कार्यालय | विद्या खनाल | स्वास्थ्य प्रमुख | ०४८- ४०००७२ |
| ५ | शिक्षा विकास तथा समन्वय इकाई कार्यालय | भरत प्रसाद भट्टराई | इकाई प्रमुख | ०४८- ५४०१३४ |
| ६ | खानेपानी तथा सरसफाई उपभोक्ता महासंघ | लेखबहादुर कार्की | अध्यक्ष | ९८४४०४३६९३ |
| ७ | गैरसरकारी संस्था महासङ्घ, रामेछाप | भुवन श्रेष्ठ | अध्यक्ष | ९८४४०४३४४८ |
| ८ | तामाकोशी सेवा समिति, मन्थली | गोविन्द प्रसाद घिमिरे | कार्यकारी प्रमुख | ९८५४०४००९१ |
| ९ | सामुदायिक विकास समाज, मन्थली | शिवराज श्रेष्ठ | अध्यक्ष | ०४८- ५४००५४ |
| ११ | पहाडी समाज कल्याण केन्द्र, दोरम्बा | रत्न प्रसाद कडेल | अध्यक्ष | ०४८- ५४०२८७ |
| १२ | सामुदायिक जनशक्ति विकास कार्यक्रम गोल्माटार | गेहेन्द्र दर्लामी मगर | अध्यक्ष | ०४८-४०००५५ |
| १३ | श्रृजनशील यूवा समाज, चिसापानी | भुवन श्रेष्ठ | अध्यक्ष | ०४८- ५४०४६६ |
| १४ | समाजसेवी यूवा समाज, हिलेदेवी | मोहन थिङ | कार्यकारी अधिकृत | ९८४१८०५७४६ |
| १५ | सामुदायिक वन उपभोक्ता महासङ्घ रामेछाप | दुर्गाबहादुर श्रेष्ठ | अध्यक्ष | ०४८- ५४००७१ |
| १६ | जनसहयोगी सेवा समिति, खिम्ती | दुर्गाबहादुर श्रेष्ठ | अध्यक्ष | ९७५४२०३३२५ |
| १७ | नेपाल समाज सेवा संघ | प्रदीप वस्नेत | प्रमुख | ९८५११४५५५३ |
| १८ | जनभावना यूवा क्लव, टोकरपुर | कुमार कँडेल | अध्यक्ष | ०४८ ५४०३९५ |
| १९ | सामुदायिक विपद व्यवस्थापन समितिको जिल्ला सञ्जाल | दुर्गाबहादुर माझी | सचिव | ९८४३८७७७५० |

#### ३.४.३. विपद् अवस्था तथा मान्यता योजना :

विपद् समयरेखाको अध्ययनबाट जिल्लामा विभिन्न प्रकारका विपद्हरु (वि.सं. २०७२ बैशाख १२ गतेको भूकम्प तथा सोपछिका पराकम्पन) बाट जनधनको क्षति भएको छ । त्यसका अलवा हरेक वर्ष बाढी तथा पहिरो सिर्जित विपद् पटक-पटक दोहोरिएको देखिन्छ भने यस वर्ष कोभिड १९ कोरोना भाईरसको कारणले गर्दा सिर्जना भएको बन्दाबन्दी

समेतले जिल्लाका आर्थिक, सामाजिक-साँस्कृतिक तथा मनोसामाजिक क्षेत्रमा समेत नकरात्मक असर परिरहेको छ । यस आधारमा जिल्लाका कुनै न कुनै स्थान वा समुदाय बाढी तथा पहिरो, आगलागी, महामारीको चपेटामा पर्नेछन् । उपरोक्त विश्लेषण अनुसार बाढी, पहिरो, आगलागी, महामारी, भूकम्प जस्ता प्रकोप तथा विपद्का कारण जनधनको क्षति तथा प्रभावित हुन सक्ने देखिन्छ । यस्तै, विशेषगरी महिला, बालबालिका, वृद्ध-वृद्धा र फरक प्रकारले सक्षम मानिस (अपाङ्ग) हरू बाढीबाट प्रभावित हुन सक्नेछन् र उद्धारको लागि आग्रह गरिरहेको दृश्य देखिन सकिनेछ । बस्ती डुबानमा परेर आवासीय घरहरू क्षतिग्रस्त हुन सक्नेछन् । खानेपानीका मुहान, पाइप, धाराहरु क्षतिग्रस्त भएका हुन सक्नेछन् तथा प्रदूषित पानीका कारण पानीजन्य रोगले महामारी निमत्याउन सक्ने खतरा विद्यमान रहनेछन् ।

- खानेपानीका धारा प्रदूषित भएका हुनेछन् ।
- व्यक्तिगत तथा सार्वजनिक चर्पीहरू विपद्ले क्षतिग्रस्त हुनेछन् र फोहोर सर्वत्र फैलिएको अवस्था हुनेछ ।
- पिउने पानीका मुहान र स्रोतहरू प्रदूषित हुनेछन् ।
- सरसफाइको अभावले पानीजन्य सरुवा रोग फैलिएर महामारीजन्य प्रकोप बढेर थप विपद् उतपन्न हुने सम्भावना प्रबल रहनेछ

### ३.४.४. खानेपानी तथा सरसफाई स्वच्छता व्यवस्थापन विषयगत क्षेत्रको उद्देश्य :

- विपद्को कारण समुदायमा प्रदूषित खानेपानी तथा अव्यवस्थित सरसफाईका कारण प्रभावित मानिसहरूमा संक्रामक रोगहरू फैलन नदिन सुरक्षित पिउने पानी र स्वास्थ्य सरसफाइको उचित व्यवस्था गर्ने ।
- विस्थापित समुदायका लागि खास गरी शिविरमा बस्ने मानिसहरूका लागि सुरक्षित खानेपानी, स्वास्थ्य, शिक्षा तथा अस्थायी रूपमा सरसफाइ एवं नुहाउने सुविधाहरूमा पहुँच उपलब्ध छ भन्ने कुरा सुनिश्चित गर्ने ।
- विस्थापित मानिसहरूलाई आधारभूत स्वास्थ्य सम्बन्धी सामग्री उपलब्ध गराइएको छ र खानेपानी, सरसफाइ तथा स्वच्छतासँग सम्बन्धित व्यवहारिक प्रचलनहरूका वारेमा उचित रूपमा जानकारी उपलब्ध गराइएको छ भन्ने कुरा सुनिश्चित गर्ने ।
- सम्पूर्ण उपकरण तथा सुविधा उपलब्ध गराइएका छन् र विस्थापित मानिसहरू बस्ने शिविरहरूमा सुग्घर-सफा (Cleanliness) कायम गर्न तिनको सशक्तीकरण गरिएको छ भन्ने कुरा सुनिश्चित गर्ने ।

### खानेपानी तथा सरसफाई स्वच्छता व्यवस्थापन क्षेत्रमा मानवीय सहयोगका न्यूनतम मापदण्ड :

"खानेपानी तथा सरसफाई सम्बन्धी Sphere Standardsअनुसार"

#### सुरक्षित पानी

- पिउने पानी ५ लिटर प्रतिव्यक्ति प्रतिदिन, अन्य कामका लागि १५ लिटर प्रतिव्यक्ति प्रतिदिन गरि जम्मा २० लिटर प्रतिव्यक्ति प्रतिदिन, पानी संकलन गर्न जाने स्थान ५०० मिटर भन्दा ठाढा हुन नहुने र पानी ल्याउन ३० मिनेटभन्दा बढि समय नलाग्ने, पानी भर्न र भण्डारण गर्नको लागि प्रतिपरिवार २ वटा वाल्टिन उपलव्ध गराउने । सार्वजनिक धारामा प्रतिधारा ०.२ लिटर प्रतिसेकेण्ड प्रति २० परिवारको लागि पानी उपलब्ध गराउने ।

#### चर्पी

- विपदको समयमा पनि सफा र स्वच्छ रहनकोलागि शरिरबाट निस्कने फोहरलाई सुरक्षित विसर्जन गरिने व्यवस्था मिलाउने
- १ चर्पी प्रति १० देखि १५ व्यक्ति, १ चर्पी प्रति ५ जना फरक क्षमता भएका व्यक्ति
- यी पूर्वाधार तयार गर्दा खानेपानीका श्रोतहरु प्रदुषित नहुने गरि गर्नुपर्ने र महिला, बालबालिका तथा फरक क्षमता भएकाहरुलाई सहज हुने गरि गरिनु पर्नेछ ।

#### नुहाउने स्थान

- विपद आइलागेको पहिलो ३ दिन २० महिलाका लागि १ स्नान गृह तयार गर्ने, त्यसपछि २० जनाको लागि १ स्नान गृह तयार गर्ने ।

#### हाइजिन किट

- १ सेट प्रति परिवार
- प्रत्येक चर्पीमा साबुन, हार्पिक, ब्रस, फिनेल, वाल्टिन र मग राख्ने ।
- प्रतिव्यक्ति प्रतिमहिना २५० ग्राम नुहाउने र २०० ग्राम कपडा धुने साबुन उपलव्ध गराउने ।
- ठोस फोहोर व्यवस्थापनको लागि प्रति १० घरको लागि १०० लिटर क्षमताको १ कन्टेनर १०० मिटर भित्रको दूरीमा राख्ने ।Sphere तथा आधारभूत मानवीय सहायता मापदण्ड बमोजिमका सामग्रीहरु व्यवस्था गर्ने ।

## ३.४.५ खानेपानी तथा सरसफाई स्वच्छता व्यवस्थापन क्षेत्रको विपद् प्रतिकार्य योजना :

| विपद्को घटना पश्चात्को अवधि | विपद्को अवस्थामा गरीने आपतकालीन कार्य (विपद्को प्रकृतिमा आधारित) | आपतकालीन अवस्था संवोधन गर्न गरीने पूर्वतयारी कार्य | पूर्वतयारी कार्य संवोधन गर्न खाडलको पहिचान | मुख्य जिम्मेवार निकाय |
|---|---|---|---|---|
| **पहिलो दिन (विपद्को संकेत पाउनासाथ)** | • विपद्को सूचना संकलन तथा द्रुत लेखाजोखा गर्ने ।<br>• खानेपानी, सरसफाइ तथा स्वच्छता सम्वन्धि चुनौतिको अनुमान सहितको विश्लेषण गर्न विषयगत क्षेत्रको बैठक बस्ने ।<br>• आगलागी नियन्त्रणकोलागि पानी वितरणको आवश्यक व्यवस्था मिलाउने । | • लेखाजोखा तथा औजारहरु तयारी अवस्थामा राख्ने, सो सम्बन्धि अभिमुखिकरण गर्ने ।<br>• आपतकालिन अवस्थामा आगलागी नियन्त्रणकालागि पानी झिक्न मिल्ने गरी पाइपलाइन जडान गर्ने | लेखाजोखाका फारामहरु प्रर्याप्त मात्रामा तयार गर्नुपर्ने | खानेपानी तथा सरसफाई डिभिजन कार्यालय, स्थानीय तहहरु |
| **दोस्रो दिन** | • Rapid Assessment Toolsबाट प्राप्त भएका जानकारीको विश्लेषण तथा क्षेत्रगत समूह (Cluster Group)ले अनुमोदन गर्ने गरी प्रारम्भिक सहयोगको योजना सहित परिस्थितिको प्रतिवेदन तयार गर्ने र संवन्धित निकायहरूमा पेश गर्ने<br>• उपलव्ध स्रोतको आधारमा प्रथम चरणको प्रतिकार्यको थालनी गर्ने र पानी वितरण गर्ने<br>• सरसफाइका लागि हाइजिन किट वितरण गर्ने ।<br>• Point of Use (PoU)सामानको प्रयोगका लागि अभिमुखिकरण कार्यक्रम प्रभावित स्थलमा नै संचालन गर्ने । | • सञ्चार माध्यमबाट जानकारीमूलक तथा सन्देशहरु प्रसारण गर्ने ।<br>• ४०० वटा हाइजिन किट र वाटर गार्ड व्यवस्था गर्ने<br>• तालिम प्राप्त दक्ष जनशक्तिको टोली आपतकालिन अवस्थाकालागि तयार गर्ने<br>• शहरी क्षेत्रमा आपतकालिन पानी आपुर्तीको वैकल्पिक व्यवस्थाको खोजीगर्ने | आवश्यक स्रोत साधनको पहिचान गर्नुपर्ने । | खानेपानी तथा सरसफाई डिभिजन कार्यालय र क्षेत्रगत सदस्यहरु, स्थानीय तहहरु |
| **पहिलो हप्ता** | • द्रुत लेखाजोखा टोलीको प्रतिवेदनले औंल्याएको आवश्यकतालाई मध्यनजर गर्दै तत्काल खानेपानीको अवस्था अनुगमन गर्ने तथा सरसफाइका लागि निम्न सामग्री सहयोग गर्ने<br>➲ प्यान १ सेट<br>➲हार्पिक १ बोतल/चर्पी ➲ ब्रस १ थान/चर्पी<br>➲ फिनेल १ वोतल/चर्पी ➲ बाल्टी ५ लि. १ थान र १ मग/परिवार<br>• खानेपानी शुद्धीकरणका समान वितरण (बाल्टीन २ वटा १० र १५ लि., मग १ पहिलो १ हप्ता र बाँकी दिनका लागि वाटरगार्ड वा पियुस १ प्रति परिवार ) सहयोग गर्ने ।<br>• स्थानीय श्रोतको प्रयोग गरी अस्थायी शौचालय निर्माण गर्ने । | • प्रभावित समुदाय तथा घरपरिवारको लागि आवश्यक सामग्रीहरुको व्यवस्थापन गर्ने ।<br>• जिल्ला र गाउंपालिका र वडा कार्यालयहरुमा विपदको समयमा सम्वोधन गर्न तालिम प्राप्त जनशक्तिहरुको जिम्मेवारी सहित नामावली तयार गरी सम्वन्धित कार्यालयमा राख्ने | भण्डारण गरेर राखिएको सामग्रीहरु व्यवस्थितगर्नुपर्ने । | खानेपानी तथा सरसफाई डिभिजन कार्यालय र क्षेत्रगत सदस्यहरु, स्थानीय तहहरु |
| **पहिलो महिना देखि पुनर्स्थापनाको समयसम्म निरन्तर** | • **खानेपानी, सरसफाइ प्रबर्द्धन कार्य गर्ने गराउने**<br>• फोहरमैला व्यवस्थापन/फोहरपानी व्यवस्थापन<br>• शिविर क्षेत्रको सरसफाइ र निर्मलीकरण<br>• स्थानीय भाषामा जनचेतनामूलक क्रियाकलाप<br>• सरसफाइ समिति गठन र अभिमुखीकरण<br>• माइकिङ् गर्ने, सडक नाटक गर्ने, सूचना केन्द्र स्थापना गर्ने<br>• जानकारीमूलक, शिक्षाप्रद प्रचार सामग्री तयार गरी वितरण गर्ने<br>• स्वयंसेवक परिचालन , सञ्चार क्षेत्रको परिचालन,बाल/युवा क्लबको परिचालन<br>• खानेपानी तथा सरसफाई सम्वन्धि बिग्रेका पूर्वाधारहरुको सर्भेक्षण, मर्मत, सम्भार र पुर्ननिर्माण सम्वन्धि लागत योजना तयार गर्ने ।<br>• पुर्नस्थापना र पुर्ननिर्माणका कार्यक्रमहरु सञ्चालन गर्ने | • स्वास्थ्य तथा सरसफाई प्रर्वद्धनका लागि स्थानीय स्वयंमसेवक र महिला स्वास्थ्य स्वयंमसेवकहरुलाई अभिमूखीकरण गर्ने ।<br>• तयार भएका IEC सामग्री वितरण गरि व्यवहार परिवर्तनका लागि शिक्षा तथा चेतनामूलक कार्यक्रमहरु सञ्चालन गर्ने<br>• नयां वन्ने खानेपानीका योजनाहरु भूकम्प तथा विपद प्रतिरोधात्मक भौतिक निर्माणहरु गर्न तालिम दिने | स्वास्थ्य, तथा खानेपानी सरसफाई सम्वन्धि कार्यक्रमहरु सञ्चालन गर्नु पर्ने । रेडियो पत्र पत्रिका मार्फत जनचेतनामूलक कार्यक्रमहरु प्रचार प्रसार गर्नु पर्ने । | खानेपानी तथा सरसफाई डिभिजन ४, कार्यालय र क्षेत्रगत सदस्यहरु, स्थानीय तहहरु |

## ३.५.खाद्यान्न, कृषि तथा जीविकोपार्जन (Food, Agriculture and Livelihoods)

बिषयगत क्षेत्र : खाद्यान्न, कृषि तथा जीविकोपार्जन
मुख्य विपद्को किसिम : बाढी, पहिरो, भूकम्प, खडेरी, आगलागी, महामारी (कोरोना भाईरस) आदि ।
क्षेत्रगत अगुवा (Cluster Lead) : कृषि ज्ञान केन्द्र र नगरपालिका/गाउँपालिका।

### ३.५.१. खाद्यान्न, कृषि तथा जीविकोपार्जन विषयगत क्षेत्रको परिचय :

विपद्को अवस्थामा जन, धन र संरचनामा व्यापक क्षति पुग्न गई जनजीवन अस्तव्यस्त हुने भएकाले विपद् प्रभावितहरु दैनिक उपभोगका लागि खाद्यान्न संकटमा पर्न जाने सम्भावना अधिक रहन्छ । यस अवस्थामा विपद् प्रभावितलाई नियमित र पर्याप्त खाद्यान्न उपलब्ध गराउने तथा जीविकोपार्जनका बैकल्पिक स्रोतहरुको समेत पहिचान र परिचालन गरी दिगो रुपमा व्यवस्थापन गर्ने प्रयोजनका लागि खरिद तथा उत्पादन, ढुवानी, भण्डारण, वितरणलगायतका समग्र व्यवस्थापकीय कामलाई खाद्यान्न, कृषि तथा जीविकोपार्जनको क्षेत्रको रुपमा लिइएको छ ।

### ३.५.२. विषयगत क्षेत्रका अगुवा तथा सहयोगी सस्थाको सूची :

विपदको अवस्थामा जिल्लामा विपद् प्रभावितहरुको जीवन रक्षाका लागि आवश्यक खाद्यान्नको आँकलन गरी प्रभावितहरुलाई वितरण गर्न र कृषि लगायत जीविकोपार्जनका बैकल्पिक स्रोतहरुको पहिचान तथा परिचालन गरी दैनिकीलाई सहज बनाउनका लागि कृषि ज्ञान केन्द्रले सम्बन्धित स्थानीय तहका सरकारी कार्यालय तथा संघसंस्थाहरुसँग समन्वय गरी आवश्यक कार्य अघि बढाउने छ ।
यसका लागि सम्बन्धित निकाय तथा सम्बन्धित व्यक्तिहरुको सम्पर्क नम्बर देहाय अनुसार रहेको छ :

| क.सं. | निकाय तथा संस्था | नाम, थर | पद | फोन नं. |
|---|---|---|---|---|
| १ | कृषि ज्ञान केन्द्र (विषयगत क्षेत्र प्रमुख) तथा नपा/गापा | निर्मला गुरुङ | कार्यालय प्रमुख | ०४८-५४००३६ |
| | | नगरपालिका/गाउँपालिका प्रमुख तथा प्रमुख प्रशाकीय अधिकृत | | |
| २ | जिल्ला समन्वय समितिको कार्यालय | दिवस आचार्य | जि.समन्वय अधिकारी | ०४८-५४०००७ |
| ३ | जिल्ला प्रशासन कार्यालय | राजु प्रसाद पौडेल | स.प्र.जि.अ. | ०४८-५४०३७० |
| ४ | नगरपालिका/गाउँपालिका, कृषि तथा पशु सम्बन्धी शाखा | | | |
| ५ | जलश्रोत तथा सिंचाई डिभिजन कार्यालय | रिसव खनाल | डिभिजन प्रमुख | ०४८ ५४०११८ |
| ६ | डिभिजन वन कार्यालय | कृष्ण न्यौपाने | डिभिजन वन अधिकृत | ०४८-४०००६८ |
| ७ | घरेलु तथा साना उद्योग विकास समिति | मेघनाथ गौतम | उद्योग अधिकृत | ०४८-५४००३६ |
| ८ | नेपाल रेडक्रस सोसाइटी | शिवकुमार कार्की | सभापति | ०४८-५४००३३ |
| ९ | उद्योग वाणिज्य सङ्घ | केशव घिमिरे | अध्यक्ष | ९८५४०४००५२ |
| ११ | गैरसरकारी संस्था महासङ्घ | भुवन श्रेष्ठ | अध्यक्ष | ९८४४०४३४४८ |
| १२ | जिल्ला सहकारी संघ | कोमल शंकर घिमिरे | अध्यक्ष | ९८५४०४०१५१ |
| १३ | राष्ट्रिय कृषक समूह महासंघ | सोमेश थापा | अध्यक्ष | ९८५४०४०१३६ |
| १४ | जिल्ला लघुउद्यमी समूह संघ | रमेश घिमिरे | अध्यक्ष | |
| १५ | सामुदायिक वन उपभोक्ता महासंघ | दुर्गा बहादुर श्रेष्ठ | अध्यक्ष | ०४८-५४००७१ |
| १६ | सामुदायिक विपद व्यवस्थापन समितिको जिल्ला सञ्जाल | दुर्गाबहादुर माझी | सचिव | ९८४३८७७७५० |
| १७ | तामाकोशी सेवा समिति, मन्थली | गोविन्द प्रसाद घिमिरे | कार्यकारी प्रमुख | ९८५४०४००९१ |
| १८ | सामुदायिक विकास समाज | मिलन कुमार घिसिङ | कार्यकारी प्रमुख | ९८५४०४३२६५ |
| १९ | पहाडी समाज कल्याण केन्द्र | रत्न प्रसाद कँडेल | अध्यक्ष | ०४८ ५४०२८७ |
| २० | जनभावना यूवा क्लव | कुमार कँडेल | अध्यक्ष | ०४८ ५४०४६७ |
| २१ | श्रृजनशील यूवा समाज | भुवन श्रेष्ठ | अध्यक्ष | ०४८ ५४०४६६ |
| २२ | चारघरे सेवा समिति | कोमल श्रेष्ठ | कार्यकारी निर्देशक | ९८५४०४३२८५ |
| २३ | सामुदायिक जनशक्ति विकास कार्यक्रम | रोशन पाखिन | कार्यकारी प्रमुख | ०४८ ४०००५५ |
| २४ | समाजसेवी यूवा समाज, हिलेदेवी | मोहन थिङ | कार्यकारी अधिकृत | ९८४१८०५७४६ |

### ३.५.३. खाद्यान्न, कृषि तथा जीविकोपार्जन विषयगत क्षेत्रको विपद् अवस्था तथा मान्यता योजना :

विपद् समयरेखाको अध्ययनबाट जिल्लामा विभिन्न प्रकारका विपद्हरु (वि.सं. २०७२ बैशाख १२ गतेको भूकम्प तथा सोपछिका पराकम्पन) बाट जनधनको क्षति भएको छ । त्यसका अलावा बाढी तथा पहिरो सिर्जित विपद् पटक-पटक दोहोरिएको देखिन्छ । हरेक वर्ष/सालमा पहिरो, आगलागी, माहमारी तथा चट्याङ्गका घटनाहरुले मानिस, पशु तथा आर्थिक क्षति भएको तथा कोभिड १९ कोरोना भाईरसको कारणले गर्दा सिर्जना भएको बन्दाबन्दी समेतले जिल्लाका आर्थिक, सामाजिक-साँस्कृतिक तथा मनोसामाजिक क्षेत्रमा समेत नकरात्मक असर परिरहेको छ । यस आधारमा जिल्लाका कुनै न कुनै गाउंपालिका वा समुदाय बाढी, पहिरो, महमारी, आगलागी र चट्याङ्गको घटनामा पर्न सक्छन यस्तै, विशेषगरी महिला, बालबालिका, बृद्ध-बृद्धा र फरक प्रकारले सक्षम मानिस (अपाङ्ग) हरू बाढीबाट प्रभावित हुन्छन् । बस्ती डुबानमा परेर आवासीय घरहरू क्षतिग्रस्त हुन सक्नेछन् । यस अवस्थामा नागरिहरुसँग उपलब्ध खाद्य भण्डार नष्ट हुन जानाले मानिहरुलाई दाल, चामल, नून, तेल, चिनी लगायत खाद्य सामग्रीको अभाव हुन गई जनजीवन कष्टकर हुन सक्नेछ । कृषिक्षेत्रमा नकारात्मक असर पर्न गई जीविकोपार्जनमा असर पार्दछ ।

- परिवारको खाद्य आपूर्तिमा कमी, खाद्यान्न प्रतिको घट्दो पहुँच, विस्थापन तथा विद्यालयमा खुवाउने कार्यक्रम जस्ता अन्य खाद्यान्न सम्बन्धी कार्यक्रममा अवरोध भएको कारणले गर्दा अस्थायी रूपमा तीव्र खाद्य असुरक्षा ।
- सम्पत्तिमा क्षति, जीविकोपार्जनमा क्षति, बालीको नोक्सान, पशुधनको क्षति, सामना गर्ने रणनीति (coping strategy)मा बाधाका कारणहरूले गर्दा मध्यम अवधिको तीव्र खाद्य असुरक्षा ।

### ३.५.४. खाद्यान्न, कृषि तथा जीविकोपार्जन विषयगत क्षेत्रको उद्धेश्य :

यस विषयगत क्षेत्रको समष्टिगत उदेश्यको रुपमा विपदबाट प्रभावित खाद्यान्न अभावबाट हुनसक्ने पोषणको कमी, संभावित रोगका संक्रमण तथा शारिरिक र मानसिक विकासको अवरोध कम गरी मानवीय जीवनको रक्षा गर्नु रहेको छ ।

- जीवन जीउनका निमित्त विपद् प्रभावित व्यक्तिहरुलाई आवश्यक २,१०० किलो क्यालोरी (प्रति व्यक्ति/दिन) शक्ति सहितको खाना प्रभावित समुदायको धर्म, संस्कृति र विशेष आवश्यकता/परिस्थितीका आधारमा उपलब्ध गराउने ।
- जोखिममा परेका विपद प्रभावितहरुको खाद्यान्नमा पहुंच तथा उपलब्धता बढाई अभाव तथा कमीबाट सृजना हुन सक्ने शारिरिक तथा मानसिक अस्वस्थताको जोखिम कम गर्ने ।
- विपद्ले नोक्सान पुऱ्याए पश्चात खेती प्रणालीमा सुधार ल्याउन मौसम अनुसारको बैकल्पिक बाली लगाई जग्गामा (सिंचाईको भौतिक पूर्वाधार भएको क्षेत्रफलमा) उत्पादनको दिगोपना कायम गर्ने ।
- पारिवारिक स्रोतहहरूलाई पुनर्लाभ (Recovery)तथा दीर्घकालीन विकासमा लगानी गर्न दिनका लागि सक्षम पार्न मानिसहरूलाई अल्पकालीन रूपमा अम्दानीको स्थानान्तरण अथवा प्रतिस्थापन गने अवसर प्रदान गर्ने ।

## ३.५.५. खाद्यान्न, कृषि तथा जीविकोपार्जन विषयगत क्षेत्रको विपद् प्रतिकार्य योजना :

| विपद्को घटना पश्चात्को अवधि | विपद्को अवस्थामा गरीने आपतकालीन कार्य (विपद्को प्रकृतिमा आधारित) | आपतकालीन अवस्था संवोधन गर्न गरीने पूर्वतयारी कार्य | पूर्वतयारी कार्य संवोधन गर्न खाडलको पहिचान | मुख्य जिम्मेवार निकाय |
|---|---|---|---|---|
| **पहिलो दिन (विपद्को संकेत पाउनासाथ)** | • विपद् प्रभावको सूचना संकलन गर्ने ।<br>• क्षति तथा नोक्सानी, खाद्य सुरक्षा र व्यवस्थापनको चुनौतिको अनुमान सहितको विश्लेषण गर्न खाद्य क्षेत्रको आकस्मिक बैठक गर्ने ।<br>• विपद् प्रतिकार्यमा परिचालन हुने स्वयंसेवक तथा कर्मचारीहरूलाई संचार गर्ने । | • सम्भावित बाढी जोखिम स्थानमा सूचना संयन्त्र स्थापना गर्ने ।<br>• समितिका सबै सदस्यहरू एवं सरोकारवाला निकायहरूको सम्पर्क व्यक्ति चयन गर्ने ।<br>• प्रशिक्षित स्वयंसेवकहरूको अद्यावधिक तथ्यांक राख्ने । | पर्याप्त तालिम प्राप्त मानवीय श्रोतको कमी | कृषि ज्ञान केन्द्र र नगरपालिका/गाउँपालिका, क्षेत्रगत सदस्यहरु |
| **दोस्रो दिन** | • DDMC को बैठकमा सहभागि भई सूचना आदान प्रदान ।<br>• विषयगत अगुवा संस्था तथा सहयोगि सस्थाहरुको बैठक गरी समन्वय संयन्त्रको स्थापना, स्रोत साधनको आंकलन र बिषयगत क्षेत्रले घटनाको वस्तुगत विवरण तयार गर्ने ।<br>• राहत सामग्रीको ढुवानी र प्राप्तिको कामलाई सहजतामा ल्याउने र समन्वय गर्ने ।<br>• तयारी खानेकुरा बितरण गर्ने<br>• (चिउरा, चाउचाउ, चिनि, बिस्कुट आदि)<br>• सर्वेक्षण तथा लेखाजोखाको तयारी र अभिमूखीकरण गर्ने । | • विषयगत अगुवा संस्था तथा सहयोगि सस्थाहरुको चौमासिक बैठक वस्नेर र जोखिम स्थानमा खाद्दान्न पुरयाउने रणनीति तयार गर्ने ।<br>• आपत्कालीन तयारी खानेकुराको व्यवस्थापन गर्ने । कृषी विकास कार्यालयसंग ४२०० घरधुरीलाई १ महिनासम्म पुग्ने खाद्दान्न रहेको<br>• उधोग वाणिज्य संघले १० वटा व्यापारिक स्थानहरुका व्यापारीहरुसंग आपतकालिन अवस्थाकालागि विशेष गरी जेष्ठ देखि भदौसम्म खाद्दान्न भण्डार गर्न छलफल र सहमती गर्ने | आपत्कालीन तयारी खानेकुराको व्यवस्थापन गर्नुपर्ने र व्यापारीहरुसंग संझौता वा सहमती गर्नुपर्ने | कृषि ज्ञान केन्द्र र नगरपालिका/गाउँपालिका, क्षेत्रगत सदस्यहरु |
| **पहिलो हप्ता** | • द्रुत लेखाजोखा टोलीले संकलन गरेको विवरण विश्लेषण गरी आपत्कालीन राहतको आवश्यकता विश्लेषण सहितको प्रतिवेदन तयार गर्ने र जिदैप्रउद्दास बैठकमा पेश गर्ने ।<br>• द्रुत लेखाजोखा टोलीको प्रतिवेदनले औंल्याएको आवश्यकतालाई मध्यनजर गर्दै तत्काल सुख्खा खाना सहयोगको व्यवस्थापन गर्ने ।<br>• बहुक्षेत्रगत प्रारम्भकि द्रुत लेखाजोखा (MIRA) फाराम विश्लेषण गरी राहत खाद्यान्न आवश्यकताको अनुमानित विवरण तयारी गर्ने | • खाद्य सम्पर्क व्यक्ति पहिचान ।<br>• तत्काल राहतका लागि आवश्यक सुख्खा खानाको अनुमानित विवरण तयारी ।<br>• मीरा टोली गठन र तालिम<br>• मीरा फाराम व्यवस्था<br>• विशेष अवस्थाका महिलाहरु विशेष गरी सुत्केरी, गर्भवती र वालवालिका | यातायातको व्यवस्था, संचार संयन्त्रको व्यवस्था विषेश गरि हेलिकोप्टरको व्यवस्था र हेलिप्याड अवतरण गर्ने ठाउँको खोजी, गाविस स्तरका सबै संयन्त्रको परिचालन तथा सम्पर्क नम्वरहरु<br>सुख्खा खानाको व्यवश्था | कृषि ज्ञान केन्द्र र नगरपालिका/गाउँपालिका, क्षेत्रगत सदस्यहरु, विश्व खाद्य कार्यक्रम |

| विपद्को घटना पश्चात्को अवधि | विपद्को अवस्थामा गरीने आपतकालीन कार्य (विपद्को प्रकृतिमा आधारित) | आपतकालीन अवस्था संवोधन गर्न गरीने पूर्वतयारी कार्य | पूर्वतयारी कार्य संवोधन गर्न खाडलको पहिचान | मुख्य जिम्मेवार निकाय |
|---|---|---|---|---|
| | | र जेष्ठ नागरिककोलागि आवश्यक पर्ने खाद्यान्नको व्यवस्थ ागर्ने | गर्नुपर्ने ।<br>मीरा टोलीलाई तालिम | |
| **पहिलो महिना** | ● आवश्यकता विश्लेषण गरी स्रोत साधनको व्यवस्था मिलाउने ।<br>● खाद्यान्न राहतको खरिद, ढुवानी, भण्डारण तथा वितरण गर्ने ।<br>● राहत वितरण र प्रभावकारीता अनुगमन गर्ने । | ● सम्भावित आपत्कालीन आपूर्तिकर्ता, वैकल्पिक ढुवानी मार्गहरु तथा भण्डारण सम्बन्धमा छलफल गर्ने ।<br>● विशेष अवस्थाका महिलाहरुकोलागि स्वास्थ्यर पोषणलाई ध्यान दिई तरकारी वारी र घर वगैंचा सुधार र व्यवस्थापनकालागि विउविजन, ससाना पशु तथा विरुवा वितरण गर्ने | लामो अवधिको राहत अभाव रहेको । | जिल्ला कृषि विकास कार्यालय, जिविस/गाविस/नपा, विश्व खाद्य कार्यक्रम, क्षेत्रगत सदस्यहरु |
| **दोस्रो महिना** | ● खाद्य सामाग्री वितरण (स्पेयर मापदण्ड अनुसार)<br>● तत्कालीन पुनर्स्थापनाको लागि आवश्यक अध्ययन, लेखाजोखा तथा विश्लेषण गरी बसोबास र जीविकोपार्जन जस्ता प्रमुख क्षेत्रको विकासका कार्यलाई अघि बढाउने वातावरण तयार गर्ने ।<br>● संचालन भईरहेको तथा भएका कार्यको अनुगमन गर्ने ।<br>● विपद् घटनाको, पुनर्स्थापनाका प्रयासहरुको समग्र विश्लेषण सहित प्रतिवेदन तयार गर्ने । | ● सम्भावित आपत्कालीन आपूर्तिकर्ता, वैकल्पिक ढुवानी मार्गहरु तथा भण्डारण सम्बन्धमा छलफल गर्ने । | खाद्य सामग्रीको व्यवस्थापन गर्नुपर्ने । | जिल्ला कृषि विकास कार्यालय, जिविस/गाविस/नपा, विश्व खाद्य कार्यक्रम, क्षेत्रगत सदस्यहरु |
| **तेस्रो महिना र सो भन्दा बढी** | ● आवश्यकता अनुरुप जिविकोपार्जनका कार्यक्रमहरु सञ्चालन गर्ने (कृषि र पशुपालन, सीपमूलक )<br>● बाढीबाट प्रभावित कृषि भूमिलाई कृषियोग्य बनाउन लेवलिङ्ग, वृक्षारोपण, बायो इन्जिनियरिङ्ग जस्ता कार्य गर्ने ।<br>● खाद्यान्न सहयोग कार्यको समिक्षा वैठक र अवस्थाको अद्यावधिकीकरण । | ● बृक्षारोपण (नेपीयर घाँस) तथा बायोइन्जिनियरिङ्गका लागि बाँस तथा अन्य आयमुलक बिरुवाको व्यबस्था गर्ने ।<br>● कृषीबाली तथा पशुविमा गर्ने | जीविकोपार्जनका बैकल्पिक स्रोतहरुको खोजी गर्नुपर्ने । | जिल्ला कृषि विकास कार्यालय, जिविस/गाविस/नपा, विश्व खाद्य कार्यक्रम, क्षेत्रगत सदस्यहरु |

### ३.६. आपत्कालिन स्वास्थ्य तथा पोषण (Health and Nutrition)

बिषयगत क्षेत्र : आपत्कालिन स्वास्थ्य तथा पोषण
मुख्य विपद्को किसिम : बाढी, पहिरो, भूकम्प, खडेरी, आगलागी, महामारीजन्य रोगहरु (कोरोना)।
क्षेत्रगत अगुवा (Cluster Lead) : स्वास्थ्य कार्यालय, रामेछाप र नगरपालिका/गाउँपालिका।

#### ३.६.१. स्वास्थ्य तथा पोषण विषयगत क्षेत्रको परिचय :

विपद्को अवस्थामा जन, धन र संरचनामा व्यापक क्षति पुग्न गई जनजीवन अस्तव्यस्त हुने भएकाले विपद् प्रभावित समुदायमा स्वास्थ्य तथा पोषणको अवश्था बिग्रने सम्भावना अधिक रहन्छ। सम्भावित यस परिस्थितिलाई संवोधन गर्न यस्तो अवस्थामा विपत् प्रभावित समुदायमा स्वास्थ्य तथा पोषणसँग सम्बन्धित विषयहरुको व्यवस्था गर्ने क्षेत्रलाई स्वास्थ्य तथा पोषण भनिन्छ।

#### ३.६.२. विषयगत क्षेत्रका अगुवा तथा सहयोगी सस्थाको सूची :

विपदको अवस्थामा विपद् प्रभावितहरुको जीवन रक्षाका लागि आवश्यक आपत्कालीन स्वास्थ्य तथा पोषणको व्यवस्था गर्नको लागि जिल्ला जनस्वास्थ्य कार्यालयले सम्बन्धित सरकारी कार्यालय तथा संघसंस्थाहरुसँग समन्वय गरी आवश्यक कार्य अघि बढाउने छ। यसका लागि सम्बन्धित निकाय तथा सम्बन्धित व्यक्तिहरुको सम्पर्क नम्बर देहायअनुसार रहेको छ :

| क्र.सं. | निकाय तथा संस्था | नाम, थर | पद | सम्पर्क नं. |
|---|---|---|---|---|
| १ | स्वास्थ्य कार्यालय | विद्या खनाल | कार्यालय प्रमुख | ०४८-४०००७२ |
| | (विषयगत क्षेत्र प्रमुख) तथा नपा/गापा | नगरपालिका र गाउँपालिकाका प्रमुखहरु त्था प्रमुख प्रशासकीय अधिकृत | | |
| २ | जिल्ला समन्वय समितिको कार्यालय | दिवस आचार्य | जि.स.अधिकारी | ०४८-५४०३४७ |
| ३ | जिल्ला प्रशासन कार्यालय, मन्थली | राजु प्रसाद पौडेल | स.प्र.जि.अ. | ०४८ ५४०३७० |
| ४ | आयुर्वेद कार्यालय, मन्थली | नरेन्द्र प्रसाद गिरी | आयुर्वेद चिकित्सक | ०४८-५४०१४३ |
| ५ | कृषि ज्ञान केन्द्र | निर्मला गुरुङ | कार्यालय प्रमुख | ०४८-५४००६३ |
| ६ | शिक्षा विकास तथा समन्वय कार्यालय | भरत कुमार भट्टराई | कार्यालय प्रमुख | ०४८-५४०१४३ |
| ७ | नेपाल रेडक्रस सोसाइटी, रामेछाप | शिवकुमार कार्की | सभापति | ०४८-५४००३३ |
| ८ | रामेछाप उद्योग वाणिज्य सङ्घ | केशव घिमिरे | अध्यक्ष | ०४८-५४००२८ |
| १० | गैरसरकारी संस्था महासङ्घ, रामेछाप | भुवन श्रेष्ठ | अध्यक्ष | ०४८-५४०५०५ |
| ११ | नेपाल पत्रकार महासंघ | रमेश ढुंगेल | अध्यक्ष | ९७४४०२५४१६ |
| १२ | तामाकोशी सेवा समिति, मन्थली | गोविन्द घिमिरे | कार्यकारी प्रमुख | ०४८-५४००९१ |
| १३ | सामुदायिक विकास समाज | मिलन घिसिङ | कार्यकारी निर्देशक | ९८५४०४३२६५ |
| १४ | पहाडी समाज कल्याण केन्द्र | रत्न प्रसाद कँडेल | अध्यक्ष | ९८५४०४०२८७ |
| १५ | सामुदायिक जनशक्ति विकास कार्यक्रम | रोशन पाखिन | कार्यकारी प्रमुख | ९८४४०६६३६७ |
| १६ | तामाकोशी सहकारी अस्पताल, मन्थली | डा. सुमन कार्माचार्य | कार्यकारी निर्देशक | ०४८-५४०२१० |
| १७ | रामेछाप सामुदायिक अस्पताल, मन्थली | नारायण दास श्रेष्ठ | प्रबन्धक | ०४८-५४०४७६ |
| १८ | मन्थली पोलिक्लिनिक एण्ड डायग्नोसिस सेन्टर | मोहन श्रेष्ठ | प्रबन्धक | ०४८-५४०३०५ |
| १९ | सहारा सामुदायिक अस्पताल, मन्थली | रामनारायण श्रेष्ठ | प्रबन्धक | ०४८-५४००५० |
| २० | नेपाल औषधी व्यवसायी संघ | मोहन श्रेष्ठ | सम्पर्क व्यक्ति | ९८५४०४०३०५ |
| २१ | TPO Nepal | पाण्डव प्रसाई | जिल्ला संयोजक | ९७४४०१५७९० |

#### ३.६.३. स्वास्थ्य तथा पोषण विषयगत क्षेत्रको विपद् अवस्था तथा मान्यता योजना :

विपद् समयरेखाको अध्ययनबाट जिल्लामा विभिन्न प्रकारका विपद्हरु मध्ये (वि.सं.२०७२ बैशाख १२ गतेको भूकम्प तथा सो पछिका पराकम्पन) बाट जनधनको क्षति भएको छ। त्यसका अलवा हरेक वर्ष बाढी तथा पहिरो सिर्जित विपद् पटक-पटक दोहोरिएको देखिन्छ। झन यस वर्ष त कोभिड १९ कोरोना भाईरसको कारणले गर्दा सिर्जना भएको बन्दाबन्दी समेतले जिल्लाका आर्थिक, सामाजिक-साँस्कृतिक तथा मनोसामाजिक क्षेत्रमा समेत नकरात्मक असर परिरहेको छ। यस आधारमा जिल्लाका कुनै न कुनै स्थान वा समुदाय बाढी तथा पहिरो, आगलागी, महामारी, भुकम्प आदिको चपेटामा पर्नेछन्। बाढी, पहिरो, आगलागि, महामारी र भूकम्प जस्ता प्रकोप तथा विपद्का कारण जनधनको

क्षति तथा प्रभावित हुन सक्ने देखिन्छ । यस्तै, विशेषगरी महिला, बालबालिका, वृद्ध-बृद्धा र फरक प्रकारले सक्षम मानिस (अपाङ्ग) हरू विपद्बाट प्रभावित हुन सक्नेछन् ।

- चोटपटक लागि घाइते हुने, मानवीय क्षति हुनसक्छ ।
- सरुवा रोगको प्रकोप : झाडा पखाला, हैजा, आउँ, औलो, डेन्गु, चिकनगुनिया, दादुरा, आँखा तथा छाला सम्बन्धि रोग, स्वास प्रश्वास सम्बन्धि रोगहरु
- कोरोना भाइरसको संक्रमण देखिन सक्ने तथा फैलिन सक्नेछन् ।
- स्वास्थ्य क्लिनिक नष्ट हुनु अथवा पहुँच नहुनु ।
- औषधी तथा औजारको हानी नोक्सानी तथा कमी
- सुत्केरी तथा प्रसुती सम्बन्धी समस्या
- यौन रोग तथा एच.आइ.भि. एडस् तथा क्षयरोग फैलिने क्रममा वृद्धि
- विपद्को कारणले बढ्दो मानसिक स्वास्थ्य समस्या
- चिकित्सक लगायत स्वास्थ्य कर्मीको कमी
- खाद्य सामग्रीको तीव्र अभावको कारणले गर्दा गम्भीर कुपोषण, हैजा तथा झाडा-पखालाजस्ता रोगहरूको जोखिममा वृद्धि, स्वास्थ्य एवं सामाजिक सेवाहरूमा घट्दो पहुँच, उपचारात्मक तथा अतिरिक्त खुवाउने कार्यक्रम (Feeding Programme)मा अवरोध
- आकस्मीक सेवाको लागी रगतको अभाव ।
- जि वि भि (GBV)मा बृद्धि हुन सक्ने ।

### ३.६.४. स्वास्थ्य तथा पोषण विषयगत क्षेत्रको उद्देश्य :

स्वास्थ्य तथा पोषणको समष्टिगत उद्देश्यको रुपमा जस्तोसुकै आपतकालीन अवस्था परेता पनि मानव जीवन सुरक्षा तथा कल्याण (Human survival and well-being)खास गरी एकदमै जोखिममा रहेका समूहको स्वास्थ्य, प्रजनन् स्वास्थ्य तथा पोषण सम्बन्धि आवश्यकताहरू पूरा भएका छन् भनी सुनिश्चित गर्ने रहेको छ भने विशिष्ट उद्देश्यका रुपमा तल उल्लेखित कुराहरु रहेका छन् ।

**स्वास्थ्य :**

- झाडापखाला, हैजा, औलो, कोरोना तथा अन्य पानीजन्य एवं कीटजन्य रोगहरूको पर्याप्त रोकथाम तथा उपचार क्षमता सुनिश्चित गर्नका निमित्त जिल्ला स्वास्थ्य कार्यालय/जिल्ला जन स्वास्थ्य कार्यालयलाई सहयोग गर्ने ।
- अरू द्रुत लेखाजोखा (Rapid assessment)सँग एकीकृत गरी स्वास्थ्य तथा पोषण (अवस्था तथा सेवाहरू) को द्रुत सर्वेक्षण क्षमतालाई सुदृढ पार्ने ।
- रोग फैलन गएका खण्डमा सहयोग तथा लेखाजोखाका लागि क्षमता अभिवृद्धि गर्ने ।
- आधारभूत स्वास्थ्य सेवाहरूमा निरन्तर पहुँच सुनिश्चित गर्न र स्वास्थ्य शिविरको सञ्चालन गर्न र अर्को निकायमा पठाउने संयन्त्र (referral mechanism)को विकास गर्न जिल्ला स्वास्थ्य कार्यालय/जिल्ला जनस्वास्थ्य कार्यालयलाई सहयोग पुऱ्याउने ।
- पर्याप्त आपत्कालीन आपूर्ति र मानव स्रोत लगायतका विषयमा शीघ्र क्षमता अभिवृद्धिका लागि जिल्ला स्वास्थ्य कार्यालय/जिल्ला जनस्वास्थ्य कार्यालयलाई सहयोग गर्ने ।
- गर्भवती तथा सुत्केरी सेवाहरुलाई प्रभावकारी गराउन जिल्ला स्वास्थ्य कार्यालयलाई सहयोग गर्ने ।
- परिवार नियोजन, सुरक्षित मातृत्व, यौन रोग तथा HIV/AIDS उपचार व्यवस्थापनको लागी आवस्यक पर्ने सामग्री तथा औषधीहरुको सुनिश्चतता गर्ने र सेवाहरु उपलब्ध गराउने ।

**पोषण :**

- विस्थापित मानिसहरूका लागि पूरक खाना खुवाउने कार्यक्रम (Supplementary Feeding Programme - SFP)मा पहुँचको माध्यमबाट गर्भवती तथा दूध खुवाउने महिला एवं पाँच वर्षमुनिका केटाकेटीहरूमा गम्भीर कुपोषणको वृद्धिलाई रोकथाम गर्न जिल्ला स्वास्थ्य कार्यालय/जिल्ला जन स्वास्थ्य कार्यालयलाई सहयोग गर्ने
- गम्भीर कुपोषण (Severe Acute Malnutrition - SAM) को उपचार तथा सेवामा निरन्तर पहुँच सुनिश्चित गर्न जिल्ला स्वास्थ्य कार्यालय/जिल्ला जन स्वास्थ्य कार्यालयलाई सहयोग गर्ने ।

- निरन्तर स्तनपान सुनिश्चित गर्न र अवाञ्छित स्तनपानका विकल्पहरूको वितरणमा रोक लगाउन जिल्ला जनस्वास्थ्य अधिकृत/जिल्ला जनस्वास्थ्य कार्यालयलाई मद्दत गर्ने
- भिटामिन ए को वितरण/जुका मार्ने औषधि तथा प्रभावित केटाकेटीहरूका लागि खोप सम्बन्धि गतिविधिहरू सुनिश्चित गर्नका निमित्त जिल्ला स्वास्थ्य कार्यालय/जिल्ला जनस्वास्थ्य कार्यालयलाई सहयोग गर्ने ।

### मानवीय सहयोगसम्बन्धी न्यूनतम मापदण्ड :

- प्रारम्भिक लेखाजोखा सञ्चालन गरिएकै समयमा स्वास्थ्य सम्बन्धि निगरानी (Health surveillance)शुरु हुन्छ ।
- समुदायको तहमा रोग तथा चोट-पटकको उपचार विद्यमान प्राथमिक स्वास्थ्य केन्द्रको प्रणालीको माध्यमबाट, स्वास्थ्य संस्थाहरूमा केही उपचार एवं थोरै संख्यामा गम्भीर बिमारीहरूलाई सिफारिश गरी अन्य केन्द्रहरू (referral centres) मा पठाई आपत्कालीन स्वास्थ्य सेवा कार्यक्रमको कार्यान्वयन गरिनेछ ।
- सिफारिश गरी पठाइने अन्य केन्द्रहरू (referral centres) मा केन्द्रहरूमा पुग्नका निमित्त बिरामीहरूका लागि उपयुक्त यातायातको प्रवन्ध गरिनेछ ।

### ३.६.५. स्वास्थ्य तथा पोषण विषयगत क्षेत्रको विपद् प्रतिकार्य योजना :

| विपद्को घटना पश्चातको अवधि | विपद्को अवस्थामा गरिने आपतकालीन कार्य (विपद्को प्रकृतिका आधारमा) | आपतकालीन अवस्था संबोधन गर्न गरिने पूर्व तयारी कार्य | पूर्वतयारी कार्य संबोधन गर्न खाडलको पहिचान | मुख्य जिम्वेवार निकाय |
|---|---|---|---|---|
| पहिलो दिन | • प्रकोप तथा विपद्को जानकारी संकलनको लागी RRT र CRRTको वैठक संचालन ।<br>• प्रकोपको लेखाजोखा तथा बिष्लेशण ।<br>• स्वास्थ्य सेवा प्रदान, सूचना प्रवाह र समन्वय<br>• Triage (रातो, पहेलो, हरियो) को वर्गीकरण गरि उपचार तथा व्यवस्थापन गर्ने । | • आपत्कालीन कार्ययोजना तयार गर्ने र अधावधिक गर्ने र सोही अनुसार पूर्वतयारी गर्ने<br>• RRT / CRRTको गठन तथा वैठक संचालन ।<br>• तालिम प्राप्त जनशक्तिको व्यवस्था ।<br>• क्वारेन्टिन तथा आइसोलेसन तयार गर्ने<br>• आपत्कालिन स्वास्थ्य सामाग्रीको व्यवश्या | यातायात तथा संचारको भरपर्दो व्यवस्था गर्नुपर्ने ।<br>स्वास्थ्य समाग्रीको व्यवस्था गर्नुपर्ने । | स्वास्थ्य कार्यलय, क्षेत्रगत सदस्यहरु, स्थानीय तहहरु । |
| दोस्रो दिन | • जानकारीको सङ्कलन तथा परिस्थितिलाई अद्यावधिक गर्नका लागि मुख्य प्रकोपको जानकारी प्राप्त भएपछि Rapid Response Team -RRT)को वैठक गर्ने<br>• भौतिक तथा मानविय क्षतिको तथ्यगत विवरण, अघिल्लो दिनमा गरिएका कार्यको समिक्षा ।<br>• स्वास्थ्यसँग सम्बन्धित विभिन्न अन्तर समूहसँग विपद् व्यवस्थापनमा छलफल ।<br>• मानविय तथा भौतिक स्रोत साधनको नक्सांकन गर्ने र आवश्यक व्यवस्था गर्ने<br>• स्वयम् सेवकहरुको पहिचान गरि परिचालन गर्ने । | • सहयोगी संस्थासँग सहयोग गर्न तयारी अवस्थामा बस्न आव्हान गर्ने ।<br>• तालिम संचालन र औषधीको बफर स्टक राख्ने ।<br>• एम्बुलेन्स सेवाको सुनिश्चितता<br>• घाइतेको जटिलता अनुसारको उपचारका लागि पूर्वतयारी गर्ने । | दक्ष जनशक्तिको कमी<br>भौतिक स्रोत साधन तथा औषधी | स्वास्थ्य कार्यलय, क्षेत्रगत सदस्यहरु, स्थानीय तहहरु । |
| पहिलो हप्ता | • महामारी फैलाउन सक्ने सम्भावित स्रोत पहिचान गरि छुट्याउने ।<br>• सम्भावित जोखिमलाई न्यूनिकरण गर्न उचित स्थानको पहिचान गरि विस्थापनको व्यवस्था गर्ने ।<br>• अपुग भएको औषधी तथा अन्य व्यवस्थापकीय सामग्रीको व्यवस्था गर्ने<br>• आवश्यकताअनुसार बाह्य अनुसन्धान टोली खटाउने<br>• महिला स्वास्थ्य स्वयम्सेविका तथा स्थानीय स्वास्थ्यकर्मीको कार्य निर्धारण र अभिमुखीकरण गर्ने | • प्रसुती कक्षको पुनः निर्माण गर्ने ।<br>• विपद्बाट प्रभावितलाई मानसिक परामर्श तथा मनोरञ्जनका गतिविधिमा संलग्न गराउन आवश्यक पर्ने श्रोतहरुको व्यवस्थ ागर्ने ।<br>• आमसञ्चार माध्यमलाई प्रयोग गरी महामारी लगातय अन्य स्वास्थ्य सम्बन्धी आवश्यक जानकारी प्रशारण गर्ने । | उचित र समयमै परामर्श नपाएको खण्डमा मानसिक विचलन आउन सक्ने । | |

| विपद्को घटना पश्चातको अवधि | विपद्को अवस्थामा गरिने आपतकालीन कार्य (विपद्को प्रकृतिका आधारमा) | आपतकालीन अवस्था संबोधन गर्न गरिने पूर्व तयारी कार्य | पूर्वतयारी कार्य संबोधन गर्न खाडलको पहिचान | मुख्य जिम्वेवार निकाय |
|---|---|---|---|---|
| | • विपद्बाट प्रभावितलाई मानसिक परामर्श तथा मनोरञ्जनका गतिविधिमा संलग्न गराउने | | | |
| पहिलो महिना | • ५ बर्ष मुनिका बालबालिका, गर्भवती तथा सुत्केरी महिलाको पोषण स्थितिको लेखाजोखा तथा परामर्श<br>• ५ बर्ष मुनिका बच्चाको पोषण अवस्थालाई मध्यनजर गरेर सूक्ष्म पोषक तत्व वितरण गर्ने ।<br>• मध्यम तथा कडा शिघ्र कुपोषित बच्चालाई स्वास्थ्य संस्थामा प्रेषण गरि विशेष प्रकारले उपचार गराउने ।<br>• स्वास्थ्यसम्बन्धी प्रतिकार्य क्रियाकलापको सुपरिवेक्षण तथा अनुगमन गर्ने ।<br>• स्वास्थ्य शिक्षा सम्बन्धी घुम्ती टोली मार्फत जनचेतना अभिवृद्धि गर्ने ।<br>• भत्केका भौतिक संरचनाको मर्मत तथा संहारको व्यवस्था गर्ने ।<br>• यौन स्वास्थ्य सम्वन्धि जनेचतना जगाउने र परिवार नियोजनका अस्थायी साधनहरु वितरण गर्ने | • म.स्वा.स्व.से. परिचालन गरि पाखुरा नाप लगायतका पोषण स्थितिको जाँच तथा परीक्षण गर्ने<br>• सुक्ष्म पोषक तत्वको व्यवस्था गर्न मागफारम भरि माथिल्लो निकायमा पेश गर्ने<br>• यौन स्वास्थ्य सम्वन्धि जनेचतना जगाउने र परिवार नियोजनका अस्थायी साधनहरुको व्यवस्था गर्ने<br>• सुपरिवेक्षण तथा अनुगमन टोली गठन गरि परिचालन गर्ने<br>• भत्केका संरचना पुनः निर्माणका लागि विभिन्न निकायलाई अनुरोध गर्ने । | सूक्ष्म पोषक तत्व जिल्लामा प्रयाप्त नआउने ।<br>प्रेषण प्रणाली व्यवस्थित नहुनु ।<br>स्वास्थ्य सेवालाई भत्केका स्वास्थ्य संरचनाले प्रत्यक्ष असर गर्न सक्ने । | जनस्वास्थ्य कार्यालय, क्षेत्रगत सदस्यहरु, स्थानीय तहहरु । |
| दोस्रो महिना वा सो भन्दा माथि | • खोप, ओपिडि, पोषण लगायत अन्य स्वास्थ्यसम्बन्धी कार्यक्रमहरुलाई सुचारु एवम् निरन्तरता दिने ।<br>• घाइते तथा प्रभावित मानिसहरुको जनजीवन सामान्यीकरण गर्नका लागि विविध कार्यक्रमको आयोजना गर्ने ।<br>• गर्भवती, सुत्केरी र वालवालिकाको लागि पोषण युक्त खानाको व्यवस्था गर्न खाद्य र संरक्षण क्षेत्र लगायत अन्य गैससँग समन्वय गरि उपलब्ध गराउने ।<br>• भावी दिनमा हुन सक्ने दैवि तथा प्राकृतिक प्रकोपको क्षति न्यूनिकरण गर्न विकल्पहरु खोज्ने । | • जीर्ण स्वास्थ्य संस्थाहरुको तथ्याङ्क संकलन गरि सम्बन्धित निकायमा पेश गर्ने ।<br>• पोषण सम्बन्धि कार्यक्रमबाट कति बालबालिका लाभान्वित भए त्यसको मुल्याङ्कन गर्ने । | जीर्ण स्वास्थ्य संस्था पुनःनिर्माणमा ढिलाई ।<br>खोप, OPD, पोषण लगायत अन्य स्वास्थ्य सम्बन्धिका कार्यक्रमहरुमा सम्पूर्ण लक्षित समूहले सेवा नपाउने । | जनस्वास्थ्य कार्यालय, क्षेत्रगत सदस्यहरु, स्थानीय तहहरु । |

### ३.७. आपत्कालिन शिक्षा (Emergency Education)

बिषयगत क्षेत्र : आपतकालिन शिक्षा
मुख्य विपद्को किसिम : बाढी, पहिरो, भूकम्प, महामारी (कोरोना भाईरस), आगलागी, चट्याङ्ग
क्षेत्रगत अगुवा (Cluster Lead) : शिक्षा विकास तथा समन्वय कार्यालय र नगरपालिका/गाउँपालिका।

### ३.७.१. आपतकालीन शिक्षा विषयगत क्षेत्रको परिचय :

विपद्को अवस्थामा जन, धन र संरचनामा व्यापक क्षति पुग्न गई जनजीवन अस्तव्यस्त हुने भएकाले विपद् प्रभावित समुदायमा शिक्षा, स्वास्थ्य, खानेपानी, सरसफाईको अवस्था बिग्रने सम्भावना अधिक रहन्छ। सम्भावित यस परिस्थितिलाई संवोधन गर्न यस्तो अवस्थामा विपत् प्रभावित समुदाय शिक्षा र शिक्षासँग सम्बन्धित विषयहरुको व्यवस्था गर्ने क्षेत्रलाई आपत्कालिन शिक्षा भनिन्छ।

२०६८ को जनगणना अनुसार कुल जनसंख्या २०२६४६ जना रहेको (पुरुष ९३६८६ र महिला १०९२६० जना) रहेको छ। EMIS २०७६ अनुसार रामेछाप जिल्लामा बाल केन्द्र २७९, आधारभूत तह (१-८) ३२९, माध्यामिक तह ९४ (१-१० संचालित ४८ र १-१२ संचालित ४६) वटा संचालित छन्। ती मध्ये ८ वटा मा.वि.मा प्राविधिक धारका कक्षा समेत संचालनमा रहेका छन्। त्यसै गरी रामेछाप जिल्लामा प्राविधिक तहमा १२५३, निम्न माध्यामि तहमा ३४५, माध्यामिक तहमा २२५ र उ.मा.वि. तहमा ९८ जना (स्थायी, अस्थायी र राहात कोष समेत) गरी कुल १९२१ जना शिक्षक कार्यरत छन भने बालविकास तर्फ ३७९ वाल विकास शिक्षक कार्यरत छन्। विद्याथी तर्फ बालविकास केन्द्रमा छात्रा २८४१, छात्र ३२०० गरी कुल ६०४१ जना, कक्षा १-१२ तर्फ छात्रा २०९९५, छात्र १९०४३ गरी कुल ४००३८ जना अध्ययनरत छन। बाल विकास केन्द्र देखि कक्षा १२ सम्म कुल ४६०७९ विद्यार्थी अध्ययनरत छन्। जिल्लामा क्याम्पस ११, सामुदायिक विकास केन्द्र ४६, स्रोत कक्षा २, खुल्ला विद्यालय १ संचालनमा रहेका छन्।

मिति २०७२ साल बैशाख १२ गतेको भूकम्प र सो पछिका पराकम्पनबाट यस जिल्लाको शिक्षा क्षेत्रमा धेरै क्षती पुगेको छ। भूकम्पबाट विद्यालयको १८५ विद्यालय भवन तथा अन्य भौतिक संरचनाहरु समेत क्षति भएको छ। यस वर्ष त झन् कोभिड १९ कोरोना भाईरसको कारणले गर्दा सिर्जना भएको बन्दाबन्दी समेतले जिल्लाका आर्थिक, सामाजिक-साँस्कृतिक तथा मनोसामाजिक क्षेत्रमा समेत नकरात्मक असर परिरहेको छ। यसका साथै अन्य विपद्हरुबाट समेत शैक्षिक क्षेत्रमा नकारात्मक प्रभाव परिरहेकोले आगामी दिनमा यस्ता विपद्हरुबाट हुने क्षतीलाई व्यवस्थापन गर्दै विद्यालयहरु नियमित रुपमा सञ्चालन गरी बालवालिकाहरुको पढन पाउने अधिकारलाई सुनिश्चितता गर्नका लागि यो आपतकालिन प्रतिकार्य योजना तयार गरिएको हो।

### ३.७.२ विषयगत क्षेत्रका अगुवा तथा सहयोगी संस्थाको सूची :

विपदको अवस्थामा प्रभावित स्थलमा शिक्षाको सेवा सम्बन्धि प्रबन्ध मिलाउन जिल्ला शिक्षा कार्यालयले सम्बन्धित सरकारी कार्यालय तथा गैर सरकारी संघसंस्थाहरुसँग समन्वय गरी आवश्यक कार्य अघि बढाउने छ। यसका लागि सम्बन्धित निकाय तथा सम्बन्धित व्यक्तिहरुको सम्पर्क नम्बर देहायअनुसार रहेको छ :

| क्र सं. | निकाय तथा संस्था | नाम, थर | पद | फोन नं. |
|---|---|---|---|---|
| १ | शिक्षा विकास तथा समन्वय इकाई (विषयगत क्षेत्र प्रमुख) तथा नपा/गापा | भरत बहादुर प्रसाद भट्टराई | इकाई प्रमुख | ०४८-५४०१४३<br>९८५४०४३१३७ |
| | | नपा/गापा प्रमुख तथा प्रमुख प्रशासकीय अधिकृत | | |
| २ | नेपाल रेडक्रस सोसाइटी | शिवकुमार कार्की | सभापति | ०४८-५४००३३ |
| ३ | जिल्ला समन्वय समितिको कार्यालय | दिवस आचार्य | जि.समन्वय अधिकारी | ०४८-५४०३४७ |
| ४ | जिल्ला आयोजना कार्यान्वयन इकाई (शिक्षा) | निर्मल घिमिरे | इकाइ प्रमुख | ९८५४०५१८५५ |
| ५ | गैरसरकारी संस्था महासङ्घ, रामेछाप | भुवन श्रेष्ठ | अध्यक्ष | ९८४४०४३४४८ |
| ६ | तामाकोशी सेवा समिति, मन्थली | गोविन्द घिमिरे | कार्यकारी प्रमुख | ९८५४०४००९१ |
| ८ | सामुदायिक विकास समाज | मिलन घिसिङ | कार्यकारी निर्देशक | ९८५४०४३२६५ |
| ९ | श्रृजनशील यूवा समाज, चिसापानी | लव श्रेष्ठ | कार्यक्रम संयोजक | ९७४१०६८७२४ |
| १० | सूर्योदय यूवा समाज, हिलेदेवी | तारा ग्यापक | अध्यक्ष | ९८५११९१७४० |
| ११ | आरविपिडब्लु, रामेछाप | घना श्रेष्ठ | अध्यक्ष | 9844421080 |
| १२ | सामुदायिक वन उपभोक्ता महासङ्घ रामेछाप | दुर्गा बहादुर श्रेष्ठ | अध्यक्ष | ९७५४२०३३२५ |

| | | | | |
|---|---|---|---|---|
| १३ | नेपाल पत्रकार महासंघ, रामेछाप | रमेश ढुंगेल | अध्यक्ष | ९७४४०२५४१६ |
| १५ | नेपाल शिक्षक महासंघ, रामेछाप | | अध्यक्ष | |
| १६ | सेतो गुराँस बालविकास केन्द्र | दीपशिखा दाहाल | सचिव | ९७५४२०३१०६ |
| २० | सामुदायिक तथा संस्थागत क्याम्पस | | क्याम्पस प्रमुख | |
| २१ | सामुदायिक तथा संस्थागत विद्यालयहरु | | प्रधानाध्यापकहरु | |

## ३.७.३. आपतकालीन शिक्षा विषयगत क्षेत्रको विपद् अवस्था तथा मान्यता योजना :

विपद् समयरेखाको अध्ययनबाट जिल्लामा विभिन्न प्रकारका विपद्हरु (वि.सं. २०७२ बैशाख १२ गतेको भूकम्प तथा सोपछिका पराकम्पन) बाट जनधनको क्षति भएको छ । त्यसका अलवा हरेक वर्ष बाढी तथा पहिरो सिर्जित विपद् पटक-पटक दोहोरिएको देखिन्छ। यस वर्ष त झन् कोभिड १९ कोरोना भाईरसको कारणले गर्दा सिर्जना भएको बन्दाबन्दी समेतले जिल्लाका आर्थिक, सामाजिक-साँस्कृतिक तथा मनोसामाजिक क्षेत्रमा समेत नकरात्मक असर परिरहेको छ । यस आधारमा जिल्लाका कुनै न कुनै स्थान वा समुदाय बाढी तथा पहिरो, आगलागी, महामारी, भुकम्प जस्ता प्रकोपहरुको चपेटामा पर्नेछन् । उपरोक्त विश्लेषण अनुसार विभिन्न माथि उल्लृखित प्रकोप तथा विपद्का कारण जनधनको क्षति तथा प्रभावित हुन सक्ने देखिन्छ । यस्तै, विशेषगरी शिक्षा र शिक्षासँग सम्बन्धित क्षेत्रहरु विपद्बाट प्रभावित हुन सक्नेछन् ।

- यस वर्ष कोरोना भाईरस तथा बन्दाबन्दीका कारण मिति २०७६ चैत्र ११ गतेदेखि सम्पूर्ण विद्यालय बन्द रहेको छ ।
- विद्यालय भवन अस्थायी वासस्थानका रुपमा प्रयोग हुने । क्वारेन्टिन तथा आइसोलेसनको रुपमा प्रयोग ।
- विद्यालय भवन डुबान अथवा पहिरोमा पर्न सक्ने ।
- विद्यालयमा रहेका शैक्षिक सामग्री नष्ट हुन सक्ने ।
- अस्थायी शिविरहरुमा बालबालिकाहरु मानसिक शारीरिक रुपले प्रताडित हुन सक्ने ।
- विद्यार्थीको घर डुबान तथा पहिरोमा पर्दा पाठ्यपुस्तक तथा अन्य शैक्षिक सामग्री नष्ट हुनसक्ने ।
- विपद् पश्चात झाडापखाला जस्ता महामारी हुनसक्ने र यस पूर्वका योजना प्रतिकार्यमा मात्र सिमित भएकोमा यस योजनाले विपद न्यूनिकरणमा समेत ध्यान दिन खोजेको छ ।

## ३.७.४ विपद् अवस्थामा आधारित विषयगत उद्देश्य :

प्रकोप तथा विपद् प्रभावित बालबालिकाहरु र आश्रय दिएर बसेका समुदायको बालबालिकाहरुको शिक्षा प्राप्त गरि भविष्य निर्माण गर्ने अधिकार अस्थायी वा स्थायी आवास स्थलहरुमा अल्पकालीन वा दीर्घकालीन रुपमा औपचारिक वा अनौपचारिक रुपमा कक्षा संचालन गरि शिक्षा सेवालाई निरन्तरता दिनु नै यस विषयगत क्षेत्रको समष्टिगत उदेश्य हो । यसका अलवा,

- विपद्बाट प्रभावित विद्यालय जाने उमेरका बालबालिकाहरू तथा शिक्षकहरूलाई गुणस्तरीय शिक्षाको व्यवश्था गर्ने ।
- निरन्तरता सुनिश्चित गर्नका लागि र उनीहरूलाई सुरक्षित रूपमा सिकाउने एवं सिक्ने वातावरण उपलब्ध गराउन नेपाल सरकार तथा स्थानीय सरोकारवालाहरूलाई सहयोग उपलब्ध गराउने ।
- प्रभावकारी आपत्कालीन पूर्वतयारी तथा सहयोगलाई सहजीकरण गर्नका निमित्त क्षेत्रगत समूहका सदस्यहरू (Cluster members) का बीचमा प्रभावकारी समन्वय, अनुगमन तथा सूचनाको आदान- प्रदान सुनिश्चित गर्ने
- आपत्कालीन परिस्थितिमा पहिलो सहयोग उपलब्ध गराउने व्यक्तिका रूपमा सरोकारवालाहरूको क्षमता बढाउने
- द्रुत तथा चालू (Rapid and on-going) शिक्षाका लागि लेखाजोखा सञ्चालन गरिन्छ भन्ने कुरा सुनिश्चित गर्ने,
- आपत्कालीन परिस्थितिमा रहेका बालबालिकाहरूको शिक्षाका निमित्त युनिसेफका प्रमुख प्रतिवद्धताहरू (UNICEF'sCore Commitments to Children in Emergencies for Education) का न्यूनतम मापदण्डबाट निर्देशित भएर उपयुक्त सहयोग कार्यक्रम सञ्चालन गर्ने ।

- आपत्कालीन परिस्थितिमा सहयोग उपलब्ध गराउनका लागि रणनीतिक साझेदारी तथा अन्य साझेदार/क्षेत्रहरू (Clusters)सँग सम्बन्धको स्थापना तथा त्यसलाई सुदृढ पार्ने ।

## शिक्षामा मानवीय सहयोग सम्बन्धी न्यूनतम मापदण्ड :

- विपद् परेको पहिलो हप्ताभित्र शिक्षा सम्बन्धी सुविधा र शिक्षामा संलग्न व्यक्तिहरूका बारेमा द्रुत लेखाजोखा (Rapid Assessment)सञ्चालन गर्ने,
- शिक्षा विकास तथा समन्वय कार्यालय, स्थानीय तह र स्थानीय क्षेत्रगत सदस्यहरू (Cluster Members)सँगको समन्वयमा तथा प्रभावित समुदायहरूसँगको परामर्शमा प्रभावित/आन्तरिक रूपमा विस्थापित बाल-बालिकाहरूको शिक्षालाई जारी राख्नका निमित्त तिनका निमित्त अस्थायी रूपमा सिक्ने ठाउँ पत्ता लगाउने ।
- सम्भव भएसम्म यथाशक्य चाँडो अर्थात् सिद्धान्तत : पहिलो दुई हप्ताभित्र, न्यूनतम मापदण्डबमोजिम ६ देखि ८ हप्ताभित्र न्यूनतम पूर्वाधार सहित विद्यालय जाने बाल-बालिकाहरूका निमित्त अस्थायी रूपमा सिक्ने ठाउँ तथा स-साना बाल-बालिकाहरूका लागि सुरक्षित ठाउँ खडा गर्ने ।
- विद्यालयहरू पुनः खुला गराएर र शिक्षण-सिकाइका सामग्री उपलब्ध गराएर र अर्ध-संरचनागत (Semi-structured) मनोरञ्जनका सामग्रीको व्यवस्था मिलाएर अध्यापन कार्य जारी राख्ने र शिक्षक तथा विद्यार्थीहरूको पुनःएकीकरण प्रारम्भ गर्ने ।
- विद्यालय बाहिर रहेका बाल-बालिकाहरू अस्थायी रूपमा खडा गरिएका सिक्ने ठाउँमा भर्ना गरिएका छन् अथवा तिनको शिक्षाका लागि वैकल्पिक व्यवस्था गरिएको छ भन्ने कुरा सुनिश्चित गर्ने ।
- पीडित बाल-बालिकाहरूका निमित्त नियमित शिक्षा प्रणालीमा क्रमशः तिनहरुलाई संलग्न गराउँदै लैजाने ।
- प्रभावित वालवालिकाहरूलाई वितरण गरिने आधारभूत शैक्षिक सहयोग सामग्री निम्नानुसार समावेस गरिएको हुनेछ ।
  - क) स्कुल झोला थान १
  - ख) स्कुल पोशाक सेट १ , रुमाल र जुत्ता समेत प्रति विधार्थी
  - ग) कापी १ दर्जन (रु.३० प्रति गोटा)
  - घ) ज्योमेट्री बक्स थान १
  - ङ) पेन्सील बट्टा १ (इरेजर र कटर सहित)
  - च) टिफन वक्स
  - छ) एक प्याकेट वलपेन

### ३.७.५ आपतकालीन शिक्षा विषयगत क्षेत्रको विपद् प्रतिकार्य तथा पूर्वतयारी योजना :

| विपद्को घटना पश्चातको अवधि | विपद्को अवस्थामा गरिने आपतकालीन कार्य (विपद्को प्रकृतिका आधारमा) | आपतकालीन अवस्था संबोधन गर्न गरिने पूर्वतयारी कार्य | पूर्वतयारी कार्य संबोधन गर्न खाडलको पहिचान | मुख्य जिम्वेवार निकाय |
|---|---|---|---|---|
| पहिलो दिन | • DDMC को बैठकमा सहभागि भई जानकारी लिने दिने ।<br>• Cluster समन्वय बैठक र सम्पर्क व्यक्तिहरुलाई सुचना संकलनका लागि व्यवस्था गर्ने ।<br>• घाईते भएका विद्यार्थीहरु र शिक्षकहरु (यदि विद्यालयमा विपद् भएको अवस्थामा) सम्बन्धमा तत्काल घटनास्थलमै उपचारको व्यवस्था मिलाउने र सिकिस्त घाईतेलाई अस्पताल पठाउने । | • क्लस्टर सदस्यहरुका लागि विपद्मा शिक्षा र यसको पूर्वतयारी तथा प्रतिकार्यका लागि अभिमूखीकरण गर्ने ।<br>• विपद्को समयमा विपद्को तथ्यांक संकलन र सूचना व्यवस्थापनका लागि टिम गठन र उनिहरुलाई तालिम दिई तयारी अवस्थामा राख्ने ।<br>• शिक्षा विकास तथा समन्वय इकाई र विद्यालय बिचमा सूचना प्रणालीकोस्थापना गरिएको हुनेछ र आवश्यक सूचनाका लागि जिल्ला आपतकालीन केन्द्र यी लगायतका स्थानीय तहमा भएका स्रोतकेन्द्र र विद्यालय समन्वयको संयन्त्रको बिकास गरिएको हुनेछ<br>• विपद् प्रभावित भएको क्षेत्र भएमा विद्यालय स्तरमा प्राथमिक उपचार कार्यदल वा जुनियर रेडक्रस, स्काउटका पदाधिकारिहरुलाई तालिमको व्यवस्था गराउने । | आपत्‌कालीन कार्यायोजना तयार गरेको ।<br><br>तालिम तथा क्षमता विकास र प्राथमिक उपचार सामग्रिहरुको व्यवस्था गर्नुपर्ने । | शिक्षा विकास तथा समन्वय इकाई र क्षेत्रगत सदस्यहरु, स्थानीय तहहरु । |
| दोस्रो दिन | • बिषयगत क्षेत्रले घटनाको बस्तुगत बिबरण तयार पार्ने ।<br>• स्रोत साधनको आंकलन गर्ने (आवश्यकता, लेखाजोखा र खाडल पहिचान गर्ने ) | • विपद् पूर्व नै तालिम प्राप्त स्वयं सेबकलाई जिम्मेवारी सहित तयारी अवस्थामा राखिएको हुनेछ ।<br>• सङ्कटासन्नतामा रहेका विद्यालयको विवरण (संरचनागत, गैर-संरचनागत, सामाजिक, आर्थिक तथा सांस्कृतिक सङ्कटासन्नता) तयार पारिएको हुनेछ । | विपद् पूर्व नै जम्मेवारी नतोकिनु | शिक्षा विकास तथा समन्वय इकाई र क्षेत्रगत सदस्यहरु, स्थानीय तहहरु |
| पहिलो हप्ता | • MIRAतथ्यांक विश्लेषण र सम्वन्धित निकायहरुलाई जानकारी गराई सम्भावित श्रोत (सहयोग) आंकलन गर्ने ।<br>• विस्तृत शिक्षा सर्भेक्षण र प्रतिवेदन तयारी ।<br>• बिद्यालय सुचारुका लागि तत्कालका लागि आबश्यक पर्ने सामग्रिहरु उपलब्ध गराउने । | • क्लष्टरका तालिम प्राप्त जनशक्तिलाई जिम्मेवारी सहित तयार पारिएको हुनेछ ।<br>• आन्तरिक स्रोतको पहिचान र क्षमता आँकलन (who, where, what) गरिएको हुनेछ । यसका लागि सम्भावित प्रभावित विद्यालयहरुमा विपद् आकस्मिक योजना बनाईएको हुनेछ । यसका आधारमा शिक्षा विकास तथा समन्वय इकाई लगाएतका जिल्लाका शिक्षा क्षेत्रमा काम गर्ने निकायले योजना बनाएको हुनेछ । | तत्काल प्रयोग गर्न सकिने शैक्षिक लगायतका सामाग्रीहरुको भण्डारण नभएको । | शिक्षा विकास तथा समन्वय इकाइ र क्षेत्रगत सदस्यहरु, शिक्षा विकास तथा समन्वय इकाई, युनिसेफ, र क्षेत्रगत सदस्यहरु |
| पहिलो महिना | • MIRAप्रतिबेदनबाट औल्याएका समस्याहरुको आधारमा सहयोग प्रदान गर्ने | • पुर्ण रुपमा क्षतिग्रस्त हुन सक्ने स्कुलको पहिचान गरिएको हुने छ<br>• विद्यार्थीको जनसंख्याका आधारमा आबश्यक School in a Box kits, ECD and Student kit को जोहो गर्ने । | ECD kit box Electronic copy of the text book | शिक्षा विकास तथा समन्वय इकाई, स्थानीय तहहरु, |

| विपद्को घटना पश्चातको अवधि | विपद्को अवस्थामा गरिने आपतकालीन कार्य (विपद्को प्रकृतिका आधारमा) | आपतकालीन अवस्था संबोधन गर्न गरिने पूर्वतयारी कार्य | पूर्वतयारी कार्य संबोधन गर्न खाडलको पहिचान | मुख्य जिम्वेवार निकाय |
|---|---|---|---|---|
| | • जस्तैः School in a Box kits<br>• आवास क्लष्टर संग समन्वय गरि अस्थायी पठनपाठनका लागि स्थान निर्धारण गर्ने ।<br>• बिद्यालय खुलाउने र विद्यार्थीलाई विद्यालयमा पुनः ल्याउने वातावरण बनाउनेर उनीहरूको जीवनलाई सामान्य बनाउन सहयोग गर्न । | • सुरक्षित स्थान निर्धारण गरिएको हुनेछ ।<br>• आपतकालिन अवस्थाका निमित्त सामग्री भण्डारण गरिराख्ने<br>• सरोकारवालाहरुको क्षमता तथा स्रोत नक्साङ्कन गर्ने<br>• विपद् जोखिम न्यूनिकरण सम्बन्धी IEC सामाग्रीको व्यवस्थापन गर्ने । | सबै ठाउमा प्रयाप्त योजना र पूर्वतयारि नभएको ।<br>पाठ्यक्रम तथा निर्देशिका तयार भएपनि अध्यापनका लागि शिक्षकलाई तालिम नभएको । | युनिसेफ, र क्षेत्रगत सदस्यहरु, सम्बन्धित विद्यालयहरु । |
| **दोस्रो महिना** | • पहिलाको अवस्थामा आउनका लागि नियमित रुपमा प्रतिकार्यका कार्यहरु तथा अवस्था विश्लेषण गरि थप कार्यहरु सञ्चालन गर्ने ।<br>• भईरहेका कार्यहरुको अनुगमन गर्ने<br>• विपद् जोखिम न्यूनीकरणको कार्यक्रम कार्यान्वयन गर्न आर्थिक स्रोत व्यवस्थापन गर्न एकद्वा संयन्त्रको विकास गर्ने गर्ने । | • पहिचान गरिएका प्राथमिकतामा आधारित रही विपद् जोखिम व्यवस्थापन योजनाका नीति र कार्यक्रम बमोजिम सबै तहमा साधन स्रोतको विनियोजन गरिनेछ ।<br>• विपद् जोखिम व्यवस्थापनका लागि आवश्यक पर्ने छुट्टै कोषको व्यवस्था गर्ने र यस्तो कोषको आर्थिक स्रोत संकलन र खर्च एकद्वार प्रणालीमा आधारित भएको हुनेछ ।<br>• प्रकोप र विपद सम्वन्धि कोचिङ्ग गर्ने<br>• विधालयको विधालय सुधार योजना (एसआईपी) बनाउंदा विपद जोखिम व्यवस्थापनलाई समावेश गर्ने<br>• वि.व्य.स, शिक्षक, वाल क्लवलाई विपद जोखिम व्यवस्थापन जस्तै आधारभूत खोज उध्दार, प्राथमिक उपचार सम्वन्धि तालिम दिने<br>• अति आवश्यक व्यक्ति,निकाय संस्थाको सर्म्पक नं फलेक्स प्रिन्ट गरी टांस्ने<br>• Safety and secutiy सम्वन्धि शिक्षा दिने | जिल्ला स्थित विभिन्न संघ सस्थाहरुसंग समन्वय, सहकार्य गर्ने । | शिक्षा विकास तथा समन्वय इकाई र क्षेत्रगत सदस्यहरु, स्थानीय तहहरु, सम्बन्धित विद्यालयहरु । |
| **तेस्रो महिना वा सो भन्दा बढी** | • शिक्षा कलष्टरकाले खाडल पहिचान गरि आवश्यक पर्ने स्रोत साधनको व्यवश्था गर्ने<br>• संचालित कार्यक्रमको अनुगमन तथा मूल्याँकन गर्ने ।<br>• भत्किएका संरचना निर्माणका लागि पुनर्स्थापना र पुननिर्माण कलष्टरसंग समन्वय गरी कार्ययोजना तयार गर्ने र सहयोगका लागि सम्बन्धित निकायमा पेश गर्ने । | • जिल्लाका विद्यालयमा उत्थानसिलताका लागि सबै सरोकारवालालाई स्विकार्य हुने तथा शिक्षा मन्त्रालयद्वारा निर्देश गरिएको कार्यढांचाको आधारमा साझा ढाचा निर्माण गरिने छ ।<br>• सम्बन्धित निकायबाट प्राप्त सूचना तथा तथ्यांकहरुको Verification गर्ने ।<br>• आवश्यक सहयोगका लागि सम्बन्धित निकायहरुमा सम्पर्क, समन्वय गरेको हुनेछ ।<br>• समय समयमा आगलागी, बाढी पहिरो र भूकम्पका सिमुलेशन अभ्यास गर्ने | दक्ष जनशक्ति र आर्थिक अभाव | शिक्षा विकास तथा समन्वय इकाई, क्षेत्रगत सदस्यहरु, स्थानीय तहहरु, सम्बन्धित विद्यालयहरु तथा सहयोगी निकायहरु । |

## ३.८. आपत्कालीन संरक्षण(Emergency Protection)

विषयगत क्षेत्र : आपतकालीन संरक्षण

मुख्य विपद्को किसिम : बाढी, पहिरो, भूकम्प, खडेरी, आगलागी, महामारी (कोरोना भाईरस)

क्षेत्रगत अगुवा (Cluster Lead) : नगरपालिका/गाउँपालिका (महिला तथा बालवालिका शाखा)

### ३.८.१ आपत्कालीन संरक्षण विषयगत क्षेत्रको परिचय :

विपद्को अवस्थामा जन, धन र संरचनामा व्यापक क्षति पुग्न गई जनजीवन अस्तव्यस्त हुने भएकाले विपद् प्रभावित समुदायमा सुत्केरी, महिला, वृद्धवृद्धा, बालबालिका, दलितलगायतका प्राथमिकतापूर्ण वर्गहरुमाथि यौन, शारीरिक लगायतका विभिन्न शोषणहरु हुनसक्ने भएको संरक्षणको खाँचो रहन्छ । यस्ता प्राथमिकताप्राप्त वर्गहरुलाई विपद्को समयमा संरक्षण दिने व्यवस्थापकीय कामलाई संरक्षण भनिन्छ ।

### ३.८.२ विषयक्षेत्रका अगुवा साथै सहयोगी संस्थाको सूची :

विपदको अवस्थामा बालबालिका, वृद्धवृद्धा, महिला, अशक्त, अपांग व्यक्तिहरुलाई आवश्यक संरक्षणको सुनिश्चितता प्रदान गरी उनीहरुको आधारभूत मानव अधिकारको सम्मान गर्न महिला तथा बालबालिका कार्यालयले सम्बन्धित कार्यालय तथा संघसंस्थाहरुसँग समन्वय गरी आवश्यक कार्य अघि बढाउने छ । यसका लागि सम्बन्धित निकाय तथा सम्बन्धित व्यक्तिहरुको सम्पर्क नम्बर देहायअनुसार रहेको छ :

| क.सं | कार्यालय/ संघसंस्थाको नाम | सम्पर्क व्यक्ति | पद | सम्पर्क नं. |
|---|---|---|---|---|
| १ | नगरपालिका/गाउँपालिका (महिला तथा बालबालिका शाखा) | | शाखा प्रमुख | |
| २ | जिल्ला प्रशासन कार्यालय | राम प्रसाद भट्टराई | फोकल पर्सन | ९८४१४३११०२ |
| ३ | जिल्ला प्रहरी कार्यालय | बसन्त पाठक | कार्यालय प्रमुख | ०४८-५४०१०० |
| ४ | स्वास्थ्य कार्यालय | विद्या खनाल | स्वास्थ्य अधिकृत | ९८५४०४४३५५ |
| ५ | गैसस महासंघ, रामेछाप | भुवन श्रेष्ठ | अध्यक्ष | ९८४४०४३४४८ |
| ६ | नेपाल बार एशोसिएसन, रामेछाप | पाण्डव प्रसाई | अध्यक्ष | ९७४४०१५७९० |
| ७ | पत्रकार महासङ्घ, रामेछाप | रमेश ढुंगेल | सभापति | ९७४४०२५४१६ |
| ८ | इन्सेक, रामेछाप | नवराज पथिक | जि.प्रतिनिधी | ९८४४०४३०१७ |
| ९ | तामाकोशी सेवा समिति | गोविन्द घिमिरे | कार्यक्रम निर्देशक | ९८५४०४०३५१ |
| १० | सामुदायिक विकास समाज | मिलन घिसिङ | कार्यकारी निर्देशक | ०४८-५४००५४ |
| ११ | सृजनशिल युवा समाज | लव श्रेष्ठ | कार्यक्रम संयोजक | ९७४१०६८७२४ |
| १२ | आरपिविडब्लु, रामेछाप | घना श्रेष्ठ | अध्यक्ष | ९८४४४२१०८० |
| १३ | सूर्योदय समाज सेवा | तारा लामा ग्यापक | कार्यक्रम संयोजक | ९८५११९१७४० |
| १४ | एड्भोकेसी फोरम | पान्डव प्रसाई. | कार्यक्रम संयोजक | ९७४४०१५७९० |
| १५ | ज्येष्ठ नागरिक जिल्ला संघ | नारायणदास श्रेष्ठ | अध्यक्ष | |
| १६ | आमा समूह सञ्जाल | उषा रायमाझी | | ९८६४०१५७८३ |
| १७ | अपाङ्ग सेचतना सेवा केन्द्र | बद्री नयाँघरे | अध्यक्ष | ९७४४०००२९२ |
| १८ | TPO नेपाल | पाण्डव प्रसाई | जिल्ला प्रतिनिधि | ९८४४०४३०१७ |
| १९ | महिला मानवअधिकार रक्षक | गंगा कार्की | जिल्ला संयोजक | ९८४९३०३३८४ |
| २० | आदिवासी जनजाति महासङ्घ, रामेछाप | युवराज हयोल्मो | अध्यक्ष | ९८४४३८९८३९ |
| २१ | दलित महासंघ, रामेछाप | लेख बहादुर वि.क. | जिल्ला अध्यक्ष | |

### ३.८.३. आपत्कालीन संरक्षण विषयगत क्षेत्रको विपद् अवस्था तथा मान्यता योजना :

विपद् समयरेखाको अध्ययनबाट जिल्लामा विभिन्न प्रकारका विपद्हरु मध्ये २०७२ बैशाख १२ गतेको भूकम्प तथा सोपछिका पराकम्पनबाट जनधनको क्षति भएको छ । त्यसका अलवा बाढी तथा पहिरो सिर्जित विपद् पटक-पटक दोहोरिएको देखिन्छ । यसका साथै हरेक वर्ष पहिरो, आगलागी, माहमारी तथा चट्याङ्गका घटनाहरुले मानिस, पशु तथा आर्थिक क्षति भएको तथा कोभिड १९ कोरोना भाईरसको कारणले गर्दा सिर्जना भएको बन्दाबन्दी समेतले जिल्लाका आर्थिक, सामाजिक-साँस्कृतिक तथा मनोसामाजिक क्षेत्रमा समेत नकरात्मक असर परिरहेको छ । यस आधारमा जिल्लाका कुनै न कुनै स्थान वा समुदाय बाढी, पहिरो, महमारी, आगलागी र चट्याङ्गको घटनामा पर्न सक्छन।यस आधारमा जिल्लाका कुनै न कुनै गाविस वा समुदाय बाढी तथा पहिरोको चपेटामा पर्नेछन् । उपरोक्त विश्लेषण अनुसार विभिन्न प्रकोप तथा विपद्का कारण जनधनको क्षति तथा प्रभावित हुन सक्ने देखिन्छ । यस्तै, विशेषगरी महिला, बालबालिका, बृद्ध-बृद्धा र अपाङ्गहरू बढीबाट प्रभावित हुन सक्नेछन् र उद्धारको लागि आग्रह गरिरहेको हुनेछ । विपदको प्रकृति र अवस्था अनुसार प्रभावितहरु फरक देखिएता पनि सामान्य अवस्थामा विशेषगरी गर्भवती, सुत्केरी महिलाहरु, अपांगता भएका व्यक्तिहरु, ५ वर्ष मुनि र किशोर अवस्थाका बालबालिकाहरु, एकल महिलाहरु ज्येष्ठ नागरिकहरुलाई बढी संरक्षण तथा सहयोगको आवश्यकता  हुन्छ । विपद्को अवस्थामा निम्न किसिमको अनुमानित समस्याहरु सृजना हुन सक्नेछन् :

- पारिवारिक विछोड ।
- शारिरीक, मानसिक तथा लैंगिक हिंसामा वृद्धि ।
- बालबालिकाहरुमा अभिभावक विहिनता ।
- शान्ति सुरक्षाको अभाव तथा मानव अधिकारको उल्लंघन ।
- महिला, बालबालिकामा यौन शोषण तथा बाल श्रम शोषणमा वृद्धि ।
- मानव बेचबिखन तथा ओसारपसारको जोखिममा वृद्धि ।
- घाइते हुनु, मृत्यु हुने ।
- मनोसामाजिक समस्यामा वृद्धि ।
- सरुवा रोग तथा महामारीको जोखमतामा वृद्धि ।
- विद्यालय बन्द हुने भएकोले शिक्षाको अवसरबाट बञ्चित ।
- गर्भवती तथा सुत्केरीहरुलाई सुरक्षित आवासको कमी ।
- किशोरी तथा महिलाको प्रजनन् स्वास्थ्यमा नकारात्मक असर ।
- एकल तथा ज्येष्ठ नागरिकमा हेरचाहको समस्या ।

### ३.८.४ विपद् अवस्थामा आधारित विषयगत उद्देश्य :

- महिला तथा बालबालिका लगायत जोखिममा परेका समूहलाई हिंसा, मानसिक तनाव, शोषण, दुर्व्यवहार, भेदभावबाट मुक्त राखी सुरक्षाको प्रत्याभूति दिनु यस क्षेत्रको उद्देश्य रहेको छ ।
- विपद पश्चात तत्कालै जोखिममा रहेका महिला, बालबालिका, ज्येष्ठ नागरिक र अपांगता भएका व्यक्तिहरुको तथ्यांक संकलन गरी अवस्था र आवश्यकता विश्लेषण गर्ने ।
- प्राकृतिक विपदको अवस्थामा जोखिममा परेका समूह, वर्गलाई हिंसा, शोषण, दुर्व्यवहार तथा हेलाबाट मुक्त राखी सुरक्षाको प्रत्याभुति दिनु ।
- पारिवारिक विछोड भएकाहरुको तत्कालीन संरक्षण तथा पारिवारिक पुनर्मिलन गराउनु ।
- जोखिममा रहेको समूहहरुलाई आपतकालीन सहयोगको न्यायोचित वितरणमा सहयोग गर्ने ।
- बालमैत्री, अपांगमैत्री तथा महिला मैत्री स्थलको सञ्चालन, संरचना निर्माण तथा मनोसामाजिक परामर्श सेवा प्रवाह गर्ने ।
- सुरक्षित सुत्केरी गृहको व्यवस्थापन सहजीकरण गर्ने ।
- महिला र बालबालिकामा हुन सक्ने सम्भाभित जोखिमहरु (यौन शोषण, श्रम शोषण र बेचबिखन) विरुद्ध सचेतनामूलक कार्यक्रमहरु सञ्चालन गर्ने ।

### ३.८.५. आपत्‌कालीन संरक्षण विषयगत क्षेत्रको विपद्‌ प्रतिकार्य तथा पूर्वतयारी योजना :

| विपद्‌को घटना पश्चात्‌को अवधि | विपद्‌को अवस्थामा गरीने आपतकालीन कार्य (विपद्‌को प्रकृतिमा आधारित) | आपतकालीन अवस्था संवोधन गर्न गरीने पूर्वतयारी कार्य | पूर्वतयारी कार्य संवोधन गर्न खाडलको पहिचान | मुख्य जिम्मेवार निकाय |
|---|---|---|---|---|
| **पहिलो दिन** | ● जानकारी संकलन तथा सूचना प्रवाह<br>● विषयत्रगत क्षेत्रका सदस्यहरुसँग समन्वय बैठक गर्ने<br>● संरक्षणको अवस्था पहिचान गर्ने<br>● जोखिममा परेका वालवालिकाहरु, अपांग, जेष्ठ नागरिक र महिलाहरुकोलागि खोज तथा उध्दार गर्न जिल्ला प्रहरी र जिल्ला प्रशासन कार्यालय संग समन्वय गर्ने | ● संभावित विपद्‌ क्षेत्रमा संरक्षण सम्वन्धी सचेतना कार्यक्रम संचालन गर्ने ।<br>● संरक्षणको अवस्था पहिचान गर्नको लागि चेकलिष्ट तयार गर्ने,<br>● सम्पूर्ण विषयगतक्षेत्र सदस्य र प्रभावित क्षेत्रको केही अगुवा व्यक्तिको सम्पर्क नं. अद्यावधिक गर्ने | सूचना, स्रोत संकलन तथा जनशक्ति तयार | स्थानीय तह ( महिला तथा बालबालिका शाखा), तथा क्षेत्रगत सदस्यहरु |
| **दोस्रो दिन** | ● संरक्षणको अवस्थाको लेखाजोखा योजना, विधि निर्माण गर्ने<br>● विपदको असरबारे अनुमानित विश्लेषण गर्ने<br>● आवश्यकता प्राथमिकीकरण गर्ने<br>● घाइते बालबालिका तथा विशेष आवश्यकता भएका समूहका लागि स्वास्थ्य सहयोग गर्नका लागि स्वास्थ्य क्षेत्रसँग समन्वय गर्ने | ● संरक्षणको लेखाजोखाका औजारहरु तयार गर्ने,<br>● प्राप्त सूचनाहरको आधारमा विपद्‌को विश्लेषण गर्ने<br>● स्रोत नक्शांकन गर्ने । | सहि सूचनाको खोजी, जनशक्ति परिचालन | स्थानीय तह ( महिला तथा बालबालिका शाखा), तथा क्षेत्रगत सदस्यहरु |
| **पहिलो हप्ता** | ● अन्य विषयगतक्षेत्र (Cluster)का टोलीहरूसँग मिली प्रभावित क्षेत्रका जोखिममा रहेका गर्भवती/सुत्केरी महिला, ज्येष्ठ नागरिक, बालबालिका र अपाङ्गता भएको व्यक्तिहरुको तथ्यांक संकलन तथा विश्लेषण गर्ने,<br>● स्रोतहरुको पहिचान तथा परिचालन गर्नका लागि क्षेत्रगत आकस्मिक योजनाको समीक्षा गर्ने,<br>● सञ्चार माध्यमबाट प्राप्त जानकारीको आधारमा प्रारम्भिक मानवीय सहयोगको बृहत योजना निर्माण गर्ने,<br>● मानवीय सेवाको आवश्यकता देखिएको प्रभावित समुदायमा सेवा उपलब्धताको लागि पैरवी गर्ने ।<br>● विपदको अवस्थामा गर्भवती/सुत्केरी महिला, बालबालिकाको सम्भावित जोखिमको बारेमा योजना बनाउने ।<br>● तत्काल उपलब्ध गरिएको मानवीय सेवाहरुमा महिला, बालबालिका, ज्येष्ठ नागरिक र अपाङ्गता भएका व्यक्तिहरुको पहुँच भए नभएको सुनिश्चितता गर्ने<br>● अपांगता तथा जेष्ठ नागरिकलाई आवश्यक पर्ने सामाग्रीहरु वितरण गर्ने | ● सूचना संकलन तथ विश्लेषण सम्बन्धि सम्पूर्ण तयारीहरु पूरा गर्ने ।<br>● चेकपोष्टहरु स्थापना गर्ने<br>● संचार माध्यमहरु मार्फत सूचना प्रवाह गर्ने ।<br>● अपांगलाई आवश्यक पर्ने सामाग्रीहरु जस्तै ह्वील चेयर, बैशाखी सेतो छडी, चस्मा, इयर फोन, ३० सेट र जेष्ठ नागरिकलाई आवश्यक पर्ने लौरो छाता ५० वटाको दरले जिल्लामा राख्ने व्यवस्था मिलाउने ।<br>● डिग्नीटी किट हाल भएको २० बाट २३० थप गरी २५० वटा जिल्ला स्तरमा राख्ने व्यवस्था मिलाउने । | जोखिमयुक्त वर्गको पहिचान र वितरण सामाग्रीको भण्डारण । | स्थानीय तह ( महिला तथा बालबालिका शाखा), तथा क्षेत्रगत सदस्यहरु |

| | | | | |
|---|---|---|---|---|
| | जस्तै ह्वील चेयर, बैशाखी सेतो छडी, चस्मा, इयर फोन, लौरो छाता<br>• डिग्नीटी किट वितरण गर्ने<br>• जोखिममा रहेका महिला वालवालिका, अपांग र जेष्ठ नागरिकलाई सेफ हाउसमा राख्ने<br>• घाइतेहरुको उपचारको लागि समन्वय गर्ने ।<br>• औषधी उपचार रोगको संक्रमण फैलिन नदिन स्वास्थ्य कार्यालय संग सहकार्य गर्ने | • सेफ हाउसमा आवश्यक पर्ने सामाग्रीहरु व्यवस्थापन गर्ने । | | |
| **दोस्रो हप्ता** | • संरक्षण क्षेत्रको समन्वय बैठक नियमित बस्ने,<br>• महिला, बालबालिका बेचबिखन तथा ओसारपसार नियन्त्रणका लागि चेकपोष्ट स्थापना गर्ने,<br>• बालबालिकाहरुको मनोसामाजिक अवस्था सुधारका लागि बालमैत्री स्थलहरुको स्थापना गर्ने<br>• मानसिक रूपमा कमजोर देखिएका प्रभावित मनोसामाजिक सहयोग दिने ।<br>• हराएका र विछोडिएका परिवारको खोजी र पारिवारिक पुनर्मिलन गराउने ।<br>• पत्रकार महासंघको सहयोगमा हिंसा, मानव वेचविखन सम्वन्धि सचेतना मुलक कार्यक्रम गर्ने | • जिल्ला प्रहरी कार्यालय, पत्रकार महासंघ, तथा संघसंस्थाहरुसँग समन्वय गर्ने । | मनोसामाजिक परामर्श तालिम | स्थानीय तह ( महिला तथा बालबालिका शाखा), तथा क्षेत्रगत सदस्यहरु, जिल्ला प्रहरी कार्यालय |
| **पहिलो महिना** | • क्षेत्रगत समन्वय बैठक बस्ने ।<br>• सुत्केरी र ६ महिनासम्मका बच्चा र आमाहरुलाई आवश्यक लत्ताकपडा र पोषणयुक्त खानाको व्यवस्थापन गर्ने, गैर खाद्य सामग्री वितरण गर्ने ।<br>• परिवारबाट विछोडिएका बालबालिकाहरुलाई पुनःएकीकरण गराउने, तथा अल्पकालीन आवासको व्यवस्था गर्ने ।<br>• विपदका कारण प्रभावित नागरिकहरुलाई मनोसामाजिक विमर्श सेवा उपलब्ध गराउने ।<br>• लैंगिकतामा आधारित हिंसामा परेका महिला तथा बालबालिकालाई आवश्यक सेवा तथा सहयोगको व्यवस्था मिलाउने<br>• महिला समिति, समूह, गाउँ बाल संरक्षण समिति, बाल क्लब जस्ता संरक्षणका क्षेत्रमा क्रियाशिल संरचनाहरुलाई परिचालन गर्ने ।<br>• हिंसामा परेका महिला, वालवालिकाकोलागि कानुनी सहयोग गर्ने | • गर्भवती सुत्केरी महिला तथा बालवालिकाहरुका लागि अल्पकालीन आवासको व्यवस्था गर्ने<br>• कानुनी सहयोगकोलागि नेपाल वार एशोसिएशन, जिल्ला प्रहरी कार्यालय, एडभोकेसी फोरम र इन्सेक संग समन्वय गर्ने र कानूनी सहयोगको रणनीति तय गर्ने<br>• एडभोकेसी टास्क फोर्स गठन गर्ने र परिचालन गर्ने | बित्तीय स्रोत, भौगोलिक अवस्था, भौतिक सामग्री ।<br><br>स्वयम्सेवकहरु पहिचान र परिचालन र यसका लागि खर्च | स्थानीय तह ( महिला तथा बालबालिका शाखा), तथा क्षेत्रगत सदस्यहरु, जिल्ला प्रहरी कार्यालय |

| | | | | |
|---|---|---|---|---|
| **दोस्रो महिना** | • संरक्षण क्षेत्रगत सदस्यसँग साप्ताहिक बैठक तथा समीक्षा गर्ने<br>• अन्य क्षेत्रगत प्रमुखहरुसँग समन्वयात्मक बैठक बस्ने, आवश्यकता र अवस्थाको लेखाजोखा गर्ने<br>• आवश्यकताअनुसार लैंगिक हिंसा, बाल संरक्षण, मनोसामाजिक विमर्श, अपाङ्गको छुट्टाछुट्टै उपसमूह निर्माण गरी योजनाहरु निर्माण गर्ने ।<br>• DDRC को बैठकमा सहभागी हुने र संरक्षण क्षेत्रका आवश्यकताहरुलाई परिपूर्तिका लागि अनुरोध गर्ने ।<br>• संरक्षण क्षेत्रमा कार्य गर्न आउने विषयगत संघसंस्थाहरुको पुनश्च सूची अभिलेख राख्ने तथा विषयगत क्षेत्रमा कार्यरत संघसंस्थाहरुलाई कार्यक्रम बिस्तारका लागि समन्वय गर्ने । | • उपसमूहहरुको निर्माण गर्ने ।<br>• कार्यक्रमहरु नपुगेको स्थानमा विस्तार गर्ने ।<br>• अन्य Cluster सँग समन्वय बैठक गर्ने<br>• गतिविधीहरुको अनुगमन गर्ने । | कार्यतालिका तयारी गरिनु पर्ने । | स्थानीय तह ( महिला तथा बालबालिका शाखा), तथा जिल्ला प्रहरी कार्यालय, पत्रकार तथा क्षेत्रगत सदस्यहरु |
| **तेस्रो महिना** | • विषयगत क्षेत्र समन्वय बैठक १५ दिनमा १ पटक बस्ने । जसमा हालसम्म सेवा प्रवाह र वितरणको तथा आवश्यकताको लेखाजोखा गर्ने ।अन्य विषयगत क्षेत्रसँग समन्वयात्मक बैठक बस्ने तथा ग्याप पहिचान गर्ने ।<br>• ३ महिनासम्म सञ्चालन गरिएको क्रियाकलापमा आधारित विश्लेषणात्मक प्रतिवेदन तयार गर्ने<br>• घटनाको गाम्भीर्यता र आवश्यकताअनुसार थप सम्बोधनका लागि जिल्ला दैवी प्रकोप उद्दार समितिमा सिफारिश गर्ने । | • निरन्तर अनुगमनका लागि क्षेत्र र अनुगमन चेकलिष्ट पुनरावलोकन गरिनुपर्ने ।<br>• त्रैमासिक प्रतिवेदन तयार गर्ने | अनुगमन चेकलिष्ट पुनरावलोकन गरिनुपर्ने । | स्थानीय तह ( महिला तथा बालबालिका शाखा), तथा क्षेत्रगत सदस्यहरु |

## ३.९ पूर्वाधार संरक्षण, शीघ्र पुनर्लाभ र आपत्कालिन वन्दोवस्ती(Infrastructure Protection, Early recovery and Emergency Logistic)

बिषयगत क्षेत्र : पूर्वाधार संरक्षण, शीघ्र पुनर्लाभ/पुनःर्स्थापना तथा बन्दोवस्ती
मुख्य विपद्को किसिम : बाढी, पहिरो, भूकम्प, सुखाखडेरी, आगलागी, महामारी (कोरोना भाईरस)
क्षेत्रगत अगुवा (Cluster Lead) : जिल्ला समन्वय समिति, शहरी विकास तथा भवन निर्माण डिभिजन कार्यालयर नगरपालिका/गाउँपालिका ।

### ३.९.१ पूर्वाधार संरक्षण, शीघ्र पुनर्लाभ, आपतकालिन वन्दोवस्ती विषयगत क्षेत्रको परिचय :

विपद्को अवस्थामा जन, धनको क्षतिका अलावा व्यक्तिगत वा सामुदायिक तथा सार्वजनिक संरचनाहरु बिग्रने, भत्कने, टुट्ने जस्ता कार्यहरु हुन गई साथै वन्दोवस्तीका सामाग्रीहरु अपुग भै प्रभावित समुदायमा तत्काल खोज तथा उद्दार र राहत कार्यक्रम संचालन गर्नको लागि समेत विभिन्न खालका अवरोधहरु सिर्जना हुनसक्ने भएकोले तत्काल त्यस्ता कार्यहरुमा नियमितता प्रदान गर्नको लागि यो विषयगत क्षेत्रको आवश्यकता पर्दछ । विपद्को समयमा प्राथमिकता प्राप्त क्षेत्र तथा वर्गहरुलाई सुविधा दिनको लागि गरिने पूर्वाधार सम्बन्धी कार्य नै पूर्वाधार संरक्षण, शीघ्र पुनर्लाभ/आपतकालिन वन्दोवस्ती हो ।

### ३.९.२ विषयक्षेत्रका अगुवा साथै सहयोगी संस्थाको सूची :

विपद्को समयमा क्षति भएका पूर्वाधार संरचनाहरु सुचारु गरी प्राथमिकता प्राप्त क्षेत्र तथा वर्गहरुलाई सुविधा दिनको लागि शहरी विकास तथा भवन निर्माण कार्यालयले सम्बन्धित सरकारी कार्यालय तथा संघसंस्थाहरुसँग समन्वय गरी पूर्वाधार संरक्षण, शीघ्र पुनर्लाभ/पुनःर्स्थापना सम्बन्धि आवश्यक कार्य अघि बढाउने छ । यसका लागि सम्बन्धित निकाय तथा सम्बन्धित व्यक्तिहरुको सम्पर्क नम्बर देहायअनुसार रहेको छ :

| क्र.सं. | जिल्लाका क्षेत्रगत साझेदारहरुको नाम | सम्पर्क व्यक्ति | पद | सम्पर्क/ टेलिफोन नं. |
|---|---|---|---|---|
| १ | जिल्ला समन्वय समितिको कार्यालय | दिवस आचार्य | जि.समन्वय अधिकारी | 048-540114/007 9854040107 |
| | सघन शहरी तथा भवन निर्माण आयोजना | अमर बहादुर थापा | कार्यालय प्रमुख | ०४८-५४०५१२/५१८ ९८४१२४१२९१ |
| | नगरपालिका तथा गाउँपालिका | नपा/गापाको प्रमुख तथा प्रमुख प्रशासकीय अधिकृत | | |
| २ | सघन शहरी विकास आयोजना १, फिल्ड कार्यालय, रामेछाप | अम्बर बहादुर थापा | आयोजना प्रमुख | 9841241291 |
| ३ | जिल्ला आयोजना कार्यान्वयन इकाई ( अनुदान व्यवस्थापन तथा स्थानीय पूर्वाधार) | गणेश अर्याल | आयोजना प्रमुख | 048540552/ 9854043491 |
| ४ | जिल्ला आयोजना कार्यान्वयन इकाई (भवन) | | | 048540138/ 9854043491 |
| ५ | पूर्वाधार विकास कार्यालय | सोमराज तिमल्सेना | कार्यालय प्रमुख | ०४८-५४०४९१/१०२ |
| ६ | जल्ला आयोजना कार्यान्वयन इकाई (शिक्षा) | निर्मल घिमिरे | कार्यालय प्रमुख | |
| ७ | नेपाल रेडक्रस सोसाइटी, जिल्ला शाखा | शिवकुमार कार्की | सभापति | ०४८५४००३३ |
| ८ | स्वास्थय कार्यालय | विद्या खनाल | स्वास्थ्य प्रमुख | ०४८४०००७२ |
| ९ | सडक डिभिजन कार्यालय, खुर्कोट | | डि.ई. | ०४७ ६९१९४६ |
| १० | शिक्षा विकास तथा समन्वय कार्यालय | भरत कुमार भट्टराई | शिक्षा विकास अधिकारी | ०४८५४०१४३ |
| ११ | संघिय खानेपानी तथा ढल व्यवस्थापन आयोजना | जगन्नाथ पुर्वे | आयोजना प्रमुख | 9852674462 |
| १२ | खानेपानी तथा तथा सरसफाई डिभिजन नं. ४ | सन्तोष कुमार श्रेष्ठ | कार्यालय प्रमख | ०४८५४०११० |
| १३ | नेपाल विद्युत प्राधिकरण | विनोद अधिकारी | कार्यालय प्रमख | ०४८५४००५१ |
| १४ | नेपाल टेलिकम | विष्णु प्रसाद भण्डारी | कार्यालय प्रमख | ०४८५४०००५ |

| क्र.सं. | जिल्लाका क्षेत्रगत साझेदारहरुको नाम | सम्पर्क व्यक्ति | पद | सम्पर्क/ टेलिफोन नं. |
|---|---|---|---|---|
| १४ | जलश्रोत तथा सिंचाई डिभिजन कार्यालय | रिसव खनाल | ,कार्यालय प्रमख | ९८५१०४७३८६ |
| १६ | भूसंरक्षण कार्यालय | राजेश प्याकुरेल | कार्यालय प्रमख | ९८५४०४०१५८ |
| १७ | गैरसरकारी संस्था महासंघ | भुवन श्रेष्ठ | अध्यक्ष | ९८४४०४३४४८ |
| १८ | सामुदायिक विकास समाज | मिलन कुमार घिसिङ | कार्यकारी प्रमुख | ९८४१५०८०६६ |
| १९ | श्रृजनशील यूवा समाज | भुवन श्रेष्ठ | अध्यक्ष | ०४८५४०४६६ |
| २० | सूर्योदय समाज सेवा | तारा ग्यापक | कार्यकारी निर्देशक | ९८५११९१७४० |
| २१ | जनभावना यूवा क्लव, टोकरपुर | कुमार कँडेल | अध्यक्ष | ०४८ ५४०४६७ |
| २२ | पहाडी समाज कल्याण केन्द्र | रत्न प्रसाद कँडेल | अध्यक्ष | ०४८ ५४०२८७ |
| २३ | समाजसेवी यूवा क्लव | मोहन थिङ | कार्यकारी निर्देशक | ९८४१८०५७४६ |
| २४ | रामेछाप उद्योग वाणिज्य संघ | केशव घिमिरे | अध्यक्ष | ९८५४०४००९४ |
| २५ | रामेछाप निर्माण व्यवसायी संघ | इन्द्र बहादुर तामाङ | अध्यक्ष | ९८५११७०१३७ |
| २६ | सामुदायिक विपद् व्यवस्थापन समितिको जिल्ला सञ्जाल | दुर्गाबहादुर माझी | सचिव | ९८४३८७७७५० |

### ३.९.३ पूर्वाधार संरक्षण, शीघ्र पुनर्लाभ/आपतकालिन वन्दोवस्ती विषयगत क्षेत्रको विपद् अवस्था तथा मान्यता योजना :

विपद् समयरेखाको अध्ययनबाट जिल्लामा विभिन्न प्रकारका विपद्हरु (वि.स. २०७२ बैशाख १२ गतेको भूकम्प तथा सोपछिका पराकम्पन) बाट जनधनको क्षति भएको छ । त्यसका अलवा बाढी तथा पहिरो सृजित विपद् पटक-पटक दोहोरिएको देखिन्छ । यसका साथै हरेक वर्ष पहिरो, आगलागी, माहमारी तथा चट्याङ्गका घटनाहरुले मानिस, पशु तथा आर्थिक क्षति भएको तथा कोभिड १९ कोरोना भाईरसको कारणले गर्दा सिर्जना भएको बन्दाबन्दी समेतले जिल्लाका आर्थिक, सामाजिक-साँस्कृतिक तथा मनोसामाजिक क्षेत्रमा समेत नकरात्मक असर परिरहेको छ । यस आधारमा जिल्लाका कुनै न कुनै स्थान वा समुदाय बाढी, पहिरो, महमारी, आगलागी र चट्याङ्गको घटनामा पर्न सक्छन। यस आधारमा जिल्लाका कुनै न कुनै गाविस वा समुदाय बाढी तथा पहिरोको चपेटामा पर्नेछन् । उपरोक्त विश्लेषण अनुसार विभिन्न प्रकोप तथा विपद्का कारण जनधनको क्षति तथा प्रभावित हुन सक्ने र साना ठूला पूर्वाधार संरचनाहरु क्षति हुनसक्ने पूर्वानुमान गरिएको छ । उल्लेखित संख्यामा मानवीय असर गर्ने विपद् आएको अवस्थामा जिल्लाका विशेष गरेर नदी किनारका वस्तीहरू र त्यस समुदायमा पुग्ने बाटो, पुलपुलेसा, कल्भर्ट, सिंचाई, खानेपानी, आदिमा नराम्रो असर पर्ने देखिन्छ । यसका साथै अन्य सार्वजनिक पूर्वाधारहरू विद्युत् आपूर्ति, सञ्चार आदिमा पनि असर पर्ने देखिन्छ ।

### ३.९.४ विपद् अवस्थामा आधारित विषयगत उद्देश्य :

विपदवाट प्रभावित क्षेत्रका क्षतिग्रस्त स्थानहरु पहिचान गरी तत्काल मर्मत सम्भार गर्न र पुर्नस्थापनाका लागी दीर्घकालीन योजना निर्माण गरी प्रभावित व्यक्ति तथा परिवारलाई सहयोग सामग्री पुर्‍याउन यस क्षेत्रको उद्देश्य रहेको छ ।

- क्षतिग्रस्त भौतिक पूर्वाधारका संरचनाहरु मर्मत संभार गर्ने ।
- अवरुद्ध सेवा तत्कालका लागि बहाल गर्ने ।
- खोज, उद्धार तथा राहत तथा प्रतिकार्यका क्रियाकलाप सम्पादन गर्न पहुँच सुधार गर्ने ।
- प्रभावित समुदाय, व्यक्तिहरुको शीघ्र पुनर्लाभ योजना बनाउने ।
- आपतकालिन अवस्थाकालागि चाहिने वन्दोवस्तीका सामाग्रीहरु जस्तै गाडी, इन्धन, सवारी चालक, आदिको व्यवस्थागर्ने

### ३.९.५ पूर्वाधार संरक्षण, शीघ्र पुनर्लाभ र आपतकालिन वन्दोवस्ती  विषयगत क्षेत्रको विपद् प्रतिकार्य तथा पूर्वतयारी योजना :

| विपद्को घटना पश्चातको अबधि | विपद्को अवस्थामा गरिने आपतकालीन कार्य (विपद्को प्रकृतिका आधारमा) | आपतकालीन अवस्था संबोधन गर्न गरिने पूर्वतयारी कार्य | पूर्वतयारी कार्य संबोधन गर्न खाडलको पहिचान | मूख्य जिम्वेवार निकाय |
|---|---|---|---|---|
| **पहिलो दिन** | • आ-आफनो कर्मचारी तथा परिवारको व्यक्तिगत सुरक्षाका वारेमा आवश्यक सूचना संकलन गर्ने ।<br>• सम्पर्क व्यक्तिहरुलाई सूचना सङ्कलनका लागि निर्देशन ।<br>• DDMC को बैठकमा सहभागी भई आवश्यक सूचनाहरुको आदान प्रदान ।<br>• अति आवश्यक सेवा प्रदायक निकाय र संरचनाको न्यूनतम पुनर्स्थापना गर्ने । | • विपद्का विभिन्न मुद्दाहरुमा साझेदार संस्था तथा कर्मचारीहरुको क्षमता विकास गर्ने ।<br>• विपद्को समयमा प्रतिकार्यमा सहयोग उपलब्ध गराउन एकीकृत प्रणालीको विकास गर्ने । यस प्रणालीमा जिल्ला, नगर/गाउपालिका तथा वडा तहमा क्रियाशील निकायहरूको भूमिका तथा जिम्मेवारी प्रष्ट निर्धारण गर्ने र अन्तरनिकाय समन्वयका लागि आवश्यक प्रतिवेदन दिने (Reporting)व्यवस्था मिलाएको हुनेछ ।<br>• बिषयगत कार्यालय र बाहिर समन्वय गर्ने संयन्त्र स्थापना गर्ने यसका लागि स्थानीय तहका विपद् व्यवस्थापन समितिलाई सूचना आदान प्रदानका लाागि सक्षम  बनाई राख्ने । | • गाउंपालिका, नगरपालिकामा स्थानीय विपद् व्यवस्थापन समिति र अन्य कार्यदल गठन भई नसकेकोले सो कार्य गर्नुपर्ने,<br>• पालिका तथा सम्बन्धित निकायबाट सुचना समयमै उपलब्ध गराउने व्यवस्था गर्नुपर्नेछ ।<br>• स्थानीय विपद् व्यवस्थापन समितिको नियमित मासिक बैठक बस्ने । अभिमूखिकरण गरिने । | जिसस, नगरपालिका, गाउंपालिकाहरु र क्षेत्रगत सदस्यहरु । |
| दोस्रो दिन | • प्राविधिक टोलीलाई स्थलगत अध्ययनका लागि प्रभावित स्थानमा परिचालन ।<br>• स्रोत साधनको आंकलन गर्ने (आवश्यकता, लेखाजोखा र खाडल पहिचान गर्ने ) र समन्वय, स्रोत पहिचान र शिघ्र पुनर्लाभको कार्ययोजना वनाउने ।<br>• सहज पहुंचका लागि अस्थायी रुपमा पुल, सडक तथा गोरेटो वाटो निर्माण गर्ने, डेव्रिस् सफा गर्ने । प्रकोपजन्य फोहोरको उचित प्रवन्ध मिलाउने वा नष्ट गर्ने ।<br>• अस्पताल, स्वास्थ्य केन्द्र, आन्तरिक रुपमा विस्थापितको शिविर, विद्यालय जस्ता आधारभूत क्षेत्रमा विद्युतीय सेवा उपलब्ध गराउने | • क्षतिको तथ्याङ्क तथा लेखाजोखा गर्नका  लागि तथ्यांक संकलन, सुचना व्यवस्थापनका लागि क्लष्टरका सदस्यहरुलाई तालिम दिने ।<br>• आपतकालिन अवस्थाको लागि सवारी साधन, इन्धन र ड्राइभरको व्यवस्था अग्रिम मिलाउने<br>• संकटासन्न भौतिक संरचनाको पहिचान र यसका लागि आवश्यक श्रोत साधनको नक्सांकन गरी पूर्व तयार पारिएको हुने ।<br>• स्थानीय तहका स्रोत साधनको पहुँच तथा स्थानीय तहमा गठन भएका विपद् व्यवस्थापनका समितिहरु तथा कार्य दलहरुको परिचालन र उनीहरुको क्षमता अभिबृद्धि गरिएको हुनेछ ।<br>• सार्वजनिक सेवा प्रदाय सस्था तथा स्थानहरुमा पर्न सक्ने प्रभावहरुको अनुमान गरि समयमै सुचारु गर्नका लागि रणनीति तथा पूर्वतयारी गरिएको हुनेछ<br>• प्रत्येक वडा, गाउंपालिका र नपाहरुमा विपद जोखिम | • क्षमता विकास गर्ने<br>• सम्वन्धित कार्यालयहरुले गाडी तथा इन्धनको व्यवस्थापन गर्ने ।<br>• स्थानीय विपद् व्यवस्थापन समितिलाई जिम्मेवार बनाउने र जिल्लाको समन्वय संयन्त्र मजबुत बनाउने ।<br>• सबै कार्यालय संघ सस्थाहरुबाट केहि अनुमानित बजेट छुटाई राख्ने ।<br>• विद्युत प्राधिकरण तथा उर्जा क्षेत्रमा कार्यरत निकायहरु विपदको क्षतिको प्रतिकार्य तथा समयमै सेवा उपलब्ध गराउनका लागि पूर्वतयारी अवस्थामा रहने । | नगरपालिका, गाविसहरु, स्थानीय विपद् व्यवस्थापन समिति र क्षेत्रगत सदस्यहरु । |

| विपद्को घटना पश्चातको अवधि | विपद्को अवस्थामा गरिने आपतकालीन कार्य ( विपद्को प्रकृतिका आधारमा) | आपतकालीन अवस्था संबोधन गर्न गरिने पूर्वतयारी कार्य | पूर्वतयारी कार्य संबोधन गर्न खाडलको पहिचान | मुख्य जिम्वेवार निकाय |
|---|---|---|---|---|
| | | व्यवस्थापन कोष खडा गर्ने<br>• प्रत्येक वडा, गाउंपालिका र नपामा स्थानीय विपद तथा जलवायू अनुकूलन योजना तयार गर्ने | | |
| पहिलो हप्ता | • विस्तृत सर्वेक्षण पश्चात प्रभावितहरुको तथ्याङ्क विश्लेषण गर्ने ।<br>• बिषयगत बैठक र घटनाको विवरण संकलन गर्ने कार्य निरन्तर गर्ने (कार्य क्षेत्र पहिचान गरि कार्य गर्ने)<br>• मौजुदा अवस्थामा अस्पताल, विद्यालय, स्वास्थ्यसेवा प्रदायकका साथै सडक, पुल र अन्य संरचनाको क्षतिको लेखाजोखा प्रारम्भ गर्ने । आवासको लागी सहुलियत वा निशुल्क काठहरु उपलव्ध गराउने ।<br>• सार्वजनिक सेवाहरु सुचारु गर्ने । | • विस्तृत सर्वेक्षणका लागि जिम्वेवारी सहित टोली गठन गरी उनिहरुको क्षमता अभिवृद्धि गरिएको हुनेछ । र संकलित तथ्यांकहरुको रिपोर्टिङ संयन्त्र विकास गरिएको हुनेछ ।<br>• घर क्षति भएकाहरुको लागि उपलव्ध राहतको मापदण्डवारे स्पष्ट हुने र सवैलाई जानकारी गराउने र बिपद् पुर्व नै सामुदायिक वनहरुसंग अग्रिम समभ्रुदारी गर्ने ।<br>• अस्थायी पुलका सामाग्रीहरु कम्तिमा १ वटा र अस्थायी भरयाड. १० वटा तयारी अवस्थामा राख्ने | • सम्बन्धित विषयमा क्षमता विकास गर्नुपर्ने ।<br>• विभिन्न स्रोत साधनहरुको पहिचान तथा परिचालनको लागि आयश्यक व्यवश्था मिलाउनुपर्ने । | जिसस, नगरपालिका, गाउंपालिकाहरु, स्थानीय विपद् व्यवस्थापन समिति र क्षेत्रगत सदस्यहरु र DDMC। |
| पहिलो महिना | • अस्थायी शिविरको स्थापना गर्ने र विस्थापितलाई व्यवस्थित बनाउन सुरक्षित र खुला ठाउँमा लैजाने प्रबन्ध मिलाउने ।<br>• क्षति भएका पूर्वाधारहरुको विस्तृत विवरण तयार गर्ने ।<br>• शिघ्र पुनर्लाभको लागि आवश्यक अध्ययन, लेखाजोखा तथा विश्लेषण गरी बसोबास र जीविकोपार्जन जस्ता प्रमुख क्षेत्रको विकासका कार्यलाई अघि बढाउने वातावरण तयार गर्ने ।<br>• पूर्वाधारहरु शिघ्र पुनर्लाभ तथा पुनः निर्माण गर्न आवश्यक विस्तृत प्राविधिक इष्टिमेट गर्ने र सम्वन्धित कार्यालयमा प्रतिवेदन पठाउने | • संभावित विपद्बाट विस्थापित हुन सक्ने परिवार आंकलन गरि अस्थाई स्थलको पहिचान गर्ने ।<br>• पूर्वाधारको विस्तृत विवरण तयार गर्न जिल्ला प्राविधिक कार्यालयको सहयोगमा प्राविधिकहरुको सम्पर्क सूचि तयार गर्ने ।<br>• विस्तृत प्राविधिक इस्टिमेटका लागि टिम गठन र जिम्मेवारी दिईएको हुनेछ यसका लागि टिमका लागि आवश्यक बन्दोबस्तिका सामग्रिहरुको व्यवस्थापन गरि राख्ने । | • विभिन्न तालिमहरु सञ्चालन गर्न स्रोत र साधनको अग्रिम व्यवस्था गर्न चुनौति हुने ।<br>• समयमै तथ्यांक संकलन गरी प्रभावित हरुलाई उपलब्ध गराउने ।<br>• विपद्कै लागि भनेर टोली र बन्दोबस्तिका सामग्रीहरु तयारी अवस्थामा नराखिएको । | जिसस, नगरपालिका, गाउंपालिकाहरु, स्थानीय विपद् व्यवस्थापन समिति र क्षेत्रगत सदस्यहरु र DDMC। |

| विपद्को घटना पश्चातको अवधि | विपद्को अवस्थामा गरिने आपतकालीन कार्य (विपद्को प्रकृतिका आधारमा) | आपतकालीन अवस्था संबोधन गर्न गरिने पूर्वतयारी कार्य | पूर्वतयारी कार्य संबोधन गर्न खाडलको पहिचान | मुख्य जिम्वेवार निकाय |
|---|---|---|---|---|
| **दोस्रो महिना** | • उपलब्ध वजेटको आधारमा पूर्वाधारहरु निमार्ण प्रक्रियालाई प्रारम्भ गर्ने ।<br>• बिपद् पश्चात भत्किएका अस्पताल" (Hospital Safer from Disaster)विद्यालय, सडक, खानेपानी, बिजुली, टेलिफोन लगायतका सार्वजनिक सेवा प्रदायक संस्था लगायतका अन्य संरचनाहरु निर्माण गर्ने | • संभावित विपद्को कारण हुन सक्ने संरचनागत क्षतिको पुन : र्निमाण र पुनर्स्थापनाका क्रियाकलापलाई जिल्ला समन्वय समिति को वार्षिक योजनामा समावेश गराउने ।<br>• भवन आचार संहिताको प्रभावकारी कार्यान्वयन र उत्थानशीलता (Resilience)को मापदण्डको निर्धारण निर्माण गरि सबै सरोकारवालालाई लागू गर्नका लागि जिल्ला प्रशासन कार्यालय र जिससले आवश्यक कार्य गर्नेछ । | • नियमित बजेटलाई परिचालन गर्ने र यसका सम्बन्धित निकायसंग अनुमति लिने प्रक्रिया नभएको ।<br>• विपद् व्यवस्थापनलाई बिकास योजनामा मुलप्रवाहिकरण गर्ने, स्थानीय तहमा बनेका बिपद् व्यवस्थापन योजनाले जिल्लाको बार्षिक योजना र बिषयगत योजनामा अझै प्रयाप्त मात्रामा प्राथमिकता पाउन सकेको छैन | जिसस, नगरपालिका, गाउंपालिकाहरु, स्थानीय विपद् व्यवस्थापन समिति र क्षेत्रगत सदस्यहरु र DDMC। |
| **तेस्रो महिना र सो भन्दा बढि** | • विपद् पूर्वतयारी तथा प्रतिकार्यका लागि बिषयगत आकस्मिक योजना समय सापेक्ष परिमार्जन गर्ने ।<br>• विपद् जोखिम न्यूनीकरणको कार्यक्रम कार्यान्वयन गर्न आर्थिक स्रोत व्यवस्थापन गर्ने,<br>• सबै प्रमुख परियोजनाहरूमा वातावरणीय प्रभाव लेखाजोखा (Initial Environmental and Impact Assessment)तथा विपद् प्रभावको लेखाजोखा (Disaster Impact Assessment)गर्ने ।<br>• दिगो विकासमा पुन : निर्माणका क्रियाकलाहरुलाइ लिंक गर्ने । | • दाता, निजी क्षेत्र वा दान-दातव्यबाट आर्थिक स्रोत जुटाउने र प्रभावित क्षेत्र (sector)एवं समुदायलाई आर्थिक स्रोत उपलब्ध गराउने व्यवस्थाको विकास गरिएको हुनेछ ।<br>• EIA / DIAकार्य समावेश गर्न आवश्यक संस्थागत संयन्त्रको विकास गरिने र वातावरणीय तथा प्राकृतिक स्रोतको व्यवस्थापनमा विपद् सम्बन्धि विषयमाथि पनि अनिवार्य रूपमा ध्यान दिने कुरा समावेश गरिएको हुनेछ ।<br>• आवश्यक नीति, मापदण्ड तथा निर्देशिकाहरूको विकास गरिएको हुनेछ ।<br>• आर्थिक साधनहरू (साना लगानी, लघु ऋण, बीमा आदि) को प्रयोग गर्नका लागि विपद् जोखिम न्यूनीकरणमा निजी क्षेत्रको संलग्नतालाई अभिवृद्धि गरिएको हुनेछ । | • सबै तहमा आपत्कालीन प्रतिकार्य योजनाको तर्जुमा तथा क्षमताको अभिवृद्धि तत्काल गर्नु जरुरी छ ।<br>• विपद्पछि गरिने पुनर्लाभ (Recovery)तथा पुनःस्थापना कार्यक्रममा विपद् जोखिम न्यूनीकरणका प्रयासलाई समावेश गर्ने संस्थागत प्रक्रियाको स्थापना नभएको ।<br>• विपद् पछि निर्माण कार्य गर्दा अझ राम्रो झन् राम्रो बनाउन (Build Back Better माजोड दिने कार्य निरन्तर गर्न कठिनाई | जिसस, नगरपालिका, गाउंपालिकाहरु, स्थानीय विपद् व्यवस्थापन समिति र क्षेत्रगत सदस्यहरु र DDMC। |

# परिच्छेद-४

# मनसुन पूर्व तयारी तथा प्रतिकार्य योजना

## ४.१. विषय प्रवेशः

रामेछाप जिल्लाको भौगोलिक स्वरुप, अवस्थिति, जलवायु परिवर्तन तथा मानवीय कृयाकलापबाट विपद्को दृष्टिबाट उच्च जोखिममा रहेको जिल्ला हो । बाढी, पहिरो, भूकम्प, सुख्खा, आगलागी, चट्याङ, हावाहुरी, हिमपात तथा महामारी जस्ता प्रकोप तथा विपद्का घटनाहरुबाट उच्च जोखिमपूर्ण अवस्थामा रहेको छ । विपद्को जोखिमलाई न्यूनीकरण गर्न सकिएमा यसबाट हुने धनजनको क्षतिलाई न्यूनीकरण गर्न सकिन्छ । प्रत्येक बर्ष नेपालमा भित्रिने मनसुनका कारण हुन सक्ने सम्भावित प्रकोपका घटनाहरुलाई न्यूनिकरण गर्न तथा घटना पछिको उद्दार कार्यमा स्थानीय तह सम्बन्धित सरकारी तथा गैर सरकारी निकायहरु, राजनैतिक दल, नेपाल रेडक्रस सोसाईटी, निजी क्षेत्र नागरिक समाज लगायत सरोकारवालाको परिचालन गरी पीडितलाई उद्दार गर्न तथा कम भन्दा कम मानवीय तथा भैतिक क्षति न्यूनिकरण गर्न नेपाल सरकारद्वारा विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापनका कार्यहरुलाई योजनावद्ध र व्यवस्थित गर्न तथा सही रुपमा कार्यान्वयन गर्न विपद् पूर्व तयारी तथा प्रतिकार्य योजनाको मुख्य भागको रुपमा मनसुन पूर्व तयारी तथा प्रतिकार्य योजना, द्दण्ठठ तयार गरिएको छ । जिल्ला विपद् व्यवस्थापन समितिबाट विपद् पूर्व तयारी तथा प्रतिकार्य योजना द्दण्ठछ लाई कार्यान्वयन गर्दै आएकोमा मनसुनको कारण घट्न सक्ने (बाढी पहिरो, डुवान, चट्याङ) सम्भावित घटनाहरुलाई न्यूनीकरण गर्न आवश्यक भएको छ । विश्वव्यापी रुपमा फैलिएको कोभिड(ज्ञढ को महामारीबाट थप स्वास्थ्यजन्य विपद्का घटनाहरु घट्न सक्ने र रोकथाम, नियन्त्रण र व्यवस्थापनका लागि मनसुन जन्य प्रकोपले थप चुनौती सृजना गर्ने भएकोले मनसुन पूर्व तयारी तथा प्रतिकार्य योजना द्दण्ठठ लाई कोभिड(ज्ञढ मैत्री हुने गरी तयार गरिएको छ ।

## ४.२. मनसुनको कारणले घट्ने विपद्जन्य स्थानहरुः

### सम्भावित जोखिमयुक्त स्थानहरुः

| सि.न | विपद्को प्रकार | सम्भावित जोखिमयुक्त स्थानहरु | | | कै. |
|---|---|---|---|---|---|
| | | स्थानीय तह | वडा, टोल | स्थान | |
| १. | बाढी, पहिरो | मन्थली नगरपालिका | ४,६,७,११ | सालु, भलुवाजोर, भटौली, गेलु | |
| | | रामेछाप नगरपालिका | ७,८,९ | हुदिल, मुडाजोर, रामपुर, छेरुवा खोला, बेतिनी | |
| | | लिखु तामाकेसी गाउँपालिका | १,२,५,६,७ | दुरागाउँ, सैपु, नागदह, खिम्ती, तिल्पुङ, छतिवन खोला, खानीखोला | |
| | | गोकुलगंगा गाउँपालिका | १,५,६ | चुचुरे, नामाडी,फपू | |
| | | उमाकुण्ड गाउँपालिका | १,२,३,४,७ | गुम्देल, बाम्तीभण्डार, कुबुबास्थली, प्रिति, भुजी | |
| | | दोरम्बा गाउँपालिका | १,२,४,६ | डडुवा, दोरम्बा, गोश्वरा, लखनपुर | |
| | | सुनापति गाउँपालिका | १,२,५ | गुन्सी, दिमीपोखरी, खनियापानी | |
| | | खाँडादेवी गाउँपालिका | १,३,४,८,९ | राकाथुम, भिरपानी, पकरबास, गागलभदौरे, पिङ्खुरी | |

#### क) प्रमुख नदीहरु र आसपासका क्षेत्रः

सुनकोशी, तामाकोशी, खिम्ती, लिखुखोला भू-क्षयको दृष्टिले बढि जोखिम देखिएका छन् ।

#### ख) पहिरोको उच्च जोखिममा रहेका स्थानहरुः

जिल्लाका भुजी, गोठगाउँ, खिम्ती, दुरागाउँ, सैपू, लखनपुर, टोकरपुर, दोरम्बा,

### पहिरोबाट उच्च जोखिम क्षेत्रमा हुने घटनाका लागि सुरक्षित स्थानहरुँ

| जोखिम स्थान | घटना पछि सेल्टर लिने सुरक्षित स्थानहरु |
|---|---|
| भुजी | कोलडाँडा |
| गोठगाउँ | साविक वडा नं. ड भोक्टिनी |
| खिम्ती | ज्यामिरेखानी मा.वि. |
| दुरागाउँ | कातिके नागी |
| सैपु | मानवीय क्षति नहुने |
| लखनपुर | लखनपुर रिष्ठे मा.वि. |
| टोकरपुर | मानवीय क्षती नहुने |
| दोरम्बा | मानवीय क्षती नहुने |

### ग) विगत देखि हालसम्मको प्रकोपिय इतिहासलाई विश्लेषण गर्दा देहायका प्रकोपहरुबाट बढी प्रभावित भएको देखिन्छ ।

१. बाढी
२. पहिरो
३. भूकम्प
४. आगलागी
५. महामारी
६. खडेरी
७. चट्याङ्ग

### घ) विपद् पछि आश्रय स्थलको लागि पहिचान गरिएका स्थानहरुँ

उपरोक्तानुसारको विपद् आइ परेमा प्रभावित व्यक्ति तथा परिवारलाई उद्दार गरी तत्कालका लागि व्यवस्थापन गर्न देहाय बमोजिमका स्थानहरु पहिचान गरिएको छ ।

| सि.न. | न.पा/गाउँपालिका | गाउँ/टोल | सुरक्षित स्थानहरु | कैफियत |
|---|---|---|---|---|
| १. | रामेछाप नगरपालिका | गोठगाउँ | चण्डेश्वरी मा.वि. चण्डीडाँडा | |
| | | | सामुदायिक भवन | |
| | | देउराली | सितलादेवी मा.वि. | |
| | | साँघुटार | सामुदायिक भवन | |
| | | हिमगंगा | महिला विकास भवन | |
| | | रामपुर | भिमेश्वर मा.वि. | |
| | | ओखनी | पटनादेवी आधारभूत विद्यालय | |
| | | सुकाजोर | गौरी शंकर मा.वि. | |
| | | रामेछाप | सामुदायिक भवन | |
| | | ल्याडल्याङ | भिमेश्वर आधारभुत विद्यालय | |
| २. | लिखु तामाकोसी गाउँपालिका | दुरागाउँ | त्रिपुरेश्वर मा.वि. | |
| | | सैपु | सहिद स्मृति मा.वि. | |
| | | बिजुलिकोट | भृङ्गेश्वर मा.वि. कोटगाउँ | |
| | | काङ्वाडाँडा | | |
| | | नागदह | भ्कट्टेश्वर मा.वि. | |
| | | खिम्ती | जनजागृति मा.वि. | |
| | | तिल्पुङ | कटहरे मा.वि. | |
| ३. | गोकुलगंगा गाउँपालिका | चचुरे | जट्टेश्वर मा.वि. | |
| | | ठोसे | शारदा मा.वि. | |
| | | रस्नालु | गोकुलगंगा मा.वि. | |
| | | बेताली | जनजागृति मा.वि. | |
| | | नामाडी | कमलादेवी मा.वि. | |

| सि.न. | न.पा/गाउँपालिका | गाउँ/टोल | सुरक्षित स्थानहरु | कैफियत |
|---|---|---|---|---|
| | | फर्पू | श्री मा.वि. | |
| ४. | दोरम्बा गाउँपालिका | डडुवा | सुर्के मा.वि. | |
| | | दोरम्बा | हुलाक घर दोरम्बा बजार | |
| | | टोकरपुर | कन्ठेश्वर मा.वि. | |
| | | गौश्वरा | खारपानी मा.वि. | |
| | | गुन्साल | सेतीदेवी मा.वि. | |
| | | लखनपुर | कालिका नमुना मा.वि. | |
| | | थापागाउँ | भिमेश्वर मा.वि. | |
| ५. | सुनापति गाउँपालिका | गुन्सी | सतलिङ्गेश्वर मा.वि. | |
| | | दिमी | मानपुर मा.वि. | |
| | | हिलेदेवी | पशुपति मा.वि. | |
| | | बेथान | डहु मा.वि. | |
| | | खनियापानी | कृष्णपुरी मा.वि. | |
| ६. | खाँडादेवी गाउँपालिका | राकाथुम | राकाथुम मा.वि. | |
| | | मझुवा | खाँडादेवी मा.वि. | |
| | | भीरपानी | मा.वि भिरपानी | |
| | | रजगाउँ | भीमेश्वर प्रशुन कडेल मा.वि. | |
| | | पकरबास | प्रायोगेश्वर मा.वि. | |
| | | खाँडादेवी | कृष्ण आधारभुत विद्यालय | |
| | | गागल | भारती मा.वि. | |
| | | पिङ्खुरी | मानेडाँडा मा.वि. | |
| ७. | मन्थली नगरपालिका | मन्थली | सामुदायिक भवन | |
| | | कठजोर | निलकण्ठेश्वर मा.वि. | |
| | | सालु | सेतीदेवी मा.वि. | |
| | | सुनारपानी | भैरवी मा.वि. | |
| | | भलुवाजोर | कालिका मा.वि. | |
| | | भटौली | रुद्राक्षश्वर मा.वि. | |
| | | चिसापानी | भिमेश्वर रुद्र मा.वि. | |
| | | पुरानागाउँ | थानापाती मा.वि  बाङगेसल्ला | |
| | | चनखु | सरस्वती मा.वि. | |
| | | गेलु | सारदा मा.वि. | |
| | | | मा.वि. शिक्राल | |
| | | फूलासी | हरिचिण्डे मा.वि. | |
| | | | कालिका मा.वि. पोखरी | |
| ८. | उमाकुण्ड गाउँपालिका | गुम्देल | महालङ्गुर मा.वि. | |
| | | | कन्या आधारभुत विद्यालय | |
| | | | उमातिर्थ आधारभुत विद्यालय | |
| | | बाम्ती | सिद्धेश्वर मा.वि. | |
| | | | जनकल्याण आधारभुत विद्यालय | |
| | | कुबु | जनता मा.वि. | |
| | | | चण्डेश्वर आधारभुत विद्यालय | |
| | | प्रिति | चण्डेश्वरी मा.वि. | |
| | | | कालीदेवी आधारभुत विद्यालय | |
| | | | सरस्वती मा.वि. | |

| सि.न. | न.पा/गाउँपालिका | गाउँ/टोल | सुरक्षित स्थानहरु | कैफियत |
|---|---|---|---|---|
| | | | कालिकादेवी मा.वि. | |
| | | गुप्तेश्वर | कैलेश्वर मा.वि. | |
| | | | भुमेश्वर आधारभुत विद्यालय | |
| | | भुजी | कास्थेम मा.वि. | |
| | | | ठिन्केपु आधारभुत विद्यालय | |

## ४.३. मनसुन पूर्व तयारी कार्ययोजना निर्माणका उद्धेश्यहरुँ

- मनसुनजन्य प्रकोपका सम्भावित घटनाहरु पहिचान तथा आवश्यक तयारी गरी मानवीय, भौतिक तथा आर्थिक क्षतिको न्यूनीकरण गर्ने ।
- निकायगत जिम्मेवारी प्रष्ट पारी तत्काल राहत, उद्दार र व्यवस्थापन गर्ने ।
- जोखिम स्थानहरुमा मानवीय बस्ती बसाउन नियन्त्रण गर्ने ।
- जोखिम स्थानमा बाँध निर्माण तथा नदी नियन्त्रणका संरचनाहरु निर्माण गर्ने ।
- कोभिड(ज्ञढ को रोकथाम तथा नियन्त्रणको क्रियाकलापलाई मनसुनको नकारात्मक प्रभावबाट न्यूनीकरण गर्ने ।
- विपद् व्यवस्थापनमा संग्लन निकायको संस्थागत सुदृढीकरण गर्ने ।
- आवश्यक जनशक्ति, सामाग्री र उपकरणहरु तयारी अवस्थामा राखीशिघ्र उद्दार तथा पुनस्थापना गर्ने ।

## 4.4. मनसुन पूर्व तयारी तथा प्रतिकार्य योजना, २०७७

| सि.न. | मुख्य कार्य | क्रियाकलाप | कार्यान्वयन गर्ने समय | जिम्मेवारी निकाय | सहयोगी निकाय | उपलब्धी |
|---|---|---|---|---|---|---|
| १. | समन्वय, सूचना, खोज उद्धार तथा बन्दोबस्ती | • मौसममा हुने फेरवदल, सम्भावित जोखिम स्थल र अपनाउनु पर्ने सावधानीको पूर्व विभिन्न माध्यममा सूचना प्रशारण गर्ने । | मनसुन सुरु पूर्व र आवश्यक्ता बमोजिम | • जिल्ला प्रशासन कार्यालय<br>• स्थानीय तहहरु | • जिल्ला विपद् व्यवस्थापन समिति<br>• संचार माध्यम<br>• विषयगत कार्यालय | • पूर्व सावधानी भई मनसुनबाट हुने क्षति न्यूनीकरण भएको हुने । |
| | | • बाढी, पहिरो तथा डुवानको जोखिममा रहेको बस्तीहरुको पहिचान गरी पूर्व सूचना दिने र समुदायमा रहेको संचार माध्यमबाट प्रचार प्रसार गर्ने । | मनसुन सुरु हुन पूर्व समय देखि निरन्तर | • जिल्ला प्रशासन कार्यालय<br>• स्थानीय तहहरु | • स्थानीय तह<br>• सुरक्षा निकायहरु<br>• जिल्ला आपतकालिन कार्य संचालन केन्द्र<br>• नेपाल रेडक्रस सोसाइटी | |
| | | • बर्षा र बाढी सूचनाको लागि बाढी तथा बर्षा मापन केन्द्रका सम्पर्क व्यक्तिहरु, प्रभावित समुदायलाई सूचना गर्ने सम्पर्क व्यक्ति, रेडियो, एफ.एम., जिल्ला समन्वय समिति, स्थानीय तह, सुरक्षा निकायहरु, रेडक्रसको सम्पर्क नं. संकलन वा अध्यावधिक गर्ने । | मनसुन सुरु हुन पूर्व समय देखि निरन्तर | • जिल्ला विपद् व्यवस्थापन समिति<br>• DEOC, | • स्थानीय तह<br>• सुरक्षा निकायहरु<br>• जिल्ला आपतकालिन कार्य संचालन केन्द्र<br>• नेपाल रेडक्रस सोसाइटी<br>• अन्य संघसंस्थाहरु | |
| | | • विपद् प्रतिकार्यका लागि आपतकालिन नमुना अभ्यास गर्ने/गराउने । | पूर्व तयारी | • जिल्ला विपद् व्यवस्थापन समिति | • सुरक्षा निकायहरु<br>• स्थानीय संघसंस्थाहरु | |
| | | • खोज तथा उद्धार सामाग्री सहित खोज तथा उद्धार योजना तयार गर्ने । | जेठ महिनाको पहिलो हप्ता | • खोज तथा उद्धारमा संलग्न निकायहरु<br>• सडक डिभिजन कार्यालय<br>• सुरक्षा निकायहरु | • सुरक्षा निकायहरु<br>• निर्माण व्यवसायी संघ<br>• एम्बुलेन्स संचालक<br>• सडक डिभिजन कार्यालय<br>• जिल्ला समन्वय समिति<br>• स्थानीय तह मार्फत भारी उपकरणहरु (डोजर, स्काभेटर, ट्रिफर, ट्रक) | |
| | | • जिल्ला आपतकालिन कार्य संचालन केन्द्रलाई तयारी अवस्थामा राख्ने | निरन्तर | • जिल्ला आपतकालिन कार्य संचालन केन्द्र,<br>• जिल्ला विपद् व्यवस्थापन समिति, | • राष्ट्रिय आपतकालिन कार्य संचालन केन्द्र<br>• नेपाल रेडक्रस सोसाइटी | |
| | | • स्थानीय आपतकालिन कार्यसंचालन केन्द्रलाई | निरन्तर | • जिल्ला विपद् व्यवस्थापन समिति | • जिल्ला आपतकालिन कार्य संचालन | |

| सि.न. | मुख्य कार्य | क्रियाकलाप | कार्यान्वयन गर्ने समय | जिम्मेवारी निकाय | सहयोगी निकाय | उपलब्धी |
|---|---|---|---|---|---|---|
| | | तयारी अवस्थामा राख्ने । | | • स्थानीय तहहरु | केन्द्र<br>• नेपाल रेडक्रस सोसाइटी | |
| | | • राहत सामाग्रीहरुको उचित भण्डारण गर्ने तथा जिल्लामा भएको सामाग्रीहरुको भण्डारण अनुगमन गरी अध्यावधिक गर्ने । | जेठ महिनाको पहिलो हप्ता | • जिल्ला आपतकालिन कार्य संचालन केन्द्र<br>• जिल्ला विपद् व्यवस्थापन समिति<br>• स्थानीय तहहरु | • नेपाल रेडक्रस सोसाइटी | |
| | | • जिल्ला विपद् व्यवस्थापन कोषमा न्यूनतम रकम राख्ने । | निरन्तर | • जिल्ला विपद् व्यवस्थापन समिति<br>• स्थानीय तहहरु | • गृह मन्त्रालय<br>• संघ/प्रदेश | |
| | | • स्थानीय तहमा विपद् व्यवस्थापन कोषमा न्युनतम रकम राख्ने । | निरन्तर | • स्थानीय विपद् व्यवस्थापन समिति | • स्थानीय तह | |
| | | • सुरक्षा निकायहरुलाई तयारी अवस्थामा राख्ने । | निरन्तर | • नेपाली सेना<br>• सशस्त्र प्रहरी<br>• नेपाल प्रहरी | • गृह मन्त्रालय<br>• जिल्ला विपद् व्यवस्थापन समिति | |
| | | • बाढी पूर्व सूचना प्रणालीलाई थप प्रभावकारी बनाउने । | निरन्तर | • जिल्ला तथा स्थानीय आपतकालिन कार्य संचालन केन्द्र<br>• सुरक्षा निकायहरु | • सुरक्षा निकायहरु<br>• NEOC | |
| | | • विपद्को समयमा सूचना व्यवस्थापनमा समन्वय गर्ने र एकद्वार प्रणाली अपनाउने । | मनसुनको समयमा | • जिल्ला विपद् व्यवस्थापन समिति | • गृह मन्त्रालय<br>• सुरक्षा निकायहरु<br>• NEOC<br>• नेपाल रेडक्रस सोसाइटी<br>• नेपाल पत्रकार महासंघ | |
| | | • विपद् सम्बन्धीFocal Personतोक्ने<br>• स्थानीय स्वयम सेवक परिचालन गर्ने । | निरन्तर | • जिल्ला विपद् व्यवस्थापन समिति<br>• सुरक्षा निकाय<br>• जिल्ला आपतकालिन कार्य संचालन केन्द्र<br>• स्थानीय तहहरु | • कलष्टर निकायहरु<br>• नेपाल रेडक्रस सोसाइटी(Redcross)<br>• जिल्ला स्थित सरकारी तथा गैर सरकारी संघसंस्थाहरु | |
| | | • घटना लगतै घटना पश्चात द्रुत सर्वेक्षण र सुचना संकलन गर्ने । | मनसुनको समयमा | • जिल्ला आपतकालिन कार्य संचालन केन्द्र<br>• जिल्ला विपद् व्यवस्थापन समिति<br>• स्थानीय तहहरु | • नेपाली सेना<br>• सशस्त्र प्रहरी<br>• नेपाल प्रहरी<br>• DEOC<br>• नेपाल रेडक्रस सोसाइटी | |

| सि.न. | मुख्य कार्य | क्रियाकलाप | कार्यान्वयन गर्ने समय | जिम्मेवारी निकाय | सहयोगी निकाय | उपलब्धी |
|---|---|---|---|---|---|---|
| | | • जिल्ला तथा स्थानीयस्तरमा राहत सामाग्रीहरुको भण्डारणको व्यवस्था मिलाउने । | निरन्तर | • जिल्ला विपद् व्यवस्थापन समिति<br>• स्थानीय तहहरु | • उद्योग बाणिज्य संघ | • |
| २. | मनसुनको समयमा देखा पर्ने स्वास्थ्यसँग सम्बन्धित रोगव्यादी/महामारी जस्ता विपद्को न्यूनिकरण तथा रोकथाम | • जिल्ला स्थित स्वास्थ्य संस्थाले आवश्यकता अनुसार सूचना संप्रेशण गर्ने, औषधि सहितको स्वास्थ्यकर्मी तयारी अवस्थामा राख्ने तथा सोको रोकथामका लागि आवश्यक व्यवस्था मिलाउने । | तत्काल/निरन्तर | • जिल्ला स्थित स्वास्थ्यसँग सम्बन्धित सरकारी तथा गैर सरकारी निकायहरु<br>• जिल्ला अस्पताल<br>• नेपाल रेडक्रस सोसाइटी<br>• स्वास्थ्य चौकी<br>• हेल्थपोष्ट | • नेपाल सरकार<br>• प्रदेश सरकार<br>• स्थानीय तह<br>• जिल्ला विपद् व्यवस्थापन समिति<br>• सुरक्षा निकाय | • विभिन्न प्रकारका रोग व्यादी र महामारीमा कमी आएको हुने । |
| ३. | आगलागी भएको अवस्थामा तत्काल आगो नियन्त्रण र व्यवस्थापन सम्बन्धी कार्य | • सम्भावित जोखिम स्थानको पहिचान गर्ने ।<br>• आगलागी नियन्त्रणको लागि सामाग्रीको व्यवस्थापन गर्ने ।<br>• आगलागी नियन्त्रणका लागि Fire Fighting Tem(FFT) को व्यवस्था गर्ने ।<br>• अग्नीरेखाको निमार्ण गर्ने | तत्काल/निरन्तर | • स्थानीय तह<br>• सडक पूर्वाधार<br>• बन कार्यालय<br>• सुरक्षा निकाय | • जिल्ला प्रशासन कार्यालय<br>• प्रदेश सरकार<br>• नेपाल सरकार | • आगलागीको घटनाहरुमा कमी भएको हुने । |
| ४. | मनसनुबाट उपन्न हुन सक्ने बाढी, पहिरो भु-क्षयको कारणले क्षतिको न्यूनीकरण तथा रोकथामका लागि सजक रहने । | • मनसुनको कारणले विपद् सृजना भएमा राजमार्गमा हुने अवरोध हटाउनको लागि सम्बन्धित सबै पक्षहरुसँग समन्वयात्मक रुपमा कार्य गरी अवरोध हटाई सडक संचालन गर्ने ।<br>• मनसुनबाट क्षति भएको संरचनाहरुको पुनर्निर्माण गर्ने । | तत्काल/निरन्तर | • स्थानीय तहहरु<br>• सरोकारवाला निकायहरु<br>• सडक/पूर्वाधार सँग सम्बन्धित कार्यालयहरु<br>• सुरक्षा निकायहरु | • जिल्ला विपद् व्यवस्थापन समिति | • मनसुनबाट हुने क्षति न्यूनीकरण भएको हुने । |
| ५. | बाढी, पहिरो तथा भ-क्षयबाट राजमागर्ग तथा जिल्ला भित्रका सडकहरुमा हुन सक्ने सडकजाम वा बन्द भएमा तत्काल सडक अवरोध एवं नागरिकको धनजन क्षति भएमा सो | • सरकारी, गैर सरकारी लगायत स्थानीय तहमा भएका सवारी साधान लगायत विपद्सँग सम्बन्धित समाग्रीहरु तथा कोभिड-19 सँग सम्बन्धित सामाग्री तयारी अवस्थामा राखी आवश्यक परेको अवस्थामा तत्काल उपयोग गर्ने । | तत्काल / निरन्तर | • स्थानीय तह<br>• सरोकारवाला निकायहरु | • जिल्ला विपद् व्यवस्थापन समिति | • मनसुनबाट तथा बाढी पहिरोबाट अवरुद्ध भएको सडक सुचारु भई यातायात संचालनमा आएको हुने । |

| सि.न. | मुख्य कार्य | क्रियाकलाप | कार्यान्वयन गर्ने समय | जिम्मेवारी निकाय | सहयोगी निकाय | उपलब्धी |
|---|---|---|---|---|---|---|
| | हटाउनको लागि आवश्यक डोजर, स्काभेटर, टिफर लगायतका मेशनरी उपकरणहरु उचित व्यवस्थापन | • सडक बाढी, पहिरोले भत्किने वा पुरिएको अवस्थमा जतिसक्दो चाँडो अवरोध पन्छाएर सडक सुचारु गराउने । | विपद् भएपछिको सयममा | • सुरक्षा निकाय<br>• स्थानीय तह | • जिल्ला विपद् व्यवस्थापन समिति | |
| ६. | राहत पुनस्स्थापना, पूर्नलाभ | • विपद् पछि क्षतिको लेखा जोखा गर्ने साथै तत्काल राहत वितरण गर्ने । | निरन्तर | • सबै स्थानीय तहहरु<br>• जिल्ला समन्वय समिति<br>• जिल्ला विपद् व्यवस्थापन समिति | • नेपाल रेडक्रस सोसाइटी<br>• सरकारी तथा गैरसरकारी संघसंस्थाहरु<br>• सुरक्षा निकायहरु | • शिघ्र राहत तथा पुनस्थापना भएको हुनेछ । |
| **खिम्ती खोला** | साँघुटार, फर्पू, फलाटे, ठोसेको तल्लोबजार, एकामफेदी, शिवालय, गर्जाङ, खारिटार |

## ६.५ विपद्को अवस्था तथा सोको लागि प्रतिकार्य योजना :

विपद् समय रेखाको अध्ययन गर्दा जिल्लामा हरेक वर्षजसो बाढी र पहिरोले विपद् निम्त्याउने गरेको देखिन्छ। यसमा पनि बाढी तथा पहिरोले एकैसाथ असर गर्ने गरेको छ। यद्यपी मिति २०७२ बैशाख १२ गतेको भूकम्प तथा सो पछिका पराकम्पनका कारण ४१ जनाको मृत्यू, १४७ जना घाइते र ५० हजार भन्दा बढी घरधुरीहरु क्षति भई जनजीवनमा ठुलो असर गरेको देखिन्छ। यससन्दर्भमा भूकम्पीय जोखिम समेतको अवस्थालाई मध्यनजर गर्नुपर्ने स्थिति छ। २०७३ मा नै पहिरोले भुजीमा २२ घर र १४१ जनसंख्या प्रभावित भएको र ७२ लाख वरावरको आर्थिक क्षतिभएको थयो। यसका साथै आगलागीका घटनाबाट १४ घर र ५३ जनसंख्या प्रभावित भएको र ४९ लाख वरावरको आर्थिक क्षति भएको थियो। त्यसैगरी, महामारी तथा कोभिड १९ कोरोना भाइरसको संक्रमण तथा बन्दाबन्दीले गर्दा जिल्लाका सवै घरपरिवार प्रभावित भएका छन्  भने समग्र जिल्लाको आर्थिक, सामाजिक-साँस्कृतिक, मनोसामाजिक क्षेत्रमा नकारात्मक असर परिरहेको छ।

विगतको तथ्यांक तथा अनुभवको आधारमा यस वर्ष २०७७ मा बाढी, पहिरो, आगलागी तथा भूकम्पबाट ६६० घरधुरी प्रभावित हुनसक्ने अनुमान गरिएको छ। महामारी तथा कोभिड १९ कोरोना भाईरसको संक्रमण तथा त्यसले पार्न सक्ने असरको क्षेत्र अझ बढ्न सक्ने अनुमान गरिएको छ। छरिएका पातला वस्ती तथा विकट भौगोलिक बनोटका कारण विस्थापित हुनेहरुलाई कुनै निश्चित स्थानमा मात्रै आश्रय प्रदान गर्न कठिन हुन सक्छ। जिल्लाका ९ वटा स्थानमा आपतकालिन आश्रयस्था वनेता पनि जिल्लाका अन्य विभिन्न पायक पर्ने स्थानमा आश्रयस्थल निर्माण हुन सकेको खण्डमा बढी प्रभावकारी हुने देखिन्छ। बाढी तथा पहिरो, भूकम्प लगायत अन्य विपद्को कारण सडक यातायात समेत अवरुद्ध हुनसक्ने हुनाले खोज तथा उद्दार टोलीलाई प्रभावित स्थलसम्म पुग्न कठिन हुन सक्नेछ। साथै स्थानीय स्तरमा खोज तथा उद्दार, प्राथमिक उपचार टोलीहरुको विकास नभएको कारण स्थानीय समुदायको विपद् प्रतिकार्य गर्ने ताकत कम भएको अवस्था छ। यस कारण विपद्को अवस्थामा तुरुन्त हेलिकोप्टर, दक्ष खोज तथा उद्धार टोलीलाई विपद् प्रभावित स्थानमा पुऱ्याउन नसकिएमा प्रतिकार्य योजना प्रभावकारी हुन नसक्ने र जनधनको क्षति बढ्ने अवस्था रहन्छ।  प्रभावित हुनसक्ने भनी अनुमान गरिएका घरधुरी तथा जनसंख्याका लागि प्राथमिक तथा सघन उपचारका लागि दक्ष जनशक्ति, औषधी उपचार, उपकरणहरु तयारी अवस्थामा राख्नु आवश्यक देखिन्छ। साथै खोज तथा उद्धारका लागि आवश्यक सामग्रीहरु टर्च, पिक, सावेल, गल, बाल्टी, लाइफ ज्याकेटलगायतका आधुनिक इमरजेन्सी कटर, पोर्टेवल जेनेरेटर, थर्मल सेन्सर, अस्थायी हेलिप्याड, सामग्रीहरु तयारी अवस्थामा राख्न आवश्यक छ।

## ६.६ निकायगत भूमिका तथा जिम्मेवारी :

सन् २००५ मा बिषयगत क्षेत्रको अवधारणा आईसकेपछि नेपालमा पनि यो अवधारणा लागु भयो। बि.सं. २०६८ सालमा यस जिल्लामा पनि यस अवधारणा अनुसार विभिन्न निकायलाई बिषयगत क्षेत्रको जिम्मेवारी सहित काम गर्न सुरु गरियो। विपद् पूर्वतयारी र प्रतिकार्य योजनालाई प्रभावकारी तरिकाले कार्यान्वयन गर्ने उदेश्यले यस जिल्लामा विभिन्न ९ वटा बिषयगत क्षेत्रहरु (clusters) तय गरी सोही अनुसारको जिम्मेवारी र भूमिका तोकिएको छ। जसको समन्वय र सहकार्यमा आगामी योजना तथा कार्यक्रमहरु संचालन हुनेछन्।

| क्र.सं. | निकायको नाम | जिम्मेवार व्यक्ति | जिम्मेवारी |
|---|---|---|---|
| १ | जिल्ला प्रशासन कार्यालय, रामेछाप | प्रमुख जिल्ला अधिकारी | • समन्वयात्मक र नेतृत्वदायी भूमिका निर्वाह गर्ने।<br>• खोज तथा उद्धार कार्यमा सुरक्षा निकाय समेत परिचालन गर्ने।<br>• आवश्यकता अनुसार क्षेत्रीय तथा केन्द्रीय स्तरमा मानवीय, आर्थिक, भौतिक लगायतको सहयोगका लागि भूमिका निर्वाह गर्ने।<br>• विपद् प्रभावित व्यक्ति तथा समुदायको आधारभूत मानवीय सहायता मापदण्डको सुनिश्चितता गर्ने गराउने। |
| २ | जिल्ला समन्वय समितिको कार्यालय, रामेछाप | जि.स.स प्रमुख/जिल्ला समन्वय अधिकारी | • विपद् व्यवस्थापनको सन्दर्भमा आर्थिक तथा भौतिक साधनहरुको प्रवन्धगर्न आवश्यक समन्वय गर्ने।<br>• शिघ्र पुनलाभको क्षेत्रमा कार्य गर्ने।<br>• स्थानीय तह र विभिन्न सरकारी तथा गैरसरकारी निकायहरुको वीचमा समन्वयात्मक भूमिकाको नेतृत्व गर्ने। |
| ३ | नगरपालिका तथा गाउंपालिकाको कार्यालय | नगरप्रमुख तथा अध्यक्ष र प्रमुख प्रशासकीय | • विपद् व्यवस्थापनको सन्दर्भमा आर्थिक तथा भौतिक साधनहरुको प्रबन्ध गर्ने।<br>• स्थानीय स्तरमा विपद् जोखिम व्यवस्थापन योजना तर्जुमा गरी कार्यान्वयन गर्ने। |

| क.सं. | निकायको नाम | जिम्मेवार व्यक्ति | जिम्मेवारी |
|---|---|---|---|
| | | अधिकृत | • शिघ्र पुर्नलाभको क्षेत्रमा कार्य गर्ने ।<br>• विभिन्न सरकारी तथा गैरसरकारी निकायहरुको वीचमा समन्वयात्मक भूमिकाको निर्वाह गर्ने ।<br>• विपद पूर्वतयारी तथा प्रतिकार्य योजना तयार गर्ने र पूर्वतयारी भै वस्ने<br>• विपद जोखिम व्यवस्थापन कोष स्थापना गरी परिचालन गर्ने । |
| ४ | सुरक्षा निकाय ( नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी वल) | प्रमुख तथा प्रतिनिधि | • समन्वय तथा सूचना व्यवस्थापनमा सहयोग गर्ने ।<br>• खोज तथा उद्धार कार्यमा सक्रिय सहभागिता जनाउने ।<br>• सुरक्षा व्यवस्था मिलाउने ।<br>• सम्बन्धित निकायका विषयगत समितिमा रही सहयोग गर्ने ।<br>• विपद् प्रभावित व्यक्ति तथा समुदायको आधारभुत मानवीय सहायता मापदण्डको सुनिश्चितता गर्ने गराउने । |
| ५ | राजनैतिक दलहरू ( जिल्ला तथा स्थानीय स्तरका) | दलका प्रमुखहरू | • सम्पर्क र समन्वय गर्ने ।<br>• स्रोत साधन व्यवस्थापन गर्न सहयोग गर्ने ।<br>• मानवीय सहायता तथा विपद् व्यवस्थापन गर्नका लागि जनपरिचालन गर्ने ।<br>• विपद् प्रभावित व्यक्ति तथा समुदायको आधारभूत मानवीय सहायता मापदण्डको सुनिश्चिता गर्ने गराउने कार्यमा बिशेष सहयोग गर्ने । |
| ६ | नेपाल रेडक्रस सोसाइटी | सभापति | • खाद्य, गैर खाद्य सामग्री तथा अस्थायी आवासको व्यवस्थापनमा प्रवन्धकारी भूमिका निर्वाह गर्ने ।<br>• विपद् सम्बन्धी सूचना सङ्कलन तथा सर्वेक्षण गर्ने ।<br>• आपत्कालीन आवास तथा गैर खाद्द साामाग्री व्यवस्थापनमा सहयोग गर्ने ।<br>• सम्पर्क, समन्वय, खोज तथा उद्धार, प्राथमिक उपचार, राहत वितरण जस्ता कार्यहरुमा स्वयमसेवक परिचालन गर्ने ।<br>• मानवीय सहायता सम्बन्धि अन्य कार्यहरु गर्ने । |
| ७ | विषयगत क्षेत्रका अगुवा निकायहरु | कार्यालय प्रमुखहरु | • सम्बन्धित विषयगत क्षेत्रको अगुवा भूमिका निर्वाह गर्ने ।<br>• सम्बन्धित विषयगत क्षेत्र अन्तरगत सरकारी तथा गैरसरकारी निकायसँग सम्पर्क, समन्वय र सम्बन्ध विस्तार गर्ने ।<br>• सम्बन्धित विषयगत क्षेत्र तथा कार्यालयको आपत्कालीन योजना तर्जुमा गरी कार्यान्व्यन गर्ने ।<br>• मानवीय सहायता सम्बन्धि सिद्धान्तहरु र आधारभुत मापदण्डहरुको पालना गर्ने गराउने । |
| ८ | रामेछाप उद्योग वाणिज्य संघ | अध्यक्ष | • आपत्कालीन समयमा खाद्य तथा गैरखाद्य सामग्रीहरुको व्यवस्थापन गर्ने ।<br>• आर्थिक तथा भौतिक साधन स्रोतहरुको व्यवस्था गर्ने ।<br>• सम्पर्क, समन्वय, खोज तथा उद्धार र राहत वितरण कार्यमा सक्रिय सहभागी हुने । |
| ९ | नेपाल पत्रकार महासंघ, सञ्चारकर्मीहरु तथा संचार माध्यमहरु | प्रमुख | • सूचना संकलन तथा सम्प्रेषणमा प्रभावकारी भूमिका निर्वाह गर्ने ।<br>• आपत्कालीन समयमा सत्य तथ्य सूचना संकलन तथा सम्प्रेषण गर्ने<br>• आपत्कालीन सूचनाको हक सुरक्षित गराउने । |
| १० | नागरिक समाज, मानव अधिकारकर्मी तथा संस्थाहरु, सामुदायिक वन उपभोक्ता महासंघ र | प्रमुख, संयोजक | • सम्पर्क, समन्वय, राहत तथा उद्धार कार्यमा सहयोग गर्ने ।<br>• मानव अधिकारको संरक्षण तथा सम्वर्द्धनमा सहयोग गर्ने ।<br>• मानवीय सहायता सम्बन्धि सिद्धान्तहरु र आधारभूत मापदण्डहरुको पालना गर्ने गराउने । |

| क.सं. | निकायको नाम | जिम्मेवार व्यक्ति | जिम्मेवारी |
|---|---|---|---|
| | वन समूहरु, जल तथा सिंचाई उपभोक्ता महासंघ, खानेपानी तथा सरसफाई महासंघ, सामुदायिक विपद व्यवस्थापन समितिको जिल्ला सञ्जाल | | • आपत्कालीन सहयोगका लागि सम्बन्धित निकायहरुमा सम्पर्क, समन्वय गर्ने ।<br>• आवश्यक तथा उपलब्ध साधन स्रोतको पहिचान, परिचालन गर्ने । |
| ११ | पेशागत व्यवसायी ( यातायात व्यवसायी संघ, निर्माण व्यवसायी संघ, काष्ठ व्यवसायी संघ, कर्मचारी युनियन आदि । | अध्यक्ष | • राहत तथा उद्धार कार्यका लागि यातायातका साधनहरु र जनशक्ति उपलब्ध गराउने ।<br>• राहत, उद्धार तथा राहत वितरणका लागि आवश्यक सहयोग गर्ने ।<br>• आपत्कालीन सहयोगका लागि सम्बन्धित निकायहरुमा सम्पर्क, समन्वय गर्ने । |
| १२ | गैरसरकारी संस्था महासंघ, राष्ट्रिय तथा अन्तराष्ट्रिय गै.स.स. र विभिन्न परियोजनाहरु | प्रमुख तथा प्रतिनिधि | • आपत्कालीन अवस्थामा मानवीय स्रोत तथा जनशक्ति परिचालन ।<br>• स्रोत संकलन तथा परिचालन गर्नमा सहयोग गर्ने ।<br>• गै.स.स. र विभिन्न परियोजनाहरु वीच समन्वय गरी विपद् व्यवस्थापन गर्न सहयोग गर्ने ।<br>• क्षमता विकास तथा सहजिकरण कार्य गर्ने ।<br>• मानवीय सहायता सम्बन्धि सिद्धान्तहरु र आधारभुत मापदण्डहरुको पालना गर्ने गराउने । |
| १३ | जिल्ला अगुवा सहयोगी सस्था (DLSA) | प्रमुख तथा प्रतिनिधि | • विपद् व्यवस्थापनमा जिल्ला अगुवा सहयोगी संस्थाको भूमिका निर्वाह गर्ने ।<br>• सवै निकायहरुको सहकार्यमा जिल्ला विपद पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमा गर्न सहयोग गर्ने ।<br>• प्रभावकारी प्रतिकार्य तथा पूर्वतयारीका लागि मानवीय सहायता सम्बन्धी मुख्य सिद्धान्त वा न्यूनतम मापदण्डका वारेमा समन्वय गर्ने<br>• विपद पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमा प्रक्रियमा सबै विषयगत क्षेत्रका अगुवा,सदस्य लगायत अन्य सरोकारवालहरुको सहभागिता सुनिश्चित गर्ने ।<br>• जिल्ला स्थित मानवीय सहायता तथा विपद् व्यवस्थापनको क्षेत्रमा संलग्न निकायहरुमा आवश्यक सम्पर्क, समन्वय र सम्बन्ध विस्तार गर्ने ।<br>• मानवीय सहायता सम्बन्धि सिद्धान्तहरु रमापदण्डहरुको पालना गर्ने गराउने ।<br>• अन्य तोकिएका तथा आवस्यक कार्यहरु गर्ने । |
| १४ | राष्ट्रिय पुनर्निमाण प्राधिकरण, जिल्ला कार्यालय | प्रमुख | • निजी आवास तथा सामुदायिक भौतिक संरचनाको पुनर्निमाण गर्ने ।<br>• भूकम्प प्रतिरोधी संरचना निर्माण गर्न जनचेतना फैलाउने र भूकम्प प्रतिरोधी संरचना निर्माण गर्ने । |

## ६.७ सूचना व्यवस्थापन :

कुनै पनि विपद्सँग सम्बन्धित सूचना संकलन र व्यवस्थापन गर्ने कार्य जिल्ला प्रशासन कार्यालय, DEOC र नेपाल रेडक्रस सोसाईटीले गर्दै आएको छ । सूचना व्यवस्थापनलाई अझ चुस्त दुरुस्त राख्न जिल्लामा **विपद् व्यवस्थापन श्रोत केन्द्र**को आवश्यकता महसुस गरिएको छ । साथै तत्काल विपद्का घटनाको सूचना संकलनमा जिल्ला प्रहरी, स्थानीय निकाय (गाउंपालिका, नपा र जिसस), नेपाल रेडक्रस सोसाइटीका शाखा/उपशाखाहरु र यथार्थ/आधिकारिक सूचना अध्यावधिकका लागी जिल्ला प्रशासन कार्यालय अन्तर्गत रहेको आपत्कालीन कार्यसंचालन केन्द्र (DEOC) सक्रिय

रहनेछ भने दिगो रुपमा अभिलेखीकरण र थप श्रोत, साधन र संकटासंन्नताका सूचनाहरु समेत जिल्ला विपद व्यवस्थापन समितिले व्यवस्थापन गर्नेछ ।

# परिच्छेद-७

# कोरोना भाईरस (COVID-19)रोकथाम तथा नियन्त्रण सम्बन्धी व्यवस्था

## ७.१. कोभिड-१९(Covid-19)रोकथाम, नियन्त्रणरन्यूनिकरणका सन्दर्भमाभएकागतिविधिहरु

कोभिड-19 को रोकथाम,नियन्त्रण र समन्वयका लागि पहिलो चरणमा जिल्ला विपद् व्यवस्थापन समिति कोरोना रोकथाम तथा नियन्त्रण समन्वय समिति गठन भई सूचना तथा सन्देश प्रसारण,क्वारेन्टाइन,आइसोलेसन स्थापना, भारत लगायत तेस्रो मुलुकबाट आउनेको विवरण संकलन गरी क्वारेन्टाइनमा राख्ने, नियमित Follow upगर्ने कार्य भएको । मिति 2076 चैत्र 13 मा प्रमुख जिल्ला अधिकारीको संयोजकत्वमा सबै सुरक्षा निकाय, जिल्ला स्वास्थ्य कार्यालय र अस्पतालका प्रमुख र सबै ८ वटै स्थानीय तहका स्वास्थ्य संयोजक रहने कमाण्ड पोष्ट गठन गरी लकडाउनको पूर्ण पालना, अत्यावश्यक बस्तुको आपूर्ति, क्वारेन्टाइनमा रहेकाहरुको निरन्तरFollowup गर्ने कार्य भएको भइरहेको छ ।

## ७.२. संयन्त्र गठन

### क) कोभिड-19संकट व्यवस्थापन केन्द्र(DCCMC)रामेछापका पदाधिकारीहरुको नाम तथा सम्पर्क नम्बर

| सि.न. | नाम, थर | पद | सम्पर्क नम्बर |
|---|---|---|---|
| 1. | श्री रुद्रादेवी शर्मा | प्र.जि.अ. | 9854057777 |
| 2. | श्री दिवस आचार्य | जि.स.स. | 9854040107 |
| 3. | श्री राजु प्रसाद पौडेल | स.प्र.जि.अ. | 9851173426 |
| 4. | श्री विष्णु प्रसाद सापकोटा | प्रमुख सेनानी | 9851136780 |
| 5. | श्री बसन्त पाठक | प्र.ना.उ. | 9854055555 |
| 6. | श्री रमेश कुमार थापा | प्र.ना.उ. | 9841423466 |
| 7. | श्री सुवास कार्की | प्र.अ.अ. | 9841908096 |
| 8. | श्री विद्या खनाल | स्वास्थ्य प्रमुख | 9854045007 |
| 9. | श्री डा. आनन्द आचार्य | चिकित्सक | 9849177057 |
| **सल्लाहकार** | | | |
| 11. | श्री प्रेम बहादुर खड्का | प्रमुख (जिल्ला समन्वय समिति) | |
| 12. | श्री रमेश कुमार बस्नेत | नगर प्रमुख (मन्थली नगरपालिका | |

### ख) जिल्ला स्तरीय Comand Post

| सि.न. | पदाधिकारी (कार्यालय) | पद |
|---|---|---|
| 1. | प्रमुख जिल्ला अधिकारी | संयोजक |
| 2. | प्रमुख/अध्यक्ष (नगरपालिका/गाउँपालिका) | सदस्य |
| 3. | स.प्र.जि.अ., जिल्ला प्रशासन कार्यालय | सदस्य |
| 4. | प्रमुख सेनानी, नयाँ गोरख गण | सदस्य |
| 5. | प्र.ना.उ., जिल्ला प्रहरी कार्यालय | सदस्य |
| 6. | स.प्र.ना.उ. सशस्त्र प्रहरी बल नेपाल, आश्रित गुल्म | सदस्य |
| 7. | प्रमुख राष्ट्रिय अनुसन्धान अधिकृत, जिल्ला कार्यालय । | सदस्य |
| 8. | प्रमुख, स्वास्थय कार्यालय | सदस्य |
| 9. | डा. आनन्द आचार्य, जिल्ला अस्पताल | सदस्य |
| 10. | जिल्ला समन्लय अधिकारी, दिवस आर्चाय, जिल्ला समन्वय समिति | सदस्य |

## ग) जिल्ला स्तरीय निर्देशक समिति

| सि.न. | पदाधिकारी (कार्यालय) | पद | कैफियत |
|---|---|---|---|
| 1. | जिल्ला समन्वय समिति | संयोजक | |
| 2. | प्रमुख/अध्यक्ष(नगरपालिका/गाउँपालिका) | सदस्य | |
| 3. | प्रमुख जिल्ला अधिकारी, जिल्ला प्रशासन कार्यालय | सदस्य | |
| 4. | स.प्र.जि.अ., जिल्ला प्रशासन कार्यालय | सदस्य | |
| 5. | प्रमुख सेनानी, नयाँ गोरख गण | सदस्य | |
| 6. | प्र.ना.उ., जिल्ला प्रहरी कार्यालय | सदस्य | |
| 7. | स.प्र.ना.उ. सशस्त्र प्रहरी बल नेपाल, आश्रित गुल्म | सदस्य | |
| 8. | प्रमुख राष्ट्रिय अनुसन्धान अधिकृत, जिल्ला कार्यालय। | सदस्य | |
| 9. | प्रमुख, स्वास्थय कार्यालय | सदस्य | |
| 10. | डा. आनन्द आचार्य, जिल्ला अस्पताल | सदस्य | |
| 11. | जिल्ला समन्लय अधिकारी, दिवस आर्चाय, जिल्ला समन्वय समिति | सदस्य | |

## घ) सल्लाहकार समूह

| सि.न. | पदाधिकारी | कै. |
|---|---|---|
| 1. | प्रतिनिधि सभा सदस्य माननीय सांसद श्री श्याम कुमार श्रेष्ठ | |
| 2. | प्रदेश सभा सदस्य एवं आर्थिक मामिला तथा योजना मन्त्री माननीय सांसद श्री कैलाश प्रसाद ढुङ्गेल | |
| 3. | प्रदेश सभा सदस्य माननीय सांसद श्री शान्ति प्रसाद पौडेल | |
| 4. | प्रदेश सभा सदस्य माननीय सांसद श्री रिता माझी | |
| 5. | जिल्ला समन्वय समितिका प्रमुख श्री प्रेम बहादुर खड्का | |

## ङ) जिल्ला स्तरीय Patient Receiving Team (PRT)

| सि.न. | पदाधिकारी (कार्यालय) | पद |
|---|---|---|
| 1. | स्वास्थ्य प्रमुख, श्री विद्या खनाल, स्वास्थ्य कार्यालय | संयोजक |
| 2. | चिकित्सक, डा. आनन्द आचार्य | सदस्य |
| 3. | प्रशासकीय अधिकृत, जिल्ला प्रशासन कार्यालय | सदस्य |
| 4. | सह-सेनानी, नयाँ गोरख गण, रामेछाप व्यारेक | सदस्य |
| 5. | प्रहरी निरीक्षक, जिल्ला प्रहरी कार्यालय | सदस्य |
| 6. | प्रतिनिधि, सशस्त्र प्रहरी बल, आश्रित गुल्म | सदस्य |
| 7. | ब. अ.स. राट्रिष्य अनुसन्धान, जिल्ला कार्यालय | सदस्य |
| 8. | सम्बन्धित पालिकाको स्वास्थ्य, संयोजक | पदेन सदस्य |

## च) औषधि उपकरण तथा स्वास्थ्य सामाग्री लगायत आवश्यक वस्तु वा सेवाको आपूर्तिका अवस्था र अनुगमनका लागि गठित समिति

| सि.नं. | पदाधिकारी (कार्यालय) | पद |
|---|---|---|
| 1. | सहायक प्रमुख जिल्ला अधिकारी, जिल्ला प्रशासन कार्यालय | संयोजक |
| 2. | जिल्ला समन्वय अधिकारी, जिल्ला समन्वय समिति | सदस्य |
| 3. | सेनानी, नयाँ गोरख गण, रामेछाप व्यारेक | सदस्य |
| 4. | प्र.ना.उ. जिल्ला प्रहरी कार्यालय, | सदस्य |
| 5. | स.प्र.ना.उ., सशस्त्र प्रहरी बल, नेपाल, आश्रित गुल्म | सदस्य |
| 6. | प्रमुख राष्ट्रिय अनुसन्धान अधिकृत | सदस्य |
| 7. | कार्यालय प्रमुख, घरेलु तथा साना उद्योग कार्यालय | सदस्य |
| 8. | अध्यक्ष, उद्योग बाणिज्य संघ | पदेन-सदस्य |

## छ)COVID-19सम्बन्धी रोकथाम तथा उपचारको लागि जिल्ला एवं स्थानीय तहहरुको स्वास्थ्य संयोजकहरुको विवरण

| कार्यालय | संयोजकका नाम | सम्पर्क नम्बर | कैफियत |
|---|---|---|---|
| **स्वास्थ्य कार्यालय** | श्री विद्या खनाल | 9854045007 | |
| **जिल्ला अस्पताल** | डा. आनन्द आचार्य | 9849177057 | |
| **मन्थली नगरपालिका** | श्री केशव फूयाल | 9854040347 | |
| **रामेछाप नगरपालिका** | श्री विष्णु कार्की | 9854043401 | |
| **लिखु तामाकोसी गाउँपालिका** | श्री जयप्रकाश राय | 9844201062 | |
| **सुनापति गाउँपालिका** | श्री प्रवल योञ्जन | 9851187083 | |
| **उमाकुण्ड गाउँपालिका** | श्री दिपेन्द्र पौकारा | 9854040065 | |
| **गोकुलगंगा गाउँपालिका** | श्री जागिर राय | 9849850315 | |
| **दोरम्बा गाउँपालिका** | श्री कमल भट्टराइ | 9841208173 | |
| **खाँडादेवी गाउँपालिका** | श्री ओम प्रकाश श्रेष्ठ | 9844142075 | |

## ज) कोभिड Friendlyएम्बुलेन्स

| निकाय | एम्बुलेन्स नम्बर | चालकको नाम | सम्पर्क नम्बर |
|---|---|---|---|
| **जिल्ला अस्पताल** | af 2 e 1752 | नर बहादुर तामाङ | 9744016340 |
| **नेपाल रेडक्रस सोसाइटी** | af 10 r. 4442 | हरि थापा | 9854040128 |
| **रामेछाप नगरपालिका** | af.12 r. 5555 | तिर्थ बहादुर वि.क. | 9860441125 |
| | h.1 r. 1051 | कृष्ण बहादुर कार्की | 9744059794 |
| **स्वास्थ्य चौकी सुनापति** | af. 2 e 676 | चन्द्रलाल चौलागाइ | 9813536977 |
| **खाँडादेवी गाउँपालिका** | af 19 r. | कैलाश कार्की | 9849756749 |
| **मन्थली नगरपालिका(प्राथमिक स्वास्थ्य केन्द्र** | बा २ झ ४४६२ | | 9861377232 |
| **उमाकुण्ड गाउँपालकिा (गुम्देल स्वास्थ्य चौकी)** | ज १ झ ४१२ | | 9864334077 |
| **दोरम्बा गाउँपालिका** | बा २ झ ४२७५ | | 9849441982 |
| **गोकुलगंगा गाउँपालिका (रस्नालु स्वास्थ्य चौकी)** | ज १ झ ४१३ | | 9863913887 |
| **लिखु तामाकोसी गाउँपालिका** | बा २ झ ४०१५ | | 9861186979 |

## झ) कोभिड-१९ सम्बन्धी विवरण

| क्र. स. | स्थानीय तह /अस्पताल | क्वारेन्टिन वेड संख्या | क्वारेन्टिनमा रहेका व्यक्तिको संख्या | | | क्वारेन्टिनबाट फिर्ताभएको संख्या | आइसोलेसन वेड संख्या | Report Positive आएको | निको भएका | स्वाव संकलन संख्या |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | महिला | पुरुष | जम्मा | | | | | |
| १ | जिल्लाअस्पताल रामेछाप | ० | ० | ० | ० | ० | १८ | ० | ० | ३७ |
| २ | तामाकोशीअस्पताल | ० | ० | ० | ० | ० | १४ | ० | ० | ० |
| ३ | रामेछाप सामुदायिकअस्पताल | ० | ० | ० | ० | ० | ४ | ० | ० | ० |
| ४ | मन्थलीनगरपालिका | ९९ | ९ | १७<br>० | १७९ | १५६ | ३८ | ९ | ३ | २३९ |
| ५ | रामेछापनगरपालिका | १०० | ११ | ९९ | ११० | १०१ | ३ | ० | ० | ९१ |
| ६ | उमाकुण्डगाउँपालिका | ५३ | ३४ | १३ | ४७ | ४७ | ४७ | ० | ० | ३२ |
| ७ | खाँडादेवीगाउँपालिका | १२ | १० | ६१ | ७१ | ७१ | ७ | ० | ० | ५५ |
| ८ | गोकुलगंगागाउँपालिका | ४९ | ६ | ५८ | ६४ | ४८ | ५ | ११ | ११ | १९२ |
| ९ | दोरम्बागाउँपालिका | २१ | १ | २१ | २२ | २२ | १२ | १ | १ | ३४ |
| १० | लिखु तामाकोसी गा.पा. | १०५ | ८ | ७९ | ८७ | ७८ | ६ | १० | १० | ९१ |
| ११ | सुनापतीगाउँपालिका | २६ | ६ | ३१ | ३७ | ३४ | ६ | २ | १ | ५७ |
| जम्मा | | ४६५ | ८५ | ५३<br>२ | ६१<br>७ | ५५७ | ११३ | ३३ | २६ | ८७७ |

*नोटः २०७७श्रावण मसान्त सम्म ।*

# परिच्छेद-८

## प्रतिवेदन तथा अभिलेखन

### ८.१. प्रतिवेदन तथा सञ्चार :

विपद प्रतिकार्यको प्रतिवेदन तथा संचार, विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमा मार्गदर्शन २०६७ (प्रथम संशोधन, २०७६) मा उल्लेख भएको अनुसूचि अनुसार गरिनेछ । प्रतिकार्यका लागि गठित बिषयगत अगुवाहरुले विपद् सम्बन्धि प्रतिवेदन जिल्ला विपद व्यवस्थापन समितिलाई बुझाउनु पर्नेछ । यस्तो प्रतिवेदन विपद्को अवधिमा सकेसम्म दैनिक रुपमा तयार गर्नु पर्दछ । साथै विपद्को वारेमा स्थलगत अनुगमन टोलीले तयार गरेको प्रतिवेदन जिल्ला विपद व्यवस्थापन  समितिको बैठकमा प्रस्तुत गर्नेछ । प्रतिवेदनको जानकारी सबै सरोकारवालाहरुलाई जिल्ला आपत्कालीन कार्यसंचालन केन्द्र (DEOC)बाट उपलब्ध गराईनेछ । तथापि सोको व्यवस्थाका अलवा विपद् तथा आपत्कालीन सूचना प्रवाह गर्ने जिम्मेवारी जिल्ला विपद व्यवस्थापन समितिले अन्य साझेदारसँग समेत छलफल गरी निश्चित निकाय वा व्यक्तिलाई प्रत्यायोजन गरिनेछ । यसका लागि जिल्ला समन्वय समितितथा नेपाल रेडक्रस सोसाईटीको सूचना केन्द्रको समेत सहयोग आवस्यकता पर्दछ । आपत्कालीन समयमा जिल्ला विपद् व्यवस्थापन समितिको प्रत्यक्ष निर्देशनमा रहेर घटना विवरण तयार गर्ने र त्यसलाई स्थानीय तथा केन्द्रीय तहमा प्रवाह हुनेछ ।

### ८.२. संस्थागत व्यवस्था :

नेपालमा पहिलो पटक विपद् व्यवस्थापनको लागि कानूनी दस्तावेजको रुपमा दैवी प्रकोप (उद्धार) ऐन, २०३९ जारी भएको थियो भने हाल नेपाल सरकारले **विपद जोखिम न्यूनिकरण तथा व्यवस्थापन ऐन, २०७४ (प्रथम संशोधन, २०७५) तथा विपद जोखिम न्यूनिकरण तथा व्यवस्थापन नियमावली, २०७५** जारी गरेको छ र सो ऐन तथा नियमावलीमा समेत विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमा र कार्यन्वयनलाई प्राथमिकता दिइएको छ । यसका साथै नेपाल सरकारले जारी गरेको **विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमा मार्गनिर्देशिका, २०६७ (प्रथम संशोधन, २०७६)**ले यस योजना तर्जुमा गर्नको लागि स्पष्ट रुपमा मार्गदर्शन गरेको छ ।

### ८.३. अभिलेखिकरण :

जिल्ला विपद व्यवस्थापन समितिले गैरसरकारी संस्था महासंघ, जिल्ला शाखा रामेछापतथा नेपाल रेडक्रस सोसाइटी लगायत अन्य निकायहरुको सहयोगमा **जिल्ला विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना, २०७७**को दस्तावेज तयार गरिएको छ । आगामी दिनहरुमा हुने अद्यावधिकरणलाई पनि नियमित रुपमा अभिलेखिकरण गरिदै लगिनेछ ।

### ८.४. अनुमोदन प्रक्रिया :

तोकिएको विभिन्न चरण तथा प्रक्रियाहरु पूरा गरी तयार गरेको जिल्ला विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना (DPRP)मस्यौदा प्रतिलाई मिति २०७७/०४/१३गतेको जिल्लाविपद् व्यवस्थापन समितिको बैठकमा प्रस्तुत तथा छलफल भई प्राप्त राय, सल्लाह, सुझावलाई समेत समेटेर पारित गरिएको छ । यस योजनालाई नगर सभा र गाउँसभाबाट आ-आफ्नो समग्र विकास योजनामा समावेश तथा मुलप्रवाहिकरण गरिने छ ।

## अनुसूचीहरु

### अनुसूची १: रामेछाप जिल्लाको स्थानीय तह निर्वाचनबाट निर्वाचित वडा अध्यक्षहरुको विवरणाँ

| सि.न. | नगरपालिका/गाउँपालिका | वडा अध्यक्षको नाम | निर्वाचित वडा | सम्पर्क नं. |
|---|---|---|---|---|
| 1. | मन्थली नगरपालिका | नारायण दाश श्रेष्ठ | 1 | 9851049969 |
| | | तरणीशंकर अधिकारी | 2 | 9844044868 |
| | | केशव रोका | 3 | 9844278811 |
| | | बिरेन्द्र कुमार बज्राचार्य | 4 | 9844147980 |
| | | राम बहादुर कार्की | 5 | 9854040055 |
| | | गोपाल माझी | 6 | 9844440500 |
| | | सुदर्शन प्रसाद प्रसाई | 7 | 9851045450 |
| | | राज कुमार श्रेष्ठ | 8 | 9844142451 |
| | | बुद्धि बहादुर पुलामी मगर | 9 | 9841029575 |
| | | भरत बहादुर बोहोरा | 10 | 9854040776 |
| | | भिम बहादुर थापा मगर | 11 | 9744042672 |
| | | कृष्णहरि अधिकारी | 12 | 9854040337 |
| | | राजेन्द्र चौहान | 13 | 9744015881 |
| | | भरत सिं वाइवा | 14 | 9844230605 |
| 2. | रामेछाप नरपालिका | नर बहादुर थापा | 1 | 9844142034 |
| | | निर बहादुर श्रेष्ठ | 2 | 9849665334 |
| | | भुपाल श्रेष्ठ | 3 | 9844282758 |
| | | टुपेन्द्र बहादुर तामाङ | 4 | 9744071757 |
| | | भिम बहादुर तामाङ | 5 | 9854043999 |
| | | धन बहादुर खड्का | 6 | 9844284896 |
| | | समिर कार्की | 7 | 9844066011 |
| | | केदार कार्की | 8 | 9741050590 |
| | | चन्द्र बहादुर श्रेष्ठ | 9 | 9844315589 |
| 3. | उमाकुण्ड गाउँपालिका | नुर्ब शेर्पा | 1 | 9741374503 |
| | | खम्बध्वज बस्नेत | 2 | 9854040568 |
| | | रमेश कुमार सुनुवार | 3 | 9851249804 |
| | | मान बहादुर सुनुवार | 4 | 9844412667 |
| | | मान बहादुर बस्नेत | 5 | |
| | | कृष्ण बहादुर सुनुवार | 6 | 9854043151 |
| | | रुद्रमणी नेवार | 7 | 9741127062 |
| 4. | गोलकगंगा गाउँपालिका | मणी कुमार लामा | 1 | 9744076218 |
| | | शेखरमान श्रेष्ठ | 2 | 9744000460 |
| | | नरविक्रम कार्की | 3 | 9840199672 |
| | | देबराज कार्की | 4 | 9744015651 |
| | | बलराम खड्का | 5 | 9851033533 |
| | | चन्द्र बहादुर सुनुवार | 6 | 9851055883 |
| 5. | लिखु तामाकोसी गाउँपालिका | निङ्मार तामाङ | 1 | 9854043311 |
| | | पदम बहादुर तामाङ | 2 | 9741164013 |

| | | | | |
|---|---|---|---|---|
| | | यम बहादुर महत | 3 | 9844419067 |
| | | लिला बहादुर बस्नेत | 4 | 9744005644 |
| | | सोम बहादुर तामाङ | 5 | 9744078382 |
| | | शिव प्रसाद न्यौपाने | 6 | 9751095556 |
| | | सुवास बोहोरा | 7 | 9851040627 |
| 6. | दोरम्बा गाउँपालिका | ढाल बहादुर रानामगर | 1 | 9844230660 |
| | | खड्ग बहादुर श्रेष्ठ | 2 | 9851190386 |
| | | लाल बदन मगर | 3 | 9860525788 |
| | | चन्द्र बहादुर मगर | 4 | 984183405 |
| | | गंगा बहादुर तामाङ | 5 | 9751003042 |
| | | अम्बिका प्रसाद गजुरेल | 6 | 9851195114 |
| | | रेम बहादुर थापा | 7 | 9841531120 |
| 7. | सुनापति गाउँपालिका | चण्डेश्वर चौलागाई | 1 | 9813334676 |
| | | कमल कुमार के.सी. | 2 | 9844315131 |
| | | बाबुराम तामाङ | 3 | 9851078138 |
| | | खड्ग ब. घिसिङ तामाङ | 4 | 9841849619 |
| | | ठुलोकान्छा तामाङ | 5 | 9851075808 |
| 8. | खाँडादेवी गाउँपालिका | विष्णु कुमार श्रेष्ठ | 1 | 9851008471 |
| | | इन्द्र कुमार श्रेष्ठ | 2 | 9741112137 |
| | | पुष्कर कुमार कार्की | 3 | 9744037195 |
| | | धन बहादुर मानन्धर | 4 | 9841306317 |
| | | तुलसीदाश श्रेष्ठ | 5 | 9844278895 |
| | | पुष्कर कार्की | 6 | 9851155804 |
| | | असल सिं तामाङ | 7 | 9741072156 |
| | | इन्द्र बहादुर तामाङ | 8 | 9844074337 |
| | | चिनिमाया तामाङ | 9 | 9844280958 |

## अनुसूची २: प्रारम्भिक द्रुत लेखाजोखा फाराम

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
रामेछाप

**प्रारम्भिक द्रुत लेखाजोखा फाराम (Initial Rapid Assessment, IRA)**

### १. घटनास्थलको जानकारी

| | | |
|---|---|---|
| प्रदेशको नाम : | जिल्लाको नाम : | गाउँ/नगरपालिकाको नाम : |
| वडा नम्बर : | सूचना संकलन मिति (गते/महिना/साल) : | |

### २. घटनास्थलको वस्तुस्थिति

| विपद्को प्रकार | घटना घटेको मिति | घटना घटेको समय |
|---|---|---|
| | | |

| मृतक | बेपत्ता | घाइते | विस्थापित (अनुमानित घरधुरी संख्या) : | प्रभावित (अनुमानित घरधुरी संख्या) : |
|---|---|---|---|---|
| महिला संख्या : | महिला संख्या : | महिला संख्या : | | |
| पुरुष संख्या : | पुरुष संख्या : | पुरुष संख्या : | | |
| वालवालिका संख्या : | वालवालिका संख्या : | वालवालिका संख्या : | | |
| अन्य संख्या : | अन्य संख्या : | अन्य संख्या : | | |
| जम्मा : | जम्मा : | जम्मा : | | |

| | | |
|---|---|---|
| विस्थापितहरु हाल बसिरहेको ठाँउ/संरचना | ☐ विद्यालयः संख्या ...........<br>☐ सार्वजनिक भवन संख्या ...........<br>☐ सडक छेउ संख्या ...........<br>☐ वन क्षेत्रः संख्या ...........<br>☐ अन्य (उल्लेख गर्ने) संख्या ........... | |

| | | | |
|---|---|---|---|
| अहिले प्रभावित स्थानसम्म आवत-जावतको अवस्था | ☐ ठिक छ<br>☐ कठिन छ<br>☐ वन्द छ | सवारी साधन/यातायात सेवा | ☐ अवरुद्व भएको<br>☐ अवरुद्व नभएको |

| | |
|---|---|
| संचारको अवस्था | ☐ अवरुद्व भएको<br>☐ अवरुद्ध नभएको |
| विधुत | ☐ अवरुद्ध भएको<br>☐ अवरुद्व नभएको |
| संचित खाद्य सामग्री | ☐ क्षति भएको (घरधुरी संख्या .........)<br>☐ क्षति नभएको (घरधुरी संख्या .........) |

| | |
|---|---|
| स्वास्थ्य सेवा | ☐सञ्चालनमा भएको (संख्या .......)<br>☐सञ्चालनमा नभएको (संख्या......)<br>तत्काल उपचारका लागि स्थानान्तरण गर्नुपर्ने भएमा, संख्याः ..... |
| संचालननमा भएमा स्वास्थ्य सेवामा अत्यावश्यक प्राथमिक उपचारको लागि आवश्यक औषधी | ☐उपलब्ध छ<br>☐उपलब्ध छैन |
| बिद्यालय | ☐सञ्चालनमा भएको (संख्या)<br>☐सञ्चालनमा नभएको (संख्या)<br>प्रभावित विद्यार्थीहरुको संख्या .............. |
| खानेपानीको आपूर्ती | ☐सुचारु (अवरुद्ध नभएको) (संख्याः ...)<br>☐अवरुद्ध भएको (संख्याः ...)<br>प्रभावित धरधुरी संख्याः ...) |
| भौतिक संरचना | |
| निजी घर | ☐पूर्ण क्षति (संख्या ...........)<br>☐आशिंक क्षति (संख्या ...........) |
| सरकारी कार्यालय / भवन | ☐पूर्ण क्षति (संख्या ...........)<br>☐आशिंक क्षति (संख्या ...........) |
| कृषि बालीको क्षति | ☐ क्षति (अनुमानित क्षेत्रफल ........... (विघा / रोपनी ) |
| पशु क्षति | ☐ (अनुमानित संख्या........... ) |
| अन्य क्षति | ☐पूर्ण क्षति (संख्या ...........)<br>☐आशिंक क्षति (संख्या ...........) |

| | |
|---|---|
| फोहोर मैला व्यवस्थापनको अवस्था कस्तो छ ? | ☐सामान्य छ<br>☐महामारीको संभावना छ |
| शौचालयको व्यवस्था छ ? | ☐ सामान्य<br>☐ थप व्यवस्था गर्नुपर्छ (घरधुरी संख्या ......) |

| | |
|---|---|
| विशेष आवश्यकता (Special Requrement) भएका प्रभावितहरुको अनुमानित संख्या | |
| गभर्वती तथा सुत्केरी महिलाहरुको लागि आवश्यक सामग्रीहरु ( डिगनिटीकिट आवश्यक | ☐आवश्यक भएको ☐आवश्यक नभएको<br>आवश्यक भए अनुमानित संख्या.............. |
| ५ वर्षसम्मका बालबालिकाको लागि आवश्यक पौष्टिक आहारा तथा सामग्रीहरु | ☐आवश्यक भएको ☐आवश्यक नभएको<br>आवश्यक भए अनुमानित संख्या................... |
| ५ वर्ष भन्दा माथिका बालबालिकाको लागि आवश्यक सामग्रीहरु - (जस्तै शैक्षिक तथा वालमैत्री स्थल (Child frindlyspace) | ☐आवश्यक भएको ☐आवश्यक नभएको<br>आवश्यक भए अनुमानित संख्या................... |
| ज्येष्ठ नागरिकहरुका लागि आवश्यक सहयोग | ☐आवश्यक भएको ☐आवश्यक नभएको<br>आवश्यक भए अनुमानित संख्या................... |
| अपांगता भएकाहरुका लागि आवश्यक सहयोग | ☐आवश्यक भएको ☐आवश्यक नभएको<br>आवश्यक भए अनुमानित संख्या................... |
| असहाय/विरामीको संख्या | |
| मौसमको वर्तमान अवस्था कस्तो छ ? | ☐सामान्य ☐प्रतिकुल |

## ३. हालसम्म भएको राहत वितरणको अवस्थाः

| | |
|---|---|
| राहत वितरण गर्ने तह/संघ-संस्था/निकायको नाम : | |
| राहत वितरण गरिएका सामग्रीहरुको नाम र परिमाण (पाल, त्रिपाल, चामल, कपडा, भाडाकुडा आदि) | |
| नगद/राहत वितरण गर्ने तह/संघ-संस्था/निकायको नामः | |
| राहत (नगद/राहत सामग्री) पाउने परिवार संख्या : | |
| राहत (नगद/राहत सामग्री) नपाएका प्रभावित परिवार संख्या : | |

## ४. तत्काल गर्नुपर्नेः

| | | |
|---|---|---|
| स्थानान्तरण गर्न | ☐ आवश्यक पर्ने संख्या ..........<br>☐ आवश्यक नपर्ने | |
| आवश्यक पर्ने खाद्यान्न तथा गैर खाद्यान्न सामाग्री | ☐ टेन्ट संख्या......<br>☐ त्रिपाल संख्या.....<br>☐ म्याट्रिक्स संख्या........<br>☐ कम्वल संख्या......<br>☐ कपडा संख्या.........<br>☐ भाडाकुँडा संख्या......<br>☐ तयारी खाना (दालमोठ, चिउरा, भुजा, चाउचाउ, विस्कुट कतिजना) | ☐ खाद्यान्न (दाल, चामल, नून, तेल) परिमाण...............कति जना<br>☐ पिउने पानी...........<br>☐ अन्य.............. |
| प्रभावित क्षेत्रमा कुनै अवाञ्छित गतिविधि (लैङ्गिक हंसा, यौन हिंसा, चोरी, लुटपाट) | ☐ भएको<br>☐ नभएको<br>☐ भए प्रभावित व्यक्तिको अनुमानित संख्या | |
| राहतका लागि नगद सहयोग गर्न सकिने अवस्था छ छैन | ☐ छ<br>☐ छैन | |

## ५.घटनाको सूचना संकलन कार्यमा खटिएकाको विवरणः

| क.सं. | नाम, थर : | पद /संस्था : | सम्पर्क नम्बर : | टोलि नेताको नामः | सूचना संकलन गरेको समयावधि (मिति र समय) | हस्ताक्षर |
|---|---|---|---|---|---|---|
| १. | | | | | | |
| २. | | | | | | |
| ३. | | | | | | |

## ६. फारम भर्दा ध्यान दिनुपर्ने कुराहरु

- ✓ एउटा घटना/वडाको लागि एउटा लेखाजोखा फारमको प्रयोग गरिने छ ।
- ✓ विपद् भएको २४ घण्टा भित्र गाउँ तथा नगरपालिका, नेपाल प्रहरी तथा स्थानीय रेडक्रसका प्रतिनिधि रहेको (लेखाजोखा) टोलीले फारम भर्नुपर्ने छ ।
- ✓ टोलीले प्रभावित क्षेत्रको अवलोकन गरी सकेसम्म प्राथमिक सूचना संकलन गर्नुपर्ने छ । द्धितिय सूचनाका लागि घटनाका जानकारसंग अन्तरवार्ता लिइ सूचना संकलन गर्नुपर्ने छ ।
- ✓ प्राप्त सूचनामा द्धिविधा भएमा टोलीले छलफल गरी अवस्थाका आधारमा अनुमानित विवरण फारममा भर्नुपर्ने छ ।
- ✓ माथि उल्लिखित विकल्प बाहेक अन्य कुरा भर्नुपर्ने भए टोलीले भर्न सक्ने छ ।

## अनुसूची ३:.विपद् जोखिम व्यवस्थापन सम्बन्धी प्रमुख शब्दावली

**प्रकोप (Hazard)** : विपद् ल्याउन सक्ने कुनै पनि घटना जस्तै बाढी, पहिरो, आगलागी, हुरीबतास, चट्याङ प्रकोप हुन् ।

**विपद् (Disaster)**: प्रकोपका घटनाबाट जनधनको क्षति भएको अवस्था । मानिस मर्ने, हराउने, घाइते हुने, घरपालुवा पशु मर्ने र खेतबारी नष्ट भएर मानिस विस्थापित भएर अर्काको सहयोग लिनु पर्ने स्थिति उत्पन्न हुनु नै विपद् हो ।

**जोखिम (Risk)**: प्रकोपका घटनाबाट क्षति हुने सम्भावना रहेको अवस्था वा हानीनोक्सानी हुने सम्भावना । नदी किनारमा रहेको बस्ती बाढीको धेरै जोखिममा रहेको हुन्छ । धेरै भिरालो तथा पाखोमा भएको घर वा त्यसभन्दा तल भएको घर वा बस्ती पहिरोको जोखिममा रहेको हुन्छ ।

**सङ्कटासन्न (Vulnerable)** : आपत्कालीन अवस्था उत्पन्न हुने सम्भावना भएको वा अत्यधिक जोखिममा रहेको वा विपत्तितर्फ उन्मुख भएको अवस्था । पहिरो जान लागेको ठाउँको छेउको घर वा बस्ती तथा बाढी आउने समयमा खोला किनारमा भएको घर वा बस्ती ।

**न्यूनीकरण (Reduction)**: प्रकोपको घटनाबाट हुन सक्ने क्षति कम गर्न वा प्रकोपको घटना भएर विपद् आउनु अघि त्यसको सामना गर्न गरिने तयारी । पूर्वतयारी, पूर्वचेतावनी प्रणालीको स्थापनाजस्ता कार्यबाट प्रकोपको जोखिम न्यून गर्ने काम ।

**अल्पीकरण (Mitigation)** : विपद्बाट हुन सक्ने क्षति कम गर्न गरिने कार्य । खोलाको किनारमा तटबन्ध लगाउने, तारजाली लगाउनेजस्ता काम, पहिरो जान लागेको ठाउँमा टेवा पर्खाल लगाएर पहिरो नियन्त्रण गर्ने काम, जसले पहिरो जानबाट नियन्त्रण गर्छ । विकासका काममा जोखिम कम गर्ने विधि अपनाएर क्षति हुने सम्भावनालाई कम गर्ने काम ।

**क्षमता (Capacity)** : विपद्को सामना गर्ने स्रोत, साधन, ज्ञान, सीप आदि भएको अवस्था । प्रकोप हुने सम्भावना छ भने प्रकोपको घटना हुनु पहिले गरिएको पूर्वतयारी । आपत्कालमा चाहिने सामानको जोहो गरिएको अवस्था । पूर्वतयारी गरेर विपद्को सामना गर्ने क्षमता बढाउन सकिन्छ ।

**प्रवलीकरण (Retrofitting)** : बलियो बनाउने काम । पुरानो घर, गोठको मर्मतसम्भार वा बाटो, पुल, विद्यालयजस्ता संरचनालाई विशेष प्रविधिद्वारा मर्मतसम्भार गरी प्रकोपका घटनाबाट क्षति नहुने स्तरमा विकास गर्ने कार्य ।

**भवन निर्माण संहिता (Building code)**: नेपाल सरकारबाट २०६० सालमा भवन निर्माणका लागि लागू भएको मापदण्ड । साधारण भूकम्पबाट घर, कार्यालय भवन, विद्यालय भवन नभत्किउन भन्ने उद्देश्यले सरकारले तयार गरेको घर वा भवन बनाउने मापदण्ड ।

**आपत्काल (Emergency)** : प्रकोपका कारण जनधनको क्षति वा नोक्सान भएर उत्पन्न भएको विपत्तिको अवस्था । यस्तो अवस्थामा घर, छरछिमेकले मात्र समस्याको समाधान गर्न कठिन हुन्छ र सरकार वा गैरसरकारी निकायको सहयोगको आवश्यकता पर्छ ।

**पूर्वानुमान (Forecast)** : कुनै पनि विषयमा पहिले नै गरिने अनुमान । अत्याधिक वर्षा भएपछि बाढी आउने अनुमान गर्न सकिन्छ । रेडियोले दिनभरको मौसम कस्तो हुन्छ भनेर भन्नु पूर्वानुमान हो ।

**पूर्व-चेतावनी (Early Warnings)** : कुनै पनि घटना हुने सम्भावना भएमा त्यस्तो घटनाबाट प्रभावित हुन सक्ने समुदायलाई पहिले नै जानकारी दिने कार्य । पूर्वचेतावनी प्रणालीको विकासले विपद्को सामना गर्न सक्ने तत्कालको तयारी गर्न सहयोग गर्छ ।

**पूर्वतयारी (Preparedness)** : प्रकोपका घटनाबाट हुने क्षति कम गराउन, विपद्को अवस्थामा सुरक्षित स्थानान्तरण गर्न, मानवीय तथा आर्थिक क्षति कम गर्न र आपत्कालीन अवस्थामा व्यवस्थित र प्रभावकारी प्रतिकार्य गर्न विपद् हुनु पहिले नै गरिने कार्यलाई पूर्वतयारी भनिन्छ ।

**प्रतिकार्य (Response)** : विपद्को सङ्कटकालीन अवस्थामा गरिने उद्धार, राहत तथा मानवीय सेवाको कार्य । प्रकोपमा परेका मानिस वा छिमेकीलाई त्यसबाट निकाल्ने काम, घरबारविहीन भएकालाई आश्रयस्थलमा राख्ने र तिनको जीविकोपार्जनको लागि गरिने सहयोगको काम ।

**सामना (Cope)** : कुनै पनि घटनाको प्रतिकार गर्नु तथा विपद्बाट पर्ने समस्या समाधान गर्ने क्षमता वा शक्ति हुनु, बाढी आएमा खोलामा पौडी खेलेर बाहिर निस्कने क्षमता बाढीको सामना हो ।

**घुँडा टेकी गुँडुल्क, ओत लागी समात (Duck, Cover and Hold)** : विशेषगरी भूकम्प गएको समयमा सुरक्षित रहनको लागि बस्ने तरिका, पहिरो गएको समयमा पनि यो विधिबाट संवेदनशील अङ्ग बचाउन सकिन्छ ।

**झटपट झोला (Go Bag)** : प्रकोपको घटना भइहालेमा आफ्नो तथा परिवार र सकेसम्म छरछिमेकको सहयोगको लागि औजार, औषधि, हलुका खाद्यान्न आदि राखिएको त्यस्तो झोला जसलाई सजिलै भेटिने ठाउँमा राखिएको हुन्छ र प्रकोपको घटना भएको अवस्थामा बोकेर हिँड्न सकिन्छ ।

## अनुसूची ४:विपद पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमा गर्ने क्रममा जिल्ला विपद् व्यवस्थापन समिति तथा जिल्ला स्तरीय सरोकारवालाहरुको बैठकका सहभागि एवं निर्णयहरु

आज मिति २०७७ साल श्रावण १३ गते मंगलबारका दिन जिल्ला प्रशासन कार्यालयको सभाहलमा प्रमुख जिल्ला अधिकारी श्री रुद्रादेवी शर्माज्यूको अध्यक्षतामा बसेको जिल्ला विपद् व्यवस्थापन समिति रामेछापको बैठकमा देहायका महानुभावहरुको उपस्थिति रह्यो ।

उपस्थित

| क.स. | नाम | पद | कार्यालय | दस्तखत |
|---|---|---|---|---|
| १. | श्री रुद्रादेवी शर्मा | प्रमुख जिल्ला अधिकारी | जिल्ला प्रशासन कार्यालय | |
| २. | श्री प्रेमबहादुर खड्का | प्रमुख | जिल्ला समन्वय समिति | |
| ३. | श्री रमेश कुमार बस्नेत | प्रमुख | मन्थली नगरपालिका | |
| ४. | श्री धावा लामा | अध्यक्ष | सुनापती गाउँपालिका | |
| ५. | श्री प्रेमबहादुर तामाङ | अध्यक्ष | खाँडादेवी गाउँपालिका | |
| ६. | श्री शेरबहादुर सुनुवार | अध्यक्ष | उमाकुण्ड गाउँपालिका | |
| ७. | श्री खड्ग सुनुवार | अध्यक्ष | गोकुलगंगा गाउँपालिका | |
| ८. | श्री कमानसिं मोक्तान तामाङ | अध्यक्ष | दोरम्बा गाउँपालिका | |
| ९. | श्री गोविन्द बहादुर खड्का | अध्यक्ष | लिखु तामाकोशी गाउँपालिका | |
| १०. | श्री सृजना खड्का | उप-प्रमुख | रामेछाप नगरपालिका | |
| ११. | श्री प्रकाश कार्की | प्रतिनिधि | नेकपा (नेकपा) | |
| १२. | श्री लेख बहादुर कार्की | सचिव | नेपाली काँग्रेस | |
| १३. | श्री सोनाम ग्यापक | जिल्ला अध्यक्ष | जनता समाजवादी पाटी | |
| १४. | श्री रामचन्द्र कडेल | प्रतिनिधि | रा.प्र.पा | |
| १५. | विद्या खनाल | ज.स्वा.अ. | स्वा.का. रामेछाप | |
| १६. | [illegible] | अध्यक्ष | क्रियाशील पत्रकार (महिला) | |
| १७. | केशव प्रसाद घिमिरे | अध्यक्ष | [illegible] | |
| १८. | रमेश दुङ्गेल | अध्यक्ष | नेपाल पत्रकार महासंघ | |
| १९. | [illegible] | संयोजक | [illegible] | |
| २०. | भुवन कुमार श्रेष्ठ | अध्यक्ष | [illegible] महासंघ | |
| २१. | ईश्वरी चतुर्वेदी | [illegible] | [illegible] | |
| २२. | गणेश सिंह भण्डारी | प्रमुख सेनानी | श्री नया गोरख गण | |
| २३. | बसन्ती पाठक | प्र.नि.उ. | जि.प्र.का. | |
| २४. | सुवास कार्की | [illegible] | [illegible] | |
| २५. | [illegible] कुमार थापा | सशस्त्र प्रहरी नायब उपरीक्षक | सशस्त्र प्रहरी गुल्म रामेछाप | |
| २६. | राजेश प्रसाद पन्त | ल्या.टे. (RRT Focal Person) | स्वास्थ्य कार्यालय रामेछाप | |
| २७. | अनिषा मांझी | [illegible] | | |
| २८. | उमा भट्टराई | कोष नियन्त्रक | को.ले.नि.का. | |
| २९. | डा. रोशन ज्वाला | नि.मे.सु. | जि.अ., रामेछाप | |
| ३०. | गजेन्द्र ब थापा | का.मु. वडा अध्यक्ष | मन्थली वडा ९ | |
| ३१. | भरत ब. भट्टराई | इकाई प्रमुख | [illegible] रामेछाप | |
| ३२. | दुर्गा बहादुर श्रेष्ठ | अध्यक्ष | फेडोफोन रामेछाप | |

<u>उपस्थित</u>

| क.स. | नाम | पद | कार्यालय | दस्तखत |
|---|---|---|---|---|
| ३३. | विकास कुमार लाम | सब-इन्जिनियर | जलस्रोत तथा सिंचाइ विकास डिभिजन | |
| ३४. | दिनेश आचार्य | प्रमुख | कृषि ज्ञान केन्द्र | |
| ३५. | शिवकुमार [illegible] | [illegible] | [illegible] | |
| ३६. | रत्न प्रसाद [illegible] | अध्यक्ष | पहाडी समाज कल्याण केन्द्र | |
| ३७. | लक्ष्मण [illegible] | [illegible] | खानेपानी तथा [illegible] | |
| ३८. | [illegible] | [illegible] | [illegible] | |
| ३९. | खड्ग बहादुर [illegible] | वडा अध्यक्ष | [illegible] | |
| ४०. | | | | |
| ४१. | | | | |
| ४२. | | | | |
| ४३. | | | | |
| ४४. | | | | |
| ४५. | | | | |
| ४६. | | | | |

बैठक संख्या -०१/०७७/७८

मितिः- २०७७/०४/१३

**मिति २०७७ श्रावण १३ गते मंगलबारका दिन प्रमुख जिल्ला अधिकारीश्री रुद्रादेवी शर्माको अध्यक्षतामा बसेको जिल्ला विपद् व्यवस्थापन समितिको बैठकबाट भएका निर्णयहरु**

गृह मन्त्रालय जिल्ला प्रशासन कार्यालय रामेछाप

१. कोभिड-१९ रोकथाम तथा नियन्त्रण सम्बन्धि भएका कार्य तथा विपद् उद्धार तथा प्रतिकार्य सम्बन्धी भएका कार्य हाल सम्म ८९२ जनाको RDT परिक्षण, ५३० जनाको PCR परीक्षण गरिएको, २५ जनाको कोभिड-१९ संक्रमण पुष्टि भएकोमा २३ जनाको Negative प्रतिवेदन आएको, हाल २ जना आइसोलेसनमा हरेक, ४७८ जना क्वारेन्टनमा राखिएकोमा ३६९ फिर्ता भई हाल ८७ जना क्वारेन्टिनमा रहेका छन् । हाल ५०९ वटा क्वारेन्टिन वेड र ८९ वटा आइसोलेसन वेड रहेका छन् । नेपाली नागरिकलाई स्वदेश आउन सहजीकरण गर्ने सम्बन्धि आदेश, २०७७ जारी भए पछि भारत बाहेक ११ वटा मुलुकबाट ९७ जना यस जिल्लामा ल्याइएको समीक्षा गरियो ।

२. कोभिड-१९ को जोखिमलाई न्यूनीकरण गर्न जनस्वास्थ्य सुरक्षाको मापदण्ड पूर्ण रुपमा पालना गरी सार्वजनिक सेवा, विकास निर्माण र व्यापार व्यवसाय सञ्चालन गर्ने ।

३. कोभिड-१९ को संक्रमणको जोखिम कायम भएकोले सबै पालिका, निजी क्षेत्र, स्वास्थ्य संस्था, राजनैतिक दल, गैसस महासंघ, नेपाल रेडक्रस सोसाइटी, पत्रकार महासंघ, सुरक्षा निकाय लगायत सबै सेवा प्रदायकले अनिवार्य मास्क लगाउने, एक अर्का बिच निश्चित दूरी कायम गर्ने र साबुन वा स्यानीटाइजरले अनिवार्य हात धुने व्यवस्थाको लागि प्रचार प्रसार गर्न अनुरोध गर्ने ।

४. विगत केही दिन देखि भएको वर्षा, क्षति र सम्भावित जोखिमको बारेमा जानकारी भयो, बाढी, पहिरो, डुवान सम्भावित जोखिमबाट सुरक्षित तथा सतर्कता अपनाउन सबै तहबाट सूचना जारी गर्ने ।

५. मौसम पूर्वानुमान विभागद्वारा जारी गरिएको सूचना बमोजिम बाढी, पहिरो, डुवानबाट सुरक्षित रहन जिल्ला विपद् व्यवस्थापन समिति, स्थानीय विपद् व्यवस्थापन समितिसँग समन्वय गरी जिल्ला स्थित पत्रकार महासंघद्धारा स्थानीय एफ.एम. रेडियोमा सूचनाहरु प्रचार प्रसार गर्न अनुरोध गर्ने ।

६. पूर्व सचेतना उद्दार कार्य एवं नागरिकलाई सुरक्षित स्थानमा स्थानान्तरण गर्न जिल्ला स्थित सुरक्षा निकायहरु तयारी अवस्थामा रहन अनुरोध गर्ने ।

७. विपद्जन्य घटनाबाट हुने क्षतिलाई न्यूनिकरण गर्दै विपदजन्य घटनामा पूर्व तयारी, उद्धार एवं राहत र पुनर्लाभ कार्यको लागि स्थानीय विपद् व्यवस्थापन समिति, सुरक्षा निकाय, विषयगत कार्यालयहरु, राजनैतिक दलहरु, नेपाल रेडक्रस सोसाइटी, निजी क्षेत्र, नागरिक समाज, गैर सरकारी संघ संस्था, सञ्चार माध्यमहरुले आ-आफ्नो क्षेत्रबाट क्रयशिल भई कार्य गर्ने ।

८. खोज उद्धार तथा राहत सामाग्री जिल्ला तथा स्थानीय तहमा आवश्यकता अनुसार भण्डारणको ब्यवस्था गर्ने ।

९. विपद् पूर्व तयारी तथा प्रतिकार्य योजना, २०७७ मा सुझावहरु समावेश गरी पारित गर्ने ।

१०. आ.व. ०७६/७७ मा जिल्ला विपद् व्यवस्थापन समितिको खातामा रहेको आम्दानी रु. २३,७९,६०९।- (तेइस लाख उनान्असी हजार छ सय नौ मात्र) र खर्च रु. १६,८५,९१०।- (स्रोह लाख पचासी हजार नौ सय दश मात्र) तथा बाँकी खातामा रु. ६,९३,६९९।- (छ लाख त्रिनब्बे हजार छ सय उनन्सय मात्र) जानकारी एवं अनुमोदन गरियो ।

२०७७/४/१३

११. जिल्ला विपद् व्यवस्थापन समितिबाट सबै पालिकाहरुमा तपसिल बमोजिमका राहत सामाग्रीहरु विभिन्न मितिमा वितरण गरिएको जानकारी गराइयो ।

| सि.नं. | पालिका | त्रिपाल | कम्मल | डोरी |
|---|---|---|---|---|
| १. | मन्थली नगरपालिका | २०० वटा | ३० वटा | १० मुठ्ठा |
| २. | रामेछाप नगरपालिका | २०० वटा | ३० वटा | १० मुठ्ठा |
| ३. | उमाकुण्ड गाउँपालिका | २५० वटा | ३० वटा | १० मुठ्ठा |
| ४. | खाँडादेवी गाउँपालिका | २०० वटा | ३० वटा | १० मुठ्ठा |
| ५. | गोकुलगंगा गाउँपालिका | २०० वटा | ३० वटा | १० मुठ्ठा |
| ६. | लिखु तामाकोशी गाउँपालिका | २०० वटा | ३० वटा | १० मुठ्ठा |
| ७. | दोरम्बा गाउँपालिका | २०० वटा | ३० वटा | १० मुठ्ठा |
| ८. | सुनापति गाउँपालिका | २०० वटा | ३० वटा | १० मुठ्ठा |
| | **जम्मा** | १६५० | २४० | ८० |

१२. जोखिममा रहेका वस्तीको पहिचान गरी त्यस्ता वस्तीको संरक्षण तथा वस्ती स्थानान्तरण लगायतको कार्य गर्न आवश्यक बजेट स्रोत साधनको व्यवस्था सहितको प्रस्ताव स्थानीय तहले तयार गरी जिल्ला विपद् व्यवस्थापन समिति मार्फत प्रदेश सरकार तथा संघीय सरकारमा पठाउने ।

१३. बाढी, पहिरो, डुवान जस्ता उच्च जोखिममा रहेका स्थानमा बसोबास गर्ने नागरिकलाई खाली भवन, स्थान पहिचान गरी सुरक्षित स्थानमा बसोबास गर्ने व्यवस्था जिल्ला विपद् व्यवस्थापन समितिको सहयोगमा सबै स्थानीय तहले मिलाउने ।

१४. स्थानीय तहको विपद् व्यवस्थापन समितिलाई सकृय बनाई सूचना, सतर्कता तथा तत्काल उद्धार र पुनस्थापना गर्ने ।

१५. सबै पालिकामा रहेका हेभि इक्विपमेन्ट, गल, बेल्चा, सावेल, प्राथमिक स्वास्थ्य उपकरण तयारी अवस्थामा राख्ने ।

१६. विपदबाट भएको धनजनको क्षतिको विवरण स्थानीय विपद् व्यवस्थापन समितिले तयार गरी जिल्ला विपद् व्यवस्थापन समितिलाई शिघ्र उपलब्ध गराउने ।

१७. जिल्लाकै दुर्गम पालिकामा रहेको उमाकुण्ड गाउँपालिकाको उपयुक्त स्थानमा सम्बन्धित पालिकाले हेलिप्याट निर्माण गर्ने । उक्त कार्यको लागि स्थान छनौट तथा प्राविधिक सल्लाहको लागि श्री नयाँ गोरख गणलाई अनुरोध गर्ने ।

१८. विपद् पीडित उद्दार र राहत सम्बन्धि (सातौं संशोधन) मापदण्ड २०७७ को ३ (च) बमोजिम मनसुनको अवधिमा बाढी, पहिरो, डुवान तथा कटान लगायतका कारण पूर्ण रुपमा घर क्षति भई घरवार विहिन भएकाहरुका लागि २०७२ सालको भुकम्प पीडितलाई प्रदान गरिए बराबरको सहायता सोही विधि र प्रक्रियाबाट उपलब्ध गराउन अर्थ मन्त्रालयबाट आवश्यक बजेट माग गरी शहरी विकास मन्त्रालयले आवास निर्माण कार्य गर्ने व्यवस्था मिलाउने व्यवस्था अनुसार सो कार्य शहरी विकास तथा भवन निर्माण कार्यालयले गर्ने । मापदण्डको ३ (ज) बमोजिम विपद् पीडितहरुलाई क्षति भएको घर पुनः निर्माणका लागि प्रचलित कानून बमोजिम जिल्ला स्थित वन कार्यालय मार्फत सहुलियत दरमा काठ उपलब्ध गराउने ।

१९. राहत बितरण गर्दा तथा पीडितलाई उद्दार गरी अस्थायी आश्रय स्थलमा राख्दा संकटासन्न अवस्थामा रहेका सुत्केरी, गर्भवती महिला, वालवालिका, जेष्ठ नागरिक, विरामी तथा अपाङ्गता भएका व्यक्तिहरुको आवश्यकतालाई विशेष ध्यान दिई प्राथमिकताका आधारमा व्यवस्था गर्ने ।

२०. विद्यालय जाने उमेर समूहका बालबालिकाको पाठ्यपुस्तक विद्यालय पोषाक लगायत शैक्षिक सामाग्री विपद्को कारणले नष्ट भई तत्काल व्यवस्था गर्नु पर्ने भएमा सामाजिक संघ संस्था तथा गैरसरकारी संघ संस्था र सम्वन्धित विषयगत निकायको समन्वयमा स्थानीय तह मार्फत उपलब्ध गराउने ।

२१. विपद्को प्रकृति अनुरुप पीडितहरुको खोज तथा उद्दार गर्ने कार्यको लागि न्यूनतम २५ जनाको जनशक्ति परिचालन गर्ने गरी ब्यवस्था मिलाउने ।

२२. खाद्यान्न, इन्धन लगायत अत्यावश्यक बस्तुको नियमित आपूर्तिको व्यवस्था तथा उचित मात्रामा खाद्यान्न भण्डारणको व्यवस्था उद्योग बाणिज्य संघले मिलाउने ।

२३. भौतिक पूर्वाधार निमार्ण गर्दा भवनसंहिताको पूर्ण रुपमा पालना गर्ने/गराउने व्यवस्था सम्वन्धित निकायले मिलाउने ।

२४. तेस्रो मुलुकबाट आएका नागरिकलाई काठमाण्डौको होल्डिङ्ग सेन्टरबाट रामेछापसम्म ल्याउनको लागि २०७७ भाद्र ०३ गते देखि नेपाल रेडक्रस सोसाइटी रामेछापको समन्वयमा सबै पालिकाले व्यवस्था गर्ने ।

२५. कोभिड-१८ को रोकथाम तथा नियन्त्रण तथा विपद् व्यवस्थापनमा सहयोग गर्नु हुने सम्पूर्ण जिल्लावासी महानुभावहरुमा धन्यवाद ज्ञापन गर्ने निर्णय गरियो ।

## अनुसुची ५: विपद् व्यवस्थापन समितिको बैठकका तस्विरहरुँ





जिल्ला विपद् व्यवस्थापन
समितिको बैठक

